
नेपालका जनजातिहरू



मधुसूदन पाण्डेय

पैरवी
पैरवी प्रकाशन

नेपालका जनजातिहरू

NEPALKA JANJATIHARU

लेखक
मधुसूदन पाण्डेय

पैरवी प्रकाशन
(प्रकाशक तथा वितरक)
'M' हाउस, सिंहदरबार नजिक, रामशाहपथ
पो.ब.नं.९५७०, फोन : ४२२९२३३, काठमाडौं

पैरवी प्रकाशनका लागि
प्रबन्ध निर्देशक पदम सिवाकोटीद्वारा प्रकाशित

दोस्रो संस्करण : २०६१

मूल्य रु. १००।-

मुद्रक : क्वालिटि प्रिन्टर्स प्रा.लि. एम हाउस, पुतली सडक ,फोन : ४२२८८७०

समर्पण

मानवशास्त्रीय शोध तथा
अध्ययनार्थीहरूमा ।

दोस्रो संस्करणको भूमिका

मलाई अत्यन्तै खुसी लागेको छ कि पाठकहरूले रुचाई दिनुभएका कारण यस ग्रन्थको प्रथम संस्करण एक वर्षभित्रै सकियो । हुन पनि मानवशास्त्रीय अध्ययनमा लाग्नेहरूका लागि श्री ५ को सरकारले राजपत्रमा सूचीकृत गरेका ६१ वटै जनजातिलाई समेटेर तयार पारिएको अर्को पुस्तक बजारमा नभएको अवस्थामा यसको महत्त्व हुने नै भयो । त्यसमा पनि जनजातिहरूको मूलथलो, भाषा, जनसांख्यिक स्थिति, उनीहरूमा रहेका अन्धविश्वास, जनजातीय संगठनहरूजस्ता यावत् कुरालाई समेटेर तयार पारिएको प्रस्तुत पुस्तकको महत्त्व नै बेग्लै हुन्छ । हुन त यो पुस्तकको समीक्षा गर्ने क्रममा केहिले यसलाई मनुस्मृतिको दोस्रो संस्करण भन्दै सकेसम्म खेदो पनि खने । कसैले जलाउन लायक पुस्तक पनि भनेका छन् भने कसैले यसलाई अत्यन्तै उत्कृष्ट पुस्तकको संज्ञा दिंदै स्नातकोत्तर तहको पाठ्यक्रममा राख्न लायक भन्दै प्रशंसा पनि गरेका छन् ।

जलाउन लायक भए पनि स्नातकोत्तर तहको पाठ्यक्रममा राख्न लायक भए पनि त्यो पाठकको धारणा हो । कुनै पनि कृति प्रकाशित नहुँदासम्म मात्र त्यो लेखकको निजी सम्पत्ति बन्दछ तर जब त्यो प्रकाशन भएर बजारमा जान्छ तब त्यसका स्वामी भनेका विद्वान् पाठकवर्गहरू नै हुन्छन् । त्यसैले यसलाई जुनसुकै दृष्टिले हेर्ने छुट प्रबुद्ध पाठकहरूलाई नै छ । यसै सिलसिलामा मेघबहादुर जिरेलले जिरेल जातिका बारेमा दिनुभएको सुझाव, कुमार यात्रुले समुच्चै पुस्तकका बारेमा गर्नुभएको तिखा टीकाटिप्पणी अनि राजवले अत्यन्तै प्रशंसापूर्वक गर्नुभएको समीक्षाका लागि म हार्दिक आभारी छु । आशा छ भविष्यमा पनि यस्ता सुझाव, आलोचना एवम् समालोचना भइरहनेछन् र यसलाई परिस्कृत गर्दै लैजान बल मिल्नेछ ।

२०६१ लेखक

प्रथम संस्करणको भूमिका

करिब दुई करोड पैंतीस लाख जनसंख्या भएको यो सानो मुलुकमा अनेक थरीका भाषा बोलिन्छन्, अनेक थरीका धर्मप्रति आस्था राखिन्छन् र अनेक थरीका चाडपर्व र जात्रा मनाइन्छ । अति विकट हिमाली भेकदेखि लिएर अति सुगम तराईका फाँट पनि यहीं छन् । विश्वकै सबैभन्दा अग्लो ठाउँमा अवस्थित ताल, विश्वकै सबैभन्दा अग्ला चौध हिमशिखरमध्ये आठ हिमशिखर र सबैभन्दा होचा घाटीहरू यहीं छन् । गौतम बुद्ध, अरनिको र सीताजस्ता राष्ट्रिय विभूतिहरूको क्रीडास्थल पनि यही हो भने कुनै पनि राष्ट्रको उपनिवेश नबनेको स्वाभिमानी राष्ट्र पनि यही हो । आठवटा राष्ट्रिय निकुञ्ज, चार वन्यजन्तु आरक्ष र दुई संरक्षण केन्द्रले सिँगारिएको र जलसम्पदाका दृष्टिबाट विश्वकै दोस्रो स्थानमा रहेको मुलुक पनि यही हो । यहाँ हिन्दूहरूका प्रसिद्ध आराध्य देव पशुपतिनाथदेखि लिएर जिउँदो देवी कुमारीसम्मको दर्शन गर्न पाइन्छ, अनि फेवा तालमा जून र घामको जलक्रीडाको ईर्ष्या गर्दै माछापुच्छ्रेले हाम फालेको मनोरम दृश्य देख्न पनि यहीं नै पाइन्छ ।

यो मुलुक ऋषिमुनिको तपोभूमि हो, प्रकृतिको क्रीडाभूमि हो र वीर योद्धाहरूको जन्मभूमि हो । यहाँ प्रकृतिको स्तनबाट बाह्रैमास तातो पानी, चिसो पानी र दुग्धधारा अविरल प्रवाहित भइरहन्छन् । विश्वकै दुर्लभ एवं आश्चर्यजनक जडीबुटी अचम्मका संस्कारदेखि लिएर लोपोन्मुख वनस्पति, प्राणी र मानवसन्तानहरूसम्म यहीं पाइन्छन् । त्यसैले नेपाल विधाताको सुन्दर उपहार हो ।

नेपाल विभिन्न धर्मावलम्बीहरूको वासस्थल भएर पनि साम्प्रदायिकताको गन्ध नआउने मुलुक हो, करिब साढे दुई कोटि नेपालीले तेत्तीस कोटि देवता पुज्ने विश्वकै एकमात्र हिन्दूराष्ट्र पनि यही हो । यहाँ चौंरीको रगत पिउने पर्व, लासलाई टुक्राटुक्रा पारेर चिल र गिद्धलाई खुवाएर गरिने अन्तिम संस्कारदेखि लिएर देवतालाई बलि दिएको पशुको कलेजो हेरेर शकुन-अपशकुन छुट्याउनेसम्मको परम्परा बोकेका जनजाति छन् । सात किलोसम्मका गहना लगाउने जनजातिदेखि लिएर गहना लगाउने र खोज्ने सम्मका जात्रा यहीं नै मनाइन्छन्, जो अन्यत्र पाइँदैन । आठ सय पचास प्रकारका चरा पचास किसिमका किरा, छ सय प्रकारका पुतली, एक सय सत्तरी प्रकारका माछा, पाँच हज्जार चार सय किसिमका बोटबिरुवा, एक सय पचहत्तर प्रकारका स्तनधारीहरू र एक सिङे गैंडा हेर्न पनि यहीं नै आउनुपर्छ ।

हिन्दूहरूले मनाउने दसैं तिहार, नेवारहरूका लाखे र ख्या, भोटे, ह्याल्मो, तामाङ र सेर्पाका ल्होसार, राई र लिम्बुका साकेवासिली र चण्डी नाच, थारुहरूका बडकी आइतवार र माघी, गुरुङहरूको सिल्दोनाल्दो, मेचेहरूको खिदाई, नाउन, बाठो, सतारहरूको सोहोराई, बाहा, सिरुवा, विसुवा, दनुवार जातिको नवजात शिशुलाई भालेको रगतले नुहाउने प्रथा, लाप्चाहरूको चौंरीको बलिपूजा, धिमालहरूको सिरिजात, नौरङ्गी, दन्तामाराङ, तेस्तापुरी र डोल्ठाकुर, माझीहरूको भुईंबाबा, ल्होमीहरूको सेरिङ्गे, घिउरिङ्गे, फुरोङ र भक्तपुरको जिब्रो छेड्ने पर्वहरूबाट मनोरञ्जन प्राप्त गर्न यहाँ आउनैपर्छ ।

पानी नपर्दा निर्वस्त्र भएर रात्रिमा हलो जोत्ने परम्परादेखि लिएर पहाडका टाकुराबाट ढुङ्गा लगाएर गडगडाहट पैदा गराएमा पानी पर्छ भन्ने विश्वास बोकेका जनजातिहरू पनि यहीं छन् भने उत्तरी भेकका गुम्बाका लामाहरूले असिनापानी बढी परेमा रोक्न सक्छन् भन्ने विश्वास पनि हामीभित्रै छ । त्यसै गरी अनावृष्टि भएमा चाँगुनारायण थानको गरुडमूर्तिका मुखमा गोबर र हिलोमाटो छयापिदिएमा वा गरुडलाई नोन्लले बेस्सरी हिर्काएमा पानी पर्छ भन्ने विश्वाससमेत हामीमै छ । त्यसै गरी पशुलाई जति कष्ट दिएर

मार्‍यो त्यति धेरै वर्षा हुन्छ भन्ने विश्वासका साथ पशुलाई अत्यन्तै कष्ट दिएर मार्ने परम्परा पनि यहीं नै छ । त्यतिमात्र स्थानीय प्रशासकलाई बाँधेर पानी खन्याउँदै कुट्यो भने पानी पर्छ भन्ने विश्वास बोकेका जनजातिहरू पनि नेपालमै छन् । नेपालको जनजातीय समाजको अध्ययन गर्दा यिनीहरू अन्धविश्वासै अन्धविश्वासमा जेलिएको पाइन्छ । उदाहरणका लागि नेवारहरूमा रहेको राक्षस र भूत (लाखे र ख्या) प्रतिको विश्वास, चेपाङहरूमा रहेको किच्किन्नी, राईहरूको सिये भूत, लिम्बूहरूको देवाभूत, थारुहरूको यक्षिणी र श्मशान, माझी जातिमा पुजिने वायु, सूर्य र देउराली पूजाजस्ता अभिचारका विषयमा जान्न नेपाल नआई हुँदैन ।

त्यसै गरी गुरुङहरूले पुज्ने सिमेभुमे, तामाङहरूको तन्त्रमन्त्रप्रतिको विश्वास, दुराजातिको बोक्सीप्रतिको विश्वास, बोटेहरूमा विद्यमान पापपुण्य र भूतप्रेतप्रतिको विश्वास र उनीहरूले वरपीपल, खोलानाला र गुफाको पूजा गरेको हेर्न पनि नेपाल आउनैपर्छ । राजवंशीहरूको डडुवाप्रथा, भोटेहरूको बहुपतिप्रथा, सतारहरूको प्रकृतिपूजा, धिमालहरूको चामसारीपूजा, पहरीहरूको धामीझाँक्रीप्रथा, लाप्चाहरूको पर्वतपूजादेखि लिएर मामा भान्जाले एउटै भाँडाको पानीबाट हातमुख धुनु हुँदैन भन्ने विश्वास राख्ने ब्याँसी जातिहरूको परम्परा हेर्न पनि नेपाल आउनै पर्छ ।

मानवशास्त्रीय अध्ययनमा लागेकाहरूका लागि नेपालका जनजातिहरूका यी रोचक संस्कृति, परम्परा र अविचारका बारेमा जानकारी राख्न, उनीहरूको मूलथलो, भाषा र जनसांख्यिक स्थिति बुझ्न र एक प्रकारले जनजातिको सर्वाङ्गीण अध्ययनका लागि नै प्रस्तुत "नेपालका जनजाति" नामक पुस्तक अत्यन्तै उपयोगी सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु । हुन सक्छ यसमा कैयौं त्रुटिहरू होलान्, त्यसप्रति सविनय क्षमा याचना गर्दै पाठकवर्गबाट अमूल्य सुझावको आशा राख्दछु । साथै कम्प्युटर टाइपको लागि श्रीमती गीता लुइँटेल र प्रकाशनको जिम्मा लिने पैरवी प्रकाशन परिवारप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद

२०६०

- लेखक

विषय-सूची

खण्ड (क)
नेपालका जनजातिहरू

१. किसान ---------- ३
२. कुमाल ---------- ५
३. कुसवाडिया ---------- ८
४. कुसुन्डा ---------- १०
५. गनगाई ---------- १२
६. गुरुङ ---------- १३
७. चिम्तन ---------- १५
८. चेपाङ (प्रजा) ---------- १७
९. छन्त्याल ---------- २१
१०. छैरोतन ---------- २३
११. जिरेल ---------- २४
१२. झाँगड ---------- २६
१३. ठिन्तन ---------- २८
१४. डोल्पो ---------- ३०
१५. ताङवे ---------- ३३
१६. ताजपुरिया ---------- ३५
१७. तामाङ ---------- ३६
१८. तोप्केगोला ---------- ३८
१९. थकाली ---------- ३९
२०. थामी ---------- ४१
२१. थारु ---------- ४२
२२. थुदाम (भोटे) ---------- ४५
२३. दनुवार ---------- ४७
२४. दरै ---------- ५०
२५. दुरा ---------- ५२
२६. धानुक (मण्डल) ---------- ५५
२७. धिमाल ---------- ५८
२८. नेवार ---------- ६०
२९. पहरी ---------- ६४
३०. फ्री ---------- ६६
३१. वनकरिया ---------- ६८
३२. वराम ---------- ७०
३३. वाह्रगाउँले ---------- ७३
३४. वोटे ---------- ७५

३५. व्यासी -- ७७
३६. भुजेल (घर्ती) -- ८०
३७. भोटे -- ८१
३८. मगर -- ८३
३९. मनाङ्गे -- ८५
४०. माझी -- ८७
४१. मार्फाली -- ८९
४२. मुगाली -- ९२
४३. मेचे -- ९३
४४ राई -- ९५
४५. राउटे -- ९८
४६. राजवंशी (कोचे) -- १०१
४७. राजी -- १०४
४८. लेप्चा -- १०५
४९. लार्के -- १०७
५०. लिम्बू -- १०८
५१. ल्होपा -- १११
५२. ल्होमी (सिङसावा) -- ११२
५३. सतार -- ११५
५४. सियार (चुम्वा) -- ११७
५५. सुनुवार -- ११८
५६. सुरेल -- १२०
५७. सेर्पा -- १२२
५८. स्याङतन -- १२५
५९. वालुङ -- १२८
६०. हायु -- १२९
६१. ह्योल्मो (योल्मो) -- १३१

खण्ड (ख)
नेपालका भाषाभाषीहरू

- भोटवर्मेली परिवारभित्र पर्ने भाषाहरू -- १३३
- भारोपेली परिवारभित्र पर्ने भाषाहरू -- १३३
- आस्ट्रिच परिवारभित्र पर्ने भाषाहरू -- १३३
- द्रविण परिवारभित्र पर्ने भाषाहरू -- १३३
- जनजातिको परिभाषा -- १३४
- जातिको परिभाषा -- १३७
- जाति र जनजातिविचको अन्तर -- १३७
- जनजाति र अल्पसंख्यक जातिवीचको अन्तर -- १३८
- जनजाति र गोत्रमा अन्तर -- १३८
- जनजातिका लक्षण -- १३८
- जनजातिहरूमा संक्रमणको खतरा -- १३९

- नेपालका जनजातिहरू कुन मूलका हुन् भन्ने प्रश्न ---------------------- १४२
- आर्यहरूको आगमनपूर्वको नेपालका जनजातिको अवस्था ---------------------- १४२
- जाति र जनजाति बिच विभेद कसरी भयो ---------------------- १४३
- जनजातिहरूमाथि जातीय शोषण ---------------------- १४४
- नोकरीको विवाद ---------------------- १४५
- जनजातिहरू ऋणग्रस्त हुनका कारण ---------------------- १४६
- ऐन कानूनद्वारा जनजातिहरू अपमानित ---------------------- १४७
- सरकारी निर्णयद्वारा जनजातिहरू अपमानित ---------------------- १४८
- जनजातिहरूको वर्तमान अवस्था ---------------------- १४९
- जनजातिहरूद्वारा गरिएका आन्दोलनहरू ---------------------- १५०
- जनजातिहरूका मुख्य माग ---------------------- १५१
- को आदिवासी ? को जनजाति ? ---------------------- १५३
- हिन्दूलाई अहिन्दू वनाउने षड्यन्त्रमा जनजातिहरू ---------------------- १५३
- जनजातिहरूमा अन्धविश्वास ---------------------- १५५
- औतारी लामाहरूमा अन्धविश्वास ---------------------- १५७
- नेवारहरूमा अन्धविश्वास ---------------------- १५७
- चेपाङहरूमा अन्धविश्वास ---------------------- १५८
- राईहरूमा अन्धविश्वास ---------------------- १५८
- लिम्वूहरूमा अन्धविश्वास ---------------------- १५८
- थारुहरूमा अन्धविश्वास ---------------------- १५८
- माझी जातिमा अन्धविश्वास ---------------------- १५९
- दनुवारहरूमा अन्धविश्वास ---------------------- १५९
- गुरुङ र अन्धविश्वास ---------------------- १५९
- तामाङहरूमा अन्धविश्वास ---------------------- १५९
- दुरा जातिमा अन्धविश्वास ---------------------- १६०
- वोटेहरूमा अन्धविश्वास ---------------------- १६०
- राजवंशी समाजमा अन्धविश्वास ---------------------- १६०
- सतारहरूमा अन्धविश्वास ---------------------- १६०
- धिमालहरूमा अन्धविश्वास ---------------------- १६०
- पहरीहरूमा अन्धविश्वास ---------------------- १६१
- व्यासीहरूमा अन्धविश्वास ---------------------- १६१
- वज्रयान वुद्धमार्गीहरूमा अन्धविश्वास ---------------------- १६१
- के जनजातिहरू हिन्दू होइनन् ? ---------------------- १६१
- जनजातिका नाममा वाहुनलाई गाली गर्ने प्रवृति ---------------------- १६२
- वेदमा जनजातिको उल्लेख छैन ---------------------- १६६
- नेपाल जनजाति महासंघसँग आवद्ध सदस्य संगठनहरू ---------------------- १६६
- काठमाडौंबाहिर कार्यालय स्थापना गरिएका सदस्य संगठनहरू ---------------------- १६७
- जनजातिहरूका प्रमुख वासस्थल ---------------------- १६७

- जनजाति र साझा स्वास्नी प्रथा ---१६९
- जनजाति र राष्ट्रिय एकीकरण ---१७०
- जनजाति र वर्तमान संविधान ---१७१
- जनजातिवाट भएका मानवअधिकार हननका घटना ---------------------------१७३
- जनजाति र संस्कृत भाषा ---१७४
- जनजातिका विद्वान्हरूले प्रयोग गर्ने भाषा ---------------------------------१७५
- जनजाति र आरक्षणको प्रश्न ---१७७
- जनजाति र दलितहरूमा छुवाछुत ---१८०
- छापामा जनजातिहरू ---१८१
- मिडियामा जनजातिहरू ---१८१
- जनजातीय पत्र-पत्रिकाहरू ---१८२
- किरांतहरूको महत्त्वपूर्ण तीर्थस्थल ---१८४
- विभिन्न जनजातिका पुरोहित ---१८५
- जनजाति र प्रतिनिधिसभा निर्वाचन ---१८५
- आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ----------------१८७
- सन्दर्भ सूची ---१९६

नेपालका जनजातिहरू

नेपालका प्रथम राजवंशका रूपमा गोपाल राजवंशलाई मानिन्छ । त्यसपछि किरांत राजवंशले गोपाल राजवंशलाई पराजित गरी आफ्नो शासन चलाए । गोपाल राजवंश आर्यमूलका र किरांतहरू मंगोल थिए । किरांतहरूले नेपालमा कति वर्ष शासन गरे भन्ने विषय अपुष्ट नै भए तापनि कसैले ७०० वर्ष, कसैले ११९८ वर्ष, कसैले १६३० वर्ष, कसैले १८२० वर्ष, कसैले २६३२ वर्ष त कसैले ३००० वर्षजति शासन गरे भनेर लेखेका छन् । त्यसपछि किरांतहरूलाई लिच्छवीहरूले विस्थापित गरे । लिच्छवीहरूले इस्वीको आठौं शताब्दीसम्म शासन गरेका थिए । उनीहरू आर्यवंशी क्षत्रिय थिए । यसरी नेपालमा आर्य र मंगोलवंशका जातिहरू समानान्तर रूपमा बसिआएको इतिहास साक्षी छ । वर्तमान नेपाली समाजका पुर्खाहरू उनै गोपाल, किरांत र लिच्छवी राजवंश नै थिए । उनीहरूको अवसानपछि अन्य बेग्लाबेग्लै जातिको उद्गम भएको हो ।

ऐतिहासिक प्रमाणअनुसार गोपालवंशीहरू द्वारकाबाट भगवान् कृष्णको साथ लागेर नेपाल आएका थिए भनिन्छ भने किरांतहरू इसापूर्व १२०० तिर भारतको बाटो हुँदै काठमाडौं उपत्यका प्रवेश गरेका थिए । त्यसै गरी लिच्छवीहरू पनि ई. को लगभग २०० तिर भारतको वैसालीतिर (वर्तमान मुजफरपुर जिल्ला) बाट निकै ठूलो संख्यामा आएर नेपालमा बसोबास गर्न थालेको कुरा वंशावलीका आधारमा जान्न सकिन्छ । यसरी हिजोका नेपालका तीनैवटा प्राचीन राजवंशको उद्गमस्थल भारत भएको स्पष्ट हुँदाहुँदै आजका नेपालका जनजातिहरूले आफूहरूलाई आदिवासी+जनजाति दावा गरिरहेका छन् र अन्य सबैलाई नवागन्तुक जातिमा गणना गर्दै आफ्नै मात्र प्रभुत्त्व स्थापना गर्ने प्रयासमा लागेका छन् । यस्तो कार्यले समस्या पहिचान गर्नुको साटो थप जटिलता सिर्जना गर्दछ ।

श्री ५ को सरकारले पनि पञ्चायतकालमा सेतामगुराली अर्थात् सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बु र अलिपछि गएर थारूसमेत गरी सातवटा जातिलाई आदिवासी मान्दै आएको थियो भने प्रजातन्त्रको पुनर्स्थापनापश्चात् त गम्भीरतापूर्वक विचारै नगरी जनजातिकै दवावमा परेर ६१ जातिलाई आदिवासी भनी घोषणा गऱ्यो । श्री ५ को सरकारले उनीहरूलाई आदिवासी घोषणा गर्दा के विचार पुऱ्याएन भने स्थानविशेषका आधारमा आदिवासी नामकरण गरिनु हुँदैनथ्यो । श्री ५ को सरकारले आदिवासीले सूचीमा राखेका ६१ जातिलाई आदिवासी भनी घोषणा गऱ्यो । श्री ५ को सरकारले आदिवासीको सूचीमा राखेका ६१ जाति निम्न छन्-

सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्वु, कुमाल, कुसुन्डा, राउटे, सुरेल, जिरेल, मेचे, वोटे, दुरा, सतार, दनुवार, चेपाङ, पहरी, राजवंशी, नेवार, लेप्चा, झांगड, धिमाल, थकाली, भोटे, स्याङतन, हायु, माझी, किसान, दरै, सुनुवार, ताङवे, मनाङ्गे, थामी, डोल्पो, थारू, ल्होमी, व्यांसी, धानुक, ह्याल्मो, कुसवाडिया, गनगाई, चिम्तन, छन्त्याल, छैरोतन, ठिन्तन,

ताजपुरिया, तोप्केगोला, थुदुम, फ्री बनकरिया, भुजेल, मुगाली बराम, मार्फाली, बाह्रगाउँले राजी, लार्के ल्होपा, सियार र वोलुङ ।


माथि उल्लिखित ६१ जनजातिमध्ये नेवारहरूको विरोधपछि उनीहरूलाई यो सूचीबाट हटाइएको छ भने मनाङ्गेहरू पनि गुरुङ नै भएकाले उनीहरूलाई पनि सूचीबाट हटाइएको छ । अब आदिवासीको सूचीमा ५९ जनजाति सूचीकृत छन् । ती ५९ मा पनि हेलम्बुवासीलाई ह्याल्मो, डोल्पालीलाई डोल्पो, तोप्केगोला वासीलाई तोप्केगोला, ओलाङचुङगोलावासीलाई वोलुङ, मुगावासीलाई मुगाली, स्याङगाउँ वासीलाई स्याङतनी, वाह्रगाउँका वासिन्दालाई बाह्रगाउँले, व्यासउपत्यकाका वासिन्दालाई व्याँसी, थुदामवासीलाई थुदाम, दुराडाँडा वस्नेलाई दुरा, ठिनीका बासिन्दालाई ठिन्तन, चिम्तनवासीलाई चिम्तन, ताङवेका बासिन्दालाई ताङवे भन्दै केवल जनजातिको संख्या बढाउने नाममा स्थानविशेषका नामवाट कृत्रिम सूची तयार गर्ने कार्य भएको छ । यो सूचीलाई डा. हर्क गुरुङले समेत असहमति प्रकट गर्दै खोलैपिच्छे जनजाति हुन सक्दैन, यस सूचीलाई सच्याई वैज्ञानिक वनाउनुपर्ने कुरो वताएका छन् ।

श्री ५ को सरकारले घोषणा गरेका ६० आदिवासी जनजातिहरूबाट प्रतिष्ठानले मनाङ्गेलाई सूचीबाट हटाइएको छ र याख्खालाई सूचीकृत गरेको छ । यिनीहरूको सामाजिक, आर्थिक, धार्मिक, जनसांख्यिक, सांस्कृतिक अवस्था कस्तो छ भन्ने जानकारीका लागि प्राप्त भएसम्मका प्रमाणका आधारमा ती सवैको वेग्लाबेग्लै विवरण दिइएको छ ।

१. किसान
(Kisans)

मूलथलो : नेपालका अल्पसंख्यक जातिहरूको सूचीमा पर्ने मध्येमा किसान जाति पनि एक हो । यिनीहरू झापा जिल्लाको धुलावारी र धाइजन गाविसमा बसोवास गर्दछन् ।

यिनीहरूको मूलथलो भारतको उडिसा र बिहार प्रान्त भएको र त्यहींवाटै उब्जाउ जमिनको खोजीमा यिनीहरू नेपाल पसेको वताउँछन् । आज पनि नेपालका किसान र भारतका उरावँ जातिको रहनसहनमा समानता पाइन्छ । त्यहींवाट उब्जाउ जमिनको खोजीमा नेपाल पसेको वताउने 'किसान'हरू स्वयं नै भूमिहीन छन् । सानो संख्याका किसानहरूसँगमात्र जमिन छ बाँकी सबै भूमिहीन नै छन् ।



जनसंख्या : यिनीहरूको संख्या अत्यन्तै थोरै छ । २०४८ को जनगणनाअनुसार लगभग २५०० संख्या रहेको थियो भने २०५८ को जनगणनाअनुसार २८७६ रहेको भएको वुझिएको छ । त्यसैले यो जाति लोपोन्मुख जातिमै पर्दछ । राम्रो संरक्षणको व्यवस्था हुन सकेन भने आफ्नै उन्नतिका लागि यिनीहरू विभिन्न धर्म सम्प्रदाय र जातिमा संक्रमित नहोलान् भन्न सकिदैन ।

थरहरू : किसान जाति जति न्यून संख्यामा भए पनि यिनीहरूभित्र पनि विभिन्न थरहरू हुन्छन् । जस्तै- ग्वाला, नागसिया, कँवर, तुरी, रौतिया आदि थर भएका किसानहरू छन् । यिनीहरूमा एउटा रोचक प्रथा के छ भने आफूहरू भूमिहीन भएर अरुको मोहीका रूपमा जग्गा कमाए पनि किसानका राजा भन्ने पदवी दिइएको हुन्छ । राजाका एकजना मन्त्री र सिपाही हुन्छन् । त्यो परम्पराले के संकेत दिन्छ भने यो जातिले कुनै दिन कुनै ठाउँमा शासन गरेको हुनुपर्दछ । शासनवाट हटेपछि पनि त्यो परम्परा त्याग्न सकेका छैनन् । भन्न त यिनीहरू मुगलशासकसँग पराजित भएर भागेर आएको वताउँछन् तर त्यसको पनि कुनै प्रामाणिक इतिहास पाइदैन ।

शिक्षा : यो जाति शिक्षामा अत्यन्तै पछि परेको जाति हो । यिनीहरूमा शिक्षाको चेतना आएको छैन र गरिबीका कारण पनि आफ्ना नानीहरूलाई स्कुल पढाउन सकेका छैनन् । स्कुल जानेहरूको संख्या अत्यन्तै थोरै छ । स्कुल गए पनि २-४ कक्षाभन्दा बढी पढाउँदैनन् । बिचमै स्कुल छुटाइहाल्छन् । विद्यालयको चौरसंग घर भएका किसानका छोराछोरीहरूले पनि बरु त्यही चौरमा दिनभरि खेलेर समय बिताउँछन् तर पढ्न भनेर स्कुल जाँदैनन् । यस्तो हुनुमा शिक्षाप्रतिको चेतनामा कमी नै मान्नु पर्दछ ।

विवाहप्रथा : यो जातिमा केटा र केटीले एकअर्कालाई मन पराए भने सँगै घुम्न जाने, मेलपात, जात्रा जाने, हाँसखेल गर्ने र सँगसँगै सुतेर रात बिताउने समेत गर्दछन् । त्यसलाई गलत दृष्टिले हेरिँदैन । कदाचित् केटीले पेट बोकिहाली भने पनि विवाह गरे भइहाल्छ । त्यसलाई पनि गलत दृष्टिले हेरिँदैन तर विवाह गर्न आनाकानी गरेमा भने राजाले दण्ड दिन्छन् । यसबाट स्पष्ट हुन्छ यो जातिमा मागी विवाहभन्दा प्रेमविवाह बढी प्रचलनमा छ । यिनीहरूमा काकाकी छोरी बिहा गर्ने र दाजुका मृत्युपछि भाउजू स्याहार्ने प्रथा पनि रहेको पाइन्छ ।

पेसा : यिनीहरू भूमिहीन भएका कराण जीविकोपार्जनका लागि अरुको जमिनमा अधिँया, बटैयामा जमिन जोत्ने र अरुको मजदुरी गर्ने गर्दछन् । त्यसबाहेक वनजंगलबाट दाउरा काटेर ल्याई बिक्री गरी जीविका चलाउँछन् ।

खानपान : यिनीहरूको मुख्य खाद्यान्नमा मकै, कोदोको आँटो, ढिंडो, फापरको रोटी र कन्दमूल नै हो । तराई भेकमा बसोबास गर्ने हुँदा भात पनि खान्छन् । यिनीहरू माछामासु जाँडरक्सी निकै खान्छन् र रमाइलो पनि निकै गर्नुपर्छ । जंगली कन्दमूल पनि खोजेर खाने गर्दछन् ।

भाषा : यिनीहरूले बोल्ने भाषा द्रविड हो । यिनीहरूको आफ्नै लिपि छ, जसलाई उराँव भनिन्छ । यिनीहरूको परम्परागत नाम कुन्तम हो भने कोल, कुडा, कोरा, मेर्धा, मोर्भा, विर्हर र नगेसिया पनि भनेको पाइन्छ ।

अन्तिम संस्कार : यिनीहरू मानिस मर्दा लासलाई गाड्ने र जलाउने दुवै गर्दछन् । गाड्न वा जलाउनका लागि अलग्गै चिहानको व्यवस्था गरिएको हुँदैन । खोलाका किनार, खोल्साखाल्सी हेरेर गाड्छन् अथवा जलाउँछन् । किमानहरूमा एउटा अन्धविश्वास के पनि छ भने उनीहरूका आइमाईलाई मार्‍यो भने ती बोक्सी हुन्छन् ।

२. कुमाल
(Kumals)

मूलथलो :कुमाले शब्दको उत्पत्ति कुम्भकार, कुम्हार, कुमाल हुँदै बनेको पाइन्छ ।[1] कुमाल जातिहरू जिल्लैपिच्छे फरक फरक छन् । कुनै ठाउँमा पहाडी कुमाल छन् । कुनै ठाउँमा नेवार कुमाल छन् त कुनै ठाउँमा थारू कुमाल छन् ।

काठमाडौं उपत्यकाको भक्तपुर जिल्लाको ठिमी भेकका कुमालहरू आफूहरूलाई नेवार कुमाल भन्दछन् । पाल्पा, नवलपरासी, प्युठान, चितवन र धादिङको सल्यानटार जिल्लाका केही गाउँका कुमालहरूले आफूलाई पहाडी कुमाल भन्दछन् भने दाङ, देउखुरीका केही गाउँमा बसोबास गर्ने कुमालहरूले आफूलाई थारू कुमालका रूपमा परिचय दिन्छन् ।



जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या ७६६३५ उल्लेख छ जसमध्ये ३७५५९ पुरुष र ३९०७६ महिला छन् भने २०५८ सालको जनगणनामा उनीहरूको संख्या ९९२८९ रहेको बताइएको छ ।

पेसा : माथिका तीन थरिकै कुमालहरूले आफ्नो माटाका भाँडा बनाउने परम्परागत पेसालाई त्याग्न सकेका छैनन् । इ.पु. सातौं आठौं शताब्दीतिर नै लुम्बिनी र कपिलवस्तुमा मृत्तिका कलाको विकास भइसकेकाले कुमाल पेसा अत्यन्तै प्राचीन पेसामा गणना गरिन्छ । यही मृत्तिका कलाका आधारमा यो जाति पनि प्राचीन आदिवासी जनजाति हो भन्ने अनुमान लगाउन सकिन्छ । त्यसबाहेक, कुमालहरूका बारेमा कुनै प्रामाणिक इतिहास पाइँदैन । कुमाल जातिको इतिहासको त कुरै छाडौं यिनीहरूका सम्बन्धमा प्रकाशित कृतिहरूसमेत प्राय शून्यकै स्थितिमा छन् । २०४६ सालमा हिरामणि शर्मा पौडेलले कुमाल भाषाका बारेमा गर्नुभएको लघुशोधपत्र र २०५६ सालमा त्रिभुवन विश्वविद्यालय नेपाल र एसियाली अनुसन्धान केन्द्रले प्रकाशन गरेको "नेपालका केही पिछडिएका जनताको सामाजिक सांस्कृतिक अध्ययन" नामक पुस्तकमा कुमालहरूका बारेमा केही जान्न पाइन्छ । त्यो पनि पाल्पा, नवलपरासी र चितवन जिल्लाका केही गाउँका कुमालका बारेमा मात्र । माथिका २

---

१ दयानन्द श्रीवास्तव : नेपाली ल्याङ्ग्वेज, हिस्ट्री एन्ड डेभलपमेन्ट, पृ. १२३ ।

पुस्तकबाहेक अन्य प्रकाशित, अप्रकाशित कुनै पनि किसिमले अध्ययन भएको देखिँदैन । त्यसैले कुमालहरूका बारे विस्तृत रूपमा बताउन सकिँदैन । दाङ, देउखुरीका केही गाउँका थारू कुमालहरूका बारेमा लक्ष्मणकुमार बीसीको त्रिवि शोधग्रन्थबाट जानकारी मिल्दछ ।[२] उनको अध्ययन पनि दाङ जिल्लाका गोवर्डिहा, गंगापरस्पुर, गढवा, चैलाही र सोनपुर ५ गाविसमा मात्र सीमित रहेको हुँदा कुमालहरूका बारेमा विस्तृत अध्ययन हुन सकेको छैन ।

घरको बनावट : दाङका कुमालहरूको बस्ती गुचमुच्च परेको हुन्छ । सायद त्यो सुरक्षाका दृष्टिले हुनुपर्दछ । यिनीहरूका घरहरू कतै फुसको छानो, फुसकै भित्ता भएको हुन्छ त कतै एकतले कच्ची गारो भएको र फुसको छानो भएको हुन्छ । यिनीहरूलाई आधुनिकताले अंकमाल गरे तापनि घरका बनावटमा कुनै परिवर्तन आएको पाइँदैन । यिनीहरूका घरमा एउटा मात्र ढोका हुन्छ जो पूर्वतर्फ हुन्छ । यिनीहरूको पेसा माटाका भाँडा बनाउने भएको हुँदा आँगन भने राखेका हुन्छन् र त्यहीं उनीहरूले माटाका भाँडा बनाउँछन् । यिनीहरूका आम्दानीको स्रोत नै माटाका भाँडा हुन् । भाँडाहरू अन्नसँग साट्ने र नगदमा बिक्री गर्ने पनि गर्छन् । पशुपालनमा यिनीहरूले बंगुर, कुखुरा, गाई, गोरु, भेडा पाल्छन् । सुत्नका लागि खटियाको प्रयोग गर्छन् ।

चितवनतिरका कुमालहरू पहाडी कुमाल भएकाले यिनीहरूका घरहरू दाङका कुमालका भन्दा भिन्दै हुन्छन् । यिनीहरू बाटाका छेउमा लहरै घर बनाएर बसेका हुन्छन् । पाल्पातिरका कुमालहरू तला भएको घरमा बस्छन् । घर कच्ची माटाको हुन्छ र रातो माटोले घर लिप्ने गर्छन् । दाङका कुमालहरूका घर रातो माटोले लिपेको कतै पाइँदैन । सेतो कमेरो माटोले लिप्छन् । दाङका कुमालहरूका घरको बनावटमा थारूहरूको प्रभाव पाइन्छ । चितवनतिरका कुमालहरूका घरको बनावट भने थारू, ब्राह्मण र क्षेत्रीको प्रभाव परेको र पाल्पातिरका कुमालहरूका घर ब्राह्मण, क्षेत्री, गुरुङ, मगरको प्रभाव परेको पाइन्छ ।

भाषा : दाङ देउखुरीका कुमालहरूको मातृभाषा र थारूहरूको भाषामा अलिअलि मात्र भिन्नता छ । पहाडी कुमालहरू नेपाली बोल्छन् र नेवार कुमालहरू नेवारी भाषा बोल्छन् । कुमाल भाषाको अध्ययन नामक पुस्तकमा हिरामणि शर्मा पौडेलले बोटे, दरै, दनुवार, माझीहरूले बोल्ने भाषालाई कुमाल जातिको भाषा भनेका छन् । यिनीहरूले बोल्ने भाषामा अधिकांश शब्द भोजपुरी मिसिएको हुने हुँदा कुमाल भाषा भारोपेली परिवारको भाषा हो पनि भनेका छन् ।

थरहरू : दाङका थारू कुमालहरूका थरहरू ठाउँका आधारमा राखेको पाइन्छ । जस्तै पचहाने, खैराने, श्रीगहने आदि । पचहाने भनेको पचाहा भन्ने ठाउँबाट बसाइँ सरी भएको, खैराने भनेको खैराबाट बसाइसरी आएको र श्रीगहने भनेका श्रीगाउँबाट बसाइ सरी आएको भनेको हो । महताने थर भएका कुमालहरूले आफूहरूलाई पुरोहित थरको ठान्दछन् भने दैतहाने थरकाले आफूलाई ठूलो जातको ठान्दछन् ।

चितवन, प्युठान, पाल्पा र नवलपरासीतिरका पहाडी कुमालहरू पूर्वीया सात थरे, पश्चिमा १४ थरे र तीन थरे गरी तीन भागमा विभक्त छन् । पाल्पा माडीतिरका कुमालहरूका चुदेली, बगाले, पाल्पाली, ठिगाने खत्री, अर्घाली, सिखेली, प्युठानी, पोखेली, लाहुखत्री, राजपुत, मस्वे, चाप्कोटे, मसुके, अठभइया, पर्वते, नर्याचिउतारे राना, बढघरे[३] आदि थर छन् । यी थरहरू पनि पुर्ख्यौली थलोका आधारमा नामकरण भएका हुन् ।

---

२ लक्ष्मणकुमार बीसी : दाङदेउखुरी जिल्लाका थारुकुमालहरूको सांस्कृतिक अध्ययन, त्रि.वि. शोधग्रन्थ अप्रकाशित ।

३ मदनकुमार रिमाल : नेपालका केही पिछडिएका जातिको सांस्कृतिक अध्ययन, पृ. १४९ ।

विवाह प्रथा : कुमाल समाज पितृसत्तात्मक परिवारभित्र पर्दछ । कुमाल केटीहरू बालिग भएपछि आफ्नो मनपर्ने केटा खोजी विवाह गर्न स्वतन्त्र छन् । जारी प्रथा कुमालहरूमा आज पनि कायमै छ । यिनीहरूले बालविवाह प्रथा त्याग्न सकेका छैनन् । विधवा विवाह पनि कायमै छ ।

शिक्षा : शिक्षाको क्षेत्रमा थारू पहाडे तथा नेवार कुमाल सबै पछाडि नै छन् । ५-७ कक्षाभन्दा माथि पढेका कुमालहरू पाइँदै पाइँदैनन् । यिनीहरूका घरघरमा एउटा उखान व्यापक रूपमा प्रचलनमा रहेको पाइन्छ । त्यो हो "पढो लिखो नकाम माटो खेलाए कामै काम" । एस.एल.सी.देखि आइ.ए. पढ्ने १०० जनामा १ जना पनि पाइँदैनन् । चितवन र नवलपरासीमा भने ४-५ जनाले बी.ए.सम्म पढेको कुरा जानकारीमा आएको छ ।[४]

धर्मसंस्कृति : कुमालहरूमा दुःखबिराम पर्दा धामी, झाँक्री र झारफुक गर्ने चलन छ । थारु कुमालहरूले झारफुक गराउँदा गुरुबाबाट गराउँछन् । थारू र पहाडे कुमाल हिन्दू धर्मावलम्बी मानिन्छन् भने नेवार कुमालहरू हिन्दू र बौद्ध धर्मावलम्बी दुवै थरी छन् । यिनीहरूले झारफुक र तन्त्रमन्त्रमा विश्वास राख्ने हुनाले बलिप्रथामा सुँगुर र राँगाको बलि दिने गर्छन् ।

खानपिन : कुमालहरूको खानपिनमा भात, तरकारी, माछामासु, (खासगरी सुंगुर बंगुरको) जाँडरक्सी प्रमुख हो । अतिथि सत्कार, देवताको पूजा र चाडपर्वहरूमा सुंगुरको मासु र रक्सी नभई हुँदैन । थारु, पर्वते र नेवार यी तीनै थरी कुमालहरूको खानपानमा समानता रहेको पाइन्छ ।

भेषभूषा : थारू कुमालहरूले थारूकै जस्तो पहिरन लगाउँछन् । कम्मरमुनि तीन रंगको लहंगा लगाउँछन् जो कुर्कुच्चासम्म लामो हुन्छ । कम्मरमाथि चोलिया भनिने घाँटीसम्मको कपडा लगाउँछन् । पाखुरा जति खुला हुन्छ । लोग्ने मानिसहरूले शरीरको माथिल्लो भागमा कमिज र तल्लो भागमा लगौटी (जसलाई भेग्वा भन्छन्) कट्टु लगाउँछन् । आभूषणमा महिलाहरूले घाँटीमा गुरिया, सत्या, माला, थोसया लगाउँछन् भने हातको कुहुनामा चुरिया, प्वाँला, टरिया र मुन्टी लगाउँछन् । कानमा चेप्टो र लहरा झुन्डिएको 'झिल्मिया' लगाउँछन् । घाँटीमा पैसा (सिक्का) को माला लगाउँछन् । सबै आभूषण चाँदीकै हुन्छन् । सुनको प्रयोग भएको कुनै पनि पाइँदैन । पहाडे कुमालहरूले कम्मरमुनि धोती र कम्मरमाथि चोलिया (ब्लाउज) लगाउँछन् । कम्मरमा पटुका बाँध्छन् । पुरुषहरूले चाहिं कम्मरमाथि कमिज, सर्ट र कम्मरमुनि कछाड वा हाफपैन्ट लगाउँछन् । कतै कतै लगौंटी पनि लगाउँछन् । नेवार कुमालहरूले नारीहरूले कम्मरमुनि धोती र कम्मरमाथि चोलो लगाउँछन् र कम्मरमा पटुका बाँध्छन् । पुरुषहरूले कमिज, सर्ट, इस्टकोट कम्मरमाथि र कम्मरमुनि हाफपैन्ट या सुरुवाल लगाउँछन् ।

चाडपर्व : चाडपर्वहरूमा थारू कुमालहरूले अष्टमी, माघी, दसैं, अत्वारी, गुरिया र धुरेरी (होली) लाई बडो धुमधामसँग मनाउँछन् । पहाडे कुमालहरू बाहुन क्षेत्रीहरूको चाडपर्वका प्रभावमा रहेका हुनाले दसैंतिहार माघेसंक्रान्ति, शिवरात्रि, तिज जस्ता सबै चाडपर्वहरू मनाउँछन् । त्यसै गरी नेवार कुमालहरू नेवारहरूकै संस्कार र चाडपर्व मनाउने गर्छन् ।

मृत्यु संस्कार : मृत्यु संस्कार गर्दा थारू कुमालहरूले लासलाई उत्तानो पारेर गाड्ने गर्दछन् र घरमा आएर दालभात, रक्सी, मासु खान्छन् भने पहाडे कुमालहरूले गाड्ने वा खोलामा बगाउने दुवै गर्छन् । आजभोलि पर्वते समाजको प्रभावमा आएर जलाउने पनि गर्न थालेका छन् । पाँच, सात वा तेह्र दिनसम्म किरिया बस्छन् ।

---

४ उही, पृ. १५४ ।

३. कुशबाडिया
(Kushbadias)

मूलथलो : कुशबाडिया जनजातिलाई 'खुभाडिया', पत्थरकट, शिलकट, कुचवढिया, कुशबदिया पनि भनिन्छ । पत्थरकटको अर्थ पत्थर (ढुंगो) + कट (काट्ने), शिलकटको अर्थ शिलौटो बनाउने, कुचवढियाको अर्थ कुचो बनाई बेच्ने, कुशवढियाको अर्थ कुशको जरा उखेलेर कपाल कोर्ने काइयो बनाउनु हो । यिनीहरूका यिनै पेशा भएकाले पेशागत नामबाट चिनिन्छन् । यिनीहरूको हालको बसोबासस्थल पश्चिमी नेपालको बाँके र बर्दिया जिल्ला हो तापनि यिनीहरूले आफूलाई रूपन्देही जिल्लाको भैरहवातिरबाट बसाइँ सरी आएको बताउँछन् । बर्दियाको गुलरिया, नेपालगन्जको फूलटेक्रा, रांझा, इन्द्रपुरमा यिनीहरूको बसोवास छ । यिनीहरूको मुखाकृति हेर्दा यिनीहरू मंगोल हुन् जस्तो लाग्दछ । तर मंगोल भने होइनन् वरु थारु समुदायसँग यिनीहरूको धेरै कुराहरू मिल्दोजुल्दो छ । थारूहरूमा वडघर प्रथा भएझैं यिनीहरूमा वडघर प्रथा छ । यो पद यो समुदायको शासकीय पद हो ।

शारीरिक बनोट : यिनीहरू अधिकांशतः कालो वर्णका, मोटाघाटा, बलिया, कालो कपाल, हेर्दा थारूको जस्तो अनुहार भएका हुन्छन् ।

भेषभूषा : कुसबाडिया जातिका पुरुषहरूले कमिज, लुंगी, धोती, कछाड लगाउँछन् भने महिलाहरूले घाँघरमा धोती र कमिज लगाउँछन् । आभुषणका रूपमा महिलाले नाकमा फुली, कानमा आइरन, हातमा वाला, दुवै हातको कुइनामाथि टेडिया (वाला) खुट्टामा काँडा र सिउँदो सिन्दुर टीका लगाउँछन् ।



खानपिन : यिनीहरू प्रायःजसो अनदी चामलको भात, मकैको रोटी, मुसो, गोही, न्याउरी, स्याल, लोखर्के, अजिंगर, सुँगुर, वँगुर, कुखुरा, खसी आदिका मासु खान्छन् । कसै कसैले बिरालो पनि खान्छन् । राँगा र भैंसीका मासु भने खाँदैनन् । मासु प्रायः टुटाउँदैनन् । खसी महँगो भएकोले यसका आन्द्रा, भुँडीमात्र किनेर खान्छन् । घिउ प्रायः प्रयोग गर्दैनन् । तेलमात्र प्रयोग गर्छन् ।

अन्धविश्वास : यिनीहरू अन्धविश्वास वढी गर्छन् । धामी, झाँक्री, गुरुवाई, तान्त्रिक विधिवाटै सवै रोग निको पार्ने प्रयास गर्छन् । अस्पताल, डाक्टर, वैद्यकहाँ जान झट्टै

रुचाउँदैनन् । बिरामीलाई वरु भारत पुऱ्याउँछन् । तर अस्पताल होइन तान्त्रिकहरूका घरमा पुऱ्याउँछन् । त्यसैले यिनीहरूमा बिरामीले यथोचित उपचार नै नपाई मृत्यु बरण गर्नुपर्ने वाध्यता छ ।

भाषा र धर्म : कुशवाडिया जातिको बोल्ने भाषा द्रविण हो । यिनीहरू र थारु जातिमा खासै. भिन्नता देखिँदैन । यिनीहरूको खानपान, पहिरन, भाषा, संस्कार सबैमा साम्यता पाइन्छ । त्यस हिसाबले यिनीहरू र थारुमा खासै भिन्नता पाइँदैन । जनगणनामा यिनीहरू आफूलाई हिन्दू धर्मावलम्बी भनी लेखाउँछन् । केटा मुण्डन गर्दा टुप्पी राख्छन् । राँगा, भैंसी खाँदैनन् । ब्राह्मणद्वारा सत्यनारायणको पूजा गर्छन् । तर मुस्लिम समुदायले मनाउने मोहर्रमजस्तो चाड पनि मनाउँछन् । यिनीहरू मन्दिरमा गएर पूजा आजा गर्दैनन् । आफ्नै थान हुन्छ त्यहीँ पूजाआजा गर्दछन् । दसैं चाड चाहिँ यिनीहरू पनि मनाउँछन् ।

थर : यिनीहरूभित्र सोहदा, संकट, मरैया, भैंसमरैया, कोरी, उखार र कटवा गरी ७ थर छन् ।

पेसा : यिनीहरू कृषि, पेसा गर्दछन्, ढुंगामा वुट्टा कुँद्ने काम गर्दछन् लोहोरो सिलौटो, वनाउँछन्, कुचो बनाउँछन्, डोरी बाट्छन्, त्यसवाहेक पशुपालन पनि गर्छन् । पशुपालनमा भेडा, बाखा, कुखुरा, गाई, सुँगुर, गधा आदि पाल्दछन् । गधालाई यिनीहरू भारी वोकाउने काममा प्रयोग गर्छन् ।

शिक्षा : शिक्षाको कुशवाडिया जाति अत्यन्तै पिछडिएको जाति हो । यिनीहरूमा उच्च शिक्षा प्राप्त गरेका व्यक्ति पाइँदैनन् भने वालवालिकालाई पढाउनु पर्दछ भन्ने चेतनासमेत जागिसकेको छैन । त्यसैले साक्षरता प्रतिशत अत्यन्तै न्यून छ । अझ शून्य नं. छ भन्दा पनि फरक पर्दैन ।

जनसंख्या : २०५८ सालको जनगणनामा यिनीहरूको जनसंख्या ५५२ बताइएको छ । यस संख्यालाई हेर्दा यो जाति लोपोन्मुख जातिमा परेको देखिन्छ ।

संस्कार : यिनीहरू जन्म, विवाह र मृत्यु संस्कार मुख्यरूपमा मनाउने गर्दछन् । तर यस्ता संस्कारमा ब्राह्मण प्रयोग गर्दैनन् । कसै कसैले लेखेका छन् मृतकलाई यिनीहरू गाड्दैनन् जलाउने गर्दछन् । तर त्यो असत्य हो । यिनीहरू शवलाई गाड्छन् जलाउँदैनन् । लासलाई जलाई सकेपछि यिनीहरू श्मशानमा गोलो घेरा पारी वसेर पूर्ण चन्द्रको प्रकाशमा खानपिन गर्दछन् । पितृ श्राद्ध गर्दैनन् ।

४. कुसुन्डा
(Kusundas)

मूलथलो : यो जाति अझैसम्म पनि घुमन्ते अवस्थामै छ । वनजंगलमै बस्ने, जंगलमै घुम्ने, कन्दमूल र सिकार गरेर गुजारा गर्ने, यो जातिको पहिचान हो । हातमा धनु र काँधमा तीर, कम्मरमा जाबी, जावीमा भाँडाकुडा, कुटो बोकेर एक ठाउँबाट अर्को ठाउँ गरिरहने, कहिले सिकार गरेर फालाफाल मासु बनाउने त ,कहिले कैयौं दिनसम्म पनि पेटभरि खानै नपाउने जाति हो यो । गुल्मी, गोरखा, तनहुँ, प्यूठान, कास्की, सल्यान, दाङ, दैलेख, सुर्खेत, अर्घाखाँची यिनीहरूको मूलथलो मानिन्छ ।

जनसंख्या : २०५८ सालको राष्ट्रिय जनगणनामा यिनीहरूको संख्या सबैभन्दा कम अर्थात् ११६ बताइएको छ । यस हिसावले लोपोन्मुख स्थितिमा रहेको देखिन्छ । सुरक्षाका दृष्टिकोणले अति सम्वेदनशील यस जातिप्रति सरकारी स्तरबाटै कदम उठाउनु नितान्त आवश्यक छ ।

भाषा : यिनीहरूको आफ्नै भाषा हुन्छ । तर त्यो भाषा कुन भाषिक परिवारको हो भन्ने यकिन हुन सकेको छैन । यिनीहरू १०-१५ जनाको समूहसमूहमा हिंड्ने गर्छन् । यिनीहरूको संख्या कति छ भन्ने कुरा अझैसम्म यकिन हुन सकेको छैन । यिनीहरू एउटै ठाउँमा एक महिनासम्म मात्र बस्छन् र नयाँ ठाउँमा सर्ने वेलाम शुभअशुभ ठहऱ्याउन रातभरि झाँक्री बस्छन् र अशुभ ठहरे अर्को ठाउँमा बसाइ सर्छन् ।



यिनीहरू गाईभैसीको दुध, मही, दही, घिउ खान त के छुनसम्म पनि हुँदैन भन्ने मान्यता राख्छन् । गोबरसमेत छुन हुँदैन छोएमा जात जान्छ भन्छन् । घरजम गरेर वसेका कुसुन्डाहरूले पनि दुध, दही खाँदैनन् । मासुमा पनि खुर भएको जन्तुको मासुमा खसीवाहेक अरू खाँदैनन् । कालिज, गोह्राको मासु अत्यन्तै मन पराउँछन् । घरजम गरेर वसेका कुसुन्डाहरू आजभोलि आफूलाई कुसुन्डा भनेको मन पराउँदैनन् । वनका राजा भनेर वोलाउँदा गर्व गर्छन् या त उनीहरूले लेख्ने गरेको थर शाही, सेन भनेको मन पराउँछन् ।

कुसुन्डाका बारेको एउटा किंवदन्ती : कुसुन्डाहरूले आफ्नो उत्पत्तिको कथा वाउवाजेहरूका मुखवाट सुनेका भरमा के वताउँछन् भने- उहीले सीता वनवासमा रहेको वेलामा लोहोरी भन्ने छोरा जन्माइछन् । एक दिन सीता पानी लिन जाँदा वाँदरहरूले नानी खेलाएर सीताजीलाई देखाउँदै गिज्याएछन् । सीताले पनि मेरो पनि छोरो छ भनेर कुटीमा

आफ्नो छोरो लिन गइछन् । कोक्रामा लोहोरीलाई नदेखेपछि वाल्मीकि ऋषिले सीता दुःखी नहोऊन् भनेर एउटा कुशको नानी सिर्जना गरेर कोक्रामा राखिदिएछन् । तर सीताले त लोहोरीलाई लिएर पो आइछन् । त्यो देखेर वाल्मीकि त छक्क परेछन् र उनले ती दुवै बच्चालाई हुर्काउन सल्लाह दिएछन् र कुशबाट बनेको छोरालाई कुसारी भनिएछ । तिनै कुसारीका सन्तान आफूहरू भएकोले कुसुन्डा भनिएको हो भनेर जनजाति आवाज अङ्क ५ मा उल्लेख भएको छ । ठीक यही दन्ते कथासँग मिल्दो कथा जगदम्बा प्रकाशनले प्रकाशन गरेको नेपालका विभिन्न जाति र लोकगीत एक परिचय नामको पुस्तकमा पनि छ ।

कुसुन्डाहरूका गोठहरू स्याउलाले छाएको हुन्छ । खरलाई आमाको कपालको चुल्ठो भन्ने अन्धविश्वासका कारण खरको छानो राख्न मान्दैनन् ।

विवाह र मृत्यु संस्कार : कुसुन्डाहरूको वैवाहिक संस्कार मगरहरूसँग मिल्दोजुल्दो हुन्छ । मामाकी छोरी विवाह गर्छन् र सोबाहेक सेन, साही, हमाल र ठकुरीका विच पनि वैवाहिक सम्वन्ध कायम हुन्छ ।

कुसुन्डाहरूले मानिस मरेपछि पोल्दैनन्, गाड्छन् र १३ दिनपछि शुद्ध हुन्छन् । शुद्ध भएपछि मानिस मरेको ठाउँपरित्याग गरेर अर्को ठाउँमा गई वस्छन् ।

धर्म र संस्कृति : कसुन्डाहरू धामीझाँक्रीमा विश्वास गर्दछन् र वनदेउताको पूजा गर्छन् । यसरी उनीहरू प्रकृति पूजारी देखिन्छन् । पूजाआजामा गोहोराको मासु नभए छालासम्म भए पनि हुनै पर्दछ ।

वनराजा कसुन्डाहरू यतिवेला विस्तारै-विस्तारै रैथाने भई बसोवास गर्न थालिसकेका छन् । प्युठानको तिराम, अर्घाखाँचीको वल्कोट, दाङको हलुवार खात्रे, अम्वापुर, कपिलवस्तुको कुस्मामा कुसुन्डाहरूले घरजम गरेर बसिसकेका छन् । प्युठानको तिराममा घरजम गरेर वसेका लीलबहादुर कुसुन्डाले त आफ्नो थर कसुन्डा नै लेखाई नागरिकताको प्रमाणपत्रसमेत लिइसकेका छन् ।

५. गनगाई
(Gangais)

मूलथलो : गनगाई जातिको मूलथलो पूर्वी नेपालको मोरङ जिल्ला हो । यिनीहरू कतै गणेश त कतै मण्डलका नामले चिनिन्छन् । यिनीहरूको थेप्चो नाक, सम्म परेको अनुहार, घुम्रेको कपाल, र गहुँगोरो वर्णका कारण यिनीहरूलाई मानवशास्त्रीहरूले लेप्चा जनजातिसँग तुलना गरेको पनि पाइएको छ ।

भाषा र धर्म : गनगाईहरू एउटै भाषा बोल्दैनन् । मोरङतिरका गनगाईहरूले बोल्ने भाषा मैथिली हो भने झापातिरका गनगाईहरूले राजवंशी भाषा बोल्दछन् । त्यस हिसावले यिनीहरूको आफ्नै भाषा नभएको स्पष्ट हुन्छ । यिनीहरू आफ्नो इष्टदेवताका रूपमा महावीर र ठाकुरको पूजा अर्चना गर्दछन् । यिनीहरू हिन्दू धर्मावलम्वी हुन् ।



पेसा : गनगाईहरूको मुख्य पेसा पशुपालन र कृषिमजदुर हो । यिनीहरू तराईका फाँटमा वसोवास गर्ने भएकाले सबैका थोरधेर खेती योग्य जमिन भएकै हुन्छन् । आफ्नो खेतीपातीले खान नपुग्ने गनगाईहरू अरुको घरको मजदुरी गरेर पनि जीविकोपार्जन गरिरहेका छन् । पशुपालनमा कसैकसैले सुँगुर पालनलाई रुचाउँदैनन् ।

शिक्षा : गनगाई जातिभित्र साक्षरता प्रतिशत अत्यन्तै न्यून पनि छैन भने उत्साहवर्द्धक पनि छैन । शिक्षाको महत्त्वचाहिँ यस जातिले राम्रोसँग बुझिसकेको छ ।

संस्कार : गनगाई जातिले मान्ने मुख्यमुख्य संस्कारहरूमा जन्म, न्वारन, विवाह र अन्त्येष्टि आदि हुन् । यिनीहरूमा लासलाई जलाउने चलन छ ।

६. गुरुङ
(Gurungs)

मूलथलो : गुरुङहरूको मूलथलो अन्नपूर्ण र मनास्लु पर्वतको दक्षिणी भूभाग हो । खासगरी पश्चिमी नेपालको गण्डकी प्रदेश उनीहरूको बाहुल्य रहेको क्षेत्र हो ।

बसोवास : गुरुङलाई तमु पनि भनिन्छ । यी तमुहरू आज पनि त्यतै प्रशस्त पाइन्छन् । गुरुङहरूलाई कहिलेदेखि तमु भन्न थालियो भन्ने बारेमा अध्ययन हुन बाँकी नै छ । विभिन्न अडकलमात्र पाइन्छन् । गुरुङ, मगर र थकालीहरूको अनुहार एउटै हुने हुँदा छुट्याउन कठिन पर्दछ ।

शारीरिक बनावट : गुरुङहरूको शारीरिक लक्षण बताउँदै शिखरनाथ सुवेदी पद्यमा यसरी उल्लेख गरेका छन्-

छोटा-मोटा पिडौला, नयन, नङ, नसा केही भित्रै गएका ।
गाला केही उठेका, गरधन पिठ्युँ, छाति चेप्टो भएका ॥
भुस्तिघ्रे विघ्न शूर गुरुङहरू सबै वैरीलाई भगाई ।
गाँदो पारी खुकुरी भिरीकन हिंड्छन् टोपी कालो लगाई ॥

यस पद्यमा उल्लेख भएको 'भुस्तिघ्रे शब्ददेखि सबै जनजातिले आपत्ति जनाएका छन् तर पनि शारीरिक बनावट र पहिचानका दृष्टिले त्यतिवेलाको रचना ठिकै हो ।

जनसंख्या : २०४८ सालको जनगणनामा गुरुङहरूको जनसंख्या ४४९१८९ देखाइएको थियो भने २०५८ को जनगणनामा ५४३५७१ पुगेको देखिन्छ ।



भाषा : यिनीहरूको भाषा तिव्वतवर्मेली हो तापनि राष्ट्रभाषा नेपालीलाई नै मातृ भाषाका रूपमा स्वीकार गरिसकेका छन् । मूलथलोमै बसिराखेका 'तमु' हरूले भने तिव्वतवर्मेली भाषा नै बोल्दछन् । तमुहरू वर्ण व्यवस्थाअन्तर्गतका जाति होइनन् । १५ औं शताब्दीमा गण्डकी प्रदेशमा तमुहरूको राज्य थियो तापनि पृथ्वीनारायण शाहको नेपाल एकीकरणमा ती सबै विशाल नेपालमा एकीकृत भए । एकीकरणका समयमा गुरुङहरूको भूमिका उल्लेख्य थियो ।

पेसा : हालका दिनमा सैन्य सेवालाई पेसा वनाए तापनि कृषि र पशुपालन नै यिनीहरूको मुख्य पेसा हो । शाही नेपाली सेनालगायत भारतीय र ब्रिटिस सेनामा गुरुङहरूको वाहुल्य छ । सैन्य सेवावाट आर्जित रकमले गुरुङहरूको आर्थिक स्थिति निकै मजवुत भएको छ र राष्ट्रले निकै ठूलो धनराशि भित्र्याउन पाएको छ । सैन्य सेवावाट आर्जित रकमले गुरुङहरूले जग्गाजमिनसमेत वन्दोवस्त गरी खेतीपाती पनि गर्दै आएका छन् । खेतीमा धान, मकै, कोदो, जौ, आलु गुरुङहरूको मुख्य अन्नवाली हो । यिनीहरूले राडी, काम्लो पनि बुन्ने गर्दछन् । ऊन उत्पादन र मासुका लागि यिनीहरूले ठूलो संख्यामा भेडा पालन गर्दछन् र भेडा चराउन वर्सात्को समयमा हिमाली क्षेत्रतर्फ र हिउँदको समयमा न्यानो ठाउँतर्फ लैजान्छन् । चैत

लागेपछि मात्र घर फर्किन सुरु गर्छन् । वैशाख र असोज महिनामा भेडाका भुत्ला कातेर ऊन उत्पादन गर्छन् । भेडाका अतिरिक्त गाईभैंसी पनि पालन गर्छन् ।

पहिरन : पहिरनमा गुरुङ महिलाहरूले मखमलको चोलो, जामा, मुगाको माला र सुनका गहना लगाउँछन्, भने पुरुषहरूले शिरमा कालो टोपी लगाएको, गादो पारेको र कछाड बाँधेका हुन्छन् ।

घरको बनावट : यिनीहरूका घर पनि तामाङहरूका झैं ढुंगामाटाको गारो, सिलोट वा खरको छानो भएको गुचमुच्च परेको बस्ती हुन्छ । गुरुङहरूको अधिराज्यमै सबैभन्दा ठूलो बस्ती कास्कीको सिकलेस र स्याङजाको सिरुवारीको गुरुङवस्ती हो ।

थरहरू : गुरुङभित्र चारजाते र सोह्रजाते हुन्छन् । चारजातेहरूले आफूलाई सोह्रजातेभन्दा ठूला र माथिल्ला ठान्दछन् । चारजाते र सोह्रजातेबिचको झगडालाई वि.सं. १९२४ मा कर्णेल लछुमन गुरुङले जंगबहादुरसँग एउटा सनदपत्र गराएर सदाका लागि समाप्त पारेका थिए । चारजातमा घले, घोदाने, लामा र लामिछाने छन् भने सोह्र जातेमा चाहिं घ्याब्रे, क्यावछे, कुरुमछे, जिंग्रे, थोर्जे, दोर्जाली, रिमाली, फोज, चोर्मी, पोम, थिं, भिगी, पैजी, खत्रा, योज र खोलाली हुन्छन् । चार जातेहरू लेकलेकमा बस्दछन् र भेडाका गोठहरू राख्दछन् भने सोहजातेहरू दक्षिणतर्फको धानखेती हुने ठाउँमा बस्छन् । गुरुङ वंशावलीअनुसार यिनीहरूको पुर्खा कन्नौजबाट आएका थिए ।

लामाबाहेक अन्य सबै गुरुङका पुरोहित घ्याब्रे हुन्छन् भने लामाको चाहिं लामा नै हुन्छन् । सबै गुरुङहरूको थर अनेक पदमा विभक्त भएका हुन्छन् अनि प्रत्येकको चिवा भन्ने मुख्य मान्छे हुन्छ । चिवाको घरलाई चिवाती भनिन्छ । मुख्य चाडपर्वहरू सबैजना मूलघरमा जम्मा भएर मनाउँछन् । दसैंमा चाहिं सबैले आफ्नो आफ्नो घरमा काटेको भेडाको टाउको लिएर मूलघरमा जम्मा हुन्छन् । भोज खान र सामूहिक कार्यका लागि एउटा खेत र त्यसको आम्दानी सामूहिकरूपले छुट्याइएको हुन्छ ।

विवाह प्रथा : गुरुङहरूमा पाएसम्म चारजातेले चारजातेभित्रै र सोह्रजातेले सोह्रजातेभित्रै विवाह गर्ने चलन छ । नपाएमात्र नियम पुऱ्याई अन्यत्रबाट पनि गर्न पाउँछन् । गुरुङहरूको विवाह मामाचेली र फुपूचेलामा हुन्छ । यदि नगरेमा ३० रूपैयाँ जरिमाना गरिन्छ । विवाह भएको केही दिनपछि दुलही माइत जान्छे । छोराछोरी भएमा मात्र स्थायीरूपले घरमा बस्छे । सन्तान भएको १-२ वर्षमा एक उत्सव गर्छन्, नाचगान गर्छन् र भोज खान्छन् ।

मनोरञ्जन : घाटु, सोरठी, घोन्डी र रोदी यिनीहरूको मुख्य नाच हो । सोरठीचाहिं अब विस्तारै विस्तारै हराउँदै गएको छ । घोन्डी नाच केही मात्रामा बाँकी छ । श्रीपञ्चमीदेखि वैशाख पूर्णिमासम्म यो नाच नाचिन्छ । रोदी नाच निकै लोकप्रिय नाच हो । रोदी आधुनिक डान्स क्लबभन्दा कम रमाइलो हुँदैन । केटाकेटीहरूका आआफ्नै रोदी हुन्छन् । रोदीलाई अनुशासनमा राख्नका लागि केटाका लागि नेवा आवा र केटीका लागि नेवा आमा हुन्छन् । यिनीहरूले रोदीलाई नेतृत्व र निर्देशन दिन्छन् । रोदीभित्रैका कुनै सदस्यको विवाह हुने भएमा सिंगै रोदी उठेर केटीका घरमा जान्छन् ।

धर्म र संस्कृति : तमुहरूले परम्परादेखि नै मान्दै आएको संस्कृति सिल्दोनाल्दो अर्थात् सिमेभुमे (मातृपितृ) लाई आफ्नो रक्षकका रूपमा अझै पनि मानी आएका छन् र आफ्नै वरिपरिका डाँडाकाँडा, नदीनाला आदि प्राकृतिक स्रोतलाई रक्षकको रूपमा मान्दै मासु र रगत चढाएर पूजा गर्ने गर्छन् तर मन्दिरमा गएर पशुवलि भने दिँदैनन् । देवतालाई वलि दिएको पशुको कलेजो हेरेर तमुहरूले शकुन अपशकुन छुट्याउने गर्दछन् । यो तमु संस्कृतिको अत्यन्तै चाखलाग्दो परम्परा हो ।

अन्तिम संस्कार : अन्तिम संस्कार गर्दा ग्रहनक्षत्र हेरेरमात्र गर्छन् र त्यसैअनुसार मुर्दालाई गाड्ने वा जलाउने निश्चित् गर्छन् । नजिकका दाजुभाइले १३ दिन जुठो बार्छन् र छोराले ६ महिना वा १ वर्ष वरखी बार्छन् । मुर्दा गाड्नलाई साझा चिहान छुट्याइएको हुन्छ ।

७. चिम्तन
(Chimtans)

मूलथलो : चिम्तन जनजाति मूलतः मुस्ताङ जिल्लाको टुक्चे गाविसस्थित वडा नं. ८ र ९ अन्तर्गत चिमाङ भन्ने गाउँमा बस्ने बासिन्दा हुन् । यिनीहरू मंगोल नस्लका हुन् । यिनीहरू स्वयं आफूलाई वास्तविक रूपमा थकाली जनजाति भएको दावी गर्छन् र थाक सात सयका थकाली अर्थात् चारचन (भट्टचन, गौचन, तुलाचन, शेरचन) को संज्ञा दिन्छन् । यिनीहरूको मूलथलो ठिनी हो । यिनीहरूलाई पाँच गाउँले थकाली पनि भनिन्छ । पाँच गाउँ मुस्ताङ जिल्लाको कागबेनी र टुकुचेको बिचमा पर्दछ ।

जनसंख्या : चिम्तनहरू उनीहरूको मूलथलो चिमाङमा जम्मा ६५ घर छन् । यिनीहरूको कुल जनसंख्या १५१ छ । जसमध्ये पुरुष ७७ र महिला ७४ छन् । चिमाङबाट यिनीहरू बसाइँ सरी काठमाण्डौमा ४ घर, पोखरामा पाँच घर, मार्फामा १ घर तनहुँको आबु खैरेनीमा १ घर गरी जम्मा ११ घर बसाइँ सरेका छन् । यी सबैको कुल जनसंख्या ४०० लगभग रहेको छ ।



खानपान : यिनीहरूको मुख्य खाना, दाल, भात, तरकारी, फापरको ढिँडो, आलु, उवाँ र गहुँको सातु, साग, भेडा, च्याङ्ग्रा र याकको मासु सुकुटी, टिमुरको छोप, जिम्बु हालेको तरकारी र पेयमा छ्याङ रक्सी आदि खान्छन् । रक्सी बनाउँदा स्याउ, गहुँ आदिबाट बनाउँछन् ।

गाउँघर : यिनीहरूको वस्ती गुचुमुचु परेको, घरका छानो सम्म परेका, माटो र ढुंगाको गाह्रो भएको, बढीमा दुई/तीन तला अग्ला घर हुन्छन् । घरको मूलढोका र चुलो रातोमाटोले लिपेका हुन्छन् ।

भेषभूषा : चिम्तन पुरुषहरूले घरबुनाका बख्खु, डोजा, तिब्बतियन डाँचाका ओभरकोट, पाइन्ट लगाउँछन् भने महिलाहरूले न्होकोन, फुटुम, टाङचर, जामा, पटुका आदि लगाउँछन् ।

गरगहना : यिनीहरूले लगाउने गहनामा मुगा वा सुनले बनेका कन्ठी, टप, सुनका सिक्री, औंठी, बाला, चरा आदि हुन् ।

थर गोत्र : चिम्तनहरूमा मूलतः भम फोवे (वंश) र घ्याल्कीपाल फोवे गरी २ गोत्र पाइन्छन् । घ्याल्कीपाल फोवेहरू तिब्बतमा एक महान् लामा मानिन्छन् ।

भाषा : यिनीहरू भोट बर्मेली समूहको भाषा बोल्छन् । भाषिकरूपमा चिम्तन, ठिंन्तन र स्याङतनमा खासै कुनै फरक छैन । यिनीहरू एकलाई घी, दुईलाई ङही, तीनलाई

सोम, चारलाई भ्ली, पाँचलाई ङाह्रा, छलाई ढु, हिजोलाई तिली, भोलिलाई नामा, आजलाई तिनी, भातलाई कन, मलाई ङ भन्छन् ।

संस्कार : यिनीहरू खासगरी जन्म, विवाह र मृत्यु गरी तीन संस्कार मनाउँछन् । बच्चा गर्भमा बसेदेखि नजन्मिदासम्म यिनीहरूमा अधर्म गर्न नहुने, काटमार गर्न नहुने, पाप कर्म गर्न नहुने, गर्भ बसेको छ महिनापछि महिलाले यौनसम्पर्क गर्न नहुने, चलन छ । बच्चाको न्वारन ३ देखि ९ दिन भित्रमा राम्रो दिन हेरी गर्छन् । न्वारन गर्दा तिब्बतियन लिपिको पात्रो हेरी गर्छन् । यिनीहरूमा १२ राशि जस्तै, मुसा, फ्याउरो, सिंह, खरायो, ड्रागन, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, सुँगुर आदि राशि र बार जुराएर नाम राख्छन् । राशिलाई यिनीहरू "ल्हो" भन्छन् ।

यो जातिमा मांगी, चोरी, प्रेम, पुनः र बहुविवाहको प्रचलन छ । विवाह गर्दा चिमाङ ठिनी स्याङ तीन गाउँमा सोलिडोली गर्छन् । विवाहको कुनै हद नभए तापनि १६ वर्षदेखि २५ वर्षभित्रमा गर्दछन् । यिनीहरू खासगरी स्वजातीय र आफ्नै गाउँबाट विवाह गर्छन् । त्यो सम्भव नभएमात्र ठिन्तन र स्याङतनबाट विवाह गर्छन् । यिनीहरू मामा, फुपुका छोरीसँग वैवाहिक सम्वन्ध गाँस्छन् । मामाभन्दा फुपुको छोरीसँग कम नाता गाँस्छन् । यिनीहरू वौद्धमार्गी हुन् । यिनीहरू हरेक सामाजिक कार्यमा वौद्ध लामा वा झाँक्री बोलाई सम्पन्न गर्दछन् । यिनीहरू धामी झाँक्री किचकन्ने, भूत, भूईँआमामा विश्वास गर्छन् ।

चाडपर्व : चिम्तनहरू मुख्य रूपले "तोरेन ल्ह" र "फाल्ह" जस्ता चाड मनाउँछन् । तोरेन ल्ह सवैभन्दा ठूलो र महत्त्वपूर्ण चाड हो । यो फागुपूर्णिमा वरिपरी पर्छ । "फाल्ह" भाद्र महिनामा पर्दछ । यी दुवै चाड हिन्दूहरूका दसैं तिहारझैं महत्त्वपूर्ण चाड हुन् ।

कृषि, पशुपालन : चिम्तनहरूको मुख्य पेसा कृषि र पशुपालन हो । यिनीहरू कृषिमा गहुँ, फापर, उवाँ, मकै, जौ, तोरी, फलफूलमा स्याउ, आरु, खुर्पानी, अंगुर तरकारीमा, गोलभेडा, धनियाँ, प्याज, लसुन, जिम्वु, स्वीटचाट, जागर, मुला, सलगम, गोवी, आलु खेती गर्छन् भने पशुपालनमा च्याङ्ग्रा, लुलुभेंडा, झोपा, घोडा खच्चड आदि पाल्छन् । यिनीहरूलाई कृषि उत्पादनबाट पाँच ६ महिनामात्र खान पुग्ने हुँदा बाँकी समय ठेक्कापट्टा व्यापार र नोकरी गरी गुजारा गर्छन् ।

शैक्षिक अवस्था : यो जाति शिक्षाको क्षेत्रमा निकै पछाडि छ । उच्च शिक्षामा वि.ए. भन्दा माथि पढेका व्यक्ति पाइँदैनन् ।

मृत्यु संस्कार : यो जनजातिका घरमा कसैको मृत्यु भएमा सर्वप्रथम कालिगण्डकीवाट शुद्ध पानी र वालुवा ल्याई लिपपोत गर्छन्, वालुवा छर्किन्छन् र त्यसै ठाउँमा लासलाई राख्छन् । त्यसपछि इष्टमित्र, दिदी, वहिनी गाउँलेहरू जम्मा हुन्छन् । लासमा १०८ बत्ती वालिन्छ । फलफूल प्रसाद चढाइन्छ । लामा झाँक्रीले लास उठाउने साइत हेर्छन् र साइत जुरे लास उठाउँछन् । यिनीहरू अन्त्येष्टि गर्नु पर्दा सोमवार, बुधवार र विहीवार मात्र गर्छन् । लासलाई सोलामा चढाउने काम जेठा छोराले गर्छ । जेठो छोरा नभए कुल वंशका दाजुभाइवाट उठाइन्छ । मलामी जाँदा ढ्याङ्ग्रो र दमाहा वजाउँदै लगिन्छ । छोराहरूले अन्त्येष्टिपछि सेतो कपडा लगाउँछन् । श्मशान घाटवाट फर्केपछि मलामीलाई रक्सी खुवाइन्छ । १३ दिनपछि शुद्ध हुने चलन छ । ज्वाइँले १३ दिनसम्म अस्तु कुरेर वस्छन् ।

८. चेपाङ (प्रजा)
(Chepangs or Prajas)

मूलथलो : चेपाङहरू को हुन्, कहाँबाट आएका हुन् र मूलथलो कहाँ हो भन्ने अनुसन्धानकै विषय बनेको छ । जेजति अनुसन्धानहरू भएका छन् ती कसैमा पनि एकरूपता पाइँदैन तर जनश्रुतिहरू भने पाइन्छन् । चेपाङहरूको मुख्य बसोबास भएका जिल्लाहरूमा मकवानपुर, धादिङ, गोरखा र चितवन हुन् । मकवानपुरको काँकडा गाविस ८ को घिराङस्थित ओडारमा अझै पनि चेपाङ (प्रजा) जातिको बसोबास छ । लमजुङ, बारा र पर्सामा पनि थोरै संख्यामा चेपाङहरू छन् । यी जिल्लाहरूमा पनि यिनीहरू पहाडका अत्यन्तै अप्ठ्यारा र भिराला पाखामा बस्दछन् ।

चेपाङबारेका किम्वदन्ती : कसैले यिनीहरूलाई 'चेवन' ऋषिका ठिमाहा सन्तान हुन् । चेवनका सन्तान भएकाले चेवन-चोवन-चेवाङहुँदै चेपाङ भएका हुन भेनका छन् भने कसैले "एक कन्याले अपरिचित व्यक्तिबाट अनैतिक यौन सम्वन्ध स्थापित गरी एक सन्तान जन्माइन् र आफू त्यो दोषवाट बच्नका लागि उक्त वच्चालाई जंगलमा फाली उउटा ढुंगाले छोपी छोडेर गइछन् तर उक्त बच्चा संयोगवश भगवान्का कृपाले बचेर ठूलो भयो र पछि त्यसको नाम च्यापिएको ठाउँबाट निकालेको भनी 'चेपाङ' राखियो पनि भनेका छन् ।



नामका सम्बन्धमा यी दुई थरीका मत पाइएझैं यिनीहरूको उत्पत्तिका सम्वन्धमा पनि भिन्न भिन्न मतहरू पाइएका छन् । कसैले यिनीहरूलाई शिलाबाट उत्पत्ति भएका हुन भनेका छन् भने कसैले कुसुन्डाहरूको उत्पत्तिको कथासँगै जोडी यिनीहरू पनि जनककी छोरी सीताका सन्तान भएको वताउँछन् जुन कथा यस्तो छ ।

वनवासबाट फर्केपछि सीतालाई रामले त्यागेपछि उनी जंगलको एक नदीको किनारमा तपस्या गरेर वसेका वाल्मीकि ऋषिका कुटीमा गएर वस्न थालिन् । त्यहाँ नै लवको जन्म भएको थियो । सीता एक दिन बालक लवलाई झोलुङ्गामै ऋषिको जिम्मा छाडी वाहिर गइन् । नदीको किनारमा बाँदरहरूले आफ्नो बच्चा देखाउँदै सीतालाई जिस्काउन थाले । सीता पनि आफ्नो वच्चा ती बाँदरहरूलाई देखाउन भनेर कुटीमा आइन् र ऋषिलाई समेत जानकारी नदिई झोलुङ्गावाट वच्चाा झिकी बाँदर भएतर्फ लागिन् । यता ऋषिले झोलुंगामा बच्चा नदेख्दा अत्यन्तै चिन्तित भए र छट्पटाउन थाले । त्यसपछि ऋषिले आफ्नो

तन्त्रमन्त्रद्वारा एउटा कुशको टुका लिई लवजस्तै बालकको सिर्जना गरी झोलुंगामा राखिदिए । सीता फर्केर आउँदा झोलुङ्गामा अर्को बालक देखेर उनी आश्चर्यमा परिन् भने ऋषि पनि सीताका साथमा लवलाई देखेर आश्चर्यमा परे । त्यसपछि ऋषिले उत्पन्न परिस्थितिको जानकारी सीतालाई गराएर दुवै बच्चालाई आफ्नै ठानी पाल्ने सल्लाह दिए र नयाँ बालकको नाम 'कुश' (कुशरी) राखियो । कुसुन्डाहरू आफूलाई सीताका छोरा 'कुश' का सन्तान (कुशारी) भन्दछन् भने चेपाङहरू पनि आफूलाई सीताका अर्का छोरा 'लव'का सन्तान (लोहरी) भन्दछन् । यसरी किम्वदन्तीअनुसार कुसुन्डा र चेपाङ दुवै एउटै पूर्वजका सन्तानमा गनिन्छन् ।

चेपाङ नाम कसरी रहन गयो भन्ने विषयमा जनश्रुतिमा यस्तो पनि पाइन्छ : 'च' को अर्थ 'कुकुर' र 'पाङ' को अर्थ 'धनुकाँड' हुने र चेपाङहरूले घर घरमा कुकुर पाल्ने हुँदा कुकुर र धनुकाँडका सहायताबाट सिकार खेल्छन् । त्यही 'चे' र 'पाङ'को समासबाट चेपाङ भइ चेपाङ नामकरण भएको हो । अर्को जनश्रुति अनुसार 'च्यो' को अर्थ टुप्पो र 'वाङ' को अर्थ ढुंगा हुने र यिनीहरू पहाडको टुप्पामा बसोबास गर्ने हुँदा 'च्योवाङ' बाट अपभ्रंश भई चेपाङ भएको भन्ने भनाइ छ ।

चेपाङहरूलाई सर्वप्रथम प्रकाशमा ल्याउने बेलायती नागरिक हडसनले चेपाङहरूलाई भाषिक सामाजिकताका आधारमा भुटानका ल्होपाज (ल्होप्सा) सँग तुलना गर्दछन् तर अर्का विदेशी टोनी हेगनले चेपाङलाई वास्तविक नेपाली जनजाति बनाएका छन् ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या ३६६५६ देखिएको छ भने २०५८ को जनगणनामा ५२२३७ रहेको देखिन्छ ।

खानपान : जहाँ खेतीपातीको सहारामा भन्दा जंगलका तरुल, गिठा, भ्याकुर, सिस्नोको साग, टाँकीको साग, च्याउ जस्ता कन्दमूलमात्र पाइन्छन् र तिनैको सहारामा बाँच्न विवश छन् । कन्दमूलका साथसाथै यिनीहरूले मृग, बँदेल, घोरलजस्ता जनावरको सिकार गरेर पेट पाल्दछन् । यी पनि पाउन छाडियो भने यिनीहरू भोकमरीको चपेटामा पर्दछन् र स्कुल पढ्न जाने केटाकेटी पनि स्कुल छाडी जंगलतिर कन्दमूलको खोजीमा हिंड्छन् ।

यस्ता समस्याले केटकेटीलाई स्कुलै छुटाउनु पर्ने स्थिति पनि खडा हुन्छ । जंगली कन्दमूलबाहेक यिनीहरूको खानाको मुख्य परिकार कोदो, मकै, जौ, फापर आदिको ढिँडो हो । जाँड यिनीहरू अत्यधिक मात्रामा खान्छन् । यो बाल, वृद्ध, युवा, युवती सबैले एकनाससँग खान्छन् । जाँडबाहेक यिनीहरूले मासु पनि प्रशस्त खान्छन् । घरपालुवा जनावरमध्ये भैंसी, बाखा, सुंगुर, कुखुरा आदि खान्छन् र किटपतंगमध्येबाट बच्छयुँ, बारुला, माहुरी, अरिंगाल, चमेरा, गंगटा आदि खान्छन् । खाना खाँदा साना ठूला सबैको बराबर भाग लगाइन्छ । साना केटाकेटीले चाहिं बचेको भागको खाना दिउँसो भोक लाग्दा खान्छन् ।

भाषा : चेपाङहरू एकापसमा बोल्नुपर्दा आफ्नै चेपाङ भाषा नै बोल्दछन् तर अन्य भाषिक समुदायका मानिसहरूसँग बोल्नुपर्दा नेपाली भाषाको प्रयोग गर्दछन् । युवा पुस्ताले भने आफ्नो मातृभाषा नै भुल्न थालिसकेका छन् र केहीले त थारु भाषा र हिन्दी भाषासमेत प्रयोग गर्न थालिसकेका छन् ।

पहिरन : पहिरनमा चेपाङजातिका बुढीहरूले भोटो कछाड र मजेत्रो लगाउँछन् भने बुढाहरूले छोटो भोटो, कछाड र लङौटी लगाउँछन् । गहनामा महिलाहरू चाँदीका बाला नाकमा फुली, बुलाकी, चुरापोते लगाउँछन् । यिनीहरू पहिरनका दृष्टिले एक किसिमले अर्धनग्न देखिन्छन् ।

घरबास : चेपाङहरूका घरहरू प्रायःजसो ढुंगा, माटो, काठ, बाँसद्वारा निर्मित छाप्रा र कटेरा हुन्छन् । घरको छानो फुसले छाएका हुन्छन् । घरमा झ्याल राखेका हुँदैनन् त्यसैले

यिनीहरूका घरहरू अँध्यारा र धुवाले गर्दा ध्वाँसे परेका हुन्छन् । हरेकका घरमा पिँढी हुन्छन् । पाहुनाहरूलाई गर्मीका दिनमा त्यहीँ सुताइन्छ ।

शारीरिक बनावट : यिनीहरू मंगोलियन आकृतिका हुन्छन् । चेपाङ र तामाङहरू छुट्याउनै गाह्रो हुन्छ । मझौला कद, नाक थेप्चो परेको र सानो, ठूलो अनुहार, गहुँगोरो वर्ण, फूर्तिलो शरीर यही नै यिनीहरूको शारीरिक बनावट हो ।

थरहरू : चेपाङ जातिमा कछारे र पुकुन्थली गरी दुई थर छन् । कछारेहरूले आफूलाई सुन प्रजा भन्न मन पराउँछन् भने पुकुन्थलीहरूमा जारंगे, वरे, साउने, रूपाकोटे, भारा, प्रोसो, रुम वाङरागे, पोद, बांगे, नाइके, जुङरागे, ग्यामरांगे, रिङवांगे आदि थरहरू छन् ।

धर्म र संस्कृति : चेपाङहरूले हिन्दूहरूले मान्नेकेही चाडपर्वहरू मनाउने हुँदा यिनीहरू हिन्दू धर्मावलम्वीझैं पनि लाग्दछन् तर यिनीहरू पूर्ण रूपमा हिन्दू नै हुन् भनी ठोकुवा गर्न सकिँदैन । यिनीहरू अलौकिक शक्तिमा निकै विश्वास राख्छन् । चेपाङहरूले झाँक्रीलाई पांडे भन्दछन् । चेपाङसमुदायमा मान्छे विरामी परेमा उपचारका लागि त्यही पांडेलाई बोलाउँछन् र पांडेले ढ्याङ्ग्रो ठोकेर रातभरि देवीदेवताको नाम उच्चारण गर्दछ र उफ्रिन्छ । बोक्सी, पिचास वा देवीदेवता रिसाएमा मात्र विरामी परिन्छ, अनिष्ट हुन्छ, देवी शक्ति खुसी भएमा सबै ठीकठाक हुन्छ भन्ने अन्धविश्वास पालेर बसेका हुन्छन् । यिनीहरू देवीदेवतालाई बाखा, सुंगुर, कुखुराको बलि दिन्छन् ।

चेपाङहरूले पुज्ने देवीदेवतामा कुलपूजा, सिकारी देवता, भूमिपूजा र पशुदेवताको पूजा हो । कुलपूजा हरेक पाँच वर्षमा गर्छन् । यो पूजामा बाखा, सुंगुर, खुकुराको बलि चढाउँछन् । कुलपूजा गरेमा पुर्खाको आत्माले शान्ति पाउँछ भन्ने विश्वास छ । त्यसै गरी सिकारी देवताको पूजा गरेमा ती देवता खुसी भई सिकारमा सफलता पाइने विश्वास गर्छन् । सिकार जाँदा कुखुराको वलि चढाउने र कुनै जनावर मार्न सके त्यसको रगत चढाउने गर्दछन् । आफूले लगाएको खेतीपाती राम्रो होस्, अनिकाल नपरोस् भनी चेपाङहरू भूमिपूजा गर्दछन् । त्यो पूजा गर्दा राँगाको वलि चढाउँछन् र जाँडरक्सी खान्छन् । चेपाङहरूले पशुरक्षाका लागि पशुदेवताको पूजा गर्दछन् । यसलाई गैंडु पूजा भन्दछन् । यो पूजा गर्दा गोठको छेउमा कुनै रुखमुनि एउटा ढुंगा स्थापना गरी दुध चढाउँछन्, कुखुराको बलि दिन्छन् र पशुहरूको सुख र समृद्धिको कामना गर्छन् । माथि उल्लेख भएवाहेक चेपाङहरूले काली, महालक्ष्मी, बालकुमारी, अकलादेवी, गोकर्ण, कालिका, भीमसेन, गणेश, शिव आदिको पनि पूजाआजा गर्दछन् । त्यसैले यिनीहरू हिन्दू धर्मावलम्वीझैं लाग्दछन् ।

चाडपर्व : चेपाङहरूले मनाउने चाडपर्वहरूमा दसैं, तिहार, दीपावली, साउने संक्रान्ति, न्वागी, प्रमुख हुन् । न्वागीलाई यिनीहरू 'छोनम' भन्दछन् । न्वागी भदौ महिनामा घैया धान पाकेपछि मनाउँछन् । न्वागी मनाउन पनि उनीहरूकै घरभित्रको पांडे भन्ने धामी नै चाहिन्छ । उसैले ढ्यांग्रो ठटाएर पूजा गर्दछ । भाले काट्छ अनि देवीदेवता, कुलदेवता र पूर्खाहरूलाई चढाएर खानुपर्दछ । भूमिपूजा गर्नुपर्दा भने पांडे चाहिँदैन । तालिम लिएका र सपनामा देवताले मन्त्र दिएका गरी २ थरीका हुन्छन् । सपनामा देवतावाट मन्त्र पाएकाले तालिम लिनुपर्दैन ।

संस्कार : चेपाङ जातिले गर्भधारणदेखि मृत्युसम्म गर्भधारण, जन्म, नामकरण, पास्नी, छेवर, विवाह र मृत्यु संस्कार मनाउँछन् ।

चेपाङहरूमा गर्भधारण गरेकी महिला र उसको लोग्नेले मरेको मान्छेलाई छुन नहुने, कुनै पनि प्राणीलाई मार्न नहुने परम्परा बोकेका हुन्छन् । बच्चा जन्म्यो भने आमाको दुधभन्दा पहिले ठूलीआमा वा धाईआमको दुध खुवाउँछन् । ७ दिन १० दिन या ३० दिनसम्म सुत्केरी बार्छन् । बच्ची जन्मेकोमा ६ वा ७ दिनमा र बच्चा जन्मेमा ९ दिनमा न्वारन


गर्छन् । नाम राख्दा जुन बारमा जन्मेको छ त्यसैका नामबाट राखिन्छ । चेपाङहरूले बच्चा जन्मेको ५ महिनामा अन्नप्रासन गराउँछन् । अन्नप्रसनका दिनमा मामाले जाँड मासु लिएर जान्छन् । छेवर भनेको केशमुण्डन हो । केटाको पहिलोपटक कपाल उसका मामाले काट्ने चलन छ । यसका लागि खासै विधि भएको पाइँदैन ।

चेपाङ जातिमा मामाचेली फुपुचेलाका बिचमा विवाह गर्ने चलन छ । यिनीहरूमा मागी विवाहलाई मान्यता दिएको पाइन्छ । केटाका तर्फबाट केटीका तर्फ विवाह प्रस्ताव लिएर जाँदा एक बोतल रक्सी लिएर जानुपर्दछ । त्यसलाई चेपाङहरू 'सोधनी पुङ' भन्दछन् र प्रस्तावमाथि केटीपक्षबाट स्वीकृति दिइयो भने पुन: केटाका पक्षबाट एक बोतल रक्सी लिएर जानुपर्दछ । त्यसलाई 'ठेगान पुङ' भनिन्छ । चेपाङहरूमा विवाह गर्दा शुक्रबार र मंगलबारलाई राम्रो बार ठान्दछन् । मागी विवाहका अतिरिक्त यो समुदायमा भाउजु विवाह, साली विवाह, विधवा विवाह पनि प्रचलनमा छन् ।

अन्तिम संस्कार : चेपाङहरूले मृतकलाई दाहसंस्कार नगरी गाड्ने गर्दछन् । किरियाका सम्बन्धमा एउटै नियम छैन । कसैले ७ दिन त कसेले १३ दिन किरिया बस्छन् । किरिया अवधिभर भोजभतेर वर्जित हुन्छ । किरिया सकिंदाका दिनमा भने भोजभतेर गर्ने चलन छ । भोजमा जाँडरक्सी र मासु खान्छन् । पांडेले ढ्यांग्रो ठोक्दै मृतात्माको शान्तिको कामना गर्दै र घरलाई गाइएको गहुँत छर्केर शुद्ध गर्दछ ।

९. छन्त्याल
(Chhantyals)

मूलथलो : छन्त्याल जातिको मूलथलो धौलागिरी अञ्चलको बाग्लुङ र म्याग्दी जिल्ला हो । अहिले पनि उनीहरूको बसोवास त्यहीं नै छ । त्यसवाहेक काठमाडौं, पोखरा र भैरहवामा पनि छन्त्यालहरूको वसोबास भएको पाइन्छ । यतातिर बस्ने छन्त्यालहरू पनि मूलथलोबाटै बसाई सरी आएका हुन् ।



वसोबास : छन्त्यालहरू परापूर्वकालदेखि नै खानीमा काम गर्थे । पछि गएर खानी सकिंदै गएपछि उनीहरू तिनै खानीवरिपरि घर बनाएर वस्न थालेका हुन् भन्ने भनाइ पाइन्छ । हुन पनि वाग्लुङ र म्याग्दी जिल्लामा वसोवास गर्ने छन्त्यालहरूका गाउँका नामपछाडि खानी नजोडिएको पाइदैन । जस्तै पाखाखानी, लामिडाखानी आदि । यिनीहरूका १६ थर हुन्छन् । २०५८ को जनगणनाअनुसार यिनीहरूको जनसंख्या ९८१४ रहेको छ ।

यिनीहरूका घरहरू प्रायजसो घुचुमुच्च परेर वनेका हुन्छन् । कतैकतै मात्र केही छरिएर रहेको पाइन्छ । यिनीहरू प्राय:जसो जंगली क्षेत्रमा वसोवास गर्दछन् । जंगली क्षेत्रमा वसोवास गर्ने हुँदा घाँस दाउरा र पशुपालन यिनीहरूको पेसा वनेको छ ।

पोसाक : छन्त्याल जातिका पुरुपहरूले कोट, इस्टकोट, दोचा, फेटा, उनीको लापकोटजस्ता पोसाक लगाउँछन् भने महिलाहरूले गुन्यु, चोलो, छिटको फरिया, लुँगी, भांग्रा आदि लगाउँछन् ।

गहना : छन्त्यालहरूले लगाउने गरगहनामा फुली, मुन्द्री, माडवारी, पोते, माला र ठेउरा हुन् ।

खानपिन : छन्त्याल जातिको वसोवास क्षेत्रमा अन्नको उब्जनी अत्यन्तै कम हुने हुँदा आफ्नो उब्जनीले उनीहरूलाई खानै पुग्दैन । भात खान त उनीहरूले चाडपर्व नै कुर्नुपर्दछ । उनीहरूको मुख्य खाना ढिंडो, सिस्नो, न्युरों आदि हुन् ।

भाषा : छन्त्याल जातिले वोल्ने भापा खाम भापा हो । उनीहरू एकापसमा कुराकानी गर्नुपर्दा खाम भापामै कुराकानी गर्दछन् । तर सम्पर्क भापाका रूपमा नेपाली भापाको प्रयोग गर्दछन् ।

धर्म : छन्त्यालहरूले मान्ने धर्म हिन्दू धर्म हो । कुनै पनि धार्मिक कार्यक्रमहरूमा उनीहरूले ब्राह्मण पुरेत राखी सम्पन्न गर्ने गर्दछन् ।

चाडपर्व : छन्त्यालहरूले मनाउने चाडपर्वहरूमा दसैं, तिहार, तीज, कृष्णाष्टमी, माघे संक्रान्ति मुख्य छन् ।

सिप र पेसा : छन्त्यालहरूले निंगालाका मान्द्रा, डोका बुन्ने, भांग्रा र दोचा बुन्ने, ल्यू बुन्नेजस्ता सिपहरू जानेका हुन्छन् र भेंडा पालनलाई प्रमुख पेसा बनाएका छन् ।

संस्कार : छन्त्यालहरूले मान्ने संस्कारहरूमा न्वारन, छेवर, छैठी विवाह र अन्त्येष्टि हुन् । छेवर ३ वर्षदेखि ५ वर्षको उमेरमा गर्ने गर्दछन् । विवाहमा मागी विवाह, प्रेम विवाह र लतार्ने विवाह गरी तीन थरीका विवाह प्रचलनमा छन् । यिनीहरूको विवहमा दाइजो दिने चलन छ । मामाचेली फुपूचेलीका बिच विवाह चल्दछ । विवाहपछि सासु ससुराकहाँ रक्सी र खसी राखी ढोग गर्न जानु पर्ने चलन छ ।

अन्त्येष्टि : मानिसको मृत्यु हुँदा जलाउने र गाड्ने दुवै चलन छ । तापनि खासगरी जलाउने नै गर्छन् । १३ दिन नुन बार्ने चलन छ ।

१०. छैरोतन
(Chhairottans)

मूलथलो : छैरोतन जातिको मूलथलो मुस्ताङ जिल्लाको छैरो गाउँ हो । यो मुस्ताङको पाँचगाउँभित्र पर्दछ । यिनीहरू अहिले त्यहाँबाट बसाइँ सराइ गर्दै छन् । यिनीहरूको मुखाकृति, भाषा र पहिरन हेर्दा मार्फाली र थकाली जातिसंग मिल्दो छ ।



प्रमुख पेसा : यिनीहरूको प्रमुख पेसा कृषि र पशुपालन हो । कृषिमा जौ, गहुँ, आलु, आदि उत्पादन गर्दछन् । कृषिबाट यिनीहरूलाई वर्षभरि खान पुग्ने उब्जनी नहुने हुँदा पशु पाल्दछन् । पशुपालनमा यिनीहरूले चौँरी, झोवा, भेडा, घोडा, च्याङ्ग्रा आदि पाल्दछन् । तिनको मासु खान्छन् । दुध, घिउ र उन उत्पादन गर्दछन् । पशुलाई यिनीहरू भारी बोक्ने काममा पनि प्रयोग गर्दछन् ।

भाषा : यिनीहरूले बोल्ने भाषा तिब्बत-बर्मेली भाषा हो । सम्पर्क भाषाका रूपमा भने नेपाली पनि बोल्न थालिसकेका छन् ।


धर्म-संस्कार : यिनीहरू बुद्धधर्मावलम्बी हुन् र आफ्ना संस्कारवादी कर्महरू बुद्धधर्मकै मूल्य र मान्यतामा आधारित भएर सम्पन्न गर्दछन् । यिनीहरूले मनाउने प्रमुख संस्कारहरूमा जन्म, छेवर, विवाह र मृत्यु हुन् । यिनीहरू लासलाई जलाउने र गाड्ने दुवै गर्दछन् ।

११. जिरेल
(Jirels)

जिरेल किराँतजस्तै शारीरिक बनावट भएको, थेप्चो नाक, साना आँखा, दाह्रीजुँगा नभएका, र चेप्टो अनुहार भएको जाति हो । यिनीहरूको उत्पत्ति कहाँ, कहिले र कसरी भयो भन्ने कुरो खोजकै विषय भएको छ । कसैले यिनीहरूलाई सुनुवार बावु र सेर्पिनी आमाका ठिमाहा सन्तान पनि भनेका छन् ।[५] तर यस भनाइलाई कसैले नितान्त भ्रामक र बिनाअनुसन्धान लेखिएको भनी प्रतिवाद समेत गरेका छन् ।[६]

मूलथलो : जिरेलहरूको मूल बसोवास थलो दोलखा जिल्लाको जिरी र सिक्री खोला हो । त्यहींबाटै यिनीहरू पछि दोलखाको चेत्य क्षेत्रपा, जुगु, दार्खा, भ्यांकु, यवो, माङखर्क र सिन्धुपाल्चोकको वाह्रविसे र भुवनथलीतर्फ लागेका हुन् ।

पेसा : यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो । अन्नमा धान, मकै, गहुँ, जौ, कोदो, बोडी, सिमी उब्जाउँछन् भने पशुपालनमा उन्नत जातका गाई पाली दुध उत्पादन गरेर फाइदा उठाउँदै आएका छन् । जिरीमा स्विस सहयोगमा श्री ५ को सरकारले जिरी बहुमुखी विकास योजना लागु गरेपछि जिरेलहरूले त्यसबाट ठूलो फाइदा उठाएका छन् । ज्यालादारीमा काम गर्न पाएका छन् । अनेक प्रकारका प्राविधिक सिप सिक्न पाएका छन् । ढुंगा काट्ने, काठको कार्य गर्ने उन्नत तरिकाबाट फलफूल तथा तरकारी खेती गर्ने, उन्नत जातका पशुपालन गरी फाइदा उठाउने, दुधबाट चिज उत्पादन गर्नेजस्ता कामले अर्थोपार्जन गर्न पाएका छन् । उक्त योजना लागु हुनुभन्दा पहिलेका जिरेल र आजका जिरेलमा धेरै भिन्नता आइसकेको छ ।



जिरेलहरू सैन्य सेवामा भर्ती भएको त्यति पाइँदैन वरु पैसा कमाउनका लागि भारतका विभिन्न ठाउँमा जाने गर्दछन् ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या ४८८९ देखाइएको छ जसमा २३७१ पुरुष र २५१८ महिला छन् भने २०५८ को जनगणनामा यिनीहरूको संख्या ५३१६ पुगेको देखिन्छ । यो जाति शिक्षाको क्षेत्रमा निकै पछाडि परेको जाति हो । तर पनि जिरेल जातिवाटै २ जना केटाकेटीहरू डाक्टर भइसकेका छन् । ५०० भन्दा वढीले एस.एल.सी. पास गरिसकेका छन् र राजनीतिमा पनि धनवहादुर जिरेल र टंकवहादुर जिरेल क्रमशः प्रधानपञ्च र गाविस अध्यक्ष भएका छन् । त्यसै गरी हर्कमाया जिरेल दोलखा जिविस सदस्य चुनिएकी छिन् ।

---

५ डोरवहादुर विस्ट : पिपल्स अफ नेपाल ।

६ सुमन जिरेल : द जिरेल्स अफ नेपाल ।

थरहरू : जिरेल जातिभित्र सेर्पा, झुपुजा, देत्पाचा, तुर्पितो, थावो, छुडपाते, देवालिंगा र भायोकपाजस्ता थरहरू छन् ।

भेषभूषा : जिरेल लोग्ने मानिसहरूले दौरासुरुवाल, पटुका, टोपी, इस्टकोट लगाई कम्मरमा दापसहितको खुकुरी भिर्छन् भने आइमाईहरू चोलो र अलि छोटो फरिया लगाउँछन् । कम्मरमा पटुका बाँध्छन् । गहनामा नाकमा बुलाकी, कानमा ढुंग्री, घाँटीमा तिलहरी र गोडामा कल्ली लगाउँछन् । ती सबै गहना सिल्वर या चाँदीका हुन्छन् । सुनको प्रचलन कमै छ ।

खानपान : खाद्यपदार्थमा आटो, ढिंडो, रोटी, भात र तरकारीमा गुन्द्रुक, आलु, बोडी खान्छन् ।

धर्मसंस्कृति : जिरेलहरू बौद्ध र हिन्दू दुवै धर्म मान्छन् । त्यसैले पूजाआजा, विवाह र धार्मिक काममा यिनीहरूले बाहुन पुरोहित, लामा पुरोहित दुवै राख्छन् । पितृको प्रार्थना गर्न आफ्नै नजिकको पुरोहित राख्छन् । त्यस्तो पुरोहितलाई 'नासो' भन्छन् । विवाह पनि बाहुनले गराउने हुँदा त्यतिबेला जाँडरक्सी त्यति चल्दैन तर दुलही भित्र्याउने काम सकिएपछि भने जाँडरक्सी र सुंगुरको मासुको अत्यधिक प्रयोग गर्छन् ।

विवाह प्रथा : जिरेलहरूले विवाह गर्दा साधारणतया आफ्नो थरबाहिर गर्छन् । तर कहिलेकाहीं जातैबाहिर पनि गर्दछन् । यिनीहरूले अरू जातमा जस्तो मामाचेली, फुपूचेलामा बिहे गर्दैनन् । विधवा भाउजुलाई देवरले स्याहार्ने चलन जिरेलहरूमा पनि छ । जारी प्रथा जिरेल जातिमा पनि कायमै छ । मागी विवाहको चलन पनि चल्तीमा छ । यसका साथै चोरी विवाह पनि नभएको होइन ।

चाडपर्व : जिरेलहरूले दसैं तिहार मान्दछन् । वर्षमा एकपटक कुलदेवताको पूजा पनि गर्छन् । कुलदेवताको पूजा गर्दा ब्राह्मण पुरोहित राख्दैनन् । 'वोपो' पुरोहित बोलाउँछन् । कुलदेवताको पूजा वैशाख वा मंसिर पूर्णिमामा गर्दछन् ।

जिरेलहरू सेर्पाहरूको प्रभावमा परेका हुँदा उनीहरूले 'वोपो' वा लामा पुरोहित मान्दछन् ।

जिरेलहरूको आफ्नै भाषा र आफ्नै लिपि छ तर एक दुई जनाबाहेक त्यो लिपि कसैलाई पनि आउँदैन ।

मृत्युसंस्कार : जिरेलहरूमा लासलाई खोलाको किनारमा लगेर जलाउने चलन छ । लास जलाउँदा लासलाई नुहाई नयाँ कपडा पहिऱ्याइदिएर चितामा राख्छन् । १२ दिनसम्म जुठो बार्छन् ।

१२. झाँगड
(Jhangads)

मूलथलो : यो जाति सम्भवत: नेपालमा विद्यमान द्रविणमूलका एकाध जातिमध्येको एक हो । यो अल्पसंख्यक जातिमा पर्दछ । यस जातिको मूलथलो हजारौं वर्षदेखि नेपालको पूर्वी तराई हो । यिनीहरू पर्सा, सर्लाही, सुनसरी, मोरङ जिल्लातिर जतातत्तै स-सानो संख्यामा छरिएर रहेका छन् । यिनीहरूको ठूलो बस्ती भएको ठाउँ जनकपुरको नौ सय विघा हो । त्यहाँ ६०-७० परिवार झांगडहरूको वसोबास छ । यिनीहरू प्रकृतिपूजक हुन् । जनजातिभित्रै पनि यिनीहरू छुवाछुत मानिन्छन् । वर्ण व्यवस्था मानेहरूले त झन अछुत मान्ने नै भए ।

जनसंख्या : झांगडहरूको जनसंख्या २०५८ सालको जनगणनाअनुसार ४१७६४ रहको छ ।

यिनीहरूले बोल्ने भाषालाई कुरुखमुन्दरी भनिन्छ । झांगडहरूको भाषालाई अधिकांश विद्वान्हरूले द्रविण मूलको भएको कुरा स्वीकार गरेका छन् । भारतको मध्यप्रदेशका झांगड र नेपालका झांगडहरूमा धेरै कुराको फरक पाइन्छ ।



घरको वनावट : झांगड जातिका घरहरू फुसको छनो भएको, चित्रोले वेरेर त्यसमा गोवर माटोले लिपेको, भुइँमा चिसो नआओस् भनी पराल ओछ्याएर त्यसमाथि गोवर माटोले लिपेको, प्रत्येक घरहरूमा हावा, घामका लागि दलान छुट्याइएका हुन्छन् । दलानमा गर्मीका दिनमा पुरुपहरू सुत्ने गर्दछन् ।

पेसा : यिनीहरूको पेसा कृषि र मजदुरी हो । त्यसवाहेक चोयाको टोकरी, भकारी, मान्द्रो, थुन्से आदि वनाएर विक्री गरी अतिरिक्त आयआर्जन गर्ने गर्दछन् । कृषि कार्यवाट यिनहरूलाई खान पुग्दैन । त्यसैले मजदुरी गरेर जीविकोपार्जन गर्दछन् । त्यसका अतिरिक्त पशुपालनमा मुख्यतया सुँगुरपालनलाई यिनीहरू विशेष महत्त्व दिन्छन् भने अन्य पशुपक्षीमा गाई, भैंसी, वाखा, कुखुरा, खसी पाल्छन् । त्यसैवाट दुध, फुल, पाठापाठी विक्री गर्ने

गर्दछन् । सरकारी जागिरमा यिनीहरूको प्रवेश अत्यन्तै नगण्य मात्रामा छ । शिक्षाको क्षेत्रमा पनि यिनीहरू अत्यन्तै पछि परेका छन् ।


विवाह संस्कार : झांगड जातिमा विवाह गर्नु गराउनु पर्दा लमीको ठूलो भूमिका हुन्छ । लमीले ठीक पाऱ्यो भने हेर्ने हेराउने काम हुन्छ । केटी मन परेमा केटाका बाबुले पैसा तिरेर कुरा छिन्छन् । दुलहीका घरमा जन्ती जानुभन्दा पहिले दुलाहा अरुकै घरमा एकछिन बस्नुपर्छ । त्यतिकैमा दुलही भागेर बेपत्ता हुन्छे । त्यसपछि उसका सहेलीहरूले दुलही खोजेर ल्याउँछन् अनि मात्र दुलाहा र जन्तीलाई डाक्न जान्छन् र दुलाहासहित जन्ती दुलहीका घरमा जाने चलन छ । झांगड जातिमा दुलाहादुलहीका बिच विवाहमा सिन्दुर साटासाट गर्ने चलन छ । यो यिनीहरूको मौलिक परम्परा हो ।

चाडपर्व : यो जातिले मनाउने चाडपर्वहरूमा मुख्य रूपले फागुनमा दुर्गा पूजा, भदौको पूर्णिमामा कर्मधर्म भन्ने पूजा, असोजमा च्यां चामल चढाएर कालीपूजा, फागुपूर्णिमा (होली) असौजमा दसैं, प्रत्येक बाह्र वर्षमा दुर्गाको बलिपूजा आदि हुन् । यिनीहरूले आफ्नै जातबाट पुरोहित राखेका हुन्छन् जसलाई धामी भनिन्छ । अन्य जातको पुरोहित राख्दैनन् ।

अन्तिम संस्कार : यिनीहरूले मुर्दालाई पोल्ने र गाड्ने दुवै गर्छन् । जुठो बार्ने र शुद्धि हुने कार्य १३ दिनमै गर्दछन् ।

१३. ठिन्तन
(Thintans)

मूलथलो : ठिन्तन मूलत: ठिनीमा बसोवास गर्ने बासिन्दालाई भनिएको हो । यिनीहरू पनि आफूलाई थकाली जनजातिका रूपमा चिनाउन गौरव गर्छन् । माइकल भिन्डीले यो जातिलाई तीन भागमा विभक्त गरेका छन् । चिमाङ् गाउँका चिम्तन, स्याङ गाउँका स्याङतन र ठीनी गाउँका ठिन्तन । थ्रिनीहरूको मूलथलो मुस्ताङ जिल्लाको जोमसोम गाविसको ठिनी गाउँ हो । ठिनीमा वसोवास गरेकाले यिनीहरू ठिन्तन भनिएका हुन् ।



जनसंख्या : ठिनी गाउँमा यिनीहरूका ९७ घर रहेका छन् र उनीहरूको जनसंख्या ५९९ मात्र छ । जसमध्ये पुरुष २८९ र महिला ३१० छन् ।

बसोवास : आजभोलि यिनीहरू जोमसोम, पोखरा, वुटवल, काठमाण्डौतिर पनि बसोवास गरी बसेका छन् । सबै ठाउँको जनसंख्याको गणना गर्दा अन्दाजी १ हजार रहेको अनुमान छ । त्यसैले यो जाति अल्पसंख्यक जातिको सूचीमा पर्दछ ।

खानपान : ठिनीमा धानको खेती नहुने हुँदा यिनीहरू चामल वाहिरवाट आयात गर्छन् र एक छाक भात नटुटाई खाने गर्छन् । त्यसवाहेक फापरको ढिंडो, आलु, उँवा, गहुँको सातु आदि खान्छन् । मासुमा याक, भेडा च्याङ्ग्रको मासु र सुकुटी खान्छन् । यिनीहरू रक्सीलाई राक्सी, छ्याङलाई पा भन्छन् । यो यिनीहरूको प्रिय पेय हो । रक्सी वनाउँदा स्याउ, गहुँ, उवाँको वनाउँछन् ।

घरको वनावट : यिनीहरूको वस्ती गुचुमुचु परेको हुन्छ । घरका छाना सम्म परेका हुन्छन् । घरका गाह्रा ढुंगा माटोका हुन्छन् । घरहरू २/३ तलाभन्दा अग्ला हुँदैनन् । घरको चुलो र मूलढोका रातो माटाले लिप्छन् । सफाइमा विशेष ध्यान दिन्छन् ।

भेषभूषा : यिनीहरू परम्परागत घरवुना कपडा लगाउँछन् । लोग्ने मानिसले वख्खु, डोजा, तिव्वतियन ढाँचाको ओभरकोट, पाइकन र महिलाहरूले न्होकोन, फुटुन, टाङचर, जामा पटुका आदि लगाउँछन् ।

गरगहना : यिनीहरूमा महिलाले मुगा, सुनले वनेका कण्ठी, टप, सुनका वाला, घाँटीमा सुनका सिक्री, औंठी चुरा आदि लगाउँछन् ।

थर र गोत्र : यिनीहरूमा घ्यल्किपाल फोवे, भर्ती फोवे, मम फोवे, झिसिन फोवे (वंश) आदि थरहरू छन् । घ्यल्किपाल फोवेलाई थाङचिमेन राजाका खलक भनिन्छ । भर्ती

फोवेलाई झांक्रीहरूको खलक भनिन्छ । मम फोवे तिव्वतको हुक्चलिङवाट आएको र घ्यल्किपाल फोवे पनि तिव्वतकै म्हुकुम भन्ने ठाउँवाट आएको जनश्रुति छ भने झिसिन फोवेहंरूहरूचाहिँ ठिनीकै आदिवासी मानिन्छन् ।

भाषा : यिनीहरूले वोल्ने भाषा भोटवर्मेली भाषा परिवारको हो । यिनीहरूमा आपसमा मातृभाषामै वोलचाल गर्छन्, तर सम्पर्क भाषा नेपाली हो । मातृभाषामा यिनीहरू एकलाई घी, दुईलाई ङ्ही, तीनलाई सोम, चारलाई म्हली, पाँचलाई ङाहा, छलाई ढु, सातलाई न्हीस, आठलाई भ्रे, नौलाई कु, दसलाई च्यू, आगोलाई मि, आजलाई तिनी, भोलिलाई नामा, हिजोलाई तिली, भातलाई कुन आदि भन्छन् ।

चाडपर्व : ठिन्तनहरूका चाडपर्वहरूमा मुख्यरूपमा 'तोरेन ल्ह' फाल्ह, आदि हुन् । तोरेन ल्ह फाल्गुन पूर्णिमा वरिपरि पर्छ भने 'फाल्ह' भाद्र महिनामा पर्छ । यिनीहरूको यी दुवै पर्वलाई हिन्दूहरूको दसैं तिहारझैं धुमधामले मनाउँछन् ।

पेसा : ठिन्तनहरूको मुख्य पेसा कृषि नै हो । कृषिवाट उनीहरूलाई पाँच महिनामात्र खान पुग्छ वाँकी ठेक्का, व्यापार र नोकरी गरी गुजारा गर्छन् ।

कृषिमा उवा, गहुँ, फापर, मकै, जौ, तोरी खेती गर्छन् । फलफूलमा स्याउ, आरु, खुर्पानी, अंगुर, तरकारीमा गोलभेडा, धनियाँ, प्याज, लसुन, जिम्वु, स्वीटचाट, गाजर, मुला, गोवी, आलु, पशुपालनमा भेंडा, च्याङ्ग्रा, लुलु झोपा, खच्चड पाल्छन् ।

शैक्षिक अवस्था : ठिन्तनहरू शिक्षाका क्षेत्रमा धेरै पछि छन् । यिनीहरूमा एम.ए. पास १ जना, बी.ए. ५ जना, आई.ए. १५ जना र एस.एल.सी. पास (१० कक्षा) ७ जना मात्र पाइएको छ ।

धर्म : ठिन्तनहरू वौद्धमार्गी हुन् । यिनीहरूमा धामीझांक्री प्रथा छ । यिनीहरू मन्त्र, जप, भूत, टुनामुना, वोक्सी पितृ किचकन्ने, मसान आदिमाथि विश्वास गर्छन् ।

संस्कारहरू : यिनीहरूका संस्कारमा जन्म विवाह र मृत्यु मुख्य हुन् । गर्भाधान भएपछि आमावावुले अधर्म गर्न नहुने, मारकाट गर्न नहुने, अशुद्ध कर्म नगर्ने, गर्छन् । वच्चाको न्वारन ३ दिनदेखि ९ दिनभित्र गर्छन् । वच्चाको न्वारन तिव्वतियन पात्रोअनुसार गर्छन् । नाम राख्दा राशि जुराएर राख्छन् । यिनीहरूका सिंह, मुसा, फ्याउरो, खरायो, ड्रागन, सर्प, घोडा, भेंडा, वाँदर, चरा, कुकुर, सुँगुर आदि गरी १२ राशि हुन्छन् ।

विवाह संस्कार : यिनीहरूमा विवाहको कुनै हद छैन तर पनि १६ देखि २५ वर्षका विचमा विवाह गर्छन् । विवाह गर्दा स्वजातीय र ठिनीवाटै गर्छन् । त्यो सम्भव नभएमात्र चिम्तन र स्याङतनवाट विवाह गर्छन् । यिनीहरूले अन्तर्जातीय र अर्न्तगाउँको विवाहमा प्रतिवन्ध लगाएका छन् । वंशजका विचमा विवाह गर्न कडा प्रतिवन्ध छ । मामाचेला फुपूचेली विवाह वढी हुन्छ । यिनीहरूमा मागी विवाह वढी हुन्छ । यसवाहेक चोरी विवाह प्रेम विवाह, पुनः विवाह, वहुविवाह प्रथा पनि कायमै छ । वहुविवाहचाहिँ पहिलो श्रीमतीवाट वच्चा नभएमा मात्र गर्छन् । वहुविवाह गर्नु परे पनि सालीलाई नै गर्ने गर्छन् । पुनः विवाह पनि पहिलो श्रीमतीको मृत्यु भएमा र वालवच्चा सानै छन् भने मात्र गर्छन् । यो विवाह गर्दा पनि सालीलाई नै प्राथमिकता दिन्छन् ।

मृत्यु संस्कार : घरको मानिस मर्दा लासलाई मूल कोठामा राखिन्छ । कालिगण्डकीवाट चोखो पानी र वालुवा ल्याइन्छ । लास राख्ने ठाउँ लिपपोत गरिन्छ । वालुवा छर्किइन्छ अनि त्यहाँ लास राखिन्छ । त्यसपछि इष्टमित्र दिदीवहिनी, गाउँले जुट्छन् । लामा, झाँक्री, झुमा गराइन्छ । लासमा १०८ वत्ती वालिन्छ । फलफूलप्रसाद चढाइन्छ । अन्त्येष्टि चाहिँ सोमवार, वुधवार र विहीवार मात्रै गरिन्छ । लासमा दागवत्ती चढाउने काम जेठा छोरावाटै हुन्छ । जेठो छोरो नभए दाजुभाइ र कुटुम्ववाट गराइन्छ । मलामी जाँदा दमाहा वजाइन्छ । लासलाई गाड्ने जलाउने दुवै गरिन्छ । छोराहरूले अन्त्येष्टिपछि सेता कपडा लगाउँछन् । मलामी घर फर्केपछि जाँड, रक्सी खाने गर्छन् ।

१४. डोल्पो
(Dolpos)

मूलथलो : वर्तमान नेपालको कर्णाली अञ्चलको डोल्पा जिल्लाका बासिन्दालाई डोल्पो भनिन्छ । त्यही डोल्पोबाटै जिल्लाको नाम डोल्पा राखिएको हो । डोल्पोजातिलाई काइके पनि भनिन्छ । ताराली बोलीमा काई भनेको अप्सरा र के भनेको 'भाषा' हो । अप्सराले बोलाएको वा सिकाएको बोली हुँदा यो भाषा काइके भनिएको हों । यिनीहरू डोल्पाका बासिन्दा भएको हुनाले डोल्पो भनिएका हुन् । डोल्पा समुद्रीसतहबाट १३, १४ हजार फिटको उचाइमा पछ । डोल्पा नेपाल अधिराज्यको पश्चिमी भागमा पर्दछ । यो हिमाली शृंखलाले घेरिएको अति दुर्गम जिल्ला हो । भौगोलिक संरचनाका आधारमा यो जिल्लालाई उच्च हिमाली तल्लो पहाडी, पाटन र नदी आसपासका खोंच गरी ४ भागमा विभक्त गर्न सकिन्छ । डोल्पोहरू त्यहींकै आदिवासी हुन् । यिनीहरूको जनसंख्या अत्यन्तै थोरै छ । जनकलाल शर्माले केवल ९०० भएको बताउनु भएको छ । पूरै डोल्पाको जनसंख्या २०४८ सालको जनगणनामा २५०१३ देखाइएको छ भने यिनीहरूको जनसंख्या न्यून हुनुमा कुनै आश्चर्य मान्नु पर्दैन ।

थरहरू : यो जातिमा रोकाया, घर्ती, झांक्री, रम्जाली र बुढा गरी पाँच प्रकारका थर पाइएका छन् । यी पाँच थरमध्ये पछिल्ला तीन थर भएका डोल्पोहरू डोल्पाको टुप्पातारा, सहरतारा र कोटताराभन्दा बाहिर फैलिइसकेका छैनन् ।[७] टुप्पातारामा ६० घर सहरतारामा ७० घर र कोटतारामा २२ घर भएको बताइएको छ ।[८]



भाषा : डोल्पामा बोलिने भाषामा नेपाली, तिब्बती र काइके (तराली) तीन भाषा हुन् तीमध्ये डोल्पोहरूले बोल्ने भाषा काइके हो । यो भाषालाई टिबेटोबर्मन परिवारको भाषा मानिन्छ । यस भाषामा घाँसलाई 'सि' बिउलाई 'रिउ', हाँगालाई 'घा', चरोलाई 'इजो', बाखोलाई 'रमा', भेडोलाई 'दि' भन्दछन् । यिनीहरू आफूहरूबाहेक अन्यसँग सम्पर्क राख्दा तिब्बती वा नेपालीमै सम्पर्क राख्छन् ।

---

७ जनकलाल शर्मा : कोतुकमय डोल्पो, पृ. ३८८ ।

८ उही पृ. ३८२ ।

धर्म : डोल्पोहरू बुद्ध धर्म मान्दछन् र गुम्बामा गएर पूजा गर्दछन् । यिनीहरूका प्रत्येक गाउँमा गुम्बा हुन्छन् । गुम्बाहरूमा मूर्तिका साथसाथै भित्तीचित्र पनि राखिएका हुन्छन् । मूर्ति माटो तथा धातुका हुन्छन् भने चित्रहरू मन्जुश्री, षड्क्षरी बज्रयाणी, अर्घ्यादेवी, पद्मादेवी पुस्थादेवी, धूपादेवी, नीलवर्ण महाँकाल, महाँकाल कपालधारी, ध्वजपुरुषधारी, रक्तवर्ण महाँकाल, हरितवर्ण महाँकाल, पद्मसम्भव, सहस्रभुज लोकेश्वरका राखिएका हुन्छन् । कुनै पनि मूर्तिको अंगभंग भएमा नदीमा लगेर फ्याँकिदिन्छन् । त्यो चलन अझै छ ।

घरका बनावट : यिनीहरूका घरहरू देख्नमा आधुनिक ढलान गरिएका जस्ता देखिन्छन् । तर माटाले छानो छाइएको हुन्छ । घरका २/३ तला हुन्छन् । तर कुनै पनि तलामा जान घरभित्र पस्नु पर्दैन । बाहिरबाटै लिस्नुको व्यवस्था गरिएको हुन्छ । भुइँतलामा गाइवस्तु राख्छन् । बिचको तल्लामा मानिस बस्छन् र माथिल्लो तल्लामा घाँस, दियालो र अन्य वस्तुका साथै परपाहुनाका लागि कोठा·छुट्याइएको हुन्छ ।

पेसा : यिनीहरूको पेसा कृषि, पशुपालन र व्यापार हो । कृषिमा फापर, चिनो, कागुन, गहुँ, कोदो, उवा, सिमी, आलु, चोताको खेती गर्दछन् । कृषिले ६ महिनाभन्दा खान नपुग्ने हुदा चौंरी झोवा, च्याङ्ग्रा, भेडा, गधा पालन गरी मासु र दुध, घिउ, छुर्पी उत्पादन गर्दछन् । आ-आफ्नो आवश्यकताका वस्तु दोचादेखि लिएर टोपीसम्म आफैले बनाएर लगाउँछन् र बिक्री गर्छन् । ६ देखि ८ महिनासम्म मदेसतिर गएर भोटका वस्तु बिक्री गरी आफ्ना आवश्यकता पूरा गर्दछन् । यिनीहरूले बनाएका पाखी, चौरीपाटा, ल्यू, मदेसतिर पनि त्यत्तिकै लोकप्रिय छन् । यसबाहेक यार्चागुम्बा, पाँचऔंले, अन्तिस, कटुको, पदमचाल्नो, भोटेखयर, कन्चुर, पाखनवतजस्ता जडीबुटी संकलन र बिक्री गर्ने गर्दछन् ।

अतिथि सत्कार : यिनीहरूका घरमा कुनै व्यक्ति आइपुग्नासाथ सर्वप्रथम एक वटुको जाँड (उनीहरूको भाषामा छ्याङ) दिएर स्वागत गरिन्छ । छ्याङ अनिवार्य उनीहरूको जन्मदेखि मृत्युसम्मको अनिवार्य साथी हो । शुभ-अशुभ सबै कार्यमा छ्याङ अनिवार्य चाहिने वस्तु हो । छ्याङ तिते फापरबाट बनाउँछन् । जहाँ जाँदा पनि कोसेलीका रूपमा जाँडरक्सी नै लैजान्छन् ।

अन्धविश्वास : यिनीहरूमा जस्तोसुकै रोगमा पनि झारफुक गराउने चलन छ । घाउ, खटिरा, झाडापखाला, ज्वरो, रुघा, खोकी, आउँ, अतिसार रक्तातिसारजस्ता सम्पूर्ण रोगमा झारफुक नै गराउँछन् र भूतप्रेतमाथि विश्वास गर्छन् । धामीलाई उनीहरू भामे भन्दछन् । भामेले धामीकोजस्तै जामा लगाएर ढ्याङ्ग्रो बजाउँदै नाच्दछन् । झ्याओपूता उनीहरूका ग्राम देवता हुन् । यीबाहेक मण्डा, ढुंकटवा, गैडु, गोसाई, कांडा, ब्रम्ह क्षेत्रपाल र रूपालको पूजा गर्दछन् । मस्टको लिङ्गो वर्षमा १ पटक ठड्याउँछन् । कुकुर मर्दासमेत मानिसको निधनमा जस्तै विधिपूर्वक घेवा गराउँछन् ।

भेषभूषा : यिनीहरूले लगाउने पोसाकमा पाखी, छालाका बख्खु, पाखीकै सुरुवाल, उनीको पटुका, घाँटीमा विभिन्न प्रकारका यूं, मुगा वा सी का माला लगाउने, लामो कपाल पालेर बाट्ने गर्दछन् । लोग्ने मानिस र स्वास्नी मानिसका पोसाक प्रायः एकैएकै खालका हुन्छ । स्वास्नी मानिसका हातमा शंख आदिका चुरा हुन्छन् ।

विवाह प्रथा : यिनीहरूमा वैवाहिक जीवनमा बहु पतिप्रथा कायमै छ तर भाउजुले देवरलाई अपनाउने वा नअपनाउने भन्ने निर्णय गर्ने अधिकार छ । भाउजुको अनुमति भएन भने देवरले अर्को विवाह गर्न पाउँछ नत्र पाउँदैन । यिनीहरूमा घरमा छोरा हुनेले पनि घरज्वाइँ राख्ने चलन छ ।

घरज्वाइँ राख्नुपरेमा केटीका आमाबुवा केटाका आमाबुवाका घरमा गई केटो माग्ने काम गरिन्छ । दुवै पक्षको कुरा मिलेमा केटीका घरबाट केटीसमेत लिएर केटाका घरमा

गई केटीले केटालाई हाम्रो घरमा जाऊँ भनी केटाको हात समातेर तान्छे अनि केटालाई घिच्याउँदै जबर्जस्ती केटीका घरमा लगिन्छ र वैवाहिक कर्म पूरा गरिन्छ । यसलाई घिच्याउने विवाह पनि भनिन्छ ।

अर्को प्रक्रिया के पनि छ भने केटो वा केटी चोरी गर्ने । यस्तो विवाहका लागि केटी चोर्दा केटाका तर्फवाट हुल बाँधेर केटीका घरमा गई चोरेर लग्छन् भने केटो चोर्दा केटीका तर्फबाट हुल बाधेर केटाका घर गई केटा चोरेर लैजान्छन् । यसरी चोरेर गरिने विवाहलाई उनीहरूको भाषामा 'घ्वा' खाने भन्दछन् ।

यिनीहरूमा यौन स्वतन्त्रता बढी छ । विवाहिता छोरीलाई कसैले गर्भ बोकाएमा सुत्केरी खर्च र अलिकति दण्ड तिरे फुर्सद पाउँछ । बच्चाको हकमा भने छोरा भए बाबुको, छोरी भए आमाकी हुन्छे । यदि कसैकी विवाहिता पत्नीमाथि त्यस्तै घटना भएमा उसको पतिको राय आवश्यक पर्दछ । उसको रायबाट मात्र छोरो जारले लैजान पाउँछ नत्र पतिकै हुन्छ ।

लोग्नेस्वास्नीविच मेलमिलाप हुन नसकी पारपाचुके गर्नुपरेका खण्डमा पञ्चभलाद्मी वसी ८० देखि १२० रुपियाँसम्म कति दण्ड गर्ने हो त्यो अंक निर्धारण गर्दछन् र पारपाचुके लिन चाहनेले त्यो रकम तिरी सम्वन्धविच्छेद गर्न सक्तछ ।

मनोरञ्जन : यिनीहरूमा एउटा रमाइलो चलन के छ भने हरेक वर्षको पौष १५ गतेदेखि माघ १५ गतेसम्म १ महिना वयस्क तर अविवाहित केटीहरू पाखा वस्ने चलन छ । यो पाखा बस्दा गाउँका सबै तरुनी केटीहरू एकत्रित भएर १ महिनासँगै वस्छन्, घर जाँदैनन् । ती केटीहरू वसेको ठाउँमा खासगरी गाउँका केटाहरू र कतिपय वृद्ध पनि नाचगान गर्न जान्छन् । केटीहरूले आउने जति सबैलाई स्वागत गर्दै खुवाउनु पर्दछ, यसै विचमा धेरैले गान्धर्व विवाह पनि गर्दछन् । यसवाहेक गाउँका तरुनीतन्नेरी मिलेर नाचगान, प्रेमलीला गर्ने, (छोंट्टी) वस्ने चलन पनि छ ।

सरसफाई : डोल्पाजस्तो विकट पहाडी क्षेत्रमा प्रतिदिन सरसफाई गर्न सम्भव हुँदैन । प्रतिदिनमात्र होइन प्रतिमास पनि सम्भव हुँदैन त्यसैले शरीर सरसफाई गर्न पनि चाडवाड पर्खेर वस्नु पर्दछ । हातगोडा र गालामा जमेका मयल एकै दिनमा पानीले धौएर सफा गर्ने प्रयास गर्ने गरियो भने फुटेर रगतै आउँछ ।

त्यसैले यिनीहरू सल्लाको खोटो पलागेर सहन सक्ने तातो परेर त्यसैको लेप हात खुट्टा र गालामा लगाउँछन् र कागज वा पातलो कपडा टाँस्छन् र दुईचार दिनपछि त्यसलाई उप्काउँछन् । त्यतिवेला मयलजति त्यही कागज वा कपडामा टाँसिएर निस्किन्छ र हातगोडा र गाला सफा हुन्छन् ।[१]

अन्तिम संस्कार : यिनीहरूको मृत्यु संस्कार पनि भोटेहरूकै जस्तो गरी सम्पन्न गरिन्छ । अर्थात् लामाले साइत हेरी गाड्ने, जलाउने वा लासलाई टुक्राटुक्रा पारी गिद्द चिललाई खुवाउने जे आदेश दिन्छन् त्यसै गरिन्छ । मृतकको परिवारको इच्छावमोजिम गर्न पाइँदैन ।

---

१. उही, पृ. ४७, ४८ ।

१५. ताङवे
(Tangbes)

मूलथलो : यो जातिको मूलथलो मुस्ताङ जिल्लाको छुक्साङ गाविसको ताङवे गाउँ हो । ताङवे गाउँकै वासिन्दाका नाताले यिनीहरू ताङवे भनिएका हुन् । तिव्वती भाषामा 'ताङ'को अर्थ लखेटिएका र 'वे'को अर्थ जाति हुन्छ । त्यस हिसावले यो जाति तिब्वततिरबाट लखेटिएको जाति रहेछ भन्ने बुझिन्छ । यिनीहरू गाउँमा हुल्याहा काम गर्ने उपद्रो मच्चाउने गर्थे अरे त्यसैले गाउँबाट लखेटिएका हुन् भनेर भनिन्छ । ताङवेहरू आजभोलि ठकुरी, गुरुङ, थकाली लेख्न रुचाउँछन् ।

जनसंख्या : ताङवे गाउँमा यिनीहरूको जनसंख्या ३७ धुरी, पोखरामा ४०, जोमसोममा ३० र काठमाडौंमा १ गरी १०८ घरधुरी गरी अधिराज्यभरि झन्डै ४०० को हाराहारी छ ।[१०]



खानपान : यिनीहरूको मुख्य खाना ढिंडो हो । त्यसबाहेक भात, रोटी, उवाँको सातु, मासु (याक, च्याङ्ग्रा) आदि खान्छन् । रक्सी र छ्याङ हरेक चाडपर्व र प्रत्येक पितृकर्ममा नभई हुँदैन । रक्सी र छ्याङ महिला र पुरुष दुवैले समानरूपमा पिउने गर्छन् । भोटे चिया पनि यिनीहरूको प्रिय पेय हो ।

भेषाभूषा : यिनीहरूको आफ्नै पहिरन हुन्छ । पुरुषहरूले 'घ्यो' भन्ने घुँडासम्मको जुत्ता लगाउँछन् । टाउकामा टोपी लगाउँछन् जसलाई उनीहरू पुलुक भन्दछन् र वख्खु र स्विटर लगाउँछन् । त्यसै गरी महिलाहरूले जामा लगाउँछन् जसलाई उनीहरू सेकेन भन्दछन् । त्यसबाहेक वख्खु चोलो लगाउँछन् र कम्मरमा पटुका बाँध्छन् ।

गरगहना : यिनीहरूले सुन र मुगाका गरगहना वढी प्रयोग गर्दछन् । सुनका गहनामा कानमा यार्लिङ टप र घाँटीमा सिक्री लगाउँछन् । घाँटीमा मुगाका माला लगाउँछन् । सुनभन्दा मुगा वढी प्रचलनमा छ ।

चाडपर्व : ताङवेहरूले मनाउने मुख्य-मुख्य चाडपर्वहरूमा ल्होसार पुसे औंसीको भोलिपल्ट मनाउने चाड जसलाई नयाँ वर्ष पनि भनिन्छ । यार्तोङ्ग मुक्तिनाथ क्षेत्रमा मनाइने सवैभन्दा ठूलो जात्रा घोडेजात्रा हो, जो जनैपूर्णिमाको दिनमा मनाइन्छ । घाच्याङ वैशाख पूर्णिमाका दिनमा मनाइन्छ र यो चाडमा तिर हान्ने गरिन्छ ।

---

१० यमवहादुर झेंडी मगर : ताङवे जनजाति, प्रोफाइल, अप्रकाशित ।

बोलचालको भाषा : यिनीहरूको आफ्नै भाषा छ त्यसलाई ताङवे भाषा नै भनिन्छ । ताङवे भाषा भोटबर्मेली परिवारभित्रको भाषा हो । यिनीहरू एकापसमा यही भाषामात्र बोल्दछन् भने सम्पर्क भाषाका रूपमा नेपाली पनि बोल्दछन् तर बुढाबुढीहरू भने ताङवे बाहेक बोल्न र बुझ्न सक्दैनन् ।

सामाजिक अवस्था : यो जाति संयुक्त परिवार प्रथामा आधारित जाति हो । यिनीहरूमा जेठो छोराले घरपरिवार चलाउने, माहिलो छोराले लामा बन्नुपर्ने र माहिली छोरी झुमा बन्नु पर्ने चलन छ । जेठो छोराले विवाह गरेकी श्रीमतीलाई बाँकी सबै भाइकी पनि श्रीमती हुनु पर्ने बहुपति प्रथा पनि यो जातिमा अझैसम्म छँदै छ । त्यसको बर्खिलाफ गर्ने अथवा नमान्ने देवरलाई सामाजिक बहिष्कार गर्दै गाउँबाटै निष्कासन गर्ने प्रथा पनि अझै विद्यमान छ । बाबु-आमा जीवित छँदै छुट्टिने छोरालाई अंश दिने चलन छैन । केही नगद जिन्सी भने दिइन्छ । अंशवण्डापछि बाबु-आमा साधारणतया कान्छो छोरासँगै बस्ने प्रचलन छ ।

आर्थिक अवस्था : ताङवेहरूको मुख्य पेसा कृषि र पशुपालन हो तर कृषि आयबाट २/३ महिनाभन्दा खान नपुग्ने हुँदा व्यापार व्यवसाय गरेर गुजारा चलाउँछन् । कृषिमा ताङवेहरू गहुँ, फापर, उवाँ, आलु बन्दगोभी, सलगम, गाजर, मुला, लसुन, गोलभेडा उब्जाउँछन् भने पशुपालनमा घोडा, भेडा, च्याङ्ग्रा, झोवा, खच्चड आदि पाल्दछ । यी पशुहरूलाई ताङवेहरूले भारी बोक्नका लागि र मासुका लागि पाल्दछन् ।

व्यापारमा यिनीहरू होटेल, भट्टी पसल, फैन्सी पसल आदि गर्दछन् । व्यापारका लागि यिनी काठमाडौ, पोखरा र जोमसोमतिर जाने गर्दछन् ।

शैक्षिक अवस्था : यो जाति शिक्षाको क्षेत्रमा धेरै पछाडि परेको जाति हो । यिनीहरूमा एसएलसीसम्म पास गरेका जम्मा १२ जना एमए पास गरेका १ र डाक्टर १ जना मात्र पाइएको छ ।

संस्कारादि कर्म : यो जातिमा जन्म, विवाह र मृत्यु गरी मुख्यरूपमा तीनवटा संस्कार प्रचलनमा छन् ।

जन्म संस्कार : बच्चा जन्मेको तीन दिनमा शुद्ध हुने चलन यो जातिमा छ । तीन दिनमा लामाले तिब्बतियन पञ्चाङ्गअनुसार सुत्केरीलाई शुद्ध पार्ने काम गर्दछन् । त्यसै दिनमा नै बच्चाको नामकरण गरिन्छ । सुत्केरी चोख्याउने कामलाई ताङवे भाषामा 'साङतेव' भनिन्छ ।

विवाह संस्कार : यो जातिमा विवाह भरसक आफ्नै जातिभित्रै गर्ने परम्परा छ । विवाह गर्दा मामा फुपूका छोराछोरीका बिचमा गर्ने गरिन्छ । यो जातिमा मागी विवाह, प्रेम विवाह, चोरी विवाह, बहुविवाह, पुनः विवाह र बहुपति विवाह प्रचलनमा छन् । धेरैजसो मागी विवाह नै गरिन्छ ।

मृत्यु संस्कार : यिनीहरू बौद्ध धर्मावलम्बी भएका कारण जन्मदेखि मृत्युसम्मका यावत् संस्कारहरू लामाद्वारा सम्पन्न गर्ने गर्दछन् । यिनीहरूमा लासलाई लामाले साइत जुराएअनुसार उसले जसरी अन्त्येष्टि गर्नु पर्ने साइत निकाल्छ त्यही प्रक्रियाद्वारा गरिन्छ । अन्त्येष्टिका जलाउने, गाड्ने र लास टुक्राटुक्रा पारेर चीललाई खुवाउने गरी तीन प्रक्रिया छन् ।

यिनीहरूमा बाबु मरेमा छोराहरूले ३ दिनसम्म मासु खाँदैनन् भने आमा मरेमा दुध खाँदैनन् । त्यसबाहेक ३ दिनसम्म नुन पनि बार्ने चलन छ ।

१६. ताजपुरिया
(Tajpuriyas)

मूलथलो : ताजपुरिया जाति अल्पसंख्यक जनजातिभित्र पर्दछ । यिनीहरूको मूलथलो पूर्वाञ्चलको मोरङ र झापा जिल्ला हो । त्यहींवाटै यिनीहरू अधिराज्यका अन्य जिल्लामा वसाइँ सरी आएका हुन् ।

रहनसहन : यिनीहरू र राजवंशीहरू हेर्दा उस्तैउस्तै देखिन्छन् । पहिरनमा पनि समानता छ । भाषा र संस्कृतिमा पनि समानता छ तर यी दुई जातिका विच बिहावारी भन्ने चल्दैन । यिनीहरूको आफ्नै धर्म छ । यिनीहरूका प्रत्येक धार्मिक संस्कार र कर्मकाण्डहरूमा जाँडरक्सीको प्रयोग अनिवार्य छ । यिनीहरू हिन्दूधर्मावलम्बी हुन् । दसैं, तीज, शिवरात्रिजस्ता चाडपर्वहरू यिनीहरूले पनि मनाउँछन् ।

यिनीहरू हस्तकलामा निपुण हुनाले राजवंशी जातिभन्दा भिन्दै देखिन्छन् । आजभोलि यिनीहरू सिलाइ बुनाइमा समेत दक्ष भइसकेका छन् ।

जनसंख्या : यिनीहरूको जनसंख्या अत्यन्तै थोरै छ । त्यसैले यिनीहरू पनि अल्पसंख्यक जनजातिभित्र पर्दछन् । राष्ट्रिय जनगणनामा यिनीहरूको छुट्टै जनसंख्या नखुलाइनुले पनि यिनीहरू अल्पसंख्यक जनजातिभित्र पर्ने पुष्टि हुन्छ ।



पेशा : यिनीहरूको मुख्य पेसा कृषि हो । कृषिमा मुख्य धान, मकै, कोदो, फापर, गहुँ, जौको खेती गर्दछन् । कृषि उपजवाट यिनीहरूलाई वर्षभरि खान नपुग्ने हुँदा कृषिका अतिरिक्त मजदुरी र अन्य व्यवसाय गरी जीविकोपार्जन गर्दछन् ।

विवाह संस्कार : ताजपुरिया जातिमा प्राय:जसो मागी विवाह नै प्रचलनमा छ । प्रेम विवाह पनि हुने गर्दछ ।

मृत्यु संस्कार : ताजपुरिया जातिमा महिलाले नाक छेड्ने चलन छैन । यिनीहरूमा मानिस मर्दा दाहसंस्कार नै गर्दछन् । कसै कसैले गाड्ने पनि गर्दछन् ।

१७. तामाङ
(Tamangs)

मूलथलो : आदिमकालदेखि नै तामाङ जातिको बसोबास काठमाडौं उपत्यकाको छेउछाउको अग्लो डाँडो सिन्धुपाल्चोक, नुवाकोट, काभ्रेपलान्चोक, मकवानपुर, धादिङ, रसुवा र रामेछाप, दोलखा, सिन्धुली आदि ठाउँमा हुँदै आएको छ । यिनीहरू खोला र वेसीभन्दा उँचो लेकाली वस्तीहरूमा वस्न मन पराउँछन् । डाँडाकाँडामा निङालो र बाँसहरू पाइने हुँदा यो जातिले डोको, नाम्लो, भकारी बुन्ने गर्दछ । त्यहाँका जंगलमा अम्लिसो प्रशस्त मात्रामा पाइने हुँदा अम्लिसोका कुचो बनाउने गर्छन् र बेच्छन् । यिनीहरूले राडी, पाखी, बख्खु र नाम्लो पनि बुन्दछन् । जंगलमा पाइने च्याउ, निउरो आदिका तरकारी यिनीहरूको मौसमी तरकारी हुन् र मकै कोदो, गहुँ, जौ र आलु यिनीहरूका मुख्य उब्जनी हुन् ।



जात थर : तामाङहरू आफूलाई महादेवको सन्तान ठान्दछन् । तामाङ मुख्यत: अठार जात र वाह्र जात गरी २ भागमा बाँडिएका छन् । बाह्र जाते तामाङहरूले आफूहरूलाई विशुद्ध लामा ठान्दछन् र अठार जाते तामाङभन्दा श्रेष्ठ ठान्दछन् । गौले, लोचपन, गोमदान, वज्यू, घ्यापा, घिसिङ, ङार्तेन, चौदेन, ग्राङदान, ब्लोन, लो वाइवा, वोमजन, च्वावा, दोङ, मोक्तु, ङार्पा, घिसिङ, पादेन, मोक्तान, सिङदेन, स्याङवो पाएन, थिङ, सामदेन, मादेन रुम्वा, लेन्देन, सिङदेन, स्याम्वा, साई र यानताङ, कार्ते, कर्मावा, योन्जन, ठोकुर, वाइपा, नितोन, ङारदिन, पाखिन, यी सबै तामाङहरूका थर हुन् । यी विभिन्न थरहरूभित्र पनि कसैकसैसँग यिनीहरूको विहावारी चल्दैन । जस्तै गोले र दोङहरूले एकापसमा विहावारी गर्दैनन् । यी सगोत्री हुन् ।

विवाह प्रथा : तामाङहरूमा फुपूचेली, मामाचेला वा फुपूचेला, मामाचेली यी दुवैविच विवाह गर्ने चलन छ । यसको मतलव यो होइन कि यसैभित्र मात्र विवाह गर्नुपर्ने वाध्यता छ । उनीहरू मामाचेला, फुपूचेलीभन्दा वाहिर जोसुकैसँग पनि विवाह गर्न सक्तछन् । धेरैजसो विवाहचाहिं प्रेमविवाह नै गर्छन् । यिनीहरूमा विहे नगर्दै केटीले कसैको पेट वोकिहालिछ भने पनि अर्को केटो खोजेर विवाह गराइदिन्छन् । त्यसो गर्न

उनीहरूलाई खासै गाह्रो पर्दैन । त्यस्ताबाट जन्मेका बच्चाले सामाजिक मान्यता पनि पाउँछन् ।

तामाङ जातिमा दाजु मरिसकेपछि बिहे नगरेको भाइले भाउजु स्याहार्ने चलन भएकाले केटीले विधवा भएर जीवन गुजार्नुपर्ने बाध्यता हुँदैन र पैतृक सम्पत्ति टुक्रिने डर पनि हुँदैन ।

बाह्रजाते तामाङहरूले भने आफूहरूलाई अठारजाते तामाङभन्दा श्रेष्ठ ठान्ने हुँदा उनीहरू बिहाबारी गर्दा भरसक लामा परिवारभित्रै गर्ने कोसिस गर्छन् । यिनीहरूले बाहुन अन्यत्रबाट खोजेर ल्याउँदैनन् किनकि यिनीहरू स्वयंले धार्मिक विधिसम्बन्धी तालिम पाएका हुन्छन् । लामा भन्ने थर नभई पेसा हो । जुनसुकै थरको भए पनि लामाको पेसा जानेको छ भने उसले लामाको काम गर्न सक्तछ । यो एक प्रकारको पुरेतपेसा भएका कारण लामाहरूले आफूहरूलाई सर्वसाधारणभन्दा श्रेष्ठ ठान्ने गर्दछन् । त्यसैले जुनसुकै तामाङलाई पनि लामाजी, लामा दाइ भन्यो भने ऊ प्रसन्न हुन्छ ।

धर्म र संस्कृति : तामाङहरूको मूल धर्म बौद्ध धर्म हो तापनि यिनीहरूमा धार्मिक कट्टरता पाइँदैन । बौद्ध धर्मबाहेक बोन धर्म मान्ने तामाङ पनि छन् । रोगव्याधिबाट मुक्तिका लागि यिनीहरूले माघे संक्रान्तिमा 'हो' भन्ने पाठपूजा र श्रावण पूर्णिमामा 'नारा' भन्ने पूजा लगाई भोज खुवाउँछन् । चैतेदसैं, वैशाख पूर्णिमा, दसैं-तिहार र लोसारजस्ता चाड मनाउने गर्छन् । तामाङहरूमा 'बोंपो' भन्ने पुजारी राखिएको हुन्छ जसको काम भूतप्रेत धपाउने, सिपता थानमा बलि चढाउने र पूजा गर्ने र मंसिर महिनामा खेतीबाली जोगाउन तन्तरमन्तर गरी पूजा गर्ने हो । यसका साथै धामीझाँक्रीको काम, देवता र वायु रिसाएर दु:ख दिन थालेमा मनाउने काम पनि 'बोंपो' ले नै गर्दछ । लामाहरूले गर्ने कार्यमा बलि चढाइँदैन तर बोंपोद्वारा गराइने कार्यमा बलि दिने चलन छ । लामा र बोंपोमा लामा नै ठूला मानिन्छन् ।

तामाङहरूले दसैंमा दुर्गाको पूजा गरी बलि चढाउँछन् । यिनीहरू बौद्ध धर्मावलम्बी भए पनि हिन्दू संस्कार कायमै राखेकोले धार्मिक कट्टरता छैन । यिनीहरू सबै मिलेर गाउँको मूली छान्ने गर्छन् जसलाई मुल्मी भनिन्छ । मुल्मीको कार्य गाउँमा शान्ति कायम राख्ने, सरकारी कर्मचारीहरू आउँदा बस्ने, खाने प्रबन्ध मिलाउनु हो ।

मृत्यु संस्कार : मानिस मर्दा यिनीहरू तीन दिनसम्म नून, तेल नखाई जुठो बार्छन् र तीन दिनमै शुद्ध हुन्छन् । सुद्धचाइलाई 'घेवा' भन्दछन् । घेवा ४९ दिन या ६ महिनामा गरिन्छ । तामाङहरूको मृत्यु भएपछि उनीहरूको उद्धार र सम्झनाका लागि ठाउँ-ठाउँमा चैत्य बनाउँछन् । त्यस्ता चैत्यलाई माने पनि भनिन्छ । बाटो हिंड्ने बटुवाहरूले ती मानेलाई दायाँपारेर हिंडेमा धर्म मिल्छ भन्ने विश्वास छ । त्यस्ता माने निर्माण गरेपछि गाउँलेलाई भोज खुवाउँछन् । भोज गर्दा, मानिस मर्दा, बालक जन्मँदा लामा पुरोहितहरूले पाठपूजा गर्दछन् । विवाहमा भने त्यसो गर्नु पर्दैन ।

१८. तोप्केगोला
(Topkegolas)

मूलथलो : तोप्केगोलाहरूलाई स्थानीय भाषामा ध्योक्पया भनिन्छ । यो लिम्बु जाति नै हो, तर लिम्बुहरू भित्रैको भएर पनि पूर्वी नेपालको ताप्लेजुङ जिल्लाको तोप्केगोला भन्ने ठाउँमा बसोबास गरेका कारण यिनीहरू स्थानविशेषकै नामबाट पुकारिन थालेका हुन् ।

जनसंख्या : तोप्केगोला ३०/४० परिवारमात्र भएको एउटा सुन्दर गाउँको नाम हो । यो गाउँ पश्चिमी वालुङको उत्तरमा पर्ने मेवा नदीको किनारमा अवस्थित छ । यो गाउँ समुद्री सतहबाट करिब ५ हजार फिटको उचाइमा अवस्थित छ ।

यिनीहरूका घरहरू ढुंगाको गारा र काठको छाना भएका हुन्छन् । तोप्केगोलावासीहरू तिब्बती, सेर्पा, वालुङ, लिम्बु आदि भाषा मिसमास पारेर बोल्दछन् । यिनीहरूको भाषा अरू मान्छेले बुझ्दैनन् । यिनीहरूले बोल्ने भाषालाई स्थानीयवासीहरू दोप्वऱ्या भाषा भन्दछन् । त्यस भाषामा अमेरिकाकी नेन्सी क्याप्लकले विधावारिधि गर्दै छिन् ।



व्यवसाय : यस जातिको मुख्य व्यवसाय व्यापार हो र यिनीहरू पशुपालन पनि गर्दछन् भने नगण्य मात्रामा खेती पनि गर्छन् । ताप्केगोलाबाट तिब्वतको रिउ पुग्न तीन दिन पैदल हिंड्नुपर्दछ । रिउ उनीहरूको व्यापारिक बजार हो । त्यहींबाटै उनीहरू आफ्नो खरिदविक्री गर्ने गर्नछन् । यहाँबाट व्यापारका लागि यिनीहरू धनकुटा, सुनसरीको धरान, संखुवासभाको चैनपुर लगायत देशका विभिन्न भागमा पुगेका हुन्छन् । यिनीहरूले पाल्ने पशुहरूमा चौंरी, झोवा, भेडा, खच्चर आदि हुन् भने खेतीमा गहुँ, जौ, कोदो, फापर, उवाँ आदि हुन् ।

लिम्बु जातिहरू गर्मीयाममा ताप्लेजुङ जिल्लाको ओलाङचुङ गोला, तोप्केगोला, धुन्सा, याङमामा जाने र जाडोयाममा तराईको दमक, चन्द्रगढी, भद्रपुर, विराटनगर, धरान आदि सहरमा कामको खोजीमा जाने गर्दछन् । नेपालवाहेक वाहिर जानुपर्दा यिनीहरू सिक्किम, भुटान, दार्जिलिङ, आसाम पनि पुग्दछन् । घरमा वस्नेहरूको घरजग्गा, वारीपाखा र वगैंचाको हेरचाह गर्ने र घर छोडी हिंडेकाहरूले घरखेतमा उब्जाएका अन्न, फलफूल तथा खसीबोका वेच्ने गर्दछन् ।

यसरी डुलेर दुःखकष्ट गरेर केही कमाइ गरी जीवन गुजारा गर्ने जाति लिम्वु जाति हो । यसै जातिभित्रको तोप्केगोला पनि एक भएकाले यिनीहरूको पेसा, धर्म, संस्कृति, संस्कार, मनोरञ्जनका साधन सबै लिम्वु जाति शीर्षकअन्तर्गत रहेर अध्ययन गर्नु उचित हुनेछ ।

१९. थकाली
(Thakalis)

मूलथलो : थकालीहरूको मूलथलो मुस्ताङ जिल्लाको थाकखोला हो । थाकखोलामा बसोबास भएकै कारण यिनीहरूको थकाली नामकरण भएको हो । यिनीहरूले पछि व्यापारिक सफतला हासिल गर्दै गएर अन्य समुदायभन्दा आर्थिक दृष्टिले सम्पन्न भएपछि आफूलाई थकाली नै भनेको राम्रो सुन्न थाले र अस्वीकार गर्ने प्रयत्न गर्न छाडे । नत्रभने यिनीहरू तामाङ नै हुन् । यिनीहरूको आफ्नै भाषा छ जसलाई टिवेटोवर्मन परिवारको भाषा भनिन्छ । यिनीहरूले वोल्ने भाषा तामाङ र गुरुङसँग मिल्दोजुल्दो छ ।

थर : थकाली जातिमा मुख्यतया गौचन (छ्यौकी), तुलाचन (साल्की), शेरचन (धिम्चेन) र भट्टचन (भुर्की) गरी चार थरहरू छन् । त्यसैले छोटकरीमा यिनीहरूलाई चार चन पनि भन्ने गरिन्छ ।

जनसंख्या : नेपाल अधिराज्यमा यिनीहरूको जनसंख्या अत्यन्तै न्यून छ । २०४८ सालको जनगणनामा यिनीहरूको भाषा वोल्नेहरूको जनसंख्या ७११३ देखाइएको छ जसमध्ये ३४९३ पुरुष र ३६२० महिला छन् । यो संख्या कुल जनसंख्याको ०.०४ प्रतिशत हुन आउँछ । त्यसै गरी २०४८ सालको जनगणनामा यिनीहरूको जनसंख्या १३७३१ देखाइएको छ जसमध्ये ६६४२ पुरुष र ७०८९ महिला छन् । २०५९ सालको जनगणनामा यिनीहरूको जनसंख्या १२९७३ पुगेको छ ।



व्यवसाय : थाकालीहरूको मुख्य व्यवसाय व्यापार र ठेक्कापट्टा नै हो । सानोतिनो खेतीपाती गरे तापनि व्यापारलाई नै मुख्य व्यवसाय बनाई त्यसैबाट सफलता हासिल गर्दै आएका छन् । भोटको नुन, पहाडको अन्न र मदेसको खिर्चिमिर्चिको व्यापारका लागि थाकखोलाको थाक सात सय अत्यन्तै पायक पर्ने व्यापारिक स्थल हो । अन्यत्र वसेको भए सायद त्यति सफलता पाउने थिएनन् होला जति थाकखोलामा बसेर गरे । थाक खोलापछि यिनीहरूले टुकुचेलाई त्यत्तिकै महत्त्वपूर्ण व्यापारिक केन्द्र वनाए । यिनीहरूले बाटाका छेउमा

बसेर भट्टी थाप्ने, व्याजमा पैसा लगाउने, वर्षामा थाकखोला गएर खेतीपाती गर्ने, उत्तरतिरबाट नुन ल्याउनेहरूसँग व्यापार गरी पैसा कमाए ।[११]

थकाली र सहकारी : साँच्चै भन्ने हो भने नेपालमा सहकारिताको जग बसाउने थकालीहरू नै हुन् । आजको युग सहकारीको युग हो तापनि हाम्रा सहकारीहरू फस्टाउन सकेका छैनन् । ठगीवृत्ति बढ्दै गएकाले मुनाफामा जानुको साटो घाटामा गएको छ । ढिकुर प्रथा खोलेर जनही सक्दो पैसा उठाउँदै विपन्नहरूलाई सहयोग गरी उनीहरूको आर्थिकस्तर माथि उठाउने कामको सुरुआत थाकालीहरूले नै गरेका हुन् जुन सफल पनि भयो । त्यसैले भन्ने गरिन्छ थकालीहरू गरिब हुँदैनन् । उनीहरूले ढिकुर प्रथाबाट प्राप्त गरेको सफलतालाई उदाहरण दिँदै आजभोलि धुप्रै जाति र वर्गले ढुकुटी, ढिकुटी प्रथा खोलेका छन् ।

कृषि : थकालीहरूको मुख्य पेसा व्यापार व्यवसाय भए पनि कृषिकार्य पनि त्यागेका छैनन् । कृषिकार्य गर्नहरूले मकै, कोदो, जौ, फापर, आलु, सीमी, बोडी, सागपात, काउली उब्जाउँछन् । त्यसका साथसाथै बागबानी व्यवसायबाट पनि राम्रो आम्दानी गरेका छन् । बागबानीमा खासगरी स्थान विशेषअनुसार स्याउ र आरु खेती गर्दछन् ।

विवाहप्रथा : थकालीहरू सगोत्रमा विवह गर्दैनन् । शेरचन, भट्टचन, तुलाचन र गौचन यी ४ थरभित्र बिहावारी गर्दैनन् । मामाचेलाचेली र फुपुचेलाचेलीका बिच विवाह गर्छन् । यिनीहरूमा अपहरण विवाह (जसलाई थकाली भाषामा 'केटी छोत्ने' भनिन्छ) प्रचलनमा छ । यसमा मेलापात, धारापँधेरा, जात्रापर्वका बेलामा केटीलाई एक्लैपारी बलजफ्ती उठाएर केटाले आफ्नो घर लैजान्छ र २-४ दिन थुनेर राखेपछि केटीका घरमा गई केटीका बाबुआमासँग कुरा मिलाएर विवाह गर्ने चलन छ । देख्नमा यो विवाह अपहरणजस्तो देखिए पनि वास्तविक रूपमा केटी र केटीका बाबुआमाको मन बुझिसकेपछि विधि पुऱ्याउन गरिएको नाटकमात्र हो । कुरा नमिलीकन त्यसो गरिँदैन ।

धर्मकर्म : थकालीहरू धार्मिक दृष्टिले बौद्धधर्म र बोनधर्मका अनुयायी हुन् । यिनीहरू बौद्ध धर्मअनुसार गुम्बामा गई बौद्ध धर्मको पूजा गर्ने र पर्वहरू पनि मनाउने चलन छ । ल्हाफेवा यिनीहरूको प्रमुख चाडपर्व हो, जो बाह्र वर्षमा एकपटक मनाइन्छ । यसमा कुलपूजा, कुमार केटाहरूको जात्रा र पितृपूजा गर्ने चलन छ । कुमारज़ात्रामा ५ वर्षदेखि ८ वर्षको उमेरका केटाहरूलाई धनुकाँड हान्ने, घोडा चढ्ने, गीत गाउने र नाच्ने सिप सिकाइन्छ । यी सबै धार्मिक विधिपूर्वक गर्ने गर्दछन् ।

थकाली समाजमा हिन्दू धर्मअनुसारका चाडहरू दसैं र फागु पूर्णिमा पनि मनाउने परम्परा छ । फागु पूर्णिमालाई यिनीहरू तोरोन्ल्हा भन्दछन् ।


मृत्यु संस्कार : थकाली समाजमा मानिस मरेपछि जलाउने र गाड्ने दुवै कार्य गरिन्छ ।

---

११ डोरबहादुर विस्ट : सबै जातको फूलबारी, पृ. ९१ ।

२०. थामी
(Thamis)

मूलथलो : थामी जाति नेपालका अल्पसंख्यक र पछौटे जातिमध्येको एक जाति हो । यिनीहरूको उत्पत्तिका सम्बन्धमा किटानसाथ भन्न सकिँदैन तापनि किम्वदन्तीअनुसार के भनिन्छ भने यिनीहरू परापूर्व कालमा ठिमीका वासिन्दा थिए । ठिमीवाटै एक भाइ पूर्वतिर गए र राईलिम्बुका पुर्खा भए । पछि उनीहरू पुन: फर्केर आई पर्वत गएमा जग्गा जमिन पाइन्छ जाऔं भनेर अरु दाजुहरूलाई पनि पर्वत लैजाने प्रयास गर्दा ती दाजुभाइले तिमी जाऊ हामी यहीं थामिन्छौं भन्ने जवाफ दिएका हुँदा तिनीहरूको नाम नै थामी भएको हो । तर यो कुरा पत्याउनलायक छैन । थामी जातिको एक प्रमुख बसोबासस्थल भनेको पूर्वी नेपालको दोलखा, रामेछाप र सिन्धुली जिल्लाहरू हुन् । यिनीहरू त्यहाँ अन्य समुदायका मानिसहरूभन्दा अत्यन्तै थोरै संख्यामा छन् । यिनीहरूलाई प्रारम्भिक अध्ययनका क्रममा धेरैजसो विद्वान्हरूले सुनुवारहरूको समूहमा राखेका थिए तापनि विस्तृत अध्ययनपश्चात् सुनुवारवाट हटाई धिमाल, याखा राई र लिम्बुको समूहमा राखेका छन् ।



भाषा : थामी जातिले वोल्ने भाषा किराँती जातिका याखा राई र लिम्बुहरूसँग मिल्दोजुल्दो भएका कारण किराँत भाषा हो कि भन्ने अनुमान पनि गरेका छन् । भाषाका साथसाथै यिनीहरूको खानपिन, भेषभूषा, वस्त्रआभूषण, चाडपर्व, विवाह र मृत्यु संस्कारहरू सवै राई जातिसँग मिल्दोजुल्दो भएका कारण यिनीहरू खुम्बुकै उपसमूहमा पर्न सक्छन् भनिएको छ । यिनीहरूमा खास गरी तामाङहरूको प्रभाव परेको पाइन्छ ।

पेसा : थामी जातिका मुख्य पेसा मजदुरी, भारी वोक्ने, काठ चिर्ने र जंगल फँडानी हो । जंगल फँडानीमा यिनीहरू अग्रपंक्तिमा छन् । त्यसवाहेक पशुपालन पनि गर्छन् । यसमा गाई, वाखा, कुखुरा पाल्छन् तर सुँगुर पाल्दैनन् । सुँगुर छोएमा भूमे देवता रिसाएर अंगभंग हुने विश्वास राख्छन् ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या १९१०३ देखाएको छ जसमा ९४१५ पुरुष र ९६८८ महिला छन् । २०५८ को जनगणनाअनुसार यिनीहरूको जनसंख्या २२९९९ रहेको छ ।

विवाह : थामी जातिमा विवाहमा जग्गेमा वसेका दुलाहादुलहीका अगाडि पुरेतले मन्त्र फलाक्छन् । त्यसपछि केटाको भाइले केटाकेटीको टाउको ६ पटक ठोक्काइदिन्छ । त्यसपछि विवाहको विधि सकिन्छ र विवाह पूर्ण हुन्छ ।

अन्त्येष्टि : थामी जातिमा मृतकलाई जलाउने, गाड्ने दुवै गर्छन् । जलाए पनि गाडे पनि एउटा काँसाको भाँडो भने सिरानमा राखिदिने चलन छ । अन्त्येष्टि सकिएपछि जाँड रक्सी खान्छन् । जुठो ३ दिन मात्र वार्छन् । जुठो वार्दा नुन, कोदो, सिस्नु, फापर भने खाँदैनन् । चोखिँदाका दिन जाँड, रक्सी र मासु अनिवार्य खान्छन् ।

२१. थारु
(Tharus)

मूलथलो : थारुहरू नेपालको पूर्व मेचीदेखि पश्चिममा महाकालीसम्म खासगरी तराईको चुरे तथा महाभारत पर्वतको विचको भूखण्डमा बसोबास गर्दछन् ।

यिनीहरूको मूल थलोका सम्बन्धमा विद्वान्हरूमा एकमत छैन । कसैले यिनीहरूलाई सिन्ध प्रदेशको थर भन्ने ठाउँबाट नेपाल आएका हुन् भनेका छन् भने कसैले मुसलमानी आक्रमणवाट वच्न चित्तौड (भारत) वाट पहाडी भू-भागतर्फ आएको जाति हो भनेका छन् । कसैले नेपालको शाक्य वंशका उत्तराधिकारी नै आजको थारु समाज हो भनेका छन् भने कसैले शाक्य वंशसँगको आपसी सम्वन्ध टुट्दै गएपछि यस वंशबाट सम्वन्ध हटेर अलग्गै नामधारी समाजमा परिणत भएको समाज नै आजको थारु समाज हो भनेका छन् । त्यसै गरी कसैले भारतको थार मरुभूमिवाट यिनीहरू नेपाल आएको हुँदा थारु कहलिएका हुने भनेका[१२] भनेका छन् भने कसैले थारु जातिहरू आदिमकालदेखि नै यहींका वासिन्दा हुन्[१३] भनेका छन् । यसरी अनुसन्धानै पिच्छे पृथक्पृथक् मतहरू अघि सारेर यो जातिको मूलथलो नै विवादित हुन पुगेको छ तापनि थारु जाति नेपालका आदिवासी नै हो ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या ११,९४,२२४ देखाइएको थियो भने २०५८ सालको जनगणनामा यिनीहरूको संख्या १५३३८७९ देखाइएको छ, जुन कुल जनसंख्याको ६.७५ प्रतिशत हुन आउँछ ।



थरहरू : थारुजातिका थरहरू यति नै छन् भनेर किटानीका साथ भन्न कसैले पनि सकेका छैनन् । तापनि आजसम्म कठरिया, कनकट्टा, कोचिला, खवास, खस, खरल, खाँ, खुनाहा, खौसिया, गच्छदार, चित्तौनिया, चौधरी, जोगी, डंगरीया, तवदार, थन्दार दनुवार, दंगौरा, दाङवदिया, परिहार, वर्दिया, वहन्थ, वाँढ, वाँतर, वोक्सा, वोट, भगत, भोटगमिया, मझौरा, मर्दनिया, महन्त, महाउतो, माझी, मोरङीया, रझठिया, राजघरिया, राजहातिया, राना, राजी, रौतार, लम्पुछिया, लालपुरिया, विश्वास, सरदार, सुनाहा, सोलरिया र हेमलजिया गरी ४७ थरहरू प्राप्त भएका छन् ।[१४]

---

१२ जनकलाल शर्मा : उही, पृ. ४०८ ।

१३ डोरवहादु विस्ट उही पृ. १०५ ।

१४ जनकलाल शर्मा : उही, ४११ ।

धर्म : थारुहरूका केही जातिले हिन्दू धर्म मान्ने र ब्राह्मण पुरोहितद्वारा धार्मिक कृत्य सम्पन्न गराउने गरे तापनि प्राय:जसो सबै थारुहरूले आफ्ना धार्मिक कृत्य भान्जाबाटै गराउँछन् । भान्जाको अभावमा गुरुवा, भर्रा र सोखाबाट काम लिन्छन् । 'बरमथान' हरेक गाउँका ग्राम देवता हुन् ।

छुवाछुत : वर्ण व्यवस्थाभित्र मात्रै छुवाछुत प्रथा छ भन्नेहरूका गालामा थारुहरूले पनि राम्रै थप्पड जमाएका छन् । यिनीहरूमा राना थारुलाई उपल्लो दर्जाको कुलीन र बाँतर थारुहरूलाई साह्रै निच मानिन्छ । यसलाई के भन्ने ?

रहनसहन : थारुहरूका घरहरू प्राय: सबै उत्तर दक्षिण लम्बाई भएका हुन्छन् र दक्षिणतर्फ ढोका हुन्छ र त्यही ढोकाको सम्मुख पश्चिम अर्को ढोका हुन्छ । यिनीहरू संयुक्त परिवार प्रथामा बस्न मनपराउने हुँदा परिवार संख्या ठूलो हुन्छ । ४/५ पुस्तासम्म एउटै परिवारमा हुन्छन् त्यसैले घरहरू लामालामा हुन्छन् । घरभित्र गल्ली र गल्लीका दुवैतिर लहरै कोन्टी (कोठा) हुन्छन् । त्यस्ता कोन्टीहरू डेहरी (अनाज राख्ने भाँडो) ले विभाजित गरिएको हुन्छ । यिनीहरूका घरहरू प्राय:जसो जताततै फुसको छानो, फुसकै (टाटीको) भित्तो भएका हुन्छन् । पक्की घर हुनेहरूका पनि कुलदेवता भने फुसको घरमै राखिएका हुन्छन् । पक्की घरमा देवताले बस्न मान्दैनन् भन्ने मान्यता थारुहरू राख्दछन् ।

शारीरिक बनावट : यिनीहरू केही मात्रामा गहुँगोरो भए पनि अधिकांश काला हुन्छन् । नेप्टो नाक, बाक्लो ओठ, मझौलो कद, श्रमजीवी भएका हुँदा कस्सिएको शरीर, दाह्री जुंगा कम भएका हुन्छन् ।

भेषभूषा : थारुहरू गर्मी ठाउँमा बस्ने हुँदा ज्यादाजस्तो आधा शरीर ढाकिने कपडा लगाउँछन् । कपडामा कम्मर मुनि लङौटी या कट्ट, कम्मरमाथि भोटो, टाउकामा टोपी, पाउमा काठका खराउ या खाली खुट्टा हिँड्छन् । लङौटीचाहिँ मंगोल जातिले लगाउने खालको भन्दा अलि भिन्दै हुन्छ । लङौटी २ तह भएको हुन्छ । भित्री तह टम्म मिलेको र बाहिरी तहचाहिँ घुँडासम्म हल्लिने हुन्छ ।

स्वास्नी मानिसका चाहिँ २ थरीका वस्त्र लगाउँछन् । एकथरी कम्मरमुनि घुँडासम्मको गुन्यु लगाउँछन् जसका मुजा अघिल्तिर हुन्छन् र कम्मरमाथि आधा बाउले चोली लगाउँछन् जसको पछाडि तुना बान्ने हुन्छ र पछाडिको विचमा चिरिएको हुन्छ । अविवाहितहरूले पछिल्तिर तुना बान्ने चोली लगाउँछन् भने विवाहितले अघिल्तिर तुना बान्ने चोली लगाउँछन् । यस्तो पहिरनलाई डङौरा थारु पहिरन भनिन्छ ।

महिलाहरूले लगाउने अर्को थरीको पहिरन हो लहंगा र चोलिया । लहंगा कम्मरदेखि कुर्कुचासम्मको हुन्छ । यसका मुजाजति सबै पछिल्तिर हुन्छ । यो तीन रंगको हुन्छ । कम्मरमा कालो, विचमा बुट्टे र पुछारको रातो हुन्छ । यस्तो पहिरन दाङ देउखुरीका थारु महिलामा पाइन्छ ।

आभूषण : थारु महिलाहरू गहना लगाउन असाध्यै मन पराउँछन् । यिनीहरूले लगाउने गहनामा हातका पाखुरा र कुहिनामा चुरा र बाजु, घाँटीमा हंसुली सिक्काका माला, कानमा कर्णफूल, औंलामा औंठी, कम्मरमा कम्मरपेटी, गोडामा पाउजेव, गोडाका औंलामा विछीया (औंठीजस्तै) शिरमा शिरबन्दी, निधारमा टिकुली, नाकमा नत्थे लगाउँछन् । यी सबै गहना चाँदीकै हुन्छन् । सुन देख्नमा पाईदैन । थारु महिलाहरूमा हात गोडामा गोदना गोदाउने प्रचलन व्यापकरूपमा पाइन्छ । जनजातिहरूमा सबैभन्दा वढी गहना लगाउने जाति थारु नै हो । यिनीहरूले सात किलोसम्मका गरगहना लगाइएको पनि भेट्टाइएको छ ।

संस्कार : थारु समाजमा प्रचलित संस्कारहरूमा जन्म, विवाह र मृत्यु यी तीन प्रमुख हुन् ।

विवाह : यिनीहरूमा विवाह सानै उमेरमा गरिदिने प्रचलन छ । त्यसमा पनि अनमेल विवाह त्यत्तिकै हुन्छ । ८/१० वर्षको बालक केटाका लागि १७/१८ वर्षकी वयस्क केटी खोजेर विवाह गरिदिने चलन छ । यसको मुख्य कारण काम गर्न सक्ने व्यक्तिको खोजी नै हो ।

अन्य मंगोल जातिमा झैं थारु समाजमा सगोत्र विवाह र मामाचेला फुपुचेलीमा विवाह हुँदैन । यिनीहरूमा मांगी विवाह, चोरी विवाह र जारी विवाह गरी तीन थरीका विवाह प्रचलनमा छ भने प्रेमविवाह भएको पाइँदैन । थारु जातिमा विवाह गर्दा केटापक्षले केटीपक्षलाई पैसा दिनु पर्दछ, त्यसलाई झांगा भन्दछन् । यो झांगाप्रथाका कारण यिनीहरू सट्टापट्टा विवाह गर्न मन पराउँछन् । यस्तो विवाहमा 'झांगा' दिनु पर्दैन ।

विवाह गर्दा दुलही भित्र्याउने कामचाहिँ जून नउदाउन्जेल गरिदैन । थारु जातिको एउटा रोचक पक्ष के छ भने दुलहीको डोलीभित्र एउटा बत्ती र विषको प्याला माइतीतर्फबाट राखिएको हुन्छ । त्यसको कारण के हो भने बाटामा कुनै शत्रुले आक्रमण गरेर अपहरण गर्ने प्रयास गरेमा त्यही बत्ती लिएर भाग्ने र भाग्न नसके सतीत्व रक्षार्थ विषपान गरी आत्महत्या गर्ने सकियोस् भनेर हो । थारु जातिमा विवाहित दुलही विवाहपछि २/३ वर्षसम्म माइतीमै बसेपछि मात्र द्विरागमन गर्छन् ।

यिनीहरूमा दाजु मरेमा भाइले भाउजु स्याहार्ने चलन छ । भाइ नभए केटीका सासुससुराले अन्यत्रैबाट केटो खोजिदिएर आफ्नो घरमा ल्याई त्यस केटीसँग विवाह गरिदिएर त्यसलाई छोरासमान राख्ने चलन पनि छ । यो प्रथालाई भ्वाँर पैंठना भनिन्छ । विवाहका सबै विधि पूर्वका र पश्चिमका थारुहरूमा एउटै हुँदैनन् फरकफरक छन् ।

जन्म : यो जातिमा जन्म संस्कारलाई खासै महत्त्व दिएको पाइँदैन । बालक जन्मेको सात, नौ या दस दिनमा नामकरण गरिदिएर सुत्केरी चोख्याइन्छ सुत्केरीको सालनाल नझरेसम्म भुइँमै सुताइन्छ । सालनाल झरेपछि मात्र खाट, पलङमा सुत्न दिइन्छ । नामकरणलाई थारुहरूले घटना करैना भन्दछन् । नामकरण गर्दा यिनीहरूमा प्रायजसो बारका नामबाट राख्ने गरिन्छ । जस्तो आइतबार जन्मे अत्वारी, बुधबार जन्मे बुधराम, मंगलबार जन्मे मंगलप्रसाद, सोमबार जन्मे सोमै, यस्तैयस्तै ।

मृत्यु संस्कार : मृत्यु संस्कार पनि सबै थारुमा एउटै तरिकाबाट सम्पन्न गरिदैन । आ-आफ्नै विधि हुन्छन् । थारुहरूमा लासलाई जलाउने र गाड्ने दुवै गर्दछन् । पूर्वका थारुहरूले मृतकलाई नदी किनारामा लगेर दाहसंस्कार गर्छन् भने पश्चिमतिरका थारुहरूले गाड्ने गर्दछन् । उमेर पुगेको, विवाह गरेको र सभ्रान्त परिवारको भएमा जलाउने गर्दछन् । गाड्दा पुरुषलाई घोप्टो र महिलालाई उत्तानो पारेर गाड्छन् । जलाउनेहरूले पनि पुरुषलाई घोप्टो र महिलालाई उत्तानो पारेर जलाउँछन् । लास बोक्न मृतकका रक्तसम्बन्धी गोतियार बाहेक अरुलाई दिइँदैन । कतैकतैका थारुहरूले बालकलाई गाड्ने र प्रौढलाई दाहसंस्कार गर्ने पनि गर्दछन् । किरिया बस्दा जालभित्र बस्दछन् । जाँडरक्सी भने नभई हुँदैन । किरिया १३ दिन नै बस्दछन् । ११ औं दिनमा महादान गर्छन् । महादान बाहुनलाई नै दिन्छन् । थारुहरूमा आफ्नो वर्गको बाहेक ब्राह्मण पुरोहित पनि राख्ने चलन छ । आफ्नो वर्गको पुरोहित राख्नेले दाहसंस्कारको काम सकेपछि काजक्रिया पनि सक्छन् र भोज खुवाएर चोखिन्छन् भने ब्राह्मण पुरोहित राख्नेहरू तेह्र दिनसम्म जुठो बार्छन् र १३ औं दिनमा चोख्खिन्छन् । चोखिँदाका दिनमा रक्सी र मासुका साथ भोज गराउँदै मृत्यु संस्कार समापन गरिन्छ ।

२२. थुदाम (भोटे)
(Thudams or Bhotes)

मूलथलो : यो जातिको मूलथलो संखुवासभा जिल्लाको चेप्वा गाविसमा पर्ने थुदाम गाउँ र तेह्रथुमको देउराली हो । यो हिमाली जनजाति हो । यहाँबाट सगरमाथा, कंचनजंघा लगायत दर्जनौं हिमशिखरहरू नजिकैवाट देख्न सकिन्छ । थुदाम भन्ने गाउँमा बसोबास भएकै कारण यिनीहरूलाई थुदामवा भन्ने गरिएको छ । यिनीहरूको मूलथलोका विषयमा प्रश्न गर्दा आफूहरू तिब्बततिरबाट वसाइँ सरी थुदाममा आएको वताउँछन् । थुदाममा सरदर तापक्रम शून्य डिग्री सेल्सियस रहन्छ । त्यस्तो हावापानीमा बस्न सक्ने थुदामहरू तिब्बततिरबाट आएकोमा शंका गर्नु पर्ने देखिँदैन । स्वर्गवासी महाराज श्री ५ वीरेन्द्रबाट यी थुदामवासीलाई तराई क्षेत्रमा जग्गा उपलब्ध गराई बसाइँ सार्ने प्रयत्न पनि २०३०-३५ सालतिर भएको थियो तर यिनीहरूले मानेनन् ।

यिनीहरूले आफूहरूलाई थुदाम भोटे भनेर चिनाउने गर्दछन् । केही थुदामहरू आजभोलि थुदामवाट संखुवासभाकै गुफापोखरीमा पनि वसाइँ सरेका छन् गुफा पोखरी पनि अत्यन्तै जाडो ठाउँ हो । थुदामहरूका नागरिकतामा कसैले पनि थुदाम लेखाएका छैनन् । आफूलाई भोटे नै भनेर चिनाउँछन् ।



जनसंख्या : थुदामहरू पनि अल्पसंख्यक जनजातिमा पर्दछन् । थुदामहरू लगभग २५० को संख्यामा रहेको कुरा एक अध्ययनवाट पत्ता लागेको छ । थुदाममा उनीहरूका १९ घरधुरी छन् भने गुफा पोखरीमा २९ घर धुरी छन् । तेह्रथुमको देउरालीमा ३ घर परिवारमात्र छन् । थुदाम गाउँमा थुदामवाहेक अन्य जातिको वसोवास छैन ।

खानपान : थुदामहरूको मुख्य खाना मकै, कोदो, फापर, गहुँ र उवा आदिको पिठोवाट वनेको ढिंडो नै हो । ढिंडोसँग यिनीहरूले आलु, गेडागुडीको तरकारी वनाएर खान्छन् । यिनी मासु भने प्राय: जसो दैनिकरूपमा खाने गर्दछन् । मासुमा याक, भेडा, च्याङ्ग्रा खाने गर्दछन् । मासुको प्रयोगवाहेक याक र चौंरीका दुधवाट छुर्पी उत्पादन गर्छन् र त्यसलाई विक्री गरेर चामल र पिठो किनेर भात र रोटी पनि खान्छन् ।

भेषभूषा : यिनीहरूले लगाउने पहिरनमा स्त्री, पुरुष दुवैले वख्खु, मेख्लो, डोचा आदि लगाउँछन् भने पशुका छालावाट निर्मित कोट पनि लगाउने गर्छन् । यिनीहरूको भेषभूषा वालुङहरूसँग मिल्दोजुल्दो हुन्छ । लगाउने लुगा कपडाहरू यिनीहरू आफैँले पनि बुन्ने गर्दछन् ।

सामाजिक अवस्था : थुदाम भोटेहरूमा नारी र पुरुषबिच कुनै विभेद छैन । पुरुषहरूले पशुपालन, खेती व्यापार आदि गर्दछन् भने महिलाहरूले घरव्यवहार चलाउने, वस्तुभाउ स्याहारसुसार गर्ने, दुध दुहुने, दुधबाट छुर्पी बनाउनेजस्ता काम गर्दछन् ।

आर्थिक अवस्था : यिनीहरूलाई उत्पादित अनाजले वर्षभरि खान नपुग्ने हुँदा व्यापार व्यवसाय, पशुहरू बिक्री, जडीबुटी बिक्री आदि गरेर जीवन गुजारा गर्दछन् । तिब्बततिरबाट भोटे नुन किनेर ल्याई बिक्री गर्ने, जडीबुटी जम्मा गरी बिक्री गर्ने, छुर्पी उत्पादन गरेर बिक्री गर्ने, याक, चौरी, खच्चड, च्याङग्राबाट सामान ढुवानी गरिदिएर प्राप्त आयले घर व्यवहार चलाउने, धुपीसल्लाको पातबाट धुप बनाई बिक्री गर्ने, चिया नास्ताका होटेल चलाउने, ढोडसल्लाको पात बिक्री गर्ने यिनीहरूका आम्दानीका परम्परागत स्रोत हुन् ।

शैक्षिक अवस्था : शिक्षाको क्षेत्रमा यो जाति अत्यन्तै पछाडि परेको छ । थुदाममा एउटा स्कुल छ तर पढाउने शिक्षक विद्यार्थीको अभावमा फर्केर गए । पढ्नपढाउन कोही चाहँदैनन् । चौरी, च्याङग्रा, याक, भेडा चराउनबाहेक पढ्न जाँदैनन् । यो जातिमा एसएलसी पास २ जना मात्र पाइएका छन् । निमावि पढ्नेहरू पनि ५/६ जनाभन्दा बढी छैनन् ।

भाषा : थुदाम जाति र सेर्पा जातिको भाषा झन्डैझन्डै मिल्दोजुल्दो छ । सेर्पा भाषाबाहेक तोप्केगोला र वालुङहरूसँग पनि यिनीहरूको भाषा करिबकरिब मिल्दछ । यिनीहरूको भाषामा आगोलाई मी, मानिसलाई मे, छोरालाई फिजा, छोरीलाई फुङ, भेंडालाई लुक, चौरीलाई चो, याकलाई थोहदो, खच्चडलाई छे, बाघलाई ताक, सुँगुरलाई फाक, भैंसीलाई सावा, लुगालाई धलाप, टोपीलाई स्यामु, भातलाई तक भन्दछन् ।

संस्कारादि कर्म : थुदामहरू बौद्धमार्गी हुन् त्यसैले यिनीहरूका हरेक संस्कारादि कर्महरू बौद्ध परम्पराअनुसार नै सम्पन्न गर्ने गरिन्छ । यिनीहरूले मुख्यरूपमा जन्म, विवाह र मृत्युसंस्कार मनाउने गर्दछन् । यिनीहरू वैवाहिक सम्बन्ध कायम गर्नु पर्दा तोपकेगोला, ओलाङचुङगोलाबाटै गर्ने गर्दछन् । मानिस मर्दा यिनीहरूले गाड्ने र जलाउने दुवै गर्दछन् ।

२३. दनुवार
(Danuwars)

मूलथलो : नेपालका दनुवारहरू निकै हदसम्म थारू जातिसँग निकटता राख्दछन् । भारतमा मूलथलो भएका दनुवारहरू मुसलमानी आक्रमणबाट बच्नका लागि राजस्थान, मेंवाड, राजपुताना आदि क्षेत्रबाट उनीहरू नेपाल पसेको बताउँछन् । त्यसका साथै उनीहरू के पनि बताउँछन् भने मुसलमानी आक्रमणवाट बच्ने क्रममा भाग्दै जाँदा उनीहरूले जंगलमा पनि पिछा गर्दा केही समय पानीमा अलप भएको र तन्त्रमन्त्र साधनाद्वारा शत्रुलाई धपाउन सकेको बताउँछन् ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या ५०७५४ उल्लेख छ जसमा २४४५८ पुरुष २६२९६ महिला छन् । २०५८ सालको जनगणनाअनुसार यिनीहरूको जनसंख्या ५३२२९ रहेको छ ।



वसोवास : यिनीहरूको वसोवास मूलत: दून वा खोंच उपत्यका क्षेत्रमा भएको पाइन्छ । वाग्मती, कमला, सुनकोशीप्रवाहित क्षेत्र यिनीहरूको मुख्य बसोबास भएको क्षेत्र हो । त्यसका अतिरिक्त बाँके र बर्दियातिर पनि यिनीहरूको वसोवास भएको पाइन्छ । वालुवा गाविसका दनुवार जातिको सामाजिक आर्थिक जीवनमा शोध गरेकी सुश्री दुर्गा खरेलका अनुसार "सिम्रौनगढकी राजकुमारी र एक मायावी राक्षसको गोप्य सम्वधवाट जन्मेका ५ छोरा (नेवार, दनुवार, किरात, लिम्बु, सुनुवार) मध्ये दनुवार एक थियो । ठूलो भएपछि दनुवारले नदी-खोलाको किनारामा आफ्नो वस्ती वसाल्यो" भनेर लेखेकी छिन् । हुन पनि दनुवार जाति नदी-खोलाकिनार खोंचमै वस्छन् । काठमाडौं उपत्यकाको वागमती किनारको डुकु भन्ने ठाउँमा पनि यिनीहरूको वस्ती छ । यिनीहरू हिन्दू आर्य र मंगोलमूल दुवै प्रकार छन् । त्यसैले यिनीहरूमा कतिपयले जनै लगाएको पनि पाइन्छ ।

शारीरिक बनावट : रातो वर्ण, मझौलाकद, चेप्टो गोलो अनुहार, गालाका हाड केही अग्लो भएका, साना आँखा, कालो कपाल भएका मंगोलमूलका दनुवार हुन् भने चुच्चो नाक, ठूला आँखा, पातलो र अग्लो शरीर, लाम्चो अनुहार भएका दनुवारहरू हिन्दू आर्यमूलका हुन् । मंगोलमूलका दनुवारहरू काठमाडौं, नुवाकोट, पाँचखालतिर वसोवास

गरेको पाइन्छ भने हिन्दूआर्यमूलका दनुवार सिन्धुली, सर्लाही, उदयपुर, गाईघाटका खोंचहरूमा बस्छन् । त्यसअतिरिक्त यिनीहरू ललितपुरको डकु छाप, काभ्रेको पाँचखाल, वालुवा, भगवती, महादेवस्थान, साठीघर, साँखुका साथै रसुवा, ओखलढुंगा, सिन्धुपाल्चोक, भक्तपुर, काठमाडौं, गोर्खा, कास्की आदि ठाउँमा पनि बसोवास छ । दनुवारहरूको बसोबास भएको जिल्ला करिब ३० जति भएको बुझिएको छ ।

भेषभूषा : यिनीहरूको भेषभूषा त्यस स्थानको हावापानीअनुसार भएको पाइन्छ । तराई क्षेत्रका दनुवारहरूले गन्जी, धोती, कछाड, लुंगी गर्मीमा र जाडोमा कमिज, स्विटर, कमिज पाइन्ट लगाउँछन् । महिलाहरूले ब्लाउज, सारी, युवतीहरूले ब्लाउज सारी वा कुर्तासुरुवाल लगाउँछन् । गहनामा चाँदीका चुरा, घाँटीमा हंसुली, सिक्री, जन्तर, नाकमा नत्था लगाउँछन् ।

पहाडी क्षेत्रका दनुवारहरूले कमिज सुरुवाल, कमिज पाइन्ट, कट्टु लगाउँछन् भने महिलाहरूले सारी, चोलो, पटुका, फ्रक, कुर्ता, लगाउँछन् । गहनामा नाकमा फुली, बुलाकी र अन्य गहना तामाङ महिलासरह नै लगाउँछन् ।

पेसा : दनुवारहरूको प्रमुख पेसा कृषि, मजदुरी र पशुपालन हो । फुर्सतका समयमा माछा मार्न जाने, सिकार खेल्न जाने पनि गर्दछन् । अलिअलि पढेकाहरूले जागिरमा प्रवेश पनि पाएका छन् ।

गृहनिर्माण : थारु संस्कृतिको निकट मानिने दनुवारहरूका घरहरू थारुहरूका जस्ता लामालामा पनि हुँदैनन् र धेरै कोठा भएका पनि हुँदैनन् । तापक्रम र मौसमी गतिविधिका आधारमा निर्माण गरिने यिनीहरूका घरहरू तराईमा काठ र बाँसको प्रयोग गरेर बनाइएको हुन्छ र छानो फुसको हालिएको हुन्छ । धनी दनुवारहरूले काठको प्रयोग धेरै गरेका हुन्छन् र छाना पनि जस्ता या टायलले छाएका हुन्छन् । तराई र भित्री मदेसमा दनुवारका घरमा प्राय:जसो भुइँतलामा गाई र बाखा राख्ने गर्छन् । पहाडका दनुवारहरूका घरका भुइँतलामा अगेनो र बस्ने ठाउँ बनाइएको हुन्छ ।

धर्म र संस्कृति : दनुवारहरू अलौकिक र अदृश्य शक्तिमाथि विश्वास राख्तछन् र तिनै शक्तिको उपासनाबाट कार्यसिद्धि गर्ने प्रयास गर्दछन् । धामी, झाँक्री, तन्त्र, मन्त्रको व्यापक प्रयोग गर्दछन् । कुनैकुनै दनुवारहरूले त आफ्ना पुर्खाले आवश्यक परेमा तान्त्रिक शक्तिको प्रयोग गरेर बाघको स्वरूप लिनसक्ने शक्ति भएको पनि बताउँछन् । ठूलो बाढी पनि सजिलैसँग हिँडेर तर्नसक्ने, खोलामा अलप हुनसने, एउटा खोलको माछा अर्को खोलामा ल्याउनसक्ने शक्ति भएको पनि बताउँछन् । दनुवारहरूले विभिन्न खाले देवीदेवता पुज्दछन् । कमला खोंचका दनुवारहरू आफ्नो वस्तीको पूर्वपट्टि काष्ठप्रतिमा बनाई आफ्ना इष्टदेवतालाई वर्षेपिच्छे पुज्छन् । खासगरी बाली लगाउने र उठाउने बेलामा सामूहिक रूपमा पुज्ने गर्छन् र तिनै इष्टदेवले नै दनुवार बस्तीलाई बाह्य पैशाचिक शक्तिबाट बचाइराखेको विश्वास गर्छन् ।

संस्कार : दनुवार समाजमा जन्म, नामकरण, छेवर, विवाह र अन्त्येष्टि संस्कारलाई मुख्य रूपले मनाइन्छ ।

पाँचखाल, काभ्रेका दनुवारहरूले बालक जन्मेपछि भाले काटेर त्यसको रगतले बालकलाई नुहाइदिन्छन् । तीनदेखि एघार दिनमा न्वारन गरी नामकरण गर्दछन् । पर्वत क्षेत्रका दनुवारहरूले १०-११ दिनमा न्वारन गर्छन् । दनुवार र थारुहरूले एउटै खालका नाम राख्ने गर्छन् । महिनाका नामबाट, बारका नामबाट, बालकको नाम राखेका हुन्छन् तर पहाडी दनुवारहरूले भने राम, सीता, कृष्ण, लक्ष्मण नाम राखी त्यसमा बहादुर जोड्छन् ।

छेवर संस्कार हिन्दू समाजको केशमुण्डन जस्तै हो । छेवर गर्दा बालकलाई नुहाई धोई सफासुग्घर पारेर केश काटिन्छ । केश मामाले काट्नुपर्दछ । मामाले सुरु गरेर

हजामले पूरा गर्दछ । त्यसपछि बालकलाई टोपी लगाइदिन्छन् र उपहार दिने चलन छ । काटेको केश नदी वा पवित्र स्थलमा विसर्जन गर्दछन् ।

विवाह : दनुवार समाज विविध गोत्रमा विभक्त छन् । विवाह गर्दा एउटै गोत्रबाट नगरी गोत्र फरक पारेर गर्ने चलन छ । यिनीहरूमा मागी विवाह, प्रेमविवाह र अपहरण विवाह प्रचलित छ । मागी विवाहमा केटापक्षबाट केटीपक्षमा प्रस्ताव पठाइन्छ । त्यस्तो प्रस्ताव आयो भने स्वीकृति वा अस्वीकृति जनाउनुपर्दछ । स्वीकृतिलाई बागदत्त भन्दछन् । मागी विवहलाई खर्चिलो मान्नेहरूले अन्य विवाह गर्ने गर्दछन् तर धनीहरूले मागी विवाहलाई इज्जतको विषय ठान्दछ्र । विवाह प्राय: माघ र फागुनमै गर्दछन् । विवाहमा बढी आर्थिक भार दुलाहा पक्षलाई पर्ने हुँदा दनुवार जातिमा छोरा जन्मिदा रुन्छन् या चिन्ता गर्न थाल्दछन् । दनुवार समाजमा सम्बन्धविच्छेद अत्यन्तै सरल छ । लोग्नेसँग मन मिलेन भने केटी माइती गएर बस्छे । केटो श्रीमती लिन जान्छ तर ऊ घर फर्किन मान्दिन । त्यसपछि समाज बस्छ र केटापक्षलाई विवाह खर्च फिर्ता दिन्छन् र केटीपक्षले पनि दिएको दाइजो फिर्ता माग्छन् र फिर्ता गराइन्छ । त्यसपछि केटाकेटी दुवै पुनर्विवाहका लागि योग्य हुन्छन् । अर्थात् पारपाचुके हुन्छ ।

दनुवार जातिको प्रकार : अन्य जातिहरूमाझैं दनुवार जातिमा पनि विभिन्न थर छन् । राई, अधिकारी, जनैधारी र नाइलन वस्त्रधारी चार थर भएको पाइन्छ । कसैकसैले यिनीहरूको एक थर धामी पनि वताएका छन् र झारफुक गर्नेहरूलाई धामी दनुवार भनिन्छ । आफूलाई अरुभन्दा उच्च देखाउने उद्देश्यले नामको पछाडि अधिकारी दनुवार लेख्नेहरू पनि छन् । त्यसका अतिरिक्त जनै लगाउने दनुवार पनि छन् जसले ब्राह्मणको रूपमा पूजापाठ गर्ने गर्दछन् । यी बाहेक मिर्दाहा, गुरो, कुमार, राय, रवान, चौधरी, सिंह पनि दनुवार जातिभित्रै पर्दछन् । पूर्व तराईका दनुवारहरूमा कछारे र रझन भन्ने २ थरी छन् । रझनहरूले आफूहरूलाई कछारेभन्दा उच्च ठान्दछन् ।

मृत्यु संस्कार : प्राणी जगत्ले जन्मपछि मृत्युलाई स्वीकार गर्नैपर्दछ । दनुवार समाजमा पनि यसलाई एउटा सहज प्रक्रियाका रूपमा लिइएको छ । यो समाजमा कसैको मृत्यु भयो भने यदि बालक छ भने नदी किनारमा गाउँका छेउछाउमा पाखामा लगेर गाड्ने गरिन्छ तर वयस्कलाई भने दाहसंस्कार नै गरिन्छ । कसैकसैले मात्र वयस्कलाई गाड्छन् ।

यिनीहरूमा छोराले मात्र किरिया बस्नुपर्छ भन्ने मान्यता छैन दाजुभाइले पनि सर-सल्लाहबाट किरिया बस्न सक्छन् । मृतकका नातिलाई समेत किरिया बसालेको पाइन्छ । जतिजना छोरा भए पनि एक जनामात्र किरिया बस्ने चलन छ । किरिया बस्नेले हातमा बाँसको लट्ठी र कलम बोकेर गाउँ घुम्छन् । तिनीहरूलाई छुनु हुँदैन । बाह्रै दिनमा किरियापुत्री शुद्ध हुने चलन छ ।

हिन्दूसमाजमा जस्तो लास नजलुन्जेल कुरेर बस्ने, ओल्टाईपल्टाई गरेर जलाउने काम यिनीहरूले गर्दैनन् । लासमा दागबत्ती दिएर घर फर्किन्छन् र भोलिपल्ट लासको निरीक्षण गर्न घाटमा जाछन् । यदि जल्न बाँकी रहेछ भने ती अंशलाई पुन: जलाएर घर फर्किन्छन् । यिनीहरूमा १३ दिनसम्म किरिया बस्ने चलन छ । तेह्रौं दिनमा घाटमा गएर पिण्डदान दिएर पितृलाई अन्तिम बिदाई गर्ने चलन छ । तेह्रौं दिनमा घर गाउँले र मलामीलाई भनेर खुवाउने चलन छ । दनुवार जातिको पुरेत 'हजाम' सन्तुष्ट भएन भने भतेर खान मान्दैन र ब्राह्मण पुरोहितलाई नखान आग्रह गर्छ । त्यस्तो भयो भने कर्ताले दान दक्षिणा थप गरी पुन: भतेर खान अनुरोध गर्छन् । अनिमात्र उनीहरूले खान्छन् । दनुवारहरूमा १३ दिनको श्राद्धबाहेक मासिक, वार्षिक श्राद्ध गर्ने चलन छैन ।

२४. दरै
(Darais)

मूलथलो : दरै जाति नेपालका अल्पसंख्यक जातिहरूमध्येको एक हो । अस्तित्व नै लोप हुने खालको जाति भन्दा पनि फरक नपर्ला । दरै जातिहरूको मुख्य बासस्थान भएको जिल्ला नारायणी अञ्चलको चितौन र गण्डकी अञ्चलको तनहुँ हो । चितवन जिल्लाको जंगलका खोंच र खोलाका बगरहरूमा यिनीहरूको बसोबास भएको पाइन्छ भने तनहुँका दरैहरूको बसोबास मादी खोलाको किनारमा रहेको पाइन्छ ।

सुरुसुरुका दिनमा यिनीहरूले चितवनक्षेत्रलाई वन्यजन्तुबाहेक मानवजातिबाट हुनसक्ने खतराबाट मुक्त क्षेत्र ठानेका थिए तर यतिबेला जनसंखयाको बढ्दो चापले गर्दा उनीहरूका ती क्षेत्रसमेत खतरामुक्त छैनन् । लामो समयसम्म वन्यजन्तु र औलोजस्तो रोगको डरले ती क्षेत्रमा जोसुकैले जाने हिम्मत गर्दैनथे तर अब औलो उन्मूलन पनि भइसकेको र वन्यजन्तुलाई सिकार गर्न जानेकाले सबैले ती क्षेत्रतर्फ आँखा लगाउन पुगेका कारण दरैहरूलाई कुनै दिन त्यहाँबाट पनि बसाइँ सर्नु नपर्ला भन्न सकिँदैन । त्यसैले सरकारले समयमै संरक्षण नीति अवलम्बन गर्नुपर्दछ ।

पेसा : जंगलका छेउछाउ र खोलाका किनारमा बस्ने हुनाले यिनीहरूको जीविकोपार्जनको पेसा खोलाका माछा मार्नु र नदी खोलामा डुंगा चलाउनु नै हो । डुंगा चलाउने पेसा अँगालेका कारण यिनीहरू माझी जातिभन्दा भिन्नै लाग्दैनन् । माझी जातिको पेसा पनि खोलामा माछा मार्नु र डुंगा चलाउनु नै हो ।

शारीरिक गठन : दरै जातिको पेसा र माझी जातिको पेसा उस्तैउस्तै भए पनि यिनीहरू उनीभन्दा बढी मंगोलियन देखिन्छन् । यिनीहरू कालो वर्णका दुब्ला पातला र दह्रिला तथा मिहिनेती हुन्छन् ।



जनसंख्या : दरै जातिको जनसंख्या २०४८ सालको जनगणनामा १०७५९ देखाइएको छ जसमध्ये पुरुपतर्फ ५३७७ र महिलातर्फ ५३८२ छन् । हाल यिनीहरूको जनसंख्या १४८५९ रहेको २०५८ का जनगणनाको तथ्यांकमा छ ।

घरको वनावट : दरैहरूका घर र माझी दनुवारहरूका घरका बनावट उस्तैउस्तै हुन्छन् । फुसको छानो, चित्रोको भित्ता, ससाना झुपडी, यिनीहरूका घरका बनौट हुन् । यिनीहरू घर छाडेर त्यति टाढा पनि जाँदैनन् र धेरै सम्पत्ति जोर्ने बानी पनि हुँदैन । कमायो, लायो, खायो ठिक्क हुन्छ ।

भाषा : दरै जातिले बोल्ने भाषा भोजपुरी, मैथिली, मगर र गुरुङ भाषा हुन् । सम्पर्क भाषाका रूपमा यिनीहरू नेपाली भाषालाई नै प्रयोग गर्दछन् ।

विवाह प्रथा : दरै जातिमा गरिने विवाह प्रथा त्यति झन्झटिलो हुँदैन, उमेर पुगेका केटाकेटीको आपसी सहमितबाट घरजम गर्ने निर्णय गरी एक ठाउँमा बसे भने विवाहको कर्म सकिन्छ तर बाहुनक्षेत्रीहरूका निटक सम्पर्कमा आएका दरैहरूमा भने विधिविधान पुऱ्याएर विवाह गर्ने पनि गर्दछन् । मागी विवाह गरे पनि प्रेम विवाह गरे पनि दुलहीका आमाबाबुको दस्तुर भने बुझाउनैपर्छ । यिनीहरूमा पृथक जातिमा विवाह गर्ने चलन पनि छ तर त्यसरी जन्मेका सन्तानमा छोराले बाबुको जात र छोरीले आमाको जात लिन्छन् ।

धर्म र संस्कृति : दरै जाति बुद्धधर्मावलम्वी हुन् । यिनीहरूले कुलदेवतालाई मुख्य देवताका रूपमा र वनदेवीलाई घर बाहिरको मुख्य देवीका रूपमा पुज्ने प्रचलन छ ।

मृत्यु संस्कार : दरै जातिमा पनि जलाउनेभन्दा गाड्ने नै बढी चलन छ ।

२५. दुरा
(Duras)

मूलथलो : यो यस्तो जाति हो जसको आफ्नै जातीय संस्कार र पहिचान भएर पनि ओझेलमा परेको छ । यिनीहरूको मूलथलो लमजुङ हिमालको काखमा अवस्थित लमजुङ जिल्लाको दक्षिणी भेक हो । लमजुङ, सिंदुरे, लुर्लुङकोट, खजेगाउँ, हाँडीखोला, ठूलास्वारा, भोर्लेटार, सिमलचौर, चिसंकु, नेटातान्द्राङ, कुन्छा, आमडाडा आदि स्थान दुरा जातिको बसोवास भएका गाउँहरू हुन् ।[१५]

यिनीहरूको मूलथलो लमजुङ भए पनि तनहुँको सिसाघाट, राम्चे, क्यामिन, धर्मपानी, रामथुंकी, तनहुँसुर र कास्की जिल्लाको सिद्ध र पोखरामा पनि दुराहरूको वसोवास भएको पाइएको छ ।



दुराहरूको उत्पत्तिका सम्वन्धमा विभिन्न किंवदन्तीहरू प्रचलनमा रहेको पाइन्छ र अन्वेषकहरूवाट पनि विभिन्न धारणाहरू प्रकट भएका छन् ।

१. योगी नरहरिनाथले दुराहरू चित्तौरगढवाट दुल्लु, जाजरकोट, रुकुम, पर्वत, दुरानकोट, अर्घौदुराथुम (कास्की) हुँदै लमजुङ पसेका हुन् भनेका छन् ।
२. मेचीमहाकालीमा नरेन्द्रप्रसाद शर्माले लेखेका छन्- "यो जातिका पुर्खाहरू भारतको राजपुतको दरवारमा नोकरी गर्दथे । पछि भारततिर मुसलमान आक्रमण वढेपछि राजपुत महिलाहरू आफ्ना नोकरसँग भागेर लमजुङ आई वसोवास गरेका र तिनैवाट जन्मिएका सन्तानहरू दुरा भएका हुन् ।"
३. पिताम्बर थापाले लेखेको दुरा वंशावलीमा उल्लेख भएवमोजिम "यिनीहरू दुलाल हुन् र दुलालवाट दुरा हुन पुगेका हुन् ।"
४. कसैकसैले यिनीहरू दुरानकोट भन्ने ठाउँमा केही समय विताएर लमजुङ प्रवेश गरेका कारण दुरा वन्न गएका हुन् पनि भनेका छन् ।
५. वाल्टर फ्र्यांकले "दुराहरू मगर र गुरुङ अन्तर्जातीय विवाहवाट जन्मिएका सन्तान हुन्" भनेका छन् ।
६. किशोर दुराले "दुलाल जाति रुद्राभोटवाट प्रवेश गरेकाले रुद्रा, त्यसपछि रुदुरा हुँदै अन्तमा दुरा हुन गएको" जनश्रुति छ भन्दछन् ।

---

१५ प्रज्ञा, अंक ८२ (क), पृ. १७८ ।

यो जाति कति प्राचीन जाति हो भन्ने विषयमा पनि त्यत्तिकै फरक मत रहेको पाइएको छ । कसैकसैले २-३ सय वर्षदेखि लमजुङमा बस्दै अएको जाति हो भनेका छन् भने कसैले ५-७ सय वर्षपहिले नै लमजुङमा आएर बसेको जातिहरू भनेका छन् ।

घरको बनावट : यिनीहरूका घरहरू एकै ठाउँमा गुचमुच्च भएर जोडिएर बनेका हुन्छन् । हरेकका घरका छाना फुसले छाएको हुन्छ तर आजभोलि अलिअलि जस्तापाताले छाएको पनि भेटिन थालेको छ । सबै घरहरू ढुंगा, माटोद्वारा निर्मित हुन्छन् र वाहिरवाट रातो माटोले पोतिएका हुन्छन् । प्रायजसो घरहरू २ तले हुन्छन् । माथि मानिस बस्ने र तल बाखा, कुखुरा राख्ने गर्छन् ।

भेषभूषा : दुरा जातिका पुरुषहरूले लगाउने पोसाक गुरुङ मगरहरकै अर्थात् कछाड, कमिज, टोपी, भोटो, फेटा, बुढापाकाले र युवाहरूले कोट, पेन्ट, कमिज, स्विटर, ज्याकेट, टोपी लगाउँछन् भने महिलाहरूले गुनिउँ, घलेक, चोलो, मजेत्रो, कम्मरमा पटुका लगाउँछन् । नवयुवतीहरूचाहिं साडी, लुंगी, ब्लाउज, चोलो, पेटिकोट आदि लगाउँछन् ।

खानपान : दुराजाति गुरुङ, मगरजस्तै भारतीय सेना र ब्रिटिस सेनामा भर्ती हुन जाने गर्छन् । प्रत्येक घरवाट लाहुर गएका हुन्छन् । त्यसैले यिनीहरूमा आधुनिकताले मितेरी गाँसिसकेको छ । यिनीहरू हरेकका घरमा विहान चिया पाक्छ । चियासँगै नास्ता खाने गर्छन् । नास्तामा भुटेको मकै, भटमास, रोटी आदि खान्छन् भने खानामा आटो, ढिंडो, रोटीसँग दाल, तरकारी, अचार आदि खान्छन् ।

यिनीहरूले गाईं, भैंसी पालेर दुध खाने गर्छन् । कुखुरा, खसी र भैंसी पालेर मासु, फुल खान्छन् । जाँडरक्सी असाध्यै खान्छन् । माछा पनि असाध्यै मन पराउँछन् ।

धर्म र संस्कृति : यो जातिले हिन्दू धर्म मान्दै आएको छ र बुद्ध धर्मको प्रभाव पनि यिनीहरूमा परेको पाइन्छ । स्वस्थानी पूजा गर्ने, व्रत बस्ने, नारायण, शिव, सरस्वती, काली आदिको पूजा गर्ने गरेर हिन्दू धर्मावलम्वी हुन् भन्ने सावित गरेका छन् । वाह्मण पण्डित घरमा ल्याई पूजा गराउँछन् भने पितृकार्य गर्दा लामा र घ्याप्रिङहरू वोलाई १-२ या १२ वर्षमा पितृपूजा गर्छन् जसवाट यिनीहरू वौद्ध धर्मावलम्वीजस्तो पनि देखिन्छन् । कात्तिक र चैत महिनामा कुलपूजा गर्छन् । धामी, झाँक्रीको प्रचलन यिनीहरूमा असाध्यै छ । यिनीहरू हरेक कुराका लागि भाकल गर्ने र भाकल पूरा भएमा वलि चढाउने गर्छन् । वलि दिंदा भेडा, कुखुराको दिन्छन् । पितृपूजामा त पोथी खुकुराको वलि दिन्छन् ।

चाडपर्व : दुराजातिले मनाउने मुख्य-मुख्य चाडपर्वहरूमा दसैंतिहार, तिज पर्दछन् । साउने संक्रान्ति, कृष्णजन्माष्टमी, माघे संक्रान्ति, एकादशी, शिवरात्रि, फागुपूर्णिमा, चैतेदशै, वैशाख पूर्णिमा आदि पनि विशेष महत्त्वका साथ मनाउने गर्दछन् । यसका साथै पुस १५ गतेका दिनलाई युवायुवतीले वनभोजका रूपमा पुस २७ गतेको दिनलाई लमजुङका घले राजालाई हराई शाहवंशलाई राजा बनाएको सम्झनामा राष्ट्रिय पर्वका रूपमा मनाउँछन् । स्मरण रहोस्, घलेराजालाई हराई शाहवंशको राजा वनाउने प्रचलन खजे दुराले गराएका थिए ।

नाचगान : नाचगानमा दुराजातिमा महत्त्वपूर्ण र रोमाञ्चकारी नाच सतिघाटु र वाह्रमासे घाटु नाच हो । सतिघाटु नाच नचाउँदा एकजना गुरु पनि राख्ने गरिन्छ । यो नाच नचाउँदा रजस्वला नभएका २ जना कन्यावाट नचाइन्छ र गीतको अध्याय पूरा नहुँदासम्म नचाइन्छ । घाटुको अन्तिम नाच हेर्न जानेलाई रक्सी, मासु खान दिइन्छ र खानेहरूले पैसा दिन्छन् । यो भोजलाई घाटुको खोई खाने भनिन्छ । वाह्रमासे घाटु नाच वाह्रै मास, वाह्रै काल नचाइने भएकाले यसलाई वाह्रमासे घाटु नामकरण गरिएको हो ।

शारीरिक बनोट : दुरा जातिका मानिसका चेप्टो र छोटो नाक, होचो कद, गहुँगोरो वर्ण हुने हुँदा मगर गुरुङहरूसँग तुलना गर्न सकिछ । यो मंगोल प्रजाति हो ।

सामाजिक संस्कार : दुराजातिका सामाजिक संस्कारमा नामकरण, छैठी, न्वारन, अन्नप्रासन, पुटपुटे, चूडाकर्म, विवाह र अन्त्येष्टि मुख्य छन् । अन्य सबै संस्कार हिन्दू संस्कारजस्तै भए पनि नामकरणचाहिँ बालक जन्मेको तीन दिनमा नै गरिन्छ । हिन्दू संस्कारभन्दा बाहिरको अर्को संस्कार पुटपुटे हो । यो संस्कारलाई दुराहरू 'दाता झार्ने' भन्दछन् । यो संस्कार जेठो छोरो जन्मदामात्र गरिन्छ । यस अवसरमा बच्चाका मावली र गाउँलेहरूले घरमा आई नाचगान गर्छन्, आशीर्वाद दिन्छन् । भोजभतेर हुन्छ र नाचगान गर्ने मावली र गाउँलेलाई सम्मानस्वरूप रु. २०० वा सोभन्दा बढी रुपियाँ १ पाथी रक्सी, १ पाथी छानेको जाँड, मकै पिंडालु आदिको अचार दिइन्छ ।

विवाह : दुरा जातिमा विवाह गर्दा एउटै थरबाट गर्दैनन् र मागी विवाह गर्दा केटाकेटीलाई सोध्ने र स्वीकृति लिने गरिदैन । केटी माग्ने कार्यलाई यो जातिमा 'कालिया छोड्ने' भनिन्छ । विवाहका कुरा मिलेपछि पक्कापक्की गर्न 'साइपाटा' लैजाने चलन छ । साइपाटामा रक्सी, दही, एक पेरुंगा रोटी, भाले र १ रुपियाँ ४ पैसा दाम लिएर केटीका घरमा जाने चलन छ । साइपाटामा लगेको भालेमा केटीपक्षबाट एउटा पोथी मिसाएर काटिन्छ र भालेपोथी कुखुराको कलेजो हेरी केटाकेटीको भविष्य हेर्ने गरिन्छ । जसलाई 'चिया' हेर्ने भन्छन् । यो परम्परा गुरुङ जातिसँग मिल्छ ।

दुरा समुदायमा बजाउने विवाह र नबजाउने विवाह गरी विवाह २ किसिमबाट विवाह सम्पन्न गरिन्छ ।

बजाउने विवाह भनेको जन्ती जाने र विधिपूर्वक विवाह गरेर दुलही लिएर आउनु हो भने नबजाउने विवाह भनेको केटा र केटीका आमाबुवाका सहमतिबाटै केटाकेटीलाई केही दिनका लागि कतै पठाइन्छ र केही दिनपछि आआफ्नै घर आएर बस्छन् । घर आएपछि टीकाटालाको काम हुन्छ ।


पारपाचुके : दुराजातिमा पारपाचुके प्रथा पनि छ । पारपाचुके गर्नुपर्दा लोग्नेले स्वास्नीलाई "ला गुनियो लगा" भन्छ र स्वास्नीले लोग्नेलाई छोड्नुपर्दा "ला कछाड लगा" भनेर छाड्छे अनि ३५० रुपियाँसम्म पारपाचुके रकम बुझाउने चलन छ ।

दुरा जातिमा आएको परिवर्तन : दुराहरूको शारीरिक सुगठन हेर्दा गुरुङ, मगरजस्तै लाग्दछन् । उनीहरू पनि गुरुङमगरजस्तै विदेशी सेनामा भर्ती हुन जाने गर्छन्, तर दुरा जातिभन्दा भर्ती हुन नपाइने भएका कारण यिनीहरूले आआफ्नो नामका पछाडि गुरुङ, गुरुङदुरा, दुरागुरुङ लेख्ने गर्दछन् । यिनीहरूमा चलिआएको पुटपुटे, घाटु, रोदीको चलन, पितृकार्यमा लामा र घ्याप्रिङको प्रयोग, वस्त्र र आभूषण पनि गुरुङकै जस्ता भएकाले यिनीहरू बिस्तारै-बिस्तारै गुरुङमा संक्रमण हुन थालेको आभास पाइन्छ ।

मृत्यसंस्कार : मानवचोला समाप्तीसगै गरिने संस्कारलाई अन्त्येष्टि भनिन्छ । यो समुदायका मानिसहरूको मृत्यु भएमा 'घ्याप्रिङ' बोलाउनुपर्दछ जसले पूजाका बाजा बजाउन थाल्दछ र त्यो बाजा सुनेपछि सबैले हातहातमा रक्सी लिएर बाटैमा गएर 'घ्याप्रिङ' लाई रक्सी खुवाउँछन् । यो कार्यलाई 'ल्होसी गर्ने' भनिन्छ । 'घ्याप्रिङ'ले डाँडाकाँडा, हिमाल, खोंच चारैतिरका देवीदेवताका नाम पुकार्दै ढ्याङ्ग्रो बजाउँछ । मृतकलाई सेतो क्रात्रो ओढाइन्छ । घ्याप्रिङले लासलाई लात लगाई घुँडाले हिर्काउँछन् भने लामाले चाहिं लासलाई ढोग्छन् । लासलाई काठको 'धिकुटही' मा राखिन्छ र चिहानमा लगेर गाड्छन् । कसैकसैले जलाउने पनि गर्छन् । यिनीहरूमा १३ दिन किरिया बस्ने चलन छ । तर कसैकसैले चाहिं ३-१३-९० दिन पनि बस्छन् । यिनीहरूको साझा चिहान हुन्छ । चिहानमा स्तुप पनि बनाउने चलन छ ।

२६. धानुक (मण्डल)
(Dhanuks or Mandals)

मूलथलो : धानुक जातिको नेपाल प्रवेश भारतको राजस्थानको धनिया गाउँबाट भएको हो भन्ने भनाइ छ तापनि यिनीहरूको उत्पत्तिका सम्बन्धमा किटानीसाथ केही भन्न सकिने अवस्था छैन । यिनीहरू परम्परादेखि नै सेवकका रूपमा रहिआएका देखिन्छन् र जमिन्दार खुसी पार्नुलाई नै यिनीहरूले जीवनको सार्थकता ठान्दछन् । धानुक जातिले परम्परादेखि नै धानखेती गर्न रुचाउने र अन्य खेतीभन्दा धान खेती नै बढी गर्ने हुनाले पनि धानुक भनिएको हो भन्ने भनाइ पनि छ । यो तराईवासी जाति हो । यिनीहरूको जनसंख्या भारतको बिहार प्रान्तमा प्रशस्त मात्रामा पाइन्छ । आजभोलि धानकुहरूले मण्डल लेख्ने गर्दछन् । त्यसैले कतिपय धानुकहरूले त आफ्नो गोत्रसमेत बिर्सेका छन् ।



थरउपथर : धानुक जातिमा धानुक जातिमा तीन थर र आठ उपथर छन् । तीन थरमा मण्डल धानुक, सुर धानुक र राजवंशी धानुक छन् भने आठ उपथरमा दुधवार धानुक, सिरोट धानुक, मगहिया धानुक, सेनकटा धानुक, वथनाहा धानुक, गरवाइत धानुक, केवट धानुक, र डुम धानुक पर्छन् । दुधवार धानुकभित्र दाह्रा, कापडी, गडोई र सादा गरी चार उपथर छन् । दुधवार धानुकहरूले गाई भैंसीको दुध आफ्ना हातले दुहुँदैनन् । यिनीहरू विशिष्ट वर्गका धानुकमा गनिन्छन् । सिरोट धानुकभित्र हनुमान, विष्णु र नाग गरी तीनवटा उपथर छन् । मगहिया धानुकभित्र पियो, मेढक, खटमल र हाँस गरी चार उपथर छन् । सेनकटा धानुक थर भएकाहरूले कुनै दिन सेन काटेर चोरी गरेकोले यिनीहरू सेनकटा धानुक थर भएको हुनुपर्दछ । भित्ता फोरेर चोर्नुलाई सेन काट्नु भनिन्छ । बथनाहा धानुकहरू वथनाहा भन्ने जंगल फाँडेर बसोवास गरेका हुँदा यसै नामले कहलिएका हुन् भन्ने भनाइ छ । डुम धानुकलाई धानुक समाजले अछुत जातिमा गणना गरेको छ । त्यसवाहेक अन्य सवै धानुकहरू पानी चल्ने जातिमा गनिन्छन् ।

शारीरिक बनावट : धानुकहरूको मुखाकृति हेर्दा अण्डाकार, कालो कपाल, ठूला आँखा, आँखाको नानी कालो, चिउँडो लामो, ठूला कान, शरीरमा प्रसस्त रौं र आर्यहरूका झैं दाह्रीजुंगा भएका, पातलो र अग्लो शरीर, कालो वर्ण, सरल, मिहिनेती र नरिसाउने स्वभावका हुन्छन् ।

भाषा : धानुक जातिले बोल्ने भाषा मैथिली हो, जुन नेपालको दोस्रो ठूलो भाषा हो । मैथिली भाषाबाहेक केहीले भोजपुरी पनि बोल्ने गर्दछन् ।

भेषभूषा : धानुक जाति तराईको गर्मी ठाउँमा बस्ने हुँदा पुरुष धानुकहरूले खुला कपडा अर्थात् लुंगी, धोती, गम्छा, भोटो, लंगौटी आदि लगाउँछन् भने महिलाहरूले सेतो धोती जसलाई उनीहरू नुंगा भन्दछन्, ब्लाउज जसलाई झल्ला भन्दछन्, पेटीकोटलाई साया भन्दछन् र पटुका (लाई डांडकस्ना भन्दछन्) लगाउँछन् ।

धानुक जातिका बालबालिकाहरूले फ्रक, सुरुवाल, कुर्ता, चोलो लगाउँछन् भने बालकहरू गंजी, कट्टु लगाउँछन् । यिनीहरू प्रायजसो खाली खुट्टा नै हिँड्छन् । बाहिर कतै जानुपरेमा मात्र चप्पल लगाउँछन् ।

आभूषण : धानुक जातिले लगाउने आभूषणमा निधारमा बिन्दिया, शिरबिन्दी, कानमा कर्णफूल, कानपासा, नाकमा नत्थी, घाँटीमा हंसुली, हार, तुल्सीको गेडाको माला, रुद्राक्षको माला (पुरुषहरूले) पैसाको माला (महिलाहरूले) ढाडमा झरकेपेटी, हातमा पाखुरादेखि नाडीसम्म गहनाको प्रयोग गर्ने गर्छन् । नाडीमा लगाउने गहनालाई चुरी, बलिया भन्दछन् । खुट्टामा कंडा र हातको औंलामा औंठी लगाउँछन् । खुट्टाका औंलामा लगाउनेलाई ठेंसा भन्दछन् र आँखामा गाजल लगाउँछन् ।

खानपान : धानुक तराईबासी जाति भएको हुंदा यिनीहरूको खाद्य पदार्थ दाल, भात, रोटी तरकारी नै हो तर भातसँग या त तरकारीमात्र खान्छन् या दालमात्र । दुवैथरीको प्रयोग हुँदैन । यिनीहरू माछा, मासु, जाँड, रक्सीजस्ता भोजन गर्दैनन् न त कुनै कर्मकाण्डमा नै प्रयोगमा ल्याउँछन् तर तमाखु, सुर्ती, चुरोट, बिँडी भने सबैले खान्छन् । यिनीहरूले दिनमा तीनपटक खाना खान्छन् । बिहानको खाजालाई यिनीहरू जलखाई वा पनपियाई भन्दछन् । यो खाएपछि खेतबारीको काममा जान्छन् । जलखाईमा रोटी तरकारी या रोटी र नुन खान्छन् । त्यसपछि १२-१ बजेतिर नुहाईवरि गरेर 'कलउ' खान्छन् । कलउ खाँदा दाल र भात या तरकारी र भात खान्छन् । रातिको खानालाई पनि 'कलउ' नै भन्दछन् । ८-९ बजेतिर कलउ खाएर सुत्छन् । यिनीहरूको खाना अत्यन्तै सादा हुन्छ । तेल मसला अचारको प्रयोग हुँदैन ।

स्वास्थ्योपचार : धानुकहरू अझै पनि रोग व्याध लाग्दा अस्पताल जाने र डाक्टरलाई देखाउनेभन्दा आफै वैद्य बनेर जडीबुटीको प्रयोगबाट रोग निको पार्नतर्फ लाग्छन् । जडीबुटीमा रक्तस्राव भएमा लंकासाने फूलको गानो, सुत्केरी आमाको दुध आवस् भनेर छतिउनको पातको झोल, गर्भपतन गराउनु परेमा छिउँके झार, गर्भवती हुन ढिलो भएमा चाँडो गराउन कारिया धतुर, गानो दुखेमा इन्द्रावती लहराको गानो, निमोनिया भएमा सयपत्री फूलको रस, सेतो गिंदारीको बोक्रा, रगतमासी परेमा आँपको कोया, झाडाबान्ता भएमा प्याजको रस, गर्भनिरोध गर्नुपरेमा हर्दी, महिनाबारी बिग्रेकोमा दारिम (अनार) आदिको प्रयोग गर्दछन् । यो जातिमा परिवारनियोजन गराउने चलन छैन । हर्दीको गानो महिनाबारी भएको ४ दिनदेखि १५ दिनसम्म नियमित रूपमा १ वर्षसम्म खाने गरेमा बच्चा हुँदैन भन्ने विश्वास राख्छन् । सुत्करी आइमाईको दुध सुकाउनु परेमा पनि हर्दी पिँधेर दुधको मुन्टामा लगाउँछन् ।[१६]

शैक्षिक अवस्था : धानुक जातिमा कुल जनसंख्याको ८० प्रतिशतभन्दा बढी जनता अशिक्षित छन् । बालबच्चालाई पढाउनु पर्छ भन्ने चेतनाको विकास यिनीहरूमा भइसकेको छैन । पढ्न पठाए पनि ज्यादाजसो चिठीपत्र लेख्न सक्ने र साधारण जोड घटाउ गर्न सिके भने पढ्न छुटाउँछन् भने यस जातिबाटै राजनीतिक क्षेत्रमा निक्कै उच्च तहसम्म पुगेका व्यक्तिहरू पनि पाइन्छन् ।

---

१६ सरस्वती शर्मा : सोनामाई गाविसका धानुक जाति, त्रि.वि.वि., शोधग्रन्थ अप्रकाशित ।

जनसंख्या : नेपालको राष्ट्रिय जनगणना २०४८ मा धानुकहरूको जनसंख्या १,३६,९४४ देखाइएकोमा जसमा ७१,१८७ पुरुष र ६५,७५७ महिला रहेका छन् ।

मनोरञ्जन : यिनीहरूको आफ्नै संस्कृति र संस्कार छन् । यिनीहरूले मनाउने नाचगानमा जाटजटिक नाच (वर्षा गराउनका लागि) करिया झुम्मरी नाच (एकले अर्काको हात समातेर गोलाकार भई उभिएर नाच्ने नाच) समाचेकवा नाच (स्त्री र पुरुष भएको दुई मूर्तिको संयुक्त मूर्ति बनाई नाच्ने नाच) र कृष्णाष्टमीक नाच प्रमुख छन् ।

चाडपर्व : धानुक जातिले छठिहार, अक्षतृतीया, सोमबारे औंसी, मेष संक्रान्ति, नागपञ्चमी, रक्षाबन्धन, कृष्णजन्माष्टमी, दीपावली, छठ, विवाहपञ्चमी, शिवरात्री, होली, रामनवमी, आदि पर्वहरू, मनाउने गर्दछन् । तर तीज भने मनाउँदैनन् ।

पेसा : धानुक जातिको मुख्य पेसा कृषि र पशुपालन हो । कृषिमा धान, गहुँ, मकै, तोरी, मुसुरो, चना, आलस, आलु आदिका साथै सागसब्जी उब्जाउँछन् । यिनीहरू आफैंले खाने भएकाले होला सुर्तीको खेती पनि प्रशस्त मात्रामा गरेको पाइन्छ । यसलाई यिनीहरूले नगदे वालीका रूपमा पनि लिएका छन् । पशुपालनमा प्राय: गाई, गोरु, भैंसी, खसी, बाखा, बोका पाल्दछन् तर कुखुरा भने पाल्दैनन् ।

अन्धविश्वास : यो जातिमा धामी, झाँक्री, भूत, प्रेत, बोक्सी बोक्सिनी आदिमाथि असाध्यै विश्वास गर्ने प्रचलन छ । कोही बिरामी पर्दा भूतप्रेत, लाग्यो भन्छन् । यिनीहरूमा बोक्सीलाई 'डाहिन' र अर्ध बोक्सीलाई 'डायन' भन्ने चलन छ । प्रत्येक शुभ कार्यमा कुलपूजा गर्ने गर्छन् । कुलदेउताको पूजा गर्दा काली, वनी, गौरैया, हनुमान वा महावीरको पूजा गर्दछन् ।

संस्कार : यो जातिका प्रमुख संस्कारहरूमा छठिहार, नामकरण, छेवर, कर्णवेध, व्रतबन्ध, विवाह र अन्त्येष्टि हुन् । छठिहार बालक जन्मेको छैठौं दिनमा गरिने संस्कार हो ।

नामकरण : नामकरण संस्कार छठिहारकै दिनमा गर्छन् । बालकको नाम जन्म बारअनुसार नै राख्ने चलन छ, तिथिमिति र नक्षत्र हरेर गर्ने चलन छैन ।

छेवर : बालक ५ वर्षको भएपछि छेवर (केश कप्पन) गर्दछन् । यो संकार गर्दा मन्दिर, पोखरी नदी आदिमा लगेर गर्ने गरिन्छ । छेवर हजामद्वारा गराउँछन् र टुपीसमेत काटिदिन्छन् ।

कर्णवेध : कर्णवेध संस्कार गर्दा धानुक गाउँकै कन्वाइनीबाट गराइन्छ । यो संस्कार खासगरेर जाडो महिना पारेर गरिन्छ । तर बार तिथि हेर्ने गरिदैन । कर्णवेध नगराए भूतप्रेतले दु:ख दिन्छ भन्ने विश्वास यिनीहरूमा छ ।

विवाह : यो जातिमा मांगी विवाहलाई सुरुदेखि वर्तमानसम्म मान्यता दिंदै आएको देखिन्छ । विवाह गर्दा आफ्नो थर र गोत्र फरक पारेर गर्ने चलन छ । विवाहअघि केटा र केटीको उचाइ एउटा लौरोद्वारा नाप्ने चलन छ । उचाइ बराबरी भएमा राम्रो ठानिन्छ तर नाउँ नक्षत्र जुराउने चलन भने छैन । विवाहको कुरा छिन्दाका दिनमै दाइजो पनि तोक्ने चलन छ । दाइजोमा कुरा नमिले विवाह गरिंदैन ।

अन्त्येष्टि : धानुक जातिमा मानिस मरेमा लासलाई जलाउने चलन छ । लास जलाउँदा मृतकको टाउको उत्तर फर्काउँछन् र दागबत्ती छोराले नै दिने चलन छ । ५ वर्षमुनिका बालकलाई भने जलाउँदैनन्, गाड्छन् । मानिस मरेको २ दिनपछि दुधिया भोज, तेस्रो दिनमा तिराइत भोज, सात दिनपछि सतधन र तेह्रौ दिनमा सभा भोज गर्ने गर्छन् । तेह्रौ दिनको कर्म भने वैदिक विधिपूर्वक सम्पन्न गर्छन् । किरिया बस्दा जेठो र कान्छो छोराले मात्र नुन खानु हुँदैन बाँकी सबैले खान्छन् । बरखी बस्नेले सेतो वस्त्र धारण गर्ने पर्दछ र प्रत्येकमहिना मासिक पनि गर्नु पर्दछ ।

२७. धिमाल
(Dhimals)

मूलथलो : केही मानवशास्त्रीहरूले तराईमा वस्ने धिमाल र पहाडका लिम्वुहरूलाई दाजुभाइ हुन् पनि भनेका छन् तर यो मतसँग सबै सहमत छैनन्, त्यसैले यसको अध्ययन अनुसन्धान हुनु जरुरी छ । कोही भन्छन् धिमालहरू उत्तर पूर्ववाट नेपाल आएका हुन् र उत्तरको हिमालबाट आएकाले धिमाल भएका हुन । कसै-कसैले धिमाललाई ढेमाल पनि भन्दछन् । पछि ढेमालबाट धिमाल भएको हुनुपर्दछ । माई खोलाको पूर्वका धिमालहरू आफूलाई मल्लिक भन्दछन् । नेपालका धिमाल र भारतको आसामका बोडो जातिका विचमा अत्यन्तै निकट सामीप्यता र एउटै रहनसहन छ । यिनीहरू सुरा र आँटिला हुन्छन् ।



धिमालहरूको बसोवास भएको क्षेत्र मोरङ, झापाको जंगलात क्षेत्र हो । यिनीहरू त्यहींकै आदिवासी हुन् र त्यहींका घनाजंगल खनखोरस गरी आवादी वसाएका हुन् । मोरङ जिल्लाअन्तर्गत हरैंचा, कसैनी, डांगीहाट, वाहुनी, केरौना, वयरबना, अमरदह, राजघाट, लेटाङ, मधुमल्ला, वबियाबिर्ता, गोविन्दपुर आदि गाविस हुन् भने झापा जिल्लाअन्तर्गत दमक, गौरादह, तोपगाछी, पाराखोपी, अनारमनी, शनिश्चरे, धाइजन, दुहागडी, शान्तिनगर, नकलवन्दा, वाहुनडाँगी, ज्यामिरगढी र धुलाबारी आदि गाविसमा छरिएर वसेका छन् । यी क्षेत्रवाहेक अन्यत्र धिमालहरू भेटिंदैनन् । यिनीहरूले आफूहरूलाई आपसमा छुट्याउँदा प्राकृतिक सिमानाका आधारवाट माइखोला पूर्वका लाई 'पुर्वेली धिमाल' र माइखोला पश्चिमकालाई 'पश्चिमेली धिमाल' भन्ने गर्दछन् ।

जनसंख्या : धिमालहरूको जनसंख्या २००९ सालको जनगणनामा ५६७१, २०४८ सालको जनगणनामा १६७८१ थियो भने २०५८ को जनगणनामा १९५३७ रहेको छ ।

पेसा : यिनीहरू अधिकांशतः भूमिहीन छन् । नगण्य मात्रामा एकछाक खान पुग्नेहरू छन् । त्यसैले वैकल्पिक आयस्वरूप यिनीहरू मजदुरी गर्छन् । गाई, भैंसी, वाखा पालेर वेच्छन् । कसैकसैले सिकार पनि गर्छन् भने केहीले माछा मारेर पनि अलिअलि गुजारा चलाउँछन् । केही धिमालहरू सरकारी र गैरसरकारी नोकरीमा पनि प्रवेश गरेका छन् भने कोहीकोही राजनीतिमा पनि लागेको पाइन्छ ।

धिमाल गाउँ : धिमालहरूले गाउँलाई आफ्नो भाषामा 'ढेरा' भन्दछन् भूमिहीन भएका कारण स्थायित्व नभएकाले ढेरा अर्थात् डेरा भनिएको हुनुपर्दछ । यिनीहरू वसोवास गरेका गाउँमा अन्य जातिका मानिसहरू त्यति पाइँदैनन् । यिनीहरू प्रायशः एकै ठाउँमा गुचमुच्च परेर वसेका हुन्छन् । २५-३० घरभन्दा वढीको गाउँ प्रायः पाइँदैन ।

धर्मसंस्कृति : धिमाल जातिले मनाउने मुख्य मुख्य चाडर्वहरूमा दसैं, तिहार, साउने संक्रान्ति, माघे संक्रान्ति, होली हुन् । यिनीहरू प्रकृतिपूजक हुन् । प्रकृति पूजामा पशु,

पृथ्वी, वृक्ष नदी, पितृ, बाँध आदि पुज्छन् । त्यो वोहक उनीहरूको आफ्नै चाड 'दन्तावराङ', 'तेस्तापुरी', 'डोलठाकुर' पनि मनाउने गर्दछन् । जेठमा धानवाली लगाउनुअघि गाउँको छेउमा रहेको दन्तावराङको वेदीमा लिपपोत गरी कुखुराको वलि चढाई दन्तावराङको पूजा गरिन्छ । वैशाख संक्रान्तिमा तेस्तापुरीको पूजा गरिन्छ । आषाढ पूर्णिमामा 'डोलठाकुर' को पूजा गरिन्छ ।[१७] यीबाहेक देवी, मसान, गाम देवता, लक्ष्मी आदिलाई पुज्ने गर्दछन् । काली तीन थरीका पुज्छन् । अन्धाकाली, सोभ्री काली र रणकाली । यो जातिमा नदीलाई देवताका रूपमा पुज्ने चलन छ र सप्तकोशी नदी पार गर्न वर्जित मानिएको छ । धिमाल जातिमा जुनसुकै चाडपर्व र पूजाआजा आफ्नै जातिको धामी पुरोहितद्वारा सम्पन्न गराउने प्रचलन छ तर अन्त्येष्टिकर्म भने वाहुन पुरोहितद्वारा सम्पन्न गराउँछन् । यो जातिका हरेकका घरघरमा जमिनमुनि पुरेर देवता राखेका हुन्छन्, जसलाई वर्षादेवी भनिन्छ र तिनको पूजा गरेमा वर्षा हुने विश्वास राख्तछन् ।

थरहरू : धिमाल जातिमा दोङ्गे, दिङ, तेग्रे, तालिया, हर्दिया, नुनिया, हर्दियानुनिया, लेम्वाङ, वंगलायती, राथुम, कस्यार, जोगी, मुलिम, थारु र लातेर गरी १५ थर भएको पाइएको छ । यीमध्ये दोङ्गे, दिङ, तेग्रेहरूले आफूलाई अरुभन्दा माथिल्लो ठान्दछन् ।[१८]

भेषभूषा : धिमाल पुरुषहरूले तुर्पी (टोपी), पटुका (फेटा), लोखाने (भोटो र आस्कोट), चाकाचेउता (वर्को), धारी (लंगौटीं आदि लगाउँछन् भने महिलाहरूले वोना (पेटानी), आल्गी धाँवा (वर्की), नोसार (रंगीन बुट्टे वर्को) नेपाना (पटुका), खराउ-वेदा (काठको जुत्ता) लगाउँछन् ।

खानापान : धिमाल जाति तराईका उर्वर भूमिमा वस्ने हुँदा उनीहरू धानखेती गर्दछन् र भात खान मन पराउँछन् । धानवाहेक गहुँ, मकै, कोदो, तोरी, दाल उव्जाउँछन् तर गहुँको परिकार भने त्यति खादैनन् । धिमालहरू समान्यतः दाल, भात, तरकारी, अचार खान्छन् । खुर्सानी धेरै मन पराउँछन् । यी दैनिक खानावाहेक चाडपर्वहरूमा भाका (चामलको पीठोवाट वनेको ठोकनी), चिचिरी (वाफले पकाएको भात) वावर छेलो (वाटुलो रोटी), मुन (चिउरा) लावा (मुरई), कुरुङ (भुजा) कालाई (कालोदाल) व्या (मासु), सार (तरकारी), सिदला (सिधा), जाँडरक्सी, भात्या (भातको जाँड) आदि खाने गर्दछन् ।

विवाह : धिमाल समुदायमा विवाहलाई केटाकेटीको आपसी इच्छा मानिएको छ । त्यसैले वयस्क केटाकेटीहरूले एक अर्कालाई मनपराएपछि मायाप्रीति वढ्दै जाँदा विवाह गर्ने निश्चयमा पुग्दछन् र दुवैजना कतै लुक्न गई आआफ्ना अभिभावकलाई त्यसको जानकारी गराउँछन् अनि अभिभावकहरूले विवाहको प्रवन्ध मिलाएर डाकेर विवाह सम्पन्न गर्दछन् । यिनीहरूमा पनि दाजुकी विधवालाई देवरले स्याहार्ने चलन छ ।

मृत्यु संस्कार : यो जातमा घरको मानिस मरेपछि दाहसंस्कार र गाड्ने दुवै थरीको प्रथा छ । मानिस यदि वर्षातमा मऱ्यो भने यिनीहरूले गाड्ने र हिउँदमा मरेमा जलाउने गर्दछन् । दागवत्ती जेठो छोराले नै दिने चलन छ । धिमाल जातिमा मृत्यु संस्कार व्राह्मण पुरोहितद्वारा गराउने हुँदा सम्पूर्ण पक्रिया हिन्दू समाजकै जस्तो हुन्छ । एघार दिनमा कपाल खौरिने, नङ काट्ने अनि चोखो हुने चलन छ ।

---

१७ डोरवहादुर विस्ट : उही, पृष्ठ. ११९ ।

१८ तुलसी दिवस : धिमाल लोकधर्म र संस्कृति, पृ. ३० ।

२८. नेवार
(Newars)

मूलथलो : नेवारहरूको मूलथलो नेपाल उपत्यका हो । सांस्कृतिक दृष्टिले यिनीहरू अत्यन्तै सम्पन्न छन् । यिनीहरूका आदिपूर्खाहरू किराँत लिच्छवी हुन् पनि भनिन्छ । यिनीहरूमा आर्य, मंगोल र आस्ट्रेलाइड सबै थरीका आदिवासीको सम्मिश्रण भएको पनि विश्वास गरिन्छ । नेवारहरू हिदू र वौद्धमार्गी दुवै छन् त्यसैले यिनीहरूको जातीयताका सम्वन्धमा जति विद्वान्हरूले कलम चलाए त्यति नै थरीका तर्क अघि सारेर यिनीहरूको जातीयतामाथि विवाद सिर्जना गराएका छन् । केही उदाहरण हेरौं ।

नेवार को हुन् भन्ने सन्दर्भमा लुसियानो पेटेजले लेखेका छन्- "नेवारहरू मंगोल हुन्"[१९] एम. यान्डर्फ लेख्छन्- "यिनीहरू मंगेल हुन् या आर्य भन्ने विषय स्पष्ट छैन ।"[२०]



डा. राजेश गौतम लेख्दछन्- "नेवारहरू तिव्वत या चीनतर्फवाट नेपाल आएका मानिस र भारततर्फवाट नेपाल आएका मानिसको सम्मिश्रणवाट उत्पत्ति भएका जाति हुन् ।" [२१] भाषा वंशावलीमा यिनीहरूलाई ब्रह्मपुत्र क्षत्रिय भनिएको छ र यिनीहरूको आदिमस्थल दक्षिणको 'नायर' प्रदेश हो र कर्नाट वंशीय राजा नान्यदेवका साथ नेपाल आएका हुन् ।" ह्यामिल्टनले यिनीहरूलाई विशुद्ध मंगोल हुन् भनेका छन् । गोपालसिंह नेपालीले "दक्षिण भारतवाट नान्यदेवसँगै आएका नायरहरू नै पछि गएर नेवार भएका हुन्" भनेका छन् । ओल्डफिल्डले "नेवारहरू वास्तवमा कुनै उच्च जाति, जनजाति वा दलित जाति होइनन् वरु सबै जाति वा वर्गहरूको खासगरी भारतीय र तिव्वतीमूलको मिश्रणवाट वनेको एक किसिमको नयाँ समुदाय हो ।"[२२] भनेका छन् । डोरवहादुर विस्ट लेख्छन् "नेवारहरू पहिले वौद्धमार्गी थिए, पछि यहाँ मल्ल राजाहरूले हिन्दू धर्मलाई संरक्षण दिएपछि क्रमश: धेरै वौद्ध नेवारहरू हिन्दू हुँदै गए ।"[२३] कर्कयाट्रिकले

---

१९ लुसियानो पेटेज : मेडिएवल हिस्ट्री अफ नेपाल, पृ. १७९ ।
२० एम. हेन्डर्फ : कास्ट एन्ड किन अफ नेपाल, पृ. ९८ ।
२१ डा. राजेश गौतम : राणाकालीन नेपालको एक झलक, ११३ ।
२२ ओल्डफिल्ड : स्केचेज फ्रम नेपाल, खण्ड २, पृ. ७३ ।
२३ डोरवहादुर विस्ट : उही, पृ. १३ ।

नेवारलाई स्वतन्त्र जाति भनेका छन् ।[२४] यसरी जति इतिहासकारले कलम चलाए सबैले बेग्लाबेग्लै तर्क गरेर नेवार जातिको हुन् भन्ने विषयालाई अलमल्याएका छन् ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या १०,४१,०९० देखाइएको छ । जसमा ५,१९,११५ पुरुष र ५२१९७५ महिला छन् । त्यसै गरी अधिराज्यभरमा नेवारी भाषा बोल्नेहको संख्या ६९,०००७ देखाइएको छ जुन संख्या कुल जनसंख्याको ३.७३ हुन आउँछ । २०५८ को जनगणनामा भने यिनीहरूको जनसंख्यामा वृद्धि भई १२,४५,२३२ देखाइएको छ ।

भाषालिपि : नेवारहरूको आफ्नै भाषा र लिपि छ । यिनीहरूको भाषा तिब्वत बर्मेली भाषा भए तापनि यसमा भारोपेली भाषामध्येको नेपाली र संस्कृत भाषाको प्रभाव पनि त्यत्तिकै परेको पाइन्छ । नेवारहरूको लिपिलाई नेवारी लिपि (रंजना) भनिन्छ । नेपालमा प्रचलित सम्पूर्ण लिपिमध्ये धेरै ग्रन्थ लेखिएको नेवारी लिपि सिद्ध भएको छ । ग्रन्थहरूमात्र होइन शिलापत्र, सुवर्णपत्र, तालपत्र, नीलपत्र, हरितालपत्र, भुजापत्र, कास्ठपत्र, इष्टिकापत्र, लोहपत्रका साथसाथै पौवाहा, बिलंपति, तुलांपति तथा भाडावर्तमा समेत नेवारी लिपिका लेख प्राप्त भएका छन् ।[२५]

व्यवसाय : नेवारहरूको मुख्य पेशा व्यापार, व्यवसाय हो । नेवारहरू व्यापारकुशल भएकाले यिनीहरू अधिराज्यभरि छरिएर रहेका छन् । अझ साँच्चै भन्ने हो भने जहाँजहाँ सहरीकरण हुँदै गयो त्यहाँत्यहाँ नेवारहरू पुगेका छन् भन्नुभन्दा जहाँजहाँ नेवारहरू पुगे त्यहीँत्यहीँ सहर वस्यो र व्यापार फस्टायो भन्नु अत्युक्ति नहोला । व्यापारका सिलसिलामा नेवारहरू जहाँजहाँ गए त्यहीँत्यहीँका क्षेत्रीय भाषा बोल्ने गरेको पाइन्छ । त्यस्ता क्षेत्रीय भाषा बोल्ने कैयौं नेवारहरूले त नेवारी भाषा बिर्सिसकेका पनि छन् ।

नेवारका थर : नेवार समुदायभित्र अनेक जात र थरहरू छन् । पेसाका आधारमा जाति विभाजन भएका छन् । उच्च जाति र निम्न जातिको जातीय विभाजन पनि यसैभित्र छ । जस्तै व्यापारलाई नै सधैंभरि आफ्नो पेसा वनाई आएकाहरूलाई तुलाधर, तण्डुकार भनिन्छ । इँटा, झिंगटी, टायल वनाउने र पोल्नेलाई अवाले भनिन्छ । माटाका भाँडा वनाउनेलाई कुमा वा कुमाले भनिन्छ । मिठाई वनाउनेहरूलाई मधिक:मी भनिन्छ । खेतीपातीको काम गर्नेलाई ज्यापु भनिन्छ । फूलवारीको काम गर्ने, फूलमाला वनाएर वेच्नेलाई माली भनिन्छ । तेल पेल्नेलाई सायमी, मानन्धर भनिन्छ । फलाम पिट्नेलाई नक:मी, कौले भनिन्छ । नङ, कपाल आदि काट्नेलाई नापित भनिन्छ । चित्र लेख्ने र कोठा रंगाउनेलाई चित्रकार भनिन्छ । लुगामा रंग लगाउनेलाई रंजितकार भनिन्छ । वाजा वजाउने र लुगा सिउनेलाई कुश्ले वा जोशी भनिन्छ । मासु काट्ने वेच्नेलाई खड्गी भनिन्छ । सडकचर्पी सफा गर्नेलाई पोडे, च्यामे भनिन्छ । मन्दिरमा पुजारीको काम गर्नेलाई द्योला भनिन्छ । तामाको काम गर्नेलाई ताम्रकार भनिन्छ । सुनको काम गर्नेलाई सुवर्णकार भनिन्छ । वौद्ध नेवारहरूको पुरोहित कर्म गर्नेलाई गुभाजु, वज्राचार्य, वरे र शाक्य भनिन्छ । काँसको काम गर्नेलाई कंसकार भनिन्छ ।

राजोपाध्याय, देउवाहुन, भट्टवाहुन, झावाहुन, प्रधान, जोशी, मल्ल, मास्के, अमात्य, राजभण्डारी, वैद्य आदि क्षत्रीसरहका ६ थरेहरू र अरु थुप्रै श्रेष्ठहरू हिन्दू हुन्छन्, श्रेष्ठभित्रै

---

२४ कर्कप्याट्रिक : एन एकाउन्टस् अफ द किंगडम अफ नेपाल ।

२५ हेमराज शाक्य : नेपाल लिपि प्रकाश, पृ. ७ ।

बौद्ध पनि छन् । वज्राचार्य भन्ने गुभाजुहरू शाक्य भनिने बाँडाहरू, तुलाधर, ताम्रकार, कंसकार भनिने उदासहरू सबै बौद्ध मार्गी हुन् ।[२६]

नेवार समुदायभित्र यी मात्र होइनन् डंगोल, सुवाल, मानन्धर, पुतवार, दली, कुलु, द्योला, च्यांखल, हालाहुलु पनि नेवार नै हुन् । नेवार जातिभित्र माथिलो जातीमा गनिने गुभाजु, शाक्य, द्यौवाहुन र ६ थरे ५ थरे आदि छन् । श्रेष्ठहरूमा व्रतवन्ध पनि गरिन्छ । व्रतवन्ध कर्मलाई नेवारीमा 'वरेछुइगु' भनिन्छ । वरेछुइगु गरिसकेपछि आचार्यभिप पनि गर्नुपर्दछ । वरेछुइगु गर्दा एक्लाएक्लैभन्दा सामूहिक रूपमा गरिने चलन छ ।

जात्रा र पर्व : नेवार जातिमा जति जात्रा, पर्व र भोज अन्य कुनै पनि जातिमा हुँदैन । त्यसमध्ये पनि काठमाडौँ उपत्यकाका नेवारहरूमा थुप्रै धार्मिक चाड र देवीदेवताका नाच हुन्छन् । धार्मिक चाड र देवीदेवताका पूजा नाचका अतिरिक्त पारिवारिक पर्वहरू पनि त्यत्तिकै मनाउने गरिन्छ । नेवार समुदायले मनाउने मुख्यमुख्य जात्राहरूमा चैत्र महिनामा घोडेजात्रा, सोतो मच्छिन्द्रनाथ जात्रा, वैशाखजेठमा रातो मच्छिन्द्रनाथ जात्रा (भोटो जात्रा), श्रावणमा गाईजात्रा र घन्टाकर्ण चतुर्दशी (गठे मंगल), भदौमा इन्द्रजात्रा, कुमारी जात्रा, चैत मसान्त र वैशाख संक्रान्तिका दिन गरी २ दिन वैशाखमा मनाइने भक्तपुरको विस्केट जात्रा, ठिमी जात्रा, दुई माज्यूदेवी जात्रा, वैशाख महिनामा मनाइने बनेपाको चण्डेश्वरी जात्रा, ईन्द्रेश्वर जात्रा र वाह्रवर्षे मकर जात्रा, काभ्रेको पलाञ्चोक भगवती जात्रा, आषाढ कृष्ण अष्टमीका दिनमा मनाइने देउपाटनको त्रिशूलजात्रा, चैत्र कृष्ण चतुर्दशीदेखि परेवाको दिन मनाइने कान्तिपुरको पासाचह्रे (प्रेत चतुदर्शी) जात्रा, धुलिखेलको हरिसिद्ध जात्रा, योमह्री पुनी, जेठ महिनामा मनाइने सिठी नख: (कुमार षष्ठी), वैशाख महिनामा मनाइने मातृऔँसी (आमाको मुख हेर्ने दिन), घगुपूजा (देवाली पूजा) भदौमा पितृऔँसी (वावुको मुख हेर्ने दिनर गणेश चौथी (गणेश चथा) कार्तिकमा मनाइने 'म्ह' पूजा कात्तिक महिनामा लक्ष्मीपूजाको भोलिपल्ट मनाइने नेपाल संवत मुख्य छन् । यीवाहेक अरु पनि धेरै जात्रा र पर्वहरू नेवार समुदायमा मनाउने गरिन्छ । यस्ता जात्रा र पर्वहरूमा भोज खुवाउने र खाने चलन पनि छ । त्यस्ता भोजका लागि एक्लैले नसक्ने हुंदा त्यसका लागि जमिनका गुठीको व्यवस्था गरिएको हुन्छ ।

शिक्षा : नेपालका सम्पूर्ण जनजातिमध्ये सवैभन्दा शिक्षित जनजाति नेवार हो । हुन त माथि नै भनिसकिएको छ कि नेवारहरू जनजाति हुन् वा होइनन् भन्ने विपयमा विवाद सिर्जना भइसकेको छ । हुन् भने पनि अथवा होइनन् भने पनि यो जाति शिक्षाको क्षेत्रमा निक्कै अगाडि रहेको जाति हो । यो जातिका मानिसहरू हरेक क्षेत्रमा अगाडि छन् ।

नामकरण : वालक जन्मिंदा नामकरण संस्कारमा पनि नेवारहरूको चलनमा केही विशेपता पाइन्छ । नेवारहरूमा सुत्केरीलाई पहिलो सुत्केरी भए पाँच दिनमा र त्यसपछिको भए चार दिनमा चोख्याउने चलन छ । नामकरण गर्दा वोलाउने नाम फुपूले र चिनाको नाम ज्योतिपिले राख्ने छलन छ । नेवारहरूमा सुत्केरी चोख्याएकै दिनमा नामकरण गर्नुपर्ने वाध्यता छैन ।

विवाह : नेवार जातिमा विवाह गर्दा जात तलमाथि नपार्ने चलन छ । प्रेम विवाहमा जात तलमाथि भए पनि मागी विवाहमा भने तलमाथि पारिँदैन । नेवार जातिका कन्याहरूको विहे सात वर्पदेखि नौ वर्पको उमेरमा वेल भन्ने फलसँग गरिने हुँदा नेवार आइमाईहरू

---

२६ डोरवहादुर विस्ट : उही पृ. ९, १० ।

कहिल्यै पनि विधवा हुँदैनन् भनिन्छ । त्यसका साथसाथै विहेका समयको सुपारी उनीहरूले राखिरहेका हुन्छन् । लोग्नेको मृत्युपछि विहेको सुपारी फिर्ता गरेर मरेको लोग्नेसँग पारपाचुके गर्ने चलन पनि छ । यहाँसम्म कि लोग्नेको शव अन्तिम संस्कारका लागि लगिरहेको समयमा स्वास्नीले झ्यालबाट सुपारी खसालिदिए पनि पारपाचुके हुन्छ । चितामा लोग्नेको शव जलिरहेको बेलामा स्वास्नीले लासमाथि सुपारी राखे पनि लोग्नेस्वास्नीविच पारपाचुके हुन्छ । स्वास्नी विधवा हुँदैन । यसरी पारपाचुके लिएकी नारीलाई राम्रो दृष्टिले हेरी पुन: विवाह गरी स्वीकार गरिन्छ । नेवार समुदायमा मागी विवाहको प्रक्रिया अत्यन्तै लम्बाचौडा हुन्छ । लमीले कुरा ओहोरदोहोर पार्ने, चिना हेराउने, विभिन्न प्रकारका कोसेलीहरूको ओहोरदोहोर पार्नुजस्ता कार्यमा थुप्रै समय वित्छ । नेवार समाजमा विवाहमा जन्ती जाँदा दुलाहा नलगे पनि हुन्छ । यो नै नेवार जातिभित्रको मौलिक चलन हो । यिनीहरूमा विवाहको कार्यक्रम धेरैजसो रातिमा नै हुने गर्छ । जन्तीको स्वागत सत्कार मसला र चुरोटबाट गरिन्छ । त्यसपछि जन्तीहरू आआफ्नो घर जान्छन् ।

मृत्यु संस्कार : नेवार समुदायमा हिन्दूदेखि बौद्धसम्म र बाहुनदेखि पोडे च्यामेसम्मका जात जाति हुने हुँदा मानिस मरेमा दाहसंस्कार गर्ने र गाड्न दुवै तरिकाद्वारा अन्तिम संस्कार गर्ने चलन छ । काठमाडौं उपत्यकाका नेवारहरूले दाहसंस्कारको काम प्राय:जसो पशुपति आर्यघाटमा नगरी विष्णुमतिको किनारामा अवस्थित शोभा भगवती घाटमा लगेर सम्पन्न गर्दछन् । यिनीहरूमा बाह्र दिनसम्म किरिया गर्ने र तेह्रौं दिनमा शुद्ध हुने चलन छ । बाबुआमाको मृत्युमा सेतो कपडा पहिरेर वर्ष दिनसम्म बरखी बार्ने चलन छ ।

२९. पहरी
(Paharis)

मूलथलो : पहरी जातिको उत्पत्ति र नामका सम्बन्धमा कुनै ठोस प्रमाणहरू नपाइए तापनि भक्तपुरको तलेजु भैरवस्थानको शिलालेखमा नेवारबाट कुनै समयमा पतन भएर 'पहरी' हुन गएको भन्ने उललेख भएकाले यिनीहरूको मूल पुर्खा नेवार रहेछन् भन्न सकिन्छ । यही मतलाई पुष्टि गर्ने खालको निम्न अभिव्यक्ति पनि पहरी जातिका बुढापाकाहरू व्यक्त गर्दछन् । पहरीहरूको मूल बसोबास भएका जिल्लाहरूमा ललितपुरको बडिखेल, टिका भैरव, लेले, इटयटी, टोखेल, चापागाउँ, काभ्रेको खोपासी, दाङघाट, तल्लोगाउँ, माथिल्लो गाउँ र पलाञ्चोक हो । पहरीहरूमा पनि ठूलो सानोको भावना विद्यमान छ । पलाञ्चोकमा वस्ने पहरीहरूले आफूलाई खोपासीमा वस्ने पहरीहरूभन्दा ठूलो ठान्दछन् र उनीहरूलाई 'खोले पहरी' भन्दछन् ।



पहरीहरू पहिले नेवारै थिए । वाहिरवाट मानिसहरू आएर वस्न थालेपछि विपन्न नेवारहरू सहर छोडी पहाडतिर लागे । पहाडमा उनीहरूको सम्पर्क 'तामाङ' हरूसँग भयो र तिनैसँग वैवाहिक सम्वन्ध पनि गाँसियो । तिनै तामाङ र नेवारवाट जन्मेका जतिलाई पहरी भन्न थालियो । यस्ता अभिव्यक्तिले शिलालेखमा वर्णित तथ्यसँग सान्निध्य राख्ने हुँदा पहरीहरू नेवारबाट पतन भएका सन्तान हुन् भन्नमा कुनै अड्चन पर्दैन ।

भाषा र धर्म : पहरीहरूको भाषा वेग्लै छ तर लिपि छैन । यिनीहरूको भाषा र नेवारी भाषा भन्डैभन्डै मिल्दोजुल्दो छ तर वोल्दाखेरि तामाङहरूले भैं लय तानेर बोल्छन् । यिनीहरू बुद्धधर्मावलम्वी हुन् ।

व्यवसाय : पहरीहरूको मुख्य पेसा वेत र वाँसको चोयावाट डालो, नाङ्लो, कुर्सी, टेवुल आदि हस्तकलाका सामग्री तयार गर्ने हो । यसवाट उनीहरूको कला प्रदर्शन र स्थानीय उत्पादनको खपत हुने काम भएको हुन्छ । हालका दिनमा यिनीहरू कृषि र मजदुरी काममा पनि लागेका पाइन्छन् ।

चाडपर्व : पहरी जातिले देवाली पूजा, भूमे पूजा, गुठी पूजा, मच्छिन्द्रनाथको पूजा, दसैं, तिहार, गाइजात्रा, माघे संक्रान्ति, श्रावण संक्रान्ति, चैते पूर्णिमा (२२ धारा नुहाउने पूर्णिमा) वनदेवताको पूजा गर्ने गर्दछन् । काभ्रे र ललितपुरका पहरीहरूले भने माघे संक्रान्ति, श्रावण संक्रान्ति र वनदेवताको पूजा गर्दैनन् । देवाली पूजा गर्दा यिनीहरूले सरस्वति, गम्वार र वनिज खाने यी तीन देवीदेवताको पूजा गर्दछन् ।

भुमेपूजा, धान्य पूर्णिमाका दिन गर्दछन् । भूमेपूजा गर्दा वोका, कुखुराको वलि चढाइन्छ । देवताका नाममा जमिन (भूमि) को पूजा गरिने हुँदा यसलाई भूमेपूजा भनिएको

हो । गुठीपूजा पौष महिनाको पूर्णिमाका दिनमा गर्दछन् । यसमा भैरवको पूजा हुन्छ । यो पूजामा बलि चढाइँदैन ।

भेषभूषा : पहरी जातिका पुरुषहरूले भोटो, इस्टकोट, सुरुवाल लगाउँछन् । आजभोलिका नयाँ पुस्ताले चाहिँ पाइन्ट, कमिज लगाउन थालेका छन् । त्यसै गरी पहरी जातिका महिलाहरूले छोटोछोटो धोती र चोलो लगाउँछन् । नेवारबाट पतन भएर पहरी भएका कारणले होला पहरी महिलाहरूले नाकमा फुली लगाएका हुन्छन् । सिन्दुर, पोते, तिलहरीजस्ता गहना लगाउँछन् ।

संस्कार : पहरी जातिमा जन्मदेखि मृत्युसम्म न्वारन, अन्नप्रासन, छेवर, व्रतवन्ध, विवाह र अन्त्येष्टि संस्कार गर्ने चलन छ ।

सुत्केरी भएको सात दिनमा ब्राह्मण पुरोहित बोलाएर न्वारन, र सुत्केरी चोख्याउने गरिन्छ । छोराकोमा ६ महिनामा र छोरीकोमा ५ महिनामा अन्नप्रासन गराउने प्रचलन छ । अन्नप्रासनमा घरको जेठोबाट सुरु भई मामाको पालोमा समप्ति हुन्छ । केशमुण्डन संस्कार ७-८ वर्षमा मामाबाट गरिन्छ । व्रतबन्ध संस्कार स्वस्थानी पूर्णिमाकै दिन गर्ने चलन छ । व्रतबन्ध गर्दा सरस्वती, बनिज खाने र गम्बारको पूजा गर्दछन् । व्रतबन्धको अघिल्लो दिन परिवारका सबै सदस्यले नङ र कपाल काटी नुहाउँछन् । व्रतबन्ध गरेको केटालाई फेटा र धोती लगाइदिने चलन छ ।


विवाह : पहरी समाजमा मागी विवाहको प्रचलन ज्यादा छ । मागी विवाहमा केटापक्षबाट केटीपक्षमा प्रस्ताव पठाइन्छ र उक्त प्रस्ताव स्वीकृत.भयो भने कुरा छिन्ने काम हुन्छ । कुरा छिन्न जाँदा केटाले सुपारी, सुनको औँठी र ५० रूपैयाँ लिएर जानुपर्दछ र यो सबै दुलहीलाई दिइन्छ । केटीले केटालाई दुबोको माला लगाइदिन्छे । कुरा छिनिसकेपछि विवाहको दिन निश्चित् गरिन्छ । निश्चित् दिनमा जन्ती जान्छन् तर यो जातिमा जग्गे नलाउने चलन नभएकाले दुलाहादुलही दुवैका हात एउटा काँचो धागोले बाँधेर त्यसमाथि भाले काटी भालेको रगत दुलहादुलही दुवैका हातमा चुहाइदिन्छन् । यो विधि नै कन्यादानको विधि हो । हात मिलाइदिने, बाँधिदिने, कुखुरा काटी रगत चुहाइदिने सबै काम केटीका बुवाले गर्नुपर्छ, बुबा नभए दाजुले गर्नुपर्छ । त्यसपछि मात्र सिन्दुर हालिन्छ । सिन्दुर हाल्दा पहरीहरूमा पनि केटीको बुवाआमाले नहेर्ने चलन छ । सिन्दुर सातपटक हाल्छन् । पहरी समाजमा विधवा विवाह निषेध छ तर जारी प्रथा कायमै छ ।

अन्तिम संस्कार : मानिसको मृत्यु भएमा अन्य जातिहरूमा झैं व्यक्तिगत हिसाबबाट लास उठाएर लैजाने चलन पहरी समाजमा छैन । यिनीहरूमा लास उठाउनका लागि गुठीको व्यवस्था गरिएको हुन्छ । मानिस मर्नासाथ त्यो गुठीमा खबर पठाउनुपर्दछ । त्यही गुठीले सबथोक व्यवस्था मिलाउँछ । पहरी जातिमा लासलाई जलाउने गर्दछन् र लास जलेको धुवाँ घरबाट देखिनुपर्ने मन्यता छ । त्यसैले लास जलाउँदा घरनजिकै अग्लो ठाउँमा लगेर जलाउँछन् । मलामी घर फर्केपछि च्युरा खुवाउँछन् । किरियाचाहिँ १३ दिन बस्ने चलन छ । किरियाका सबै कार्य ब्राह्मण पुरोहितद्वारा गराइन्छ ।

३०. फ्री
(Fris)

मूलथलो : यो जातिको मुख्य वसोवासस्थल नारायणी अञ्चलको मकवानपुर, बाग्मती अंचलको सिन्धुपाल्चोक, काभ्रे र ललितपुर जिल्ला हुने । मकवानपुर जिल्लाको फापरबारी गाविस वेतिनी कुलेखानी, काभ्रेपलाञ्चोक जिल्लाको घर्तीछाप गाविस छात्रेबाँझ गाविस, खनालथोक गाविस र ललितपुर जिल्लाको गोदावरी गाविस, बडिखेल गाविस र चापागाउँ गाविस, सिकर्सा गाविस, फादे गाविस, टम्फेल गाविस लेले गाविसका केही टोलमा यो जातिको वसोबास छ ।[२७] भनिन्छ, यिनीहरू कुनैवेला भक्तपुरका राजाको दरवारमा भान्छेको काम गर्दथे ।

फ्रीजातिको नामकरण : श्री ५ को सरकारले नेपाल अधिराज्यमा छरिएर रहेका जनजातिको पहिचान गर्ने सिलसिलामा ६१ वटा जनजाति पहिचान गरी राजपत्रमा प्रकाशित गरेको थियो । ती ६१ वटा जनजातिमध्ये 'फ्री' पनि एउटा हो । राष्ट्रिय जनजाति विकास समितिको रेकर्डमा यो जनजातिको प्रमुख बासस्थान माथिका जिल्लाका गाविसहरू हुन् भनी रेकर्ड गरिएको छ । तर कहीं पनि 'फ्री' जाति पाइदैन बरु 'फेरी' लगाएर हिंड्ने (रातको समयमा बराठको सिङ बजाउँदै हिँड्ने) जोगीलाई नै 'फ्री' भनिएको हुनुपर्ने अनुमान गरिएको छ । फेरी लगाउने जातिलाई कुंवर जोगी आदि थरवाट सम्वोधन गरिन्छ । उनीहरूले हरेक कार्तिक र चैत महिनामा गाउँ-गाउँमा गएर फेरी लगाएर सोवाट संकलित अन्न पैसाले जीविका चलाउने गर्दछन् ।



पहिले पहिले यिनीहरूले नली हाडवाट फेरी लगाउँथे भनिन्छ तर आजभोलि भने वराँठको सिङवाट लगाउँछन् । त्यही फेरी लगाउने पेसाले नै उनीहरूलाई 'फ्री' भनिएको हुनुपर्दछ भन्ने अनुमान गरिएको छ । फेरी लगाउने काम उनीहरूले अझैसम्म पनि त्यागेका छैनन् । नयाँ पुस्ताले समेत उक्त पेसा अपनाउँदै आएका छन् । कसैकसैले पहरी जाति नै वास्तवमा 'फ्री' हुन् भनेर पनि लेखेका छन् ।[२८] यिनीहरूको आफ्नो अलग्गै कुनै भाषा छैन । सवैले नेपाली भाषा नै वोलचाल गर्दछन् ।

विवाह संस्कार : यिनीहरू आफ्नो जाति बाहेक नेवार, क्षेत्री, तामाङ जातिसँग वैवाहिक सम्वन्ध गाँस्न मन पराउँछन् ।

---

२७ रुद्र थापा : फ्री जाति सम्वन्धित विस्तृत खोजअनुसन्धान, २०५७, अप्रकाशित ।

२८ टी. उक्याव र एस. अधिकारी : द नेसनालिटिज अफ नेपाल, पृ. २६ ।

खानपान : यिनीहरू जाँड-रक्सीको प्रयोग प्रशस्त मात्रामा गर्दछन् । चाडपर्व र पितृकर्ममा पनि जाँड-रक्सी नभई हुँदैन ।

सामाजिक अवस्था : यिनीहरूलाई उपल्लो जातिका मानिसले हेय दृष्टिले हेर्दछन् भने जनजातिहरूले यिनीहरूलाई वास्तवमा जनजाति नै मान्दैनन् । यिनीहरू स्वयं पनि जनजाति हौं भनेर स्वीकार गर्दैनन् बरु आफूलाई क्षत्री समान ठान्छन् । त्यसैले फ्रीहरूको राम्रो पहिचान नै नगरी यिनलाई जनजाति घोषणा गर्नु सरकारको अदूरदर्शिता नै हो ।

आर्थिक अवस्था : यिनीहरूलाई आफ्नो जग्गा जमिनको आयस्तावाट वर्षमा सरदर २-३ महिना मात्र खान पुग्दछ । बाँकी समय फेरी लगाएर संकलन गरिएको दान, दक्षिणा र ज्याला मजदुरीवाट जीविका चलाउँछन् ।

शैक्षिक अवस्था : शिक्षाको क्षेत्रमा यो जाति निकै पछाडि परेको छ । साक्षरता प्रतिशत २७ प्रतिशत मात्र भएको पाइन्छ भने उच्च शिक्षा ३ प्रतिशतभन्दा वढी छैन ।

अन्तिम संस्कार : यिनीहरू मृतकलाई पहरीहरूकै जस्तो गरी जलाउने गर्दछन् ।

३१. बनकरिया
(Bankariyas)

मूलथलो : बनकरिया जातिको मूलथलो मकवानपुर जिल्लाको हाँडीखोला गाविस ७ को ट्वाङरा डाँडा हो । त्यसबाहेक, चौराबेसी, सुनखोला चुरे उपत्यकामा पनि यिनीहरूको बस्ती पाइन्छ । ट्वाङरा डाँडामा यिनीहरूका ८ घरधुरी छन् । बनकरिया जाति लोपोन्मुख जातिहरूमध्ये एक हो । ट्वाङरा डाँडामा यिनीहरू ५० जनाको संख्यामा छन्, तर यिनको निश्चित् जनसंख्या भने प्राप्त हुन सकेको छैन । त्यसैले यसको अनुसन्धान हुनु नितान्त आवश्यक छ ।

बनकरिया जातिलाई कसैकसैले सुनुवार जाति हुन् पनि भनेका छन् तर त्यसमा त्यति सत्यता छैन । यिनीहरू जंगलात क्षेत्रमा बसोबास गर्ने र बनका तरुल, भ्याकुरजस्ता खाद्य पदार्थ खोजी गरी खाने गर्दछन् त्यसैले यिनीहरूलाई बनकरिया हुन् भनिएको हुन सक्दछ । यिनीहरू पहिलेपहिले ६ महिना जंगल क्षेत्रमा र ६ महिना जंगलबाहिरका बस्तीमा बस्ने गर्दथे तर आजभोलि भने जंगलमा बस्दैनन् । जंगलक्षेत्रका अलि अग्ला डाँडामा बस्ने गर्छन् । मकवानपुरको ट्वाङरा बाहेक अन्यत्र यिनीहरू पाइएका छैनन् ।



खानपान : बनकरिया जाति जंगलात क्षेत्रमा बसोबास गर्ने हुँदा अन्य जातिले भन्दा यिनीहरूले जंगली कन्दमूलहरू जस्तै कुरिलो, तरुल, भ्याकुर, गिट्ठाका अतिरिक्त ढिंडो, भात, कोदोको रोटी, जुनेलो र मकैको रोटी, मकैको ढिंडो आदि खाने गर्छन् । यिनीहरूले रातो जंगली कमिलो भुटेर खान निकै रुचाउँछन ।

भेषभूषा : यिनीहरूले लगाउने भेषभूषामा पुरुषहरूले कम्मरमा कछाड बाँध्छन् । कम्मरमाथि भोटो, इस्टकोट र टाउकामा टोपी लगाउँछन् । महिलाहरूले चाहिँ कम्मरमुनि गुन्यु, कम्मरमा पटुका, माथिपटि चोलो, टाउकामा मजेत्रो लगाउँछन् । यिनीहरू धेरैजसो खालिखुट्टा नै हिंड्छन् ।

सामाजिक अवस्था : बनकरिया जातिका लोग्ने मानिसका भन्दा स्वास्नी मानिसमा बढी सामाजिक चेतना आएको देखिन्छ । त्यसैले घरव्यवहार र सामाजिक क्रियाकलाप

सञ्चालनमा पुरुषहरूभन्दा महिला नै अगाडि छन् । बनकरिया जातिका नाममा संघसंस्था खोली त्यसका नाममा आएको अनुदान अन्य टाठाबाठाले खल्तीमा हाल्ने गरेका घटनासँग पनि बनकरियाहरू अनभिज्ञ छैनन् । यिनीहरू प्रकृतिपूजक हुन् । हरेक कर्मकाण्ड झाँक्रीबाटै सम्पन्न गराउँछन् ।

आर्थिक अवस्था : बनकरिया जातिको आर्थिक अवस्था अत्यन्तै कमजोर छ । आम्दानीका स्रोत छैनन् । यिनीहरू बाँसका थुन्चे, डोको, डालो, नाङ्लो, कोक्रो आदि बुनेर बिक्री गरी गुजारा टार्ने गर्छन् । त्यसै गरी जंगली कन्दमूल खनेर खोजेर बजारमा लगी बिक्री गरी पेट पाल्छन् । बनकरिया जातिमा पशु पाल्ने चलन छैन । त्यसैले पनि यिनीहरूको आर्थिक स्थिति नाजुक छ । पशुपालनका लागि पैसा चाहिने र पैसा उनीहरूसँग नहुने हुँदा पशुपालन नगरेको भन्दछन् ।

शैक्षिक अवस्था : बनकरिया जातिको शैक्षिक अवस्था अत्यन्तै पिछडिएको छ । एकप्रकारले सतप्रतिशत नै निरक्षर छन् । सरकारबाट नि:शुल्क शिक्षाको व्यवस्था भए पनि स्कुल जान ड्रेस चाहिने हुँदा स्कुल जाँदैनन् । जंगलमा बस्दा हिँड्नु नपर्ने र स्कुल जाँदा हिँड्नु पर्ने भएकोले पनि यिनीहरूका केटाकेटी स्कुल जान खोज्दैनन् ।

भाषा : बनकरिया जातिको आफ्नै भाषा छ । बनकरिया र चेपाङहरूले बोल्ने भाषा एउटै हो । यिनीहरूले घरलाई किम, रुखलाई सिं, सुँगुरलाई प्याक, गाईलाई स्या, भातलाई आम, पानीलाई टी, मानिसलाई मान्था, केरालाई मइसाई, केटाकेटीलाई ठिटाठिटी, चामललाई चुई भन्दछन् ।

संस्कारआदि कर्म : यिनीहरूले मुख्यरूपमा जन्म, छेवर, विवाह र मृत्यु संस्कार गरी चार प्रकारका संस्कार मात्र गर्दछन् ।

जन्मसंस्कार : यिनीहरूमा छोरा जन्मे ११ दिनमा र छोरी जन्मिएमा १३ दिनमा न्वारन गर्ने चलन छ । कतैकतै छोराको ७ दिनमा र छोरीको ९ दिनमा पनि न्वारन गर्छन् । न्वारन गर्दा यिनीहरूले झाँक्रीद्वारा सम्पन्न गराउँछन् । उसैले बालकको नामकरण गरिदिन्छ ।

छेवर : छेवर भनेको केशमुण्डन हो । यिनीहरूले यो कर्म बालक ७ वर्ष पुगेपछि गर्छन् । केशमुण्डन गर्दा मामाका हातबाट मुण्डन गराउने चलन छ । पूरै मुण्डन मामाले नगरी दिए पनि शुभारम्भ भने गरिदिनै पर्छ । त्यसपछि जोसुकैले अन्त्य गरिदिए पनि हुन्छ । छेवर गर्दा आ-आफ्नो गच्छेअनुसार भोज खुवाउने प्रचलन छ ।

विवाह : यो जातिमा विवाह गर्दा सामान्यतया मगनी विवाह नै प्रचलनमा छ तर यिनीहरू जंगलमा कन्दमूल खोज्न जाने हुँदा जंगलमै मायापिरती बसी प्रेमविवाह पनि गर्दछन् । यिनीहरूमा जंगलमै गएर पत्नी साटासाट गर्ने जस्तो अचम्मको परम्परा पनि छ । केटी माग्न जाँदा केटापक्षले रक्सीको भाँडो लिएर केटीपक्षमा जानुपर्दछ । रक्सीको भाँडोलाई पोङ भन्दछन् । विवाहपछि आ-आफ्नो गच्छेअनुसार भोज गर्ने चलन पनि यिनीहरूमा छ । विवाह गर्दा चेपाङ जातिसँग नै बढी मात्रामा गर्ने गर्छन् ।

मृत्युसंस्कार : बनकरिया जातिमा लासलाई गाड्ने र जलाउने दुवै परम्परा छ तापनि प्रायजसो गाड्ने नै गर्दछन् । लासलाई पुर्दाखेरि सालका बोक्रमा ओछ्याई त्यसैमाथि राखिन्छ र लासको माथि पनि सालका बोक्रा ओछ्याइ माटोले पुर्ने गरिन्छ । यसो गर्नाले लास लामो समयसम्म सड्दैन भन्ने विश्वास गरिन्छ ।

किरियापुत्रीले कपाल खौरिई, सेतो कपडा लगाई १३ दिनसम्म आशौच बार्छन् । आशौच अवधिभरि १ छाकमात्र खान्छन् । १३ औं दिनमा झाँक्रीद्वारा अन्तिम संस्कार पूरा गरिन्छ ।

३२. बराम
(Barams)

मूलथलो : बराम जातिको मूलथलो गोरखा जिल्लाको उत्तरी क्षेत्र हो । खासगरी गोरखा जिल्लाको बगुवा, मासेल, तान्द्राङ, आरूपोखरी, थुमी, अर्वाङ, स्वांरा, सौरपानी, तार्कुकोट, लांकुरीबोट, पान्द्रुङ, देउराली, श्रीनाथकोट, नारेश्वर, नाम्जुङ, फुंजेल, छोप्राक, धुवाकोट, च्याङ्ली, गाविसहरूमा यो जातिको वाक्लो बस्ती पाइन्छ । यिनीहरूका वस्तीहरूमा यिनीहरूवाहेक ब्राह्मण, कामीहरूका घरहरू पनि भेटिन्छन् ।

बराम जनजातिको उद्‌भवस्थल कहाँ हो भन्ने विषयमा बरामहरू नै अलमलमा छन् । कसैकसैले आफूहरू बर्माबाट (हालको म्यानमार) आएको बताउँछन् भने कसैले उपल्लो गोरखावाटै बसाइँसराई गरी अधिराज्यका अन्य भूभागमा फैलिएको बताउँछन् ।



ललितपुर धादिङ, मकवानपुर, तनहुँ नवलपरासी जिल्लामा पनि छरिएर रहेका छन् । गोरखाको तार्कुकोटका वरामबाहेक अन्यका वरामहरूले नेपालीभाषा नै बोल्छन् तर तार्कुकोटका वरामहरू भने आफ्नै मातृभाषा वोल्दछन् । यस हिसावले बरामहरूको मूलथलो तार्कुकोट नै हुनुपर्दछ । त्यहींवाटै बसाइँ सराई गरी यिनीहरू अधिराज्यका अन्य भागमा गएको अनुमान लगाउन सकिन्छ ।

जनसंख्या : वराम जातिको जनसंख्या २०५८ को जनगणनाअनुसार ७३८३ रहेको पाइएको छ ।

जातीय विशेषता : वराम जनजातिहरू अत्यन्तै इमान्दार, सुरा र सोझा हनाले टाढावाठावाट छिटै ठगिन्छन् पनि । यिनीहरू अल्पसंख्यक समुदायमा पर्दछन् । यिनीहरू न त अग्ला हुन्छन् न त ज्यादै होचा नै । यिनीहरूमा दाह्री, जुंगा एकदमै कम हुन्छन् ।

पेसा : वराम जातिको मुख्य पेसा कृषि हो । कृषिवाट यिनीहरूलाई वर्षभरि खान नपुग्ने हुँदा मजदुरी पनि गर्दछन् । कृषिमा धान, गहुँ, मकै, जौ, आलु, फापर आदिको खेती गर्दछन् । कृषिवाहेक यिनीहरू पशुपालन पनि गर्दछन् । पशुपालनमा गाई, भैंसी, भेडा, बाख्रा आदि पाल्दछन् ।

शैक्षिक अवस्था : बराम जनजातिहरू शिक्षाका क्षेत्रमा अत्यन्तै पिछडिएका छन् । यिनीहरूमा हालसम्म २ जना मात्र स्नातक पाइएका छन् । पढ्नुपर्छ भन्ने चेतना भने सबै बराम समुदायमा आइसकेको छ ।

भाषा : बराम जनजातिको आफ्नै मातृभाषा छ जसलाई 'वालकुरा' भनिन्छ । वालकुरा झट्ट सुन्दा बालकको भाषा हो कि जस्तो लाग्दछ तर त्यो बालकको मात्र भाषा होइन । यो टिबेटो बर्मन परिवारअन्तर्गतको भाषा हो । यिनका केही शब्दहरू मगर भाषासँग ठ्याक्कै पनि मिल्दछ । बाल कुराका केही शब्दहरू तल दिइएको छ । घरलाई नाम, आँखालाई मिक, आगोलाई माई, कालोलाई चिलिङ, खैखैलाई प्याङप्याङ, बुवालाई अवै, कुकुरलाई आक्यो, चामललाई हन्ज, गुरुलाई स्याङ्मी, खानुलाई छागो, दाजुलाई दजे भन्दछन् ।

संस्कृति : बराम जनजातिमा संस्कृति लोप हुँदै गएको छ । उनी आफूलाई हिन्दू भन्दछन् त्यसैले हिन्दू संस्कारहरू अपनाउँदै गएका छन् । यिनीहरू दसैं तिहार मनाउँछन् र अन्य हिन्दू चाडपर्वहरू हिन्दू संस्कारअन्तर्गत मनाउँछन् । आफ्ना परम्परागत र अत्यन्तै लोकप्रिय घाटु नाच बिर्सिंदै गएका छन् ।

यिनीहरू प्रत्येक तीन वर्षमा कुलदेवताको पूजा गर्दछन् । कुलदेवतालाई यिनीहरू 'वायुदेवता' भन्दछन् । कुलदेवता पुज्नुलाई वायु बोलाउने भन्दछन् । हिन्दू समाजमा पनि कुलपूजा गर्ने चलन छ ।

संस्कारादि कार्य : बराम जनजातिहरू खास गरी न्वारन, पास्नी, छेवर, विवाह र मृत्यु संस्कार मनाउने गर्दछन् ।

न्वारन : बरामहरू बालक जन्मेको पाचौं वा एघारौं दिनमा घरको अवस्था हेरी न्वारन गर्ने गर्दछन् । न्वारन अर्थात् नामकरण संस्कारलाई जनजातिहरू हिन्दूहरूबाट अन्य जनजातिमा सर्दै गएको संस्कार भन्ने गर्दछन् । तापनि हिन्दूहरू न्वारन ११ औं दिनमै गर्दछन् ।

पास्नी : पास्नी भनेको अन्नप्रासन संस्कार हो यसलाई भात ख्वाई पनि भनिन्छ । बच्चा यदि छोरो हो भने ६ महिनामा र यदि छोरी भए ५ महिनामा पास्नी गर्ने चलन छ । अन्नप्रासन गर्दा एउटा समारोहका बिच गर्ने गरिन्छ ।

छेवर : छेवर भनेको केशमुण्डन हो । केशमुण्डन संस्कार बराम र मगरहरूको एउटै रीतिबाट गरिन्छ । छेवर गर्दा मामाका हातबाट गराउने चलन छ । छेवर गर्दा गाईको गोठमा लागि गाईको दाम्लाले बालकलाई बाँधी उसको मुखमा दुबो राखिदिन्छन् । मुखमा रोटीको टुक्रा हालिदिएर चपाउन लगाइन्छ । मामाले कपाल खौरेर नसक्दासम्म बालकले उक्त रोटी चपाइरहनु पर्दछ । केशमुण्डन गरिसकेपछि कपाललाई पिपलको बोटमुनि लगेर विसर्जन गरिन्छ । पुरानो कपडा त्यही फाल्न लगाइन्छ र नयाँ कपडा लगाउन लगाइन्छ । त्यसपछि बालकलाई टीका लगाई दक्षिणा दिइन्छ । यस अवसरमा भोजको व्यवस्था पनि गरिन्छ ।

विवाह : बराम समुदायमा मागी विवाह नै ज्यादाजसो प्रचलनमा छ । केटा पक्षले केटी माग्न जाँदा एक बोतल रक्सी साथमा लिएर जानुपर्दछ । यो कार्यलाई उनीहरू "सुर्केपुङ" भन्दछन् । केटाकेटी एकले अर्कालाई मन पराए भने अर्को पटक अलि ठूलो बोतलमा रक्सी लिएर जाने चलन छ । त्यो कार्यलाई "ठेकीपुङ" भन्दछन् । ठेकीपुङमा एक ठेकी दही, एक धार्नी रक्सी, २० वटा रोटी, एकमुठा सालको पात, एकमुठा सिन्का, एउटा भाले, नौवटा पैसा एउटा बाँसको ढकियाभरि माछा, एउटा उखु, लिएर केटाका साथ लागी केटीका घरमा जान्छन् र विवाहको तिथिमिति तय गर्दछन् । जन्ती जाँदा दुलाहा पक्षले १२ धार्नी रक्सी १२ पेटारा रोटी, एउटा बोको, १ पाथी चामल, १ मुठा सालको पात, एक मुठा

सिन्का, आदि लिएर दुलहीका घरमा जाने चलन छ । त्यसपछि दुलही पर्छिने काम हुन्छ र विवाहको प्रक्रिया सुरु हुन्छ । विवाहमा सिन्दुर दान, स्वयम्वर सबै गरिन्छ । विवाह भोलिपल्टसम्म चलिरहन्छ ।

मृत्यु संस्कार : बराम जनजातिमा मानिस मर्दा सर्वप्रथम भतिजो अथवा सालोलाई बोलाइन्छ । त्यसपछि उनीहरूले आँगन लिपपोत गर्दछन् र लासलाई त्यहीं लगेर सुताउँछन् । त्यसपछि नातेदारहरू आई फूलमाला र अविर चढाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछन् । त्यसपछि श्वेत वस्त्रले लासलाई ढाकिन्छ । यिनीहरू लासलाई जलाउने गर्छन् । जलाउनुपूर्व एकमाना भात लासको मुखमा राखिदिन्छन् । लास जलाउन लैजाँदा ७ थरीका बिउ सतविज छर्ने चलन छ । चितामा लासलाई राखिसकेपछि चिताको चौतर्फी सतविज छर्छन् । त्यसपछि लासमा अग्निदान (दागवत्ती) गरिन्छ । यिनीहरूमा १२ दिनसम्म किरिया बसेर १३ औं दिनमा गाइको गहुँत छर्किई शुद्धि गर्ने चलन छ । छोराहरूले १ वर्षसम्म बरखी बार्ने चलन छ । यिनीहरू आफ्ना पितृको सम्झनामा प्रत्येक वर्ष श्राद्ध गर्ने चलन छ । श्राद्ध गर्ने चलन बरामहरूले हिन्दूहरूको संस्कारबाट अनुकरण गरेका हुन् । बरामहरूका कुल देवता गोरखकाली भएकोले पनि हिन्दूपरम्परा अंगालेको हुनु पर्दछ ।

३३. बाह्रगाउँले
(Bahra Gaunle)

मूलथलो : यो जाति श्री ५ को सरकारले सूचीकृत गरेको ६१ जातिमध्ये १ हो । यिनीहरूको मुख्य बसोबास मुस्ताङ जिल्लाको ल्होमान्थाङको बाह्रगाउँ हो । यसबाहेक मुक्तिनाथ, झोङ, कागवेनी र छुक्साङ गाविसमा पनि यिनहरूको बसोवास रहेको छ । यो समुदाय भोट बर्मेली परिवार भाषाभित्र पर्दछ । यिनीहरूको शारीरिक बनावट धार्मिक सांस्कृतिक परम्परा र भाषा तिब्बतीहरूसँग मिल्छ । यिनीहरू जात र थरको हिसाबबाट गुरुङ बिस्ट ठकुरी, थकाली लेख्छन् । ठूला जातिका हरूले आफूहरूलाई विस्ट ठकुरी भन्दछन् । यिनीहरू बसोवास गर्ने क्षेत्रलाई बाह्र गाउँ भनिने हुँदा यिनीहरूलाई बाह्र गाउँले भनिएको हो । पहिले त्यहाँ १२ गाउँ नै थिए त्यसैले बाह्र गाउँ भनियो तर हाल भने अठार गाउँ छन् । बाह्र गाउँलाई अहिले आठ क्षेत्रमा विभाजित गरिएको छ । ती आठ गाउँ छो पुराङ र झारकोट १, छो छ्योरङ्गोर र झोङ २, छो कागवेनी र खिङ्गा ३, छो ताङवे र ध्याकर ४, छे छुक्साङ ५, छो तेताङ ६, छोने चैले पुराक तिरी र समर ७, र छोलुव्रा फल्याक छाकर झोङ र पाङलिङ ८ हुन् ।

जनसंख्या : यिनीहरू १५०० देखि २००० को संख्यामा छन् । मुक्तिनाथ गाविसको झार्कोट गाउँमा ७२ घर छन् जसमध्ये ६० घर गुरुङ १२ घर ठकुरी छन् । यी सबै गरी त्यहाँको जनसंख्या ३५१ छ ।



खानपान : भात, रोटी, फापरको ढिंडो, उवाको सातु, आलु मिसाएको परिकार । याक, च्याङ्ग्रा, छ्याङ, रक्सी यिनीहरूको प्रिय भोज हुन् ।

गाउँघर : गुचमुच्च वस्ती, सम्म परेका छाना, ढुंगामाटाका घर, यिनीहरूका विशेषता हुन् ।

भेषभूषा : महिलाले सेकेन, तोजोरिह, ङव, वख्खु चालो, फिटही लगाउँछन् भने पुरुषले घ्यो पुलुक, स्विटर आदि लगाउँछन् ।

गरगहना : सुन रं मुंगावाट वनेका यार्लिङ्ग, टप, सिक्री आदि यिनीहरूका गहनाहरू हुन् ।

थर : यिनीहरूका बिस्ट, ठकुरी, गुरुङ, थकालीजस्ता थरहरू हुन्छन् । पहिलेपहिले भोटे, लामाजस्ता थर पनि लेख्ने गर्दथे तर आजभोलि भने त्यस्ता थर लेख्ने गरेको पाइँदैन ।

भाषा : यिनीहरू पनि भोट वर्मेली भाषा परिवारभित्रै पर्दछन् । यिनीहरूले, बुवालाई औ, आजलाई तिरिङ, भोलिलाई नाङवा, भातलाई ह्योवो, चामललाई ढे, रातलाई छेमो, दिउँसोलाई ङिमु, विहानलाई ङाटो भन्दछन् ।

धर्म : यिनीहरू वोन धर्मावलम्बी हुन् । बोनधर्म बौद्ध धर्मको प्रारम्भिक रूप हो । हाल यिनीहरू बौद्धधर्म नै मान्दछन् ।

पेसा : कृषि र पशुपालन यिनहरूको प्रमुख पेसा हो । कृषि अनाजमा उवा, फापर, गहुँ, आलु, तरकारीमा सलगम, मुला, रायो, लसुन, गोलभेंडा, गाजरको खेती गर्दछन् भने पशुपालनमा भोवा, घोडा, भेंडा, च्याङ्ग्रा, खच्चर, चौंरी आदि पाल्दछन् र तीनबाट उत्पन्न घ्यू, उन आदि विक्री गरी जीविकोपार्जन गर्दछन् । कृषिवाट उत्पादित अन्नवाट यिनीहरूलाई ६ महिनाभन्दा बढी खान पुग्दैन । बाँकी समय मजदुरी, व्यापार र ठेक्कापट्टा गरी गुजारा गर्छन् ।

चाडपर्व : यो जातिको मुख्य चाडपर्व भनेको ल्होसार, यार्तोङ्ग र घाच्याङ हो । ल्होसारलाई यिनीहरूले नववर्षको रूपमा मनाउँछन् । यो सवैभन्दा महत्त्वपूर्ण चाड हो । यार्तोङ्ग भाद्र पूर्णिमामा पर्ने चाड हो । यस चाडमा वरिपरिका गाउँबाट ठूलो संख्यामा मानिसहरू घोडा चढेर आउँछन् । त्यसै गरी ह्यौक्यासी नामक उत्सव गुम्बामा भेला भएर ५ दिनसम्म रमाइलो गरी मनाउँछन् । यो उत्सवमा १८ वर्षदेखि २५ वर्षसम्मका युवायुवतीहरूको सहभागिता हुन्छ ।

शैक्षिक अवस्था : यो जाति शिक्षाको क्षेत्रमा अत्यन्तै पिछडिएको जाति हो । हालसम्मको शैक्षिक अवस्था हेर्दा यो जातिमा एसएलसी पास गरेका ५ जना, आईए पास गरेका ५ जना र वीए पास गरेका १ जना मात्र भेटिएका छन् ।

संस्कार : यिनीहरू खासगरी जन्म, विवाह र मृत्यु संस्कारलाई मात्र महत्त्व दिन्छन् ।

जन्मसंस्कार : यिनीहरूमा जन्म संस्कार सम्पन्न गर्दा तिब्वतियन लिपिको पात्रो हेरी सम्पन्न गर्दछन् । सुतक चोख्याउने विधिलाई यिनीहरू "साङतेव" भन्दछन् ।

विवाह संस्कार : यिनीहरूमा विवाहको खास गरी हद उमेर हुँदैन तर पनि १६ वर्षदेखि माथिको उमेरमै गर्ने गर्दछन् । यिनीहरूमा विवाह गर्दा मागी विवाह, प्रेमविवाह, चोरी विवाह, वहुविवाह र वहुपति विवाह गर्ने चलन छ । यदि भगाएर गरेको विवाह भए केटी भगाएवापत केटा पक्षले छ्याङ (जाँड) को सिसीसहित माफी माग्न जानुपर्ने प्रचलन छ । माफी माग्न जाँदा सोभै घरमा नगई अलि परैवाट कराएर माफी माग्नु पर्दछ । त्यसै गरी वहुपति विवाह प्रथाअन्तर्गत जेठो छोराले विवाह गरेकी स्वास्नी सवै भाइकी साझा स्वास्नी हुन्छे । दाजु नछुट्टिएसम्म सवै देवरहरूको ती भाउजुमाथि हक हुन्छ । तर दाजु छुट्टिएपछि भने हक समाप्त हुन्छ । यिनीहरू भरसक छुट्टिँदै छुट्टिँदैनन् ।

मृत्यु संस्कार : मृत्यु संस्कार सम्पन्न गर्नुपर्दा लामाद्वारा सम्पन्न गराउने गर्दछन् । यिनीहरू एकाघरको मानिस मर्दा ३ दिनसम्म नुन खान्नन् । वावु मर्दा ३ दिन मासु खान्नन् । आमा मर्दा दुध वार्छन्, लोग्ने, स्वास्नी मर्दा नुन वार्छन् । मानिस मरेको ३ दिनपछि स्ह्याकसुम (एकप्रकारको कर्म) गर्दछन् । र १ महिना वा ४९ औं दिनमा घेवा गर्दछन् । घेवा यो जातिको महत्त्वपूर्ण कर्म हो ।

३४. बोटे
(Botes)

मूलथलो : यिनीहरू अधिराज्यका धेरै जिल्लामा छरिएर बसेका हुँदा यिनीहरूको मूलथलो कहाँ हो भनेर किटान गर्न सकिदैन । चितवनका कुसहर, तराईका माझी, पहाडका बोटे यी सबैको काम डुंगा चलाउने नै भएकोले सबै एउटै जातजस्तो पनि लाग्दछन् तर त्यो होइन । यिनीहरू मूलत: मादी, सेती र कालीगण्डकी नदीका किनारामा बसोबास गर्छन् । झट्ट हेर्दा यिनीहरू दनुवार, दरै र माझीजस्तै देखिन्छन् । यो जाति नदी किनाराका छेउछाउ र पहाडका बेसीहरूमा बसी घटुवारे जीवन व्यतीत गर्ने जाति हो । कसैकसैले यिनीहरूको नाउँ अंग्रेजी भाषाको बोट अर्थात् डुंगा चलाउने हुँदा बोटे भनिएको अनुमान पनि गरेका छन् । जनकलाल शर्माले यिनीहरू बोट (रुख) को फेदबाट डुंगा बनाउने हुँदा बोटे भन्ने गरिएको बताएका छन् । यिनीहरूको अनुहार, शारीरिक बनोट मंगोलियनहरूसँग मिल्दोजुल्दो देखिन्छ भने दाह्रीजुँगा कम आउने, थेप्चो नाक, होचो कद, हृष्टपुष्ट शरीर भएका हुन्छन् ।

जनसंख्या : २०४८ सालको जनगणनामा बोटेहरूको संख्या ६७१८ उल्लेख छ । तीमध्ये ३४१८ पुरुष र ३३०० महिला थिए भने हाल २०५८ को जनगणनामा यिनीहरूको जनसंख्या ७९६९ रहेको तथ्यांक पाइएको छ ।



भाषा : बोटेहरूको आफ्नै भाषा भए पनि सबैसँग बोल्दा नेपाली भाषामै बोल्छन् । उनीहरू आफ्नै भाषा बोल्न थाले भने त्यहाँ नेपाली, भोजपुरी, संस्कृत, थारू, दनुवार सबै भाषाको प्रयोग भएको पाइन्छ ।

भेषभूषा : यिनीहरूले अधिकांश समय पानीमा बिताउने हुँदा छिट्टै सुक्ने खालका कपडा अर्थात् पातलो कपडा लगाउँछन् । जस्तै कछाड, लँगौटी, भोटो, इस्टकोट आदि । त्यसै गरी महिलाहरूले सेतो चोलो, कालो गुन्यु, लुंगी आदि लगाउँछन् । परम्परागत पोसाक यही भए पनि आधुनिकतासँग यिनीहरू पनि अंकमाल गरिरहेका छन् ।

जातथर र पेसा : बोटेहरू पाखे बोटे र पानी बोटे गरी २ भागमा विभक्त छन् । खेतीपाती गर्ने बोटेलाई पाखेबोटे र डुंगा चलाउने, माछा मार्ने बोटेलाई पानीबोटे भनिन्छ । थरअनुसार नै यिनीहरूको पेसा पनि बनेको छ । पाखेबोटेहरू धान, मकै, गहुँ, कोदो, फापर, आलु, सागसब्जी आदिको खेती गर्दछन् । यिनीहरूले गाई, भैंसी, बाखा, कुखुराआदि पशुपालन

पनि गर्छन् । यसबाहेक ज्याला मजदुरी गरेर पनि जीवन निर्वाह गर्दछन् । पानीबोटेहरूको धरअनुसार नै पेसा बनेको छ । यिनीहरू डुँगा चलाउने, नदीखोलामा जाल, बल्छी हानेर माछा मार्ने जस्ता काम गरी जीविका गर्दछन् । यसबाट गुजारा चल्न नसकेको अवस्थामा ज्याला मजदुरी जस्ता काम गर्नतिर लागेका पनि छन् ।

विवाहप्रथा : यिनीहरूमा प्रेम विवाह र मागी विवाद दुवै गर्ने चलन छ । तर धेरैजसो मागी विवाह नै गर्छन् । मामाचेली र फुपूचेलाका बिचमा विवाह निषेध छ । केटाकेटी दुवैतर्फको कुरा मिलाउनेलाई यिनीहरू 'कारबारे' भन्छन् । विवाहचाहिँ माघ फागुन महिनामै गर्दछन् र बारचाहिँ मंगलबार र बुधबार नै रोज्छन् । जन्ती प्रस्थान गर्नुपूर्व दुलाहाले आमाको स्तनपान गर्नुपर्दछ र दुधको भारा तिर्न आमाको गोडामा पैसा राखेर ढोग्नुपर्दछ । दुलहाका घरमा रतेउली खेल्ने प्रचलन अझै पनि छ । दुलही भित्र्याएको राति अगेनामा खुर्सानी हालेर त्यसको खारले दुलाहा दुलहीलाई हैरान पार्ने चलन छ ।

चाडपर्व : दसैं, तिहार, तिज, चण्डीपूर्णिमा, माघे संक्रान्ति यिनीहरूका मुख्य मुख्य चाडपर्व हुन् । यिनीहरूले आफूलाई हिन्दू भन्दछन् तर ब्राह्मण पुरेत राख्दैनन् । भान्जा, ज्वाइँबाट यी कार्य सम्पन्न गराउँछन् । यिनीहरू प्रकृतिपूजकजस्ता देखिन्छन् । रुख, ढुंगा, नदीका छेउछाउ र ओडारमा पूजा गर्छन् । दसैंको नवमीका दिनमा कुलपूजा गर्ने गर्दछन् ।

मृत्युसंस्कार : बोटेहरूमा कोही मर्न लाग्यो भने घरभित्र मर्न दिनुहुँदैन भन्ने धारणा छ । त्यसैले तुरुन्तै आँगनमा ल्याएर सुनपानी खुवाउँछन् । मृतकलाई पोल्दैनन् । नदीकिनारमा लगेर गाड्छन् । गाड्दा लाससँगै मृतकका सबै चिज र खाने कुरासमेत पुरिन्छ । नत्र प्रेत बनेर सताउँछ भन्ने धारणा छ । किरियापुत्रीहरू झुन्ड्याइएको माछा मार्ने जालभित्र बस्ने गर्दछन् । आफ्नो जातमा बाहेक कसैसँग बोल्दैनन् र छोइने पनि गर्दैनन् । किरिया बसेका समयमा पनि जाँड खान्छन् तर धेरै होइन तीन दुनामात्र । दिनभरि किरियापुत्रीहरू नदीकिनारमा बिताउँछन् र साँझमा घर फर्किन्छन् । चौथो दिनमा केरा काटेर पकाउन राख्ने, एघारौं दिनमा घोत (मानो) मिसाउने र तेह्रौं दिनमा शुद्धि हुने गर्छन् । बोटेहरूमा बरखी फुकाउने काम घटस्थापनाका दिनमा हुने गर्दछ ।

३५. ब्यासी
(Byasis)

मूलथलो : यो जातिको मुख्य वसोवासस्थल सुदूर पश्चिमाञ्चल क्षेत्रको अति दुर्गम जिल्ला दार्चुलाको उत्तर पश्चिमी भू-भागका ६ गाउँ विकास समिति मध्येको व्यास, राल्पा र खलंगा हो । यी गाविसवाहेक अन्यत्र यो जाति पाइदैन । यिनीहरूले आफूहरूलाई महाभारतका रचयिता व्यास ऋषिका सन्तान भनेर दावा गर्दछन् । यिनीहरू आफूलाई क्षेत्री भन्दछन् ।

जनसंख्या : २०५८ को जनगणनामा यिनीहरूको जनसंख्या २१०३ रहेको छ । यस हिसावले यसलाई अल्पसंख्यक जनजातिका श्रेणीमा राख्न सकिन्छ ।

शारीरिक वनावट : यिनीहरूको शारीरिक वनावट, नाक, टाउको, कपाल आदि माथि विचार गर्दा यिनीहरू मंगोलियन जस्तै देखिन्छन् ।



थरहरू : जिल्ला विकास समिति दार्चुलाले २०४८ सालमा प्रकाशित गरेको जिल्लाका गाउँको विवरणमा यो जातिमा कुटीपाल, नव्याल, गुन्ज्याल, नपलच्याल, वौनाल, फिर्माल, ग्वाल, ढताल, दुग्ताल, सोनाल, ढकरियाल, तितिपाल, मार्छाल, सियाल, गर्व्याल, छाङगरियाल, तिकंरी, वुढियाल, रौतेला, रिमापाल, सिर्खाल, वनग्वाल, सेलाल, दरियाल, खेताल, नौमखिया, नपाल, पतियाल, अनुवाल, पर्ग्ल्याल र थियाल गरी जम्मा ३१ वटा थर भएको उल्लेख छ ।

धर्म : यिनीहरूको शारीरिक वनावट र मुखाकृति हेर्दा मंगोलियन र वौद्धमार्गी जस्ता लागे पनि यिनीहरूका जन्मदेखि मृत्युसम्ममा संस्कारहरू जस्तै जन्म, व्रतवन्ध, विवाह, श्राद्ध आदिमाथि विचार गर्दा हिन्दू धर्मावलम्वी नै हुन् र देवीदेवताका पूजा पनि हिन्दू धर्म अनुसार नै सम्पन्न गर्ने गर्दछन् । यिनीहरूका प्रत्येक गाउँमा मन्दिर हुन्छन्, देवीको पूजा हुन्छ । मन्दिरमा मूर्तिको सट्टा शिवलिंगमात्र स्थापना गरिएको हुन्छ र पूजामा पनि गाइकै गहुँत प्रयोग गर्ने गर्दछन् । व्यास ऋषिलाई यिनीहरूले आफ्नो इष्टदेवताका रूपमा पुज्ने गर्दछन् र प्रत्येक वर्षको भाद्र पूणिमामा गुन्जी भन्ने ठाउँमा मेला लाग्छ ।

अन्धविश्वास : यिनीहरू शनिवारका दिन घरवाट निस्किने र मंगलवारका दिनमा घरमा मिसिने गर्दैनन् । स्वास्नी मानिसहरूले हलो जोत्दैनन् । एकै दिनमा एउटै घरवाट दुईजना अलग दिशातिर जाँदैनन् र गएमा तीन बास हुन्छ भन्ने भावना छ । घरमा पानीको

रित्तो भाँडा राख्दैनन् । राखेमा अलच्छिन हुन्छ भन्छन् । एउटै भाँडाको पानीबाट मामा भान्जाले हात धुँदैनन् । वर्षा भएन भने देवताको मन्दिरमा फोहर गरिदिन्छन् । त्यसो गरेमा देवता रिसाएर पानी पार्छन् भन्ने विश्वास गर्दछन् । विरालाले बाटो काटेको, स्याल कराएको, फुटेको भाँडो देखिएको विधवा आइमाई देखिएको लाई अशुभ ठान्दछन् । गाईको दुध दही अर्कालाई दिंदा त्यसमा हरियो घाँस वा कोइला हालेर दिन्छन् । कसैले कपाल काटेको, नङ काटेको वा कपडा धुँदै गरेको देखे भने त्यसलाई अशुभ ठान्छन् । बिरामी सुतेको कोठाको ढोकामा खुकुरी, तरवार, बन्चरो आदि राखिदिन्छन् । भूतप्रेत नआवस् भनेर चौंरी गाईको पुच्छरवाट बनेको डोरीले बिरामी छोराको कम्मरमा बाँधी दिन्छन् । अर्काको घरमा जाँदा आगोको राँको बालेर जाँदा अशुभ हुन्छ भन्छन् । सर्प र भ्यागुतो लड्दै गरेको देखेमा मृत्युको लक्ष्यण हो भन्दछन् । रातिमा सिठी बजाउनु हुँदैन र आफ्नो जन्मबारका दिनमा कतै पनि जानुहुँदैन भन्ने मान्यता राख्दछन् ।

भेषभूषा : ब्यासी जातिका पुरुषहरूले घुँडासम्मको गाउन आकारको कपडा, टाउकामा पगरी, कम्मरमुनि सुरुवाल र कम्मरमा पटुका बाँध्छन् भने आइमाईहरू कम्मरभन्दा माथि 'च्यू' र कम्मरमुनि 'भाला' लगाउँछन् । टाउकामा टोपीजस्तो 'च्युक्ती' लगाउँछन् र खुट्टामा उनीको दोचा लगाउँछन् ।

आभूषण : ब्यासी भाषामा गहनालाई 'सालीपुली' भन्दछन् । 'सा' को अर्थ माटो र 'लि' को अर्थ 'फल' हुन्छ । यो शब्दले माटोबाट बनेका मालाहरू भन्ने बुझाउँछ । यिनीहरू घाँटीमा माटोवाट बनेका माला लगाउँछन् । स्वास्नी मानिसहरूले हातका पाँचवटै औंलामा औंठी, घाँटीमा कण्ठी, चन्द्रहार, चम्पाकली, टाउकामा बिरावाली नाकमा बुलाकी र कानमा बालि लगाउँछन् ।

खानपान : यिनीहरूको खानामा मुख्यरूपमा दाल, भात, सातु रोटी, मासुमा भेडा, खसी, चराचुरुङ्गी र कुखुरा खान्छन् । चियामा नुन र घ्यु हालेको चिया खान्छन् ।

भाषा : यिनीहरूको भाषालाई ब्यासी भाषा नै भनिन्छ तर यस भाषाको लिपि भने अझै पत्ता लागेको छैन । ब्यासी भाषामा बुबालाई बा, आमालाई ना, बज्यैलाई लला, बाजेलाई तिती, छोरालाई सिरि, छोरीलाई चम्पा, मामालाई थमी, माइजुलाई पुनी, दिदीलाई ताता, ससुरालाई थमी, फुपूलाई पुनी, स्वास्नीलाई रिस्पा, फुवाजुलाई थमी, सासुलाई पुनी, पानीलाई ती, चियालाई ज्या भन्दछन् ।

चाडपर्व : ब्यासी जातिका चाडपर्वहरूमा दसैं, तिहार, होली, ऋषितर्पणी, कृष्ण जन्माष्टमीहरू मुख्य हुन् । नयाँ अनाज भित्र्याएपछि 'नघल' भनेर अन्न खाने चलन छ । हिन्दू समाजमा यसलाई न्वागी भनिन्छ ।

संस्कार : यिनीहरूमा जन्मदेखि मृत्युसम्मका ८ संस्कार प्रचलनमा छन् । जसमा जन्म न्वारन कर्णभेद भुमो, छेवर, विवाह, बुढानी र मृत्यु प्रमुख छन् । बच्चा जन्मदा गाउँलेलाई निम्ता गरेर अक्षता, मदिरा, केक (घलं) चारैतिर छर्केर देवीदेवताको पूजा प्रार्थना गर्दछन् र बच्चाको लामो आयुको कामना गर्दछन् । बच्चा जन्मेको सात दिनमा सुत्केरीले नुहाउँछिन् र गाईको गहुँत छर्केर शुद्ध गरिन्छ । तर बच्चाको न्वारन भने त्यसै दिनमा

गर्दैनन् । त्यस दिन त चोखो हुने मात्र हो । कर्णभेद संस्कार सम्पन्न गर्दा कसैलाई बोलाउने चलन छैन । यो संस्कार परिवारकै सीमित रहन्छ ।

नुमो भनेको बच्चा बोक्ने संस्कार हो । यो संस्कार ब्यासी जातिमा बाहेक अरुमा पाइँदैन । यो संस्कार बच्चा जन्मेको तीन महिनामा गरिन्छ । बच्चा तीन महिना नपुगुन्जेल आमाको काखमा र तीन महिना पुगेपछि पिठ्यूँमा राखिन्छ । पिठ्युँमा राख्दा बच्चालाई सेतो कपडा लगाएर पिठ्युँमा बोकाएर घरको मूलढोकाबाट ९ पल्टसम्म भित्र र बाहिर गराइन्छ । त्यसैदिनमा नै बच्चाको नामकरण पनि गरिन्छ ।

छेवर संस्कार बच्चा ३, ५, ७ वर्षको भएपछि गरिने संस्कार हो । योभन्दा अगाडि बालकको कपाल काटिँदैन । छेवर गर्दा शुक्लपक्षमा मात्र गरिन्छ । तर पूर्णिमाको दिनमा भने गरिँदैन । बच्चाको काटेको कपाललाई ध्वजामा राख्ने चलन छ र मानसरोवर जाँदा त्यहीं लगेर सेलाइन्छ । त्यसैले ब्यासी जातिमा मानसरोवरको यात्रालाई महत्त्वपूर्ण तीर्थ यात्राको रूपमा लिइन्छ ।

बुढानी संस्कार बच्चाको उमेर १ वर्षदेखि २० वर्षको हुँदासम्म जतिखेर पनि गर्ने चलन छ । बुढानी शब्दले बुढो, मुख्य र वयस्क जनाउँछ । यो संस्कार मन्दिरमा गएर सम्पन्न गरिन्छ र त्यहीं नै बच्चालाई सामाजिक मान्यता दिइन्छ ।

ब्यासी जातिमा मागी, गन्धर्व र अपहरण गरी तीनथरीका विवाह प्रथा प्रचलनमा छन् । यिनीहरूमा दाइजो प्रथा छैन तर दुलही पक्षले यथासक्य दिएको भने स्वीकार गर्छन् ।

यिनीहरूमा मानिस मर्दा ९-१० वर्षसम्मको बच्चालाई गाड्ने र ठूलालाई दाहसंस्कार गर्ने चलन छ । मानिस मरेको दिनमा गाउँमा सम्पूर्ण काम गर्न निषेध गरिन्छ । लास जलाउँदा या गाड्दा मृतकको टाउको पूर्व दिशा फर्काउँछन् ।[२९]

---

२९ राजेन्द्रप्रसाद बडु : राप्ला गाविसका ब्यासीहरूको सामाजिक एवं सांस्कृतिक अवस्था, त्रि.वि. शोधग्रन्थ, अप्रकाशित ।

३६. भुजेल (घर्ती)
(Bhujels or Ghartis)

मूलथलो : भुजेलहरूको मूलथलो बाग्लुङ जिल्लाको भुजी भन्ने ठाउँ हो । त्यहींबाट यिनीहरू अधिराज्यका विभिन्न स्थानमा बसाइँ सराइ गरी गएका हुन् । यिनीहरू अधिराज्यका विभिन्न स्थानमा बसोबास गरेको पाइन्छ । यिनीहरू पनि अल्पसंख्यक जातिमै पर्दछन् । श्री ५को सरकारले भुजेलहरूलाई अलग्गै जाति सूचीकृत गरे तापनि यिनीहरूका सम्पूर्ण रहनसहन, आचारविचार, लवाइखवाइ मगरसँग मिल्दाजुल्दा छन् । यिनीहरूलाई कतै घर्ती भनिन्छ त कतै भुजेल नै भनिन्छ । सबै ठाउँमा एउटै जातिका नामबाट चिनिँदैनन् ।

धर्म : भुजेलहरू हिन्दू धर्मावलम्वी हुन् । यिनीहरूका सम्पूर्ण संस्कारादि कर्महरू हिन्दूधर्मको मूल्य र मान्यतामा आधारित रहेर गर्ने गरिन्छ । चाडपर्वहरू पनि हिन्दूहरूले मनाउने नै मनाउँछन् । व्राह्मण पुरोहित राख्दछन् । कसैकसैले चाहिँ मगर रीतिअनुसार पनि गर्ने गर्दछन् ।



भाषा : भुजेलहरूले वोल्ने भाषा झन्डैझन्डै चेपाङ भाषासँग मिल्दोजुल्दो छ तर सम्पर्क भाषाचाहिँ सवैले नेपाली नै वोल्दछन् । मगरहरूका सम्पर्कमा रहेका भुजेलहरू मगर भाषा पनि वोल्दछन् । यो जाति नेपालभन्दा वाहिर भारतको सिक्किम, आसाम, दार्जिलिङ, देहरादुन आदि नेपाली जनवहुल क्षेत्रमा पनि कताकति मिसिँदै पुगेको पाइन्छ । त्यस्ता ठाउँमा भने जुन जातिको वाहुल्यता रहेको छ, त्यसै जातिको भाषामा वोलीचाली गरेको पाइन्छ । भाषा र वोलचालमात्रै होइन, त्यसरी अन्य समाजभित्र समायोजन भएर रहेका अवस्थामा धार्मिकसांस्कृतिक व्यवहारमा पनि यिनीहरू एकरूप एकाकार हुन्छन् ।

पेसा : भुजेलहरूको प्रमुख पेसा कृषि नै हो । कृषिबाहेक अन्य ससाना घरेलु नोकरका कामहरू पनि गर्दछन् । कृषिमा धान, मकै, गहुँ, जौ, कोदो, फापर आदिको खेती गर्दछन् । यिनीहरूले कृषिका साथसाथै पशुपालन पनि गरेको पाइन्छ । पशुपालन कार्यमा यिनीहरूले आफू वसोवास गरेको ठाउँ र आर्थिक स्थितिले भ्याएसम्म गाई, भैँसी, भेडा, वाखा, सुँगुर, कुखुरा आदि जुनसुकै पशुहरू पाल्दछन् ।

संस्कार : भुजेलहरूले मुख्यरूपले जन्म, विवाह र मृत्यु संस्कारहरू मनाउने गर्छन् । वालक जन्मेको एघारौँ दिनमा सूतक चोख्याउँछन् । यिनीहरू प्रेम, जारी, मागी र विधवा विवाह गर्ने गर्दछन् । विवाहचाहिँ मगर रीतिअनुसार गर्ने गर्दछन् । मानिस मर्दा मृतकलाई जलाउने, गाड्ने दुवै गर्दछन् । तेह्रौं दिनका दिनमा शुद्धिकार्य गर्दछन् ।

३७. भोटे
(Bhotes)

मूलथलो : नेपालको उत्तरी सीमाक्षेत्रमा अवस्थित हिमशृंखला र हिमचुलीहरूको छेउछाउमा युगौंदेखि वस्ती बसाएर बस्दै आएका हिमाली जातलाई भोटे भन्ने गरिन्छ । चीनको स्वशासित क्षेत्र तिब्बतको भोटको नजिकै बसेका र यिनीहरूको सम्बन्ध पनि तिब्बती जनता र तिब्बती भागसँग बढी भएकाले व्यापार व्यवसाय पनि त्यतैतिर गर्ने हुँदा यिनीहरूलाई भोटे भनिएको हो । यिनीहरू हिजोआज वाजुरा, दार्चुला, मनाङ, मुस्ताङ, मुगु, हुम्ला, डोल्पा, सुर्खेत, तनहुँ, कास्की आदि जिल्लाहरूमा पनि पाइन्छन् ।

भाषा र धर्म : तिब्वतीहरूको भाषा र यी भोटेहरूको भाषा पनि एउटै छ र धर्म पनि उनीहरूको जस्तै बुद्ध धर्मको एउटा शाखा महायान धर्मको लामा धर्म नै मान्दछन् । तीर्थयात्रा गर्न जानुपर्दा पनि नेपालको लुम्बिनी, वौद्धनाथ, स्वयंभू र भारतको बुद्ध गया जाने गर्दछन् र गुम्बाहरूमा पुस्तक, थांका आदि चढाउँछन्, पूजापाठ गर्छन्, हवन गर्दछन् र खाना खुवाउँछन् ।



जनसख्या : २०४८ सालको जनगणनामा भोटेहरूको जनसंख्या १२४६३ देखाइएकोछ । जसमध्ये ६०४५ पुरुष र ६४१८ महिला देखाइएको छ । हाल २०५८ को जनगणनामा यिनको जनसंख्या १९२६१ पुगेको छ ।

भेषभूषा : यिनीहरू उच्चहिमाली शृंखलाहरूमा वसोवास गर्ने हुँदा महिलापुरुप दुवैले न्यानोखालका कपडा लगाउँछन् । जो प्राय:जसो ऊनद्वारा निर्मित हुन्छन् । त्यस्ता कपडालाई यिनीहरूको भापामा वख्खु भन्ने गरिन्छ । महिला पुरुष दुवैले लगाउने कपडा एउटैखाले हुन्छ ।

छुवाछुत प्रथा : अन्य जातिमा झैं यिनीहरूमा पनि उपल्ला जात र तल्ला जात भन्ने परम्परा अझैसम्म कायमै छ । जनावर मार्ने र विक्री गर्ने वगरे, आरन थापी भाँडा पिट्ने लोहार र सुनारलाई यिनीहरूले तल्ला जातमा गणना गरेका छन् भने लामा, व्यापारी, चौंरी

भेडा च्याङ्ग्रा पाल्ने, पेसामा लागेका र खेतीगर्ने कृषकहरूलाई उपल्लो जातिमा गणना गरेका छन् । यस्तै पेसागत विभाजनवाहेक अन्य विभाजन यस जातिमा पाइँदैन ।

विवाहप्रथा : भोटेहरूमा विवाह गर्दा उमेर पुगेका केटाकेटीहरूले एकापसमै मन पराएर विधिपूर्वक गर्ने गर्दछन् । कतैकतै सानै उमेरमा नै केटा र केटीका बाबुआमाले विधि पुऱ्याएर गरिदिने चलन पनि छ । यिनीहरूमा बहुपति विवाह अझै पनि कायमै छ । जेठो दाजुले विवाह गरेर स्वास्नी ल्याएपछि त्यो महिला त्यस घरमा जति दाजुभाइ छन् ती सबैकी स्वास्नी हुन्छे । यस्तो चलन खास गरेर पूर्वमा खुम्बु क्षेत्रका सेर्पाहरू र मुस्ताङ जिल्लामा पाइन्छ । व्यक्तिपिच्छे स्वास्नी राख्दा अलगअलग घर बनाउनुपर्ने, अलगअलग भान्सा बनाउनुपर्ने समस्या आइलाग्ने हुँदा त्यस्तो झमेलाबाट बच्नर घर बनाउन प्रशस्त जमिन पनि नहुने हुँदा यस्तो चलन चलेको हुनुपर्दछ । त्यसका साथसाथै व्यक्तिपिच्छे स्वास्नी राख्दा सन्तान वृद्धि पनि धेरै हुने हुँदा त्यो समस्याबाट छुटकारा पाउनका लागि पनि यो प्रथाले सघाएको छ । यो जातिमा हिन्दू समाजको जस्तो केटीहरूमा सतित्व र कौमार्यलाई महत्त्व दिइँदैन ।

थर विभाजन : अन्य जनजातिहरूझैं यो जातिमा पनि थर विभाजन त छ तर टोलैपिछे र घरैपिच्छे नभई खोलैपिच्छे छ । उदाहरणका लागि ओलाङचुङगोला पाङमा र घुन्सामा वस्नेहरूको छुट्टै, तोपकेगोला र थुदाममा बस्नेहरूको छुट्टै, चेपुवा, हटिया, चेमताङ र किमाथाङ्का आदिमा वस्नेहरूको छुट्टै, सोलुखुम्बुमा वस्नेहरूको छुट्टै, मनाङमा बस्नेहरूको छुट्टै र लार्केमा बस्नेहरूको छुट्टै थर हुन्छ ।

पेसा : चाहे मुस्ताङमा बस्ने लोपा वा डोल्पामा बस्ने डोल्पो, चाहे किमाथाङ्काका लोमी हुन् वा मनाङका न्योसाङ यी सबैको पेसा पशुपालन र सटही व्यापार हो। पशुपालनमा यिनीहरूले भेडा, च्यांग्रा पाल्दछन् र ऊन आदिको सटहीबाट नुन तथा अन्य आवश्यक वसतुहरू लैजान्छन् ।


चाडपर्व : भोटे जातिका प्रमुख चाडर्वहरूमा फागुन महिनामा मनाइने लोसार र असारको महिनामा लाग्ने रोगव्याधिबाट छुटकारा पाउनका लागि गरिने रिम्डु, पोटुक, योक्यायसी आदि पूजाहरू हुन् । यस्ता चाडपर्वहरू अत्यन्तै उल्लासका साथ मनाइने गरिन्छ । यीबाहेक नाचगानजस्ता सांस्कृतिक कार्यहरू गरिन्छ ।

मृत्यु संस्कार : भोटे जातिमा मानिस मर्दा गरिने अन्तिम संस्कार सायद नेपालमै अनौठो किसिमको मानिन्छ । यिनीहरूमा मानिस मर्दा अन्तिम संस्कार गर्न लामा बोलाइन्छ । लामाले मृतकको लासलाई साइत हेरी गाड्ने, जलाउने वा लासलाई टुक्राटुक्रा पारेर गिद्द र चिललाई खुवाउने जे निर्णय दिन्छन् सोहीअनुसार अन्त्येष्टि कार्य सम्पन्न गरिन्छ । गाड्ने, जलाउने परम्परा प्राय: प्रत्येक जातिमा पाइए पनि लासलाई टुक्राटुक्रा पारेर गिद्द र चिललाई खुवाउने परम्परा यिनीहरूमा मात्रै छ । यिनीहरूमा जुठो सुतक बार्ने चलन छैन । अन्तिम संस्कारको कार्य सकिनासाथ यिनीहरूका सम्पूर्ण कार्यक्रम यथावत् रूपमा चल्न थाल्दछन् । यो यिनीहरूको मौलिक संस्कार हो ।

३८. मगर
(Magars)

मूलथलो : नेपालका प्रसिद्ध जातिहरूमा मगर पनि एक मुख्य जाति हो । नेपाल एकीकरणपूर्व तत्कालीन नेपालका बाइसी राज्यमा कतिपय मगर राज्य थिए र ती मगर राज्यलाई सुरुमा मगरराज त्यसपछि मगरात भनिएको अनुमान गरिन्छ । मगरात क्षेत्रमा रहेका सेन र ठकुरी राजाहरू पनि मगर नै थिए भन्ने विद्वान्हरूको भनाइ छ । त्यसैले यिनीहरू शासक वर्गमा पनि गनिन्छन् ।

यिनीहरूको मूलथलो कर्णाली र गण्डकी प्रदेशको बिचको भूभाग हो । एकीकरणपूर्व बाह्र मगरात राज्यहरू थिए र मगरात क्षेत्रको केन्द्रविन्दु पाल्पा राज्य थियो । आज पनि धेरैजसो मगरहरू लुम्बिनी, राप्ती र धौलागिरी अञ्चलको पहाडी क्षेत्रमा बसोवास गरेको पाइन्छ । नवलपरासी जिल्लाको रकुवा, रुचाङ, डेढगाउ, नरम, देउराली आदि गाविस र पाल्पा जिल्लाको बाकामलाङ गाविसमा आज पनि मगरहरूकै बाहुल्य छ । त्यस बाहेक हालको रुकुम, रोल्पा, दाङ, सुर्खेत, दैलेख, जाजरकोट, अर्घाखाँची, गुल्मी, कपिलवस्तु, बाग्लुङ म्याग्दी, पर्वत, स्याङ्जा आदि जिल्लामा मगरका बाक्लै बस्ती छन् । जनकलाल शर्माले मगरहरूलाई हुण जातिका रूपमा प्राचीनकालमा दक्षिणाभिमुख हुँदै हाम्रो प्रायद्वीपमा प्रवेश गरेको बताउनुभएको छ । आजभोलि भने बसाइँसराइ तीव्र बन्दै गएको र पहाडी जनजीवन दुःखमय भएकाले मगरहरू तराईतिर बसाइँसराइ गर्दै आएका छन् ।



भाषा : यिनीहरू मगर भाषा बोल्छन् तापनि नेपाली भाषालाई मातृभाषा मान्नेहरूको संख्या कम छैन । भेरी नदीको माथिल्लो भागतिर बस्ने मगरहरू भोटे भाषालाई नै मातृभाषा मान्दछन् भने रोल्पा, रुकुमतिरका मगरहरू खाम भाषा बोल्दछन् । कतिपय ठाउँका मगरहरू त नेपाली बुझ्दा पनि बुझ्दैनन् । मगरातभन्दा बाहिरका मगरहरू भने नेपाली नै बोल्छन् ।

जनसंख्या : नेपाल अधिराज्यमा मगरहरूको जनसंख्या २०४८ सालको जनगणनामा १३३९३०८ देखाइएको छ जसमध्ये ६४९४१५ पुरुष र ६८९८९३ महिला छन् । २०५८ को जनसंख्यामा भने यिनीहरूको संख्या १६,२२,४२१ बताइएको छ ।

पेसा : मगरहरू घर निर्माण कला, खानीको काम, ढुंगा काट्ने काम आदिमा सिपालु हुन्छन् । घर निर्माणका अतिरिक्त सेनामा समेत मगरहरूको संख्या अन्य जातिको भन्दा निकै ठूलो छ । पृथ्वीनारायण शाहका पालामा जयन्त रानालाई हात लिन उनले निकै

प्रयास गर्दा पनि सफल भएका थिएनन् । त्यही झोंकमा उनलाई छाला काडेर मारिए थियो । भारतीय ब्रिटिस सेनामा जागिर खाने मगरहरूवाहेक सबैको जीविकाको आधार खे नै हो । खेतीमा पनि तराई झरेका मगरबाहेक पहाडका मगरहरू मकै, धान, कोदोको खे बढी गर्छन् । यिनीहरूले दही, दुधका लागि गाई, भैंसी, मासु र ऊनका लागि भेडाबा पाल्छन् ।

थरहरू : मगरहरू सोझा र अति मिलनसार हुन्छन् । मगरहरूभित्र पनि धेरै थ हुन्छन् । जस्तै : घर्ती, थापा, पुन, राना, आग्री, आले, गुरुङचन, भुरुङचन, वेडलाम बुढाथोकी, एसमाली, भस्की, रेवाली, हिस्की, थुमसिङ, रगाता, सिढारी आदि ।

मगरभित्रैको अर्को जात आलेहरूमा पनि दुध आले, फेङदी आले, तोर्छाकी आले सूर्यवंशी आले हुन्छन् भने थापा मगरहरूभित्र- असलामी, दर्लामी, पुलामी, बलामी, तङलाम रासकोटी, वीरकट्टा, सिंजापति, गहसरु, ध्यवाङ, सिंजाली र फेवाली हुन्छन् । त्यसै गरी पु मगरभित्र तिर्के, पेगेल, रामजोली र साव थर हुन्छन् भने घर्ती मगरभित्र रामजोली, रुखमा वैजाली, तिके, फुङ्जा र रोका मगर हुन्छन् ।

अन्धविश्वास : मगर समुदायभित्र धामी, झाँक्रीप्रथा अझै कायम छ । उनीहरू मानिस बिरामी हुँदा वा धनसम्पत्तिको क्षति हुँदाका समयमा भूतप्रेत, देवीदेवता र बोक्सीडाइनी लागेको विश्वास गर्दछन् र धामीझाँक्रीबाट झारफुक गराउने पनि गर्छन् ।

मनोरंजन : मगरहरूमा मनोरंजनका लागि मारुनी नाच अत्यन्तै प्रसिद्ध छ जुनसुकै ठाउँमा बसेका भएपनि यिनीहरूले मारुनी नाचलाई जीवितै राखेका छन् ।

विवाहप्रथा : मगरहरूले विहावारी गर्दा सकेसम्म जातभित्र नै गर्छन् । मामाचेली र फुपूचेलाभित्र विवाह गर्नु प्राथमिकताभित्र राख्दछन् भने कतैकतै मामाचेला र फुपूचेली पनि विवाह गर्छन् । आफ्नै थरभित्र भने वैवाहिक सम्वन्ध गाँस्दैनन् । थरदेखि वाहिर रोकटोक छैन । मगरहरूले वाहुन पुरोहित राखेर विवाह गराउने गर्दथे । त्यसैले वाहुन, क्षेत्री र मगरको विवाह पद्धति एउटै हुन्थ्यो तर आजभोलि मगरहरूको संस्था लाङघाली संघले मगरहरूले वाहुन पुरोहित राख्न नपाउने, पुरोहितहरूलाई पनि मगरहरूका घरमा पुरोहि कर्म गर्न जान नदिने नीति लिएका कारण अव मगरहरू र वाहुन क्षेत्रीहरूको विवाहपद्धतिमा भिन्नता देखा पर्न थालेको छ । मगर जातिले आफ्ना जातिका पुरोहितलाई भुसाल भन्दछन् उनीहरू हिजोआज भुसालवाट नै विवाहआदि संस्कार सम्पन्न थराउन थालेका छन् यसवारेमा विस्तृत विवरण जनजातिवाटै जनजातिका अधिकार हनन शीर्षकमा हेर्नुहुनेछ ।

मगर समुदायभित्र 'केटी छोप्ने' चलन छ जसमा १६ वर्ष उमेर पुगिसकेकी केटीलाई झुक्याएर वलजफ्ती समातेर घिच्याउँदै लगेर विहे गर्छन् । विहे भइसकेपछि केटाकेटीहरू केही महिनापछि ससुराली जान्छन् त्यसलाई चार तिर्ने भन्दछन् । चार तिर्ने भनेको केटीलाई वावुआमाको काखवाट छुटाएर लगेको दण्ड जरिमानास्वरूप तिरिने रुपियाँ हो । चार तिरिसकेपछि मात्र पाइलो फर्काउन केटीको माइत जानुपर्छ र त्यसैवेला मात्र वैवाहिक का गरिन्छ अनि दाइजोपातका साथ छोरीज्वाइँ विदा गरिन्छ ।

मृत्यु संस्कार : मगरहरू मृतकलाई गाड्ने गर्छन् । यिनीहरू मृत्युमा जुठो र वच्चा जन्मिदा सुतक वार्ने गर्दछन् । देवीदेवताको पूजा अनि दानपुण्य सवै वाहुनक्षेत्रीकै रीतिवाट सम्पन्न गर्ने गर्छन् । तर हाल आएर लाङघाली संघले वाहुन पुरोहितद्वारा यस्ता का सम्पन्न गराउन नपाउने नियम वनाई कडाइका साथ लागु गर्दै छन् ।

३९. मनाङ्गे
(Mananges)

मूलथलो : यिनीहरू नेपालको उत्तर-पश्चिमस्थित हिमाली जिल्ला मनाङमा बस्छन् । यिनीहरूले बसोबास गर्ने क्षेत्रलाई 'नेस्याङ' भनिने हुँदा यिनीहरूलाई नेस्याङवासी पनि भनिन्छ तर मनाङ्गे नै ज्यादा प्रचलनमा भएकोले मनाङ्गे नै भनिन्छ ।

भाषा : यिनीहरू पहाडी भेकका वासिन्दा र पिछडिएका जाति भएकोले आफ्नै भाषाबाहेक अन्य भाषा राम्ररी बोल्न र बुझ्न सक्दैनन् । व्यापार व्यवसायमा लागेकाहरू भने सम्पर्क भाषाका रूपमा नेपाली भाषा बोल्दछन् । यिनीहरूले बोल्ने बोली गुरुङ भाषासँग मिल्दोजुल्दो छ ।

थरहरू : यिनीहरूमा पनि गुरुङहरूमाझैं चारजाते र सोह्रजाते छन् । धेरैजसो एल्यामी थरका मानिसहरू पाइन्छन् । क्ले, सोल्मी धीर चारजातेहरू हुन् ।



घरको बनावट : यिनीहरूका घरहरू साधारणतया २ तलेदेखि ३ तलेसम्म हुन्छन् तर १ तलेचाँहि हुँदैनन् किनकि भुइँतलामा वस्तुभाउ राख्छन् । दोस्रो तलामा आफूहरू वस्छन्, भान्सा हुन्छ र अन्नपात राख्छन् । तेस्रो तलामा घर पाहुना राख्छन् । घरका छानामा अन्न सुकाउने र दाउरा राख्ने गर्छन् ।

पेसा : यिनीहरू उच्च हिमाली भू-भागमा बस्ने भएकाले फापर, गहुँ, जौं, मकै, आलु र मुला आदि खेती गर्दछन् । खेतीपातीबाट यिनीहरूलाई ६ महिनाभन्दा बढी खान नपुग्ने हुँदा व्यापार व्यवसाय गर्छन् । व्यापारमा भने मनाङ्गेहरूले सम्पूर्ण नेपालीलाई नै उछिनेका छन् । यिनीहरूको व्यापारिक क्षेत्र भनेको उत्तरमा तिब्बत, दक्षिणमा लमजुङ र दक्षिण

एसियाको विभिन्न देशहरू हुन् । यिनीहरू खासगरी जडीबुटी र कस्तुरी बिक्री गर्दछन्, घडी रेडियो, लत्ताकपडा आयात गर्दछन् र त्यो ल्याई काठमाडौं र पोखरामा बिक्री गर्दछन्।

परम्परा : यो जातिमा आइमाईहरूले खेती गरेको जग्गामा सिंचाइ गर्न सख्त मनाहि छ । यदि गरेमा ५०० रु. जरिवाना तिर्नुपर्दछ । यिनीहरूका हरेक गाउँमा १ जना घावा, १ जना सेर्पा, १ जना कटुवाल हुन्छन् । घावाले बोलेको कसैले काट्न पाउँदैन किनकि ऊ मुखिया हो । सेर्पा भनेको सिपाहीजस्तो हो र कटुवाल भनेको हुलाकी हो । घावा हरेक वर्षमा फेरिन्छ भने कटुवाल १/१ वर्षमा फेरिन्छ । एकपटक घावा भएको व्यक्ति अर्को पटक सेर्पामा चुनिन्छ । गाउँमा हुने सभामा आइमाई र ६० वर्ष नाघेका बुढाबुढीहरू भेला हुन पाउँदैनन् । भेला भएमा ५०० रु. जरिवाना तिर्नुपर्छ ।

चाडपर्व : यो जातिमा वैशाख तारो हान्ने, चलन छ । यो उनीहरूको आफ्नै मौलिक परम्परा हो भने ल्होसारलाई नयाँ वर्षका रूपमा मनाउँछन् ।

संस्कार : यिनीहरूमा न्वारन र व्रतबन्ध गर्ने चलन छैन । विवाह र मृत्युसंस्कार मात्र मनाउँछन । मृत्यु संस्कारचाहिँ लासलाई लामाले जे भन्दछन् त्यसै गरी अन्त्येष्टि गर्नुपर्दछ । यिनीहरूमा लासलाई गाड्ने, जलाउने टुक्राटुक्रा पारेर फ्याँक्ने गरी तीन तरिकाबाट संस्कार गरिन्छ ।

४०. माझी
(Majhis)

मूलथलो : माझी जाति नेपालका ६१ जनजातिमध्येको एउटा पछौटे र गरिबीको रेखामुनि रहेको जाति हो । यिनीहरूका बुढापाका र पढेलेखेकाहरूले आफूहरूलाई माझीकी पुत्री मत्स्यगन्धाका सन्तान भएको बताउँछन् । यस जातिको आफ्नै भाषा छ । आफ्नै धर्म छ र आफ्नै संस्कृति छन् तर पनि लोप हुने अवस्थामा छन् ।

यो जातिको वसोवास भएको क्षेत्र तराईको भित्रीमदेस र नारायणी अञ्चलका प्राय:जसो सवै जिल्ला हो । त्यसका अतिरिक्त काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, धनकुटा, ओखलढुङ्गा आदि जिल्लाहरूमा पनि यिनीहरूको वसोवास छ । यिनीहरू र थारु जातिमा लगभग सवै कुरा मिल्दछ । शारीरिक बनावट, खानपान, वेषाभूषा, रहनसहन, सवै थारु जातिसँग मिल्दो जुल्दो छ । पहाडमा माझी भनिने यो जातिलाई तराई र भित्रीमदेसमा वोटे र चितौनमा कुसहर भन्ने चलन छ ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको जनसंख्या ५५०५० उल्लेख छ जसमध्ये २७२२२ पुरुष र २७८२८ महिला छन् । २०५८ को जनगणनामा यिनीहरूको जनसंख्या ७२६१४ पुगेको छ ।



पेसा : यिनीहरूको पेसा के हो भन्ने जातले नै बताउँछ । यिनीहरूको खोलाका छेउछाउमा वस्ने, जाल हालेर, वल्छी लगाएर माछा मार्ने, डुंगा खियाएर मानिसलाई घाट तार्ने खेतीपाती र पशुपालन गरेर आफ्नो गुजारा गरेका हुन्छन् । घाट तार्ने पेसालाई माझी पनि भनिन्छ । सायद यिनीहरूले पेसावाटै जातिको नामकरण गरिएको पनि हुनुपर्दछ । त्यसवाहेक खोलाको वालुवामा सुनको खोजी गर्ने कामलाई पनि यिनीहरूले पेसाका रूपमा गर्दछन् ।

धर्म : माझी जाति हिन्दू धर्मावलम्वी हुन् । यिनीहरूले कुलपूजा धुमधामसँग मनाउँछन् । कुलपूजालाई यिनीहरूको भाषामा 'भुइँवावा' भनिन्छ । भुइँवावाको पूजा गर्दा यिनीहरूको सुँगुर काट्छन् । दसैं पनि यिनीहरूले निकै नै रमाइलो गरी मनाउँछन् । यिनीहरूलाई प्रकृतिपूजक भन्दा पनि हुन्छ । कसलाई कुनै पनि रोगव्याध लाग्नासाथ वायुको

पूजा, सूर्यको पूजा, देउराली पूजा गर्ने गर्दछन् । विवाह, व्रतवन्धजस्ता संस्कारमा यिनीहरू ब्राह्मण पुरोहित वोलाई गराउने गर्दछन् ।

भाषा : माझी जातिले बोल्ने भाषा र थारु जातिले बोल्ने भाषा एउटै थारु भाषा हो तापनि मैथिली र भोजपुरी पनि बोलेको पाइन्छ । बाबुलाई बाबा, भाइलाई भैया, स्वास्नीलाई जन्नी, भाउजुलाई भौजी, भिनाजुलाई भाटु, बहिनीज्वाइँलाई भैने आदि थारु माझी दुवैमा यही भनिन्छ ।

चाडपर्व : माझी जातिले मनाउने मुख्यमुख्य चाडपर्वहरूमा भुइँबाबा (कुलपूजा) अगहनी एकादशी, मार्ग एकादशी), होरेरी (फागुपूर्णिमा) माघी (माघे संक्रान्ति), एमोस (पितृऔंसी), सहराई (गाइतिहार) आदि हुन् । भुइँबाबाको पूजा यिनीहरू फूलपातीको भोलिपल्ट मनाउँछन् । नाचगान गर्ने, रक्सी खाएर मात्ने, महिलाका कपडा लगाएर नाच्ने गर्दछन् । अगहन एकादशीका दिन व्रत बस्ने र फलाहार गर्ने गर्दछन् । भोलिपल्ट पिपलमा पानी चढाएर वर मागेपछि मात्र भोजन गर्छन् । माझी जातिहरूको अत्यन्तै रमाइलो चाडपर्वमा माघे संक्रान्ति पर्दछ । यो पर्वमा अनदी चामलको परिकार बनाएर खाने चलन छ । मासु, जाँडरक्सी यो पर्वमा अत्यन्तै चल्दछ । कोहीकोही जाँडले मातेर बाटाघाटामा लडेका हुन्छन् । झैझगडा गरिरहेका हुन्छन् त कोही लम्पसार सुतेका हुन्छन् । माघे संक्रन्तिको भोलिपल्ट कुनै साधुलाई दक्षिणा दिने गर्दछन् ।

माझी जातिका प्रत्येक चाडपर्वमा जाँड रक्सी र मासु नभई हुन्न । अमोसा अर्थात् पितृऔंसीमा पनि जाँडरक्सी र मासुको प्रयोग त्यसै गरी प्रशस्त मात्रामा हुन्छ । यो दिन वर्ष दिनभरिको झैझगडा, रिसरागलाई विर्सेर एकले अर्कालाई सम्मान गर्ने दिन हो । सहराई (गाईतिहार) मा गाईगोरुलाई हरियो घाँस दुवो, हरियो धान, आदि खुवाउने गरिन्छ । भोलिपल्ट कृषि उपकरण मानिएका हलो, हिंगा, जुवा, पखाल्ने गरिन्छ र आँगनमा लिपपोत गरेर हलो, हिंगा, जुवा राखिन्छ । यो वर्षे खेती अन्त्य भएको सूचनास्वरूप मनाइने चाड हो ।

थरहरू : माझी जातिमा पनि अन्य जातिमा झैँ थर विभाजन गरिएको छ । सुनधुवाँ, कद्दारे थरवोटे, कुसर, मुसर आदि माझी जातिका थर हुन् ।

माझी जातिमा विवाह : यो जातिमा विवाह सानै उमेरमा गरिदिने चलन छ तर आजभोलि भने अन्य समाजको सम्पर्कमा आएर १६-१७ वर्षको उमेरमा गरिदिन्छन् । प्राय:जसो केटाकेटीले एक अर्कालाई मन पराएपछि मागी विवाह गरिदिने गर्दछन् । विवाहमा वाहुन पुरोहित राख्ने गर्छन् र माछामासु, जाँड रक्सीको प्रयोग पनि अत्यधिक मात्रामा गर्छन । यिनीहरूमा सट्टापट्टा विवाह निकै हुन्छ । सम्भव भएसम्म जुन घरवाट दुलही ल्याइन्छ त्यसै घरमा दिदीवहिनी दिने चलन छ ।

मृत्यु संस्कार : माझीहरूमा मानिस मर्दा जलाउने चलन छैन । गाड्ने गर्दछन् । मानिस गाडेको चिहानमाथि मृतकले ओछ्याउने गरेको खटिया उत्तानो पारेर राखिदिने गर्दछन् र अन्य सिरक डसना गुन्द्री पनि त्यहीं छाडिदिन्छन् । किरिया वस्ने चलन यिनीहरूमा हुँदैन ।

४१. मार्फाली
(Marphalis)

मूलथलो : मार्फालीहरूको वसोवास निश्चित् क्षेत्रमा मात्र सीमित छ । विशेष गरी मुस्ताङ जिल्लाको मार्फा गाविसको 'मार्फा' गाउँ यिनीहरूको मूल थलो हो । यिनीहरू यहींबाटै बसाई सरी बुटवल, काठमाडौ, पोखरा र जोमसोम पुगेका हुन् । मार्फा गाविसको पनि खासगरी वडा नं. १, २, ३ र ४ मा यिनीहरूको वस्ती पाइन्छ । यो जातिलाई लोपोन्मुख जातिका रूपमा लिइन्छ ।

यो जातिलाई कुनै पनि लेखक, अनुसन्धान्ताले छुट्टै जनजातिका रूपमा किटान गरी अनुसन्धान गरेको पाइँदैन । कतै पाँच गाउँले त, कुनै थकाली जनजातिका रूपमा विश्लेषण गरेका छन् । डोरवहादुर विस्टले (People of Nepal) मा चिमाड, स्याङ, खैरो, मार्फा र ठिनी आदिलाई एउटै समूहभित्र राखेका छन् ।

त्यसै गरी साझा प्रकाशनद्वारा २०३६ मा प्रकाशित र नगेन्द्र शर्माद्वारा लिखित 'नेपाली जनजीवन' मा यस जनजातिलाई पाँच गाउँले भनेर लेखेका छन् । अर्का लेखक : Micheal Vinding को Thakali's नामक पुस्तकमा थकाली जनजातिलाई ३ हाँगामा विभक्त गर्दै यो जनजातिलाई थकालीकै एक हाँगो बताएका हो । यिनीहरू स्वयं पनि आफूहरूलाई थकाली नै बताउँछन् ।



जनसंख्या : मार्फा गाउमा यिनीहरूको जनसंख्या ११८ घर धुरी र कुल जनसंख्या करिव २००० रहेको छ । आजभोलि यिनीहरूको वसोवास म्याग्दी, वेनी, पोखरा, तनहुँको दमौली, आँवुखैरनी, वेलचौतारा भिमाद, बुटवल, मुग्लिङ भैरहवा, नेपालगंज, सुर्खेत गोर्खा र काठमाडौंमा भएको पाइन्छ ।

खानपान : यिनीहरूको मुख्य खाना फाफरको ढिँडो, आलु, उँवा, गहुँको सातु, याक, च्याङ्ग्रा, भेडाको मासु, सुकुटी तथा दाल, भात, तरकारी हो । जाँड, रक्सी, छ्याङ, नुनको चिया आदि यिनीहरूका प्रिय पेय हुन् । यिनीहरूले आरु, स्याउ, गहुँ, उँवा आदिको रक्सी बनाउने गर्छन् ।

घर : यिनीहरूको घरको बनावट गुचुमुचु परेको, घरको छाना सम्म परेको घरक मूलढोका रातो माटोले लिपिएको र सफासुघर हुन्छन् ।

भेषभूषा : यिनीहरूका पहिरनमा पुरुषहरूले लगाउने खासगरी बख्खु, डोज पाइकन, ओभरकोट र महिलाहरूले न्होको नफुटुम, टाङचर, जामा, पटुका हुन् ।

गरगहना : यिनीहरूले लगाउने गहनामा मुगा वा सुनले बनेका कन्ठी, टप, सुनक बाला र औंठी आदि हुन् ।

थर र गोत्र : यिनीहरूको चार गोत्र भएको पाइएको छ । जस्तै पुटेन फोवे, घोम्लिथ्योव फोवे, रहोतन फोवे र घोम्लिच्याङप फोवे आदि । यी चारै थरको सामुहि थरका रूपमा चारचन थर भनेर पनि भन्ने गरिन्छ । जस्तै : पुटेन फोवेलाई हिराच घोम्लि थ्योवे फोवेलाई जुहारचन, रहोतन फोवेलाई लालचन र घोम्लिच्याङप फोवेल पन्नाचन भनिन्छ ।

भाषा : यिनीहरू बोल्ने भाषा पनि भारोपेली (भोट-वर्मेली) परिवारभित्रैको भा हो । यिनीहरू अधिकांश मातृभाषामै बोलचाल गर्छन्, तर वाहिरका मानिससँग बोल्नुप चाहिँ नेपालीमै बोल्छन् ।

जस्तै : एकलाई की, दुईलाई डी, भातलाई कन तीनलाई सोम, आगोलाई मे चारलाई म्ली, पाँचलाई ङ, छलाई टु, सातलाई डीम, आठलाई प्रे, नौलाई च्यू, आजलाई तिं भोलिलाई नाम, हिजोलाई तिल आदि

संस्कारहरू : यिनीहरूका संस्कारलाई खासगरी जन्म, विवाह र मृत्यु गरी ती भागमा विभक्त गर्न सकिन्छ ।

जन्मसंस्कार : यिनीहरूमा गर्भाधानदेखि न्वारन नगर्दासम्म अशुद्ध मानिन्छ । न्वार ३ दिनदेखि ९ दिनसम्ममा गर्ने गर्छन् । यिनीहरूमा न्वारन गर्दा तिब्बती लिपिव मार्फालीहरूको पुरेतले गराउँछन् । नामकरण गर्दा खासगरी राशिअनुसार गर्ने गर्छन् यिनीहरूका राशिमा खरायो, सिंह, ड्रागन, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर, सुँगु फ्याउरो, मुसा आदि छन् ।

विवाह : यिनीहरूमा १६ वर्षदेखि २५ वर्षका बिचको उमेरमा विवाह गर्ने चल छ । समुदायभित्र र अन्तर्जातीय विवाह यिनीहरूमा वर्जित छ । हाडनातामा विवाह गरे कडा सजायको व्यवस्था छ । मामा, फुपुचेलीसँग भने विवाह गर्छन् । खास गरी मा विवाह, चोरी विवाह, प्रेम विवाह र पुनः विवाह गर्ने गर्छन् ।

धर्म : मार्फालीहरू बौद्धमार्गी हुन् । यिनीहरू धामीझाँक्री भूतप्रेत आदिमा विश्व गर्छन् ।

चाडपर्व : मार्फालीहरूको मुख्य चाड 'तेरमिन' 'फाल्ह' हो । तेरमिन फागु पूर्णिमा वरिपरि पर्छ भने 'फाल्ह' चाड भाद्र महिनामा पर्छ । यी दुवै चाड यिनीहरू हिन्दूहरूको दसैं तिहारजस्तै धुमधामसँग मनाउँछन् ।

कृषि पशुपालन : मार्फालीहरूलाई आफ्नो कृषिबाट तीन चार महिनामात्र खान पु बाँकी समय व्यापार, ठेक्का नोकरी गरी जीवन धान्छन् । उनीहरूको मुख्य बाली उवाँ, ग फापर, मकै, जौ, तोरी, फलफूलमा स्याउ, आरु, खुर्पानी, अंगुर तरकारीमा लसुन, गाज

मुला, सलगम, गोवी, आलु, पशुपालनमा च्याङ्ग्रा, भेडा, घोडा, खच्चड, लुलु, झोपा अदि हुन् ।

शैक्षिक अवस्था : यो जातिको शैक्षिक अवस्था अत्यन्तै पछि परेको छ । पहिला-पहिला यिनीहरू माइला छोरालाई लामा र माइली छोरीलाई झुमा वनाउने गर्दथे त्यसैले यिनीहरूमा शिक्षादीक्षाको कमी आएको हो । यो जातिमा एम.बि.बि.एस. गरेका १ जना, एम.ए. गरेका २ जना वी.ए. २० जना आई.ए. २० जना र एस.एल.सी. गरेका ३२ जनामात्र पाइएको छ ।

मृत्यु संस्कार : यो जातिमा कसैको मृत्यु भएमा लासलाई कालिगण्डकीको पानीद्वारा लिपपोत गरी त्यहींवाटै ल्याएको वालुवा छर्किई लासलाई शुद्ध स्थानमा राख्छन् । त्यसपछि गाउँलेहरू र नातेदारहरू जम्मा हुन्छन् । लासलाई सवैले पूजा गर्छन् । १०८ वत्ती वाल्छन् । अन्त्येष्टिचाहिँ सोमवार, बुधवार र विहीवारमात्र गर्छन् । मलामी जाँदा दमाहा वजाउँछन् । लासलाई जलाउने, गाड्ने दुवै गर्छन् । छोराहरूले कपाल खौरिन्छन् र सेता कपडा लगाउँछन् । मृतकका घर फर्केपछि मलामीहरूले जाँड रक्सी खान्छन् । १३ औं दिनमा शुद्ध हुने गर्छन् ।

४२. मुगाली
(Mugalis)

मूलथलो : यो जनजातिको नामकरण पनि स्थान विशेषकै आधारमा भएको छ कर्णाली अञ्चलको मुगु जिल्लाको मुगुकरन क्षेत्रमा वसोवास गर्ने भएकाले यिनीहरू मुग भनिएका हुन् । त्यहाँ यिनीहरूका १३ गाउँ छन् । त्यसवाहेक जसमा मुगु, डोल्फु, च्युते, स्यारोक, तिहार, किर्मी, माङ्ग्री, वाङ्ग्री, कटिक र दाउराका साथसाथै अन्य जिल्लामा पनि मुगालीहरूको वसोवास रहेको पाइन्छ । अर्थात् करन क्षेत्रमा १२ गाउ मुगुमा १ गाउँका वासिन्दा मुगाली हुन् ।

भाषा र धर्म : यिनीहरूले तिव्वतीयन भाषा बोल्दछन् । बुद्ध धर्म मान्दछन् यिनीहरूका रहनसहन, पोसाक, संस्कार सबै तिव्वतीहरूसँग मिल्दछ । यिनीहरूको प्र चाड ल्होसार हो ।



पेसा : यिनीहरूको मुख्य पेसा तिव्वतसँगको व्यापार हो । त्यसवाहेक धेरै मात्रामा कृषि पशुपालन पनि गर्दछन् । कृषि पेसाले यिनीहरूलाई वर्षभरि खान नपु भएकाले व्यापारलाई नै मुख्य पेसा वनाएका छन् । १२ करन क्षेत्रका वासिन्दा खेती गर्दछ भने मुगुमा वस्नेहरू व्यापार गर्दछन् ।

शिक्षा : मुगालीहरू शिक्षाका क्षेत्रमा पनि निकै पछाडि छन् । यिनीहरूमा साक्षर प्रतिशत अत्यन्तै न्यून छ । उच्च शिक्षा प्राप्त गरेका मुगाली शून्य वरावर छन् भ प्रवेशिका पाससम्म गरेका भने फाट्टफुट्ट भेटिन्छन् ।

संस्कार : मुगालीहरूले मनाउने प्रमुख संस्कारहरूमा जन्म, छेवर, विवाह अन्त्येष्टि हुन् । यिनीहरू लासलाई जलाउने गाड्ने दुवै गर्दछन् ।

४३. मेचे
(Meches)

मूलथलो : मेचे जातिको प्रामाणिक इतिहास वा ऐतिहासिक तथ्यहरू अझैसम्म प्राप्त भइनसकेका कारण मेचेहरू को हुन् भनेर प्रश्न गर्नेबित्तिकै कुनै न कुनै किंवदन्ती हाम्रा अगाडि तेर्सिन आइपुग्छन् । जसअनुसार एउटा किवदन्ती यस्तो छ- "किराँत कालमा पहाडबाट मदेस झरेका लिम्बु जातिका २ दाजुभाइ परदेश गएर सम्पत्ति कमाउने अभिप्रायले जाँदै गर्दा बाटामा घनघोर जंगल परेछ । त्यत्तिकैमा दाजुलाई अनायास दिसा लागेछ र जंगल पसेछ । दिसा गरेर फर्किंदा उसले भाइलाई त्यस ठाउँमा देखेन र भाइ पनि कतै अलमलियो होला भनेर लामो पर्खाइपछि भाइ नहरावस् भन्ने अभिप्रायले बाटो देखाउने चिनोका रूपमा केराको दाम्चा (फेंद) लाई खुकुरीले काट्दै-काट्दै ऊ पहाडतिरै फर्किएछ ।

त्यही बिचमा गोठालाहरूले बदमासी गरी केराका अरू दाम्चा पनि काटेर अलमल पारिदिएछन् । कोही-कोही भन्छन्- उसले केराको दाम्चा नकाटी बोडधमेरो नामको रुखको बोक्रा काट्दै गएको थियो, पछि भाइ फर्किएर आउँदा त्यस रुखमा कालो दाग लागेको देखेर मूल बाटो कुन हो भनी पत्ता लगाउन सकेनछ र यसरी चिनो नभेटी अल्मलिनु परेपछि भाइ मदेसमा नै बस्न थाल्यो । त्यही भाइका सन्तानहरू पछि मेचे जातिका नामले परिचित भए ।[३०] यिनीहरूलाई बोडो पनि भनिन्छ । भारतको पूर्वी प्रान्त आसामका बोडो जातिसँग यिनीहरूको धेरै कुरामा सामीप्यता पाइन्छ ।

जनसंख्या : २०५८ को जनगणनामा यस जातिको जनसंख्या ३७६३ रहेको छ । यसो हुनाले यो जाति पनि अल्पसंख्यक जनजातिमा गणना हुन्छ ।



बसोबास : मेचे जातिको स्थायी बसोबास अहिले मेची अञ्चलको झापा जिल्लाको जंगली क्षेत्रमा मात्र पाइन्छ त्यसैले मेचेहरू भन्ने गर्छन्- "मेची नदीको नाम राख्ने हाम्रै पुर्खा मेचेहरू नै थिए । नेपाली इतिहासमा जति पुरानो मेची नदीको नाम छ त्यसभन्दा पनि हाम्रो जात मेचे पुरानो हो ।"

---

३० मेचे जाति एक चिनारी, गोरखापत्र, साउन २१, २०४० ।

भेषभूषा : मेचेहरूको रहनसहन, भेषभूषा, शारीरिक बनावट र रीतिरिवाज हेर्दा यिनीहरू मंगोलियन परिवारभित्रका हुन् भन्न सकिन्छ । कालो वर्ण, गठिलो शरीर, ४ देखि ६ फुट अग्ला, शैवधर्मावलम्वी मेचेहरूमा नारीहरूले वक्षस्थलदेखि घुँडासम्म छोपिने एउटा कपडा (पेटान) तथा पुरुषले कछाड या लगौँटी लगाउने गरेको पाइन्छ । हिजोआज भने आधुनिकतासँगै यिनीहरूका पहिरनमा पनि परिवर्तन आइसकेको छ ।

पेसा र खानपान : यिनीहरूको मुख्य पेसा खेती हो । तराईका जमिनको उब्जाउ प्रकृतिअनुसार धान, मकै, गहुँ, सागतरकारी, तोरी, सनपाट, सुर्ती आदि खेती गर्दछन् । तराईमा यिनीहरूलाई खेतीका काममा विशेष सिपालु र लगनशील मानिन्छ । घोंगी (शंखे किरा) र माछा खान यिनीहरू असाध्यै मन पराउँछन् । घरमा पाहुना आउँदा वा बिहावारीमा, पूजाआजा वा भोजभतेरमा यिनीहरूले विशेष गरी जाँडरक्सी पिउने, सुंगुरको मासु केराको पातमा राखेर खाने गर्दछन् । जबसम्म जाँडले मातेर पाहुना लड्दैनन् तबसम्म पाहुनालाई सम्मान नपुगेको यिनीहरूले ठहर गर्दछन् । यिनीहरू मिलनसार, नम्र, जोसिला र सोझा खालका हुन्छन् । यिनीहरूमा शिक्षाको अझै पनि कमी छ र समाजमा उपेक्षित छन् ।

जात र थर : मेचे जातिमा नार्जीनारी, बुसमतारी, छौफ्रारी, मच्छाहारी, गयारी, हाजोआरी, हायैनारी, रौगदैहारी, सर्गीयारी, बौआरी, दैमारी, काफलारी र वरयगारी गरी १३ थरहरू अहिलेसम्म पाइएको छ ।

विवाहप्रथा : यिनीहरूले वैवाहिक सम्बन्ध राख्दा एउटै थरमा जोड्छन् । हाडनातामा विवाह वर्जित छ । त्यस्तालाई कठोर दण्ड दिन्छन् । मेचेहरूमा पाँच प्रकारका विवाह प्रथा कायम रहेको पाइएको छ जो निम्न छन्- (१) घिस्याई विवाह, (२) फकाई विवाह, (३) विधवा विवाह, (४) मागी विवाह र (५) घरज्वाइँ बस्ने विवाह । मेचेहरूमा दुलाहा लिएर जन्ती जाने चलन छैन । दुलाहाका संरक्षक, दाजुभाइ, आफन्त, पुरोहित, लगायत र गाउँका ठूलाठालुलाई लिएर जन्ती जाने चलन छ । दुलाहाका दिदीबहिनी, भाउजुहरू अनिवार्य रूपमा जन्ती जानुपर्दछ ।

धर्म र संस्कृति : प्रत्येक मेचेहरूका घरका आँगनमा देवस्थान बनाइएको हुन्छ । कुलदेवता रहेको कोठालाई उनीहरू आफ्नो भाषामा 'नो-मानो' भन्छन् । मेचेहरूमा ५ प्रकारका पूजा गर्ने प्रचलन छ जसलाई खिदाई, नाउन, आई, बिन्दुसरी र बाठो भनिन्छ । मेचेहरूले आफ्ना पुरोहितलाई राजा भन्दछन् र प्रत्येक पूजामा राजाकै प्रमुख भूमिका हुन्छ ।

शैक्षिक अवस्था : मेचेहरूमा शिक्षाको अभाव छ । २०२५ सालतिरै एस.एल.सी. पास गरिसकेका पुष्पराज मेचे प्रथम शिक्षित मेचेमा गनिन्छन् ।

चाडपर्व : मेचेहरूले लक्ष्मीपूजा, फागुपूर्णिमा, नववर्ष यी तीनवटा चाड अनिवार्य रूपमा मनाउँछन् ।

मृत्यु संस्कार : मेचेहरूमा कसैको मृत्यु भएमा त्यसको मुख ढाक्दैनन् । उनीहरूका पुरोहितले दाहसंस्कार या गाड्ने जस्तो ओदश दिन्छ त्यस्तै गर्छन् । जेठो छोराले किरिया बस्नुपर्छ । किरिया बस्नेले निरामिष भोजन गर्नुपर्छ । श्वेत वस्त्र धारण गर्नुपर्छ । जाँडरक्सी खानु हुँदैन । मृत्युभोजमा चाहिं रक्सी, जाँड, मासु सबै खाने चलन छ ।

४४. राई
(Rais)

मूलथलो : हिमाली खण्डमा बसोबास गर्ने सर्वाधिक प्राचीन जातिमध्ये किराँत जाति पनि एक हो । राई किराँत जाति हो र यसमा राई र लिम्बु गरी २ थर छन् तर पनि संस्कार र रक्तको दृष्टिले सबै एकसूत्रमा आवद्ध छन् ।

राईहरूको मूलथलो पूर्वी पहाडको वल्लो किराँत, पल्लो किराँत र माझ किराँत हो । अर्थात् इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, उदयपुर, ओखलढुंगा, सोलुखुम्बु, भोजपुर, खोटाङ र धनकुटा जिल्ला किराँती राईहरूको मूलथलो हो । यसका अतिरिक्त पूर्वीतराईको सप्तरी, मोरङ र झापामा समेत राईहरूको बसोबास भएको पाइन्छ । राईहरूमा अलगअलग भाषा बोल्ने र अलगअलग चालचलन भएका धेरै थरहरू पनि छन् । राई शब्द खासगरी कुनै जातिको नाम नभई गाउँको मुखिया या ठालु जनाउने शब्दमात्र हो । अर्थात् बाहुनलाई पण्डितजी र थारूलाई चौधरीजी भनेझैँ ।

राईहरू कहाँबाट आएका हुन् भन्ने विषयमा विद्वान्हरूमा मतैक्यता नभई थरीथरीका मतहरू व्यक्त भएका छन् तापनि यिनीहरू नेपालका मूल बासिन्दा हुन् भन्नेमा चाहिँ सन्देह छैन । हाम्रा पौराणिक ग्रन्थहरूमा समेत किराँत शब्दको उल्लेख भएको र नेपालमा लिच्छवीहरूको शासनभन्दा पहिले किराँतहरूको शासन भएको तथ्यले यिनीहरू आदिवासी हुन् भन्न कुनै संकोच मान्नुपर्दैन ।



जनसंख्या : २०४८ सालको जनगणनामा राईहरूको जनसंख्या ५२५५५१ देखाइएको छ । त्यसमा २५८९२२ पुरुष र २६६६२९ महिला छन् । त्यसै गरी २०५८ को जनगणनामा यिनीहरूको जनसंख्या ६३५१५१ पुगेको छ । यसमा याखा राईहरूको जनसंख्या समावेश गरिएको छैन । २०५८ को जनगणनामा याखा राईहरूको जनसंख्या १७००३ देखिन्छ ।

थरहरू : राईहरू खोला र पहाडहरूमा बसोबास गर्ने हुँदा यिनीहरूका थर पनि अलग-अलग छन् । छिलिङे, माङबुङ, होम्बारक, छारा, पाङसुङ, फोक्खिम, खावादुक, लेङसुवा, किम्दाङ, चरिङमे, छोङदेन, पात्रे, छिगेवा, रोदुवा र चल्ले यी १५ थरी राईलाई आठ

पहरिया राई भनिन्छ । यी १५ थरमध्ये तपसिलका ५ थरहरूका पनि तपसिलका उपथरहरू छन् ।[31]

१. छिलिङे : सय माछा, असी माछा ।

२. छारा : सावोक्या, मादोक्या ।

३. छिगेवा : वलिथोर, तिगाथोर ।

४. किम्दाङ : साप्ला, बाबुन ।

५. होम्वारक : खाम्बोङवा, काशीगोत्र, लासागोत्र

घरको बनावट : राईहरूका घर ढुंगा र माटोले बनेका हुन्छन् । यिनीहरूका घरमा पूर्वतर्फ एउटा र दक्षिणतर्फ एउटा ढोका राखिएको हुन्छ । घरहरू अधिकांश दुई तले हुन्छन् । घरको छानो खर र चित्राले छाइएको हुन्छ । गेरु र कमेरो माटोले घर लिपेका हुन्छन् ।

खानपान : सुंगुर, कुखुराचाहिं हरेक राईहरूले पालेकै हुन्छन् । जाँडरक्सी यिनीहरू निकै पिउँछन् । मकै, कोदो र अलिअलि गहुँ यिनीहरूको मुख्य खेती हो । गाई, भैंसी, भेडा, बाखा पालेर मासु तथा दुध उत्पादन गर्दछन् । वान्तवा थरका राईमा रक्सी, बोकाको मासु खान हुन्न भन्ने मान्यता रहेको पाइन्छ । जंगलमा पाइने अल्लो-पाटबाट झिकेको खस्रो धागोको भांग्रा बुनेर लगाउने चलन पनि प्रशस्तै छ । यो जातिका महिलाहरूले घाँटीमा मुगाको माला, चाँदीका मोहरका माला लगाएका हुन्छन् ।

मनोरञ्जन : राईहरू मनोरञ्जनप्रेमी हुन्छन् । यिनीहरू गीत, नाच र वाद्यवादन असाध्यै रुचाउँछन् र वाद्यवाजाका रूपमा बिनायो बजाउने गर्छन्, जो बाँसबाट बनेको हुन्छ । ओमाडाक, विसू तथा धुले पूजाका समयमा आठपहरिया राईहरूले सात दिनसम्म समूहसमूहमा विभाजित भई धनुकाँडबाट तीर हान्ने गर्दछन् । यसमा बाजीसमेत राखिएको हुन्छ । तीर हान्ने बेलामा राम्रा र सफा कपडाहरूमा सजिएर तारो हान्ने काममा सहभागी हुन्छन् । कुनै कुनै वयस्क तरुनीहरूले त आफ्नो घाँटीमा लगाइराखेको हार झिकेर आफूले मन पराएको समूह वा व्यक्तिलाई तारोका रूपमा थपिदिने पनि गर्छन् । जित्नेहरू गौरवान्वित हुन्छन् र उक्त हार लाने गर्छन् । त्यतिबेला सम्बन्धित युवतीले त्यो उकास्न (फिर्ता लिन) एक मुरी दुई पाथी चामल, गाग्रीभरि जाँड, रक्सी, एउटा सुंगुर, ७ रुपियाँदाम चढाएर मामामार्फत फिर्ता लिने चलन छ । हरेक राईहरूले कम्मरमा खुकुरी भिरेकै हुन्छन् । सहरमा बस्ने राईहरूमा भने यो प्रथा भेटिंदैन ।

विवाहप्रथा : राई जातिका केटाकेटीहरूले एक अर्कामा मायाप्रीति गाँसी प्रेमविवाह गर्ने गर्छन् । मायाप्रेमकै सिलसिलामा केही गरी केटीले पेट बोकिहालिछ भने पनि त्यसै केटाले नै विवाह गर्नुपर्छ र यदि गरेनछ भने पनि सुत्केरी खर्च केटाले तिर्नुपर्दछ । अन्य जातिमा झैं यो जातिमा पनि विधवा भाउजु स्याहार्ने चलन छ ।

धर्म र संस्कृति : राईहरू न त हिन्दू हुन् न त बौद्धमार्गी नै । उनीहरूको धर्ममा छिमेकी धर्महरूका कैयौं तत्त्व समावेश छ । राईहरूले जाल्पादेवी, सातकन्या र हिमालयका

---

३१ प्रज्ञा, अंक २, (क), पृ. १२ ।

देवता पुज्ने गर्छन् । यसका साथसाथै किम्वदन्तीअनुसार जिउँदै अन्तर्ध्यान भएको अन्धविश्वासमा सिकता खौ बुढी, वाल्मे बुढी, कुलु बुढी, माङतेवा बुढी, मोलु सिकारी आदिलाई देवता सम्झी खाने कुरा चढाउँछन् । प्रत्येक राईका घरमा माटाका हाँडीमा खामाङ भन्ने देवतालाई एउटा कुनामा राखेका हुन्छन् । भूमिपूजा, होम नागी, न्वागी गर्ने प्रचलन हरेक राईमा हुन्छ । नयाँअन्न खाँदा न्वागी र अपांग वालबच्चा नजन्मिऊन् भनी नागी गर्ने चलन छ ।

मृत्यु संस्कार : यो जातिमा मानिस मृत्युशय्यामा पुग्यो भने पहिले बन्दुक पड्काउने चलन छ । बन्दुक पड्काउनाको कारण हो मलामी बोलाउनु । बन्दुकको आवाजले मानिसहरू जम्मा हुन्छन् । मानिस मरेपछि मृतकलाई कतै जलाउने कतै गाड्ने दुवैथरी चलन छ । अप्राकृतिक तरिकाले मरेको व्यक्तिको शव कि त जलाइन्छ कि त नदीमा फ्याँकिन्छ । यिनीहरूको आफ्नै चिहानघारी हुन्छ । मलामी जाँदा हातमा खुँडा, खुकुरी, वन्दुक, तरबार वोकेर हाहाहुहु गर्दै लैजाने चलन छ । जलाउने वा गाड्ने काम सकिएपछि जाँड चढाउनुपर्छ । गाडेको लासको मुखमा बाँसको नली राखिएको हुन्छ जसबाट दिनहुँ सात दिनसम्म बाहिरवाट जाँड हाल्ने गरिन्छ । राईहरूमा लासलाई वाकसमा हालेर ठूला नदीमा प्रवाहित गरेको पनि पाइन्छ । मसानघाटवाट फर्केपछि मलामीलाई जति सकिन्छ त्यति जाँड, रक्सी र खाजा खुवाउनुपर्छ । ३, ५, ७, १० दिनमा शुद्ध हुने चलन छ ।

४५. राउटे
(Rautes)

मूलथलो : भारतको मध्य प्रदेशमा रावत, हिमाञ्चल प्रदेशमा रंका नामका वनमानिस पाइए झैं नेपालमा राउटे नामका वनमानिस पाइन्छन् । कुसुन्डाजस्तै यो जाति पनि जंगली र घुमन्ते जाति हो । यो अझैसम्म कृषि र पशुपालन पेसा अपनाई नसकेको महत्त्वपूर्ण जनजाति हो । यो जाति संभवतः नेपालकै प्राचीन र एसिया महाद्वीपकै अत्यन्तै महत्त्वपूर्ण जाति पनि हो तर कतिपय नेपालीलाई नै राउटेका वारेमा थाहा छैन र यो जाति पनि नेपाली हो भन्ने ज्ञानसमेत छैन । राउटेलाई मान्छे हो भनौं भने गाउँमा वस्दैन, मान्छे होइन भनौं भने मान्छे हो । राउटेलाई कसै कसैले त नरभक्षी पनि भनेर लेखेका छन् ।

राउटेहरूले आफ्नो उत्पत्तिस्थल पश्चिम नेपालको फुकोट क्षेत्र हालको सेती अंचलको सेती नदी र पूर्वमा प्युठानको माडी नदीको बिचको क्षेत्रलाई वताउँछन् । पूर्वमा प्युठान र जाजरकोट, पश्चिममा अछाम र डोटी, उत्तरमा जुम्ला, डोल्पा र दक्षिणमा दाङ, वाँके जिल्ला तिनीहरूका प्रमुख वासस्थान हुन् । जातिपातिका दृष्टिले खेतीपाती गरी राजाको तिरो तिरी खाने र स्वतन्त्रतापूर्वक जंगलमा घुम्ने राउटे गरी जम्मा २ जातमात्र छन् भन्ने गरिन्छ । उनीहरू कहिलेदेखि उक्त क्षेत्रमा छन् भन्ने कुराको पुष्टि भइनसके तापनि हजारौं वर्षदेखि वस्दै अएको अनुमान गरिन्छ ।



राउटे शब्दको व्युत्पत्तिका सम्वन्धमा चुडामणि वन्धुले राउत शब्दवाट राजपुत्र-राअउत-राउत-राउते हुँदै राउटे शब्द वनेको अनुमान गरेका छन् र यिनीहरू आफूलाई राजाका हेपिएका भाइका सन्तान वताउँछन् भनेर लेखेका छन् ।[३२]

राउटेहरूको उत्पत्तिका सम्वन्धमा उनीहरूले सुनाउने किंवदन्ती यस प्रकार छ :

राउटेवारे एक किंवदन्ती : संसारमा चार जातका मानिस छन् । ब्रह्माका सन्तान ब्राह्मण । विष्णुका सन्तान ठकुरी । महेशका सन्तान मगर (मंगोल) र विश्वकर्माका सन्तान लोहार । यीमध्ये विष्णुका सन्तान ठकुरीहरू फुकोटमा वस्थे । उनीहरू सात भाइ

---

३२ चूडामणि वन्धु : राउटेहरूको सांस्कृति अध्ययन प्रतिवेदन, २०४४ ।

थिए । एक दिन ती सात भाइ र वावुसमेत भई भात खान बसेका थिए । ८ वटा थालमा भात पस्किइएको थियो । खानेवेलामा माइलो भाइ अचानक सन्कियो र बाबुको थालको भातसमेत आफ्नो थालमा खन्याएर खान थाल्यो । आफू भोकै बस्नुपर्ने भएपछि वावु रिसायो र मेरो भाग किन खाइस् ? मलाई किन भोकै पारिस् भन्दै झम्टियो । अन्य ६ भाइले छुटचाए । त्यसपछि माइलो भाइ डरायो र भन्यो- भैगो मलाई नमार । मलाई छाडी देऊ । म वरु अन्तै गएर बसुँला । त्यसपछि ऊ भागेर फुकोटको ओरालो झर्दाझर्दा धेरै पर जंगलमा गई काठको काम गरेर घुमन्ते जीवन बिताउन थाल्यो । त्यही माइलो ठकुरीका सन्तान राउटेहरू हुन्[३३] । त्यसरी फुकोटलाई राउटेहरूको मूलथलो मानिएको हो ।

खानपान : राउटेहरूले आफूलाई वनराजाका रूपमा प्रस्तुत गर्दछन् र बाँदर, ढेंडुवाको सिकार गर्छन् । वनका कन्दमूल खान्छन् । गोरस खाँदैनन् । लोग्ने मान्छेहरू सिकार गर्ने, काठका भाँडा वनाउने गर्छन् भने आइमाईहरू दाउरा बटुल्ने, कन्दमूल खोज्ने र खाना बनाउने गर्दछन् । राउटेहरू चोट लागे खोटो टाँस्छन् । टाउको दुखे झारपात खान्छन् । घस्नुपर्दा खरानी घस्छन् । झारफुक पनि त्यत्तिकै गर्छन् ।

यिनीहरू स्याउलाका अस्थायी छाप्रामा वस्छन् तर गाउँमा कहिल्यै वस्दैनन् । एक ठाउँमा १५-२० दिन या एक महिनाभन्दा बढी पनि बस्दैनन् र एकपटक बसेर छोडेको स्थानमा १२-१४ वर्षभन्दा अगाडि फर्किंदैनन् । यिनीहरू खोलाको वग्ने पानी खाँदैनन् र मूलको पानीमात्र खान्छन् । यिनीहरू रुपियाँ-पैसाको संग्रह गर्दैनन् । बन्चरो, बछुला भने जहिले पनि साथै लिएर हिंड्छन् । यिनीहरू अरूजस्तो गफठट्टा गरेर समय बिताउँदैनन् वरु खाली समयमा टुनी, खिर्रो, सिमल आदिका काठका आरी, सन्दुस जस्ता भाँडा बनाइरहन्छन् । एक ठाउँवाट उठेर हिंडे भने पछाडि फर्केर हेर्दा पनि हेर्दैनन् । कसैको सित्तैमा लिने, झुठो बोल्ने र ठग्ने कहिल्यै गर्दैनन् । कसैले ठग्न खोजे रिसाउँछन् ।

भेषभूषा : राउटेका लोग्ने मानिसहरूले लगाउने पोसाक पिठ्युँमा गादो, शिरमा टोपी या फेटा र लँगौटी मात्र हो भने आइमाईहरू वुट्टा भएको खस्रो कपडाको घुँडाघुँडाको फरिया र छोटो चोलो लगाउँछन् ।

गहना : गहनामा फलाम, पित्तल या आल्मुनियमवाट वनेका गहना कान, घाँटी र नारीमा लगाउँछन् ।

शारीरिक वनोट : यिनीहरूको शरीरको वनोट होंचो कद, चौडा छाति, छोटा हातखुट्टा, वाटिएका पिँडौला, पातला दाह्रीजुंगा, खस्रा केश, शरीरमा कम रौं राउटेको शारीरिक पहिचान हो ।[३४] राउटेहरूको शारीरिक वनोटका वारेमा योगी नरहरिनाथको मतअनुसार- अग्लो कद, रातो वर्ण, सुगठित मांसपेशी, सुदृढ हाड भएका हुन्छन् ।[३५]

शारीरिक वनोटका विषयमा यात्री र योगी र अन्य कुरामा मिल्दोजुल्दो नै वताए पनि कदका विषयमा भने विरोधाभास छ । एउटाले छोटो कद र अर्काले अग्लो कद बताइनु सायद आ-आफ्नै कदका राउटे भेट्टाएछन् क्यारे ।

भाषा : राउटेहरूले वोल्ने भाषा खाम्ची भाषा हो । यिनीहरू पनि कुसुन्डाहरूले झैं दुध खाँदैनन् । हरेक पूर्णिमामा अक्षता र फूलपातीले मस्टको पूजा गर्छन् । मस्टवाहेक भुँयार र सूर्यको पनि पूजा गर्छन् । यो प्रजातिको अनुवांशिक नाता अस्ट्रेलोइड परिवारसँग निकटस्थ रहेको अनुमानसमेत गरिएको छ ।

---

३३ युवराज लुइटेल : भ्रमणशील राउटे, पृ. १३

३४ पूर्णप्रकाश नेपाल यात्री : राउटे लोकजीवन, पृ. १८ ।

३५ योगी नरहरिनाथ : इतिहासप्रकाश, संख्या २, पृ. ८ र १३

जनसंख्या : यिनीहरूको संख्या अधिराज्यभर जम्माजम्मी २०० को हाराहारीमा रहेकोमा मानवशास्त्रीहरू एकमत छन् । राइनहार्डले चाहिं १०५ देखि १४० जनासम्म हुनसक्ने अनुमान गरेका छन्।[३६] मेचीदेखि महाकालीको राउटेसम्बन्धी विवरणमा पनि राउटेको संख्या १०४ देखि १४० सम्ममात्र भनिएको छ ।[३७] २०४८ सालको जनगणनामा भने राउटेको संख्या ९५५ पुरुष र २१२३ महिला गरी २८७८ उल्लेख भएको छ । जसलाई सबै मानवशास्त्रीहरूले गम्भीर त्रुटि भनेका छन् । २०५८ को जनगणनामा यस जातिको जनसंख्या ६५८ रहेको छ ।

विवाहप्रथा : राउटेहरूले विवाह गर्दा वंशान्तर विवाह गर्ने गर्छन् । एउटै वंशभित्र विवाह गर्नुलाई पाप कर्म ठान्छन् ।

धर्मसंस्कृति : साउने संक्रान्ति, दसैं, पुसे संक्रान्ति, माघे संक्रान्ति, चैते दसैंजस्ता चाडपर्व मान्ने गर्छन् । दसैंमा मान्यजनसँग टीका लगाउँछन् । खसी, कुखुराको बलि चढाउँछन् । जाँडरक्सी मासु खान्छन् । नाचगान गर्छन् । भात, पुवा मन पराउँछन् । अरूले मारेको वा आफैं मरेको जनावरको मासु खाँदैनन् । बाँदरको मासु काँचै पनि खान्छन् र पोलेर पनि खान्छन् । आफैंले देखेको मात्र पत्याउँछन् । आफूले बनाएका काठका भाँडा गाउँमा गई अन्नसँग साटेर जंगल फर्किन्छन् । आफूले जानेका उखान टुक्का अरूलाई सिकाउने र सुनाउने गर्छन् । जमिन खनीखोस्री गरेर खेती गर्न मान्दैनन् । लोग्ने मानिस नाच्छन् तर आइमाईलाई नाच्न दिँदैनन् । आफ्नो राउटी (घर) भन्दा बाहिर बस्न मान्दैनन् र अरूलाई पनि आफ्नो राउटीमा पस्न र बस्न दिँदैनन् । लोग्ने मानिस र विधवा आइमाईबाहेक अरूले गाउँ प्रवेश गर्दैनन् ।

अन्तिम संस्कार : राउटेहरूले मान्छे मर्दा गाड्ने गर्छन् । गाड्दा मृतकका भाँडाकुडा, कपडा, उसले सिकारमा लैजाने जाल, बन्चराको बिंड सबै लाससँगै राखेर माटाले पुरिन्छ र माथिबाट ढुंगाले थिचिन्छ । मान्छे मरेको तेह्रै दिनमा चोखिन्छन् । साना बच्चा मरेमा ९ दिनमै चोखिन्छन् । किरिया बस्दा नुन खाँदैनन् । अरूका घरमा जाँदैनन् । टोपी-फेटा लाउँदैनन् । भातमात्र खान्छन् ।

---


३६ जोन राइनहार्ड : द बनराजाज, भोल्युम ४, पृ. १ र २२ ।

३७ मेचीमहाकाली, भाग ४ ।

४६. राजवंशी (कोचे)
(Rajbanshis or Koches)

मूलथलो : राजवंशीहरूको ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने यिनीहरूको ईसाको नवौंदसौं शताब्दीतिर भारतको असम र वंगालविचको जलपाईगुडी भन्ने ठाउँमा अभ्युत्थान भएको पाइन्छ । चौधौं शताब्दीतिर 'दनुजमर्दन' नाम गरेका कोच राजवंशीले त्यस क्षेत्रमा राज्यसमेत गरेका थिए र उनको राजधानीलाई दनुजपुर (दिनाजपुर) भनिन्थ्यो । उनै कोच राजवंशीहरू त्यस क्षेत्रबाट नेपाल प्रवेश गरेका हुन् । राजवंशीहरू त्यतिवेलासम्म क्षत्रिय थिए । राजवंशीहरूको मुख्य बसोबास क्षेत्र मेची अञ्चलको झापा, कोशी अञ्चलको मोरङ र सुनसरी जिल्ला हो ।

नामकरण : जनश्रुतिहरूमा वर्णन भएअनुसार "राजवंशीहरू त्रेतायुगमा परशुरामले क्षत्रियहरूलाई संहार गर्दै हिंड्न थालेपछि आफ्नो ज्यान बचाउन घरघरबाट भागी जंगल पसे र आआफ्ना घर अगाडि लसुन-प्याज झुन्ड्याएर क्षत्रियको बसोबास नभएको क्षेत्रझैं बनाएर परशुरामको क्रोधबाट बच्न सफल भए । त्यतिवेला यिनीहरूले परशुरामको क्रोधको सिकार हुनबाट बच्नका लागि शिखा (टुपी) र यज्ञोपवित (जनै) समेत त्याग गरे । हाँस, कुखुराको मासु खान थाले र लसुन प्याजसमेत खाए । उनीहरूको त्यस्तो चाला देखेपछि अन्य क्षत्रियहरूले यिनीहरूलाई क्षत्रियको दर्जा दिन अस्वीकार गरे र यिनीहरूलाइ क्षत्रियबाट भंग भएको ठहर गर्दै 'खत्री' को दर्जा दिएर राखे तर यिनीहरू भने आफूलाई खत्री भन्न संकोच मान्न थाले । यही संकोचको स्वाभाविक कारण उनीहरूलाई संकोचबाट सं हटाई 'कोच' भन्न थालियो ।



अर्को जनश्रुतिमा के पनि छ भने झापा जिल्लाको दक्षिणमा 'कीचकवध' भन्ने ठाउँ छ । त्यहाँ राजवंशीहरूको मेला लाग्दछ । कीचक नामको विराट् राजाको सेनापति थियो । त्यसलाई महावली भीमले मारेको कुरा महाभारतमा वर्णन भएको छ । त्यही कीचक आजका कोच वा राजवंशीहरूको पुर्खा थियो । यस जनश्रुतिअनुसार कोच राजवंशीहरू उसै कीचकका सन्तान हुन् भने थाहा हुन्छ तर अप्रमाणित इतिहासमाथि विश्वास गर्नु अनुचित हुन्छ । राजवंशी भन्ने शब्दको व्युत्पत्तिले पनि यिनीहरू कुनै राजाका वंशज नै हुन् भन्ने अनुमान गर्न सकिन्छ ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको जनसंख्या ८२१७७ देखाइयो छ जसमा ४११८७ पुरुष र ४०९९० महिला थियो भने २०५८ सालको जनगणनामा यिनीहरूको जनसंख्या १४२९ रहेको छ ।

धर्म : राजवंशीहरू हिन्दू र मुसलमान दुवै पाइन्छन् । हिन्दू र मुसलमान दुवै धर्मलाई ग्रहण गर्न नसकेकाहरू कोच हुन । हिन्दू राजवंशीहरूले बोल्ने भाषालाई राजवंशी भाषा नै भनिन्छ भने मुसलमान राजवंशीहरूले बोल्ने भाषालाई ताजपुरी (उर्दु जस्तै) भाषा भनिन्छ । हिन्दू राजवंशीहरूले हिन्दूकै चलन र मुसलमान राजवंशीहरूले मुसलमानकै चलनअनुसार आफूलाई ढाल्दै आएका छन् भने कोचहरूले आफ्नै चलनलाई संगाली आएका छन् । राजवंशीहरूमा तागाधारी पनि हुन्छन् ।

छुवाछुत : राजवंशीहरूभित्र पनि तल्लो जाति र माथिल्लो जाति छन् । राजवंशीभित्रको हाँडी जाति तल्लो जाति हो । यिनीहरूको काम विवाहमा बाजा बजाउनु, डोली बोक्नु, नानी जन्मेपछि नाल काट्नु, सुत्केरी सेवा गर्नु हो । यिनीहरूले छोएका अन्य राजवंशीहरूले खाँदैनन् ।

संस्कारहरू : राजवंशीहरूमा मुख्य रूपमा चार प्रकारका संस्कार प्रचलनमा रहेको पाइएको छ । ती हुन्- जन्मसंस्कार, विवाहसंस्कार, वृद्धसंस्कार र अन्त्येष्टि ।

गर्भिणी महिलाले नानी पाउनसाथ राजवंशी जातिभित्रैको अर्को तल्लो जाति हँडिनीलाई बोलाउने चलन छ तर हँडिनीलाई बोलाउन सुत्केरी आइमाईको देवर, भाइ वा भतिजो नै जानुपर्दछ अन्य व्यक्ति गए भने अति नराम्रोसँग गिज्याउने चलन छ । नवजात शिशुको नाल काट्दा ब्लेड, छुरीजस्ता धारिलो हतियारले काट्ने चलन यो जातिमा छैन । बाँसका भाटा काटेर त्यसलाई धारिलो पारी काटिन्छ । काटिएको सालनाल घरबाहिर नफाली घरभित्रै एक कुनामा खाल्टो खनेर गाड्ने चलन छ । यिनीहरूमा छैठी गर्ने चलन छैन । सुत्केरी चोख्याउने काम ३, ५, ७ दिनमा गरिन्छ र चोख्याउँदाकै दिनमा बालकको छेवर (केशमुण्डन) गरिन्छ । नामकरण पनि कुनै विधिपूर्वक नगरी बाबुआमाले नै राखिदिने चलन छ । जस्तै पानी परेको दिनमा जन्मे पानीलाल, भदौमा जन्मे भादरा, भादुरी, असारमा जन्मे असारु, असारी, मंगलबार जन्मे मंगल, मंगली यस्तैयस्तै राख्छन् । कर्णवेध संस्कार पनि औपचारिक रूपमा नगरी फूर्सत अनुसार कुनै बेला मौका पारी छेडी दिने चलन छ ।

शिक्षा : राजवंशीहरू शिक्षाको क्षेत्रमा अन्य जातिभन्दा त्यति पछाडि त छैनन् तर पनि उत्साहप्रद पनि छैन । पढ्नुपर्छ भन्ने ज्ञान यिनीहरूमा पसिसकेको छ ।

विवाह : राजवंशी समाजमा विवाहको आफ्नै परम्परा छ । यो समाजमा खासगरी मागी विवाह, प्रेम विवाह, डांगुवा विवाह र धनजिया (घरज्वाइँ) विवाह गरी चार प्रकारका विवाहप्रथा प्रचलित छन् ।

राजवंशी समाजमा प्राय:जसो मागी विवाहको प्रचलन छ । केटी माग्ने काम केटा वा बाबुआमाबाट सोझै गरिँदैन । लमीमार्फत केटातर्फबाट केटीतर्फ प्रस्ताव पठाइन्छ । लमीलाई राजवंशी भाषामा 'कारुवा' भनिन्छ । कारुवाले केटीतर्फ प्रस्ताव पुऱ्यायो भने 'राशिपाञ्जी' जुराइन्छ अर्थात् पर्वते समाजमा जुराएझैं । 'राशिपाञ्जी' जुऱ्यो भने दुल्हा हेर्ने काम हुन्छ । त्यसलाई 'दुल्हा देखा' भनिन्छ । दुलहा मन पऱ्यो भने विवाहको कुरा तय गर्ने केटीपक्षको मानिस केटाको घर जान्छन् र त्यहीं टीकाटालोको काम हुन्छ । टीकाटालोलाई यिनीहरू 'तिलक चहानी' भन्छन् । त्यसपछि 'डेला खारा' गरिन्छ । डेलाखारा भनेको विवाहका लागि केटीलाई दिनुपर्ने लुगा, कपडा, गरगहना आदि लिएर जानु हो । डेला खारामा अनिवार्य रूपमा लैजानुपर्ने सामानमा शंखले बनेका चुरा (शाखा), गाजल, (काजल) र सिन्दुर हुन् । राजवंशी समाजमा स्वयंवर गर्ने चलन छैन र दुलाहाले विवाहमा जुत्ता लगाउनु हुँदैन । खराउ (खरङ) मात्र लगाउनुपर्छ । विवाहमण्डपलाई राजवंशीहरू यज्ञस्थल भन्दछन् । यज्ञस्थल केटीपक्षले नबनाएर केटापक्षले बनाइदिनुपर्ने चलन छ । त्यो पनि जन्ती पुगिसकेपछि मात्र ।

राजवंशी समाजमा आफ्नै जातिबाट बाहुन राख्ने चलन छैन । वंगाली, मैथली, पहाडे बाहुनद्वारा कर्म गराउँछन् । यिनीहरूमा सिन्दुर हाल्ने वेलामा केटीका माइतीहरूले हेर्नु हुँदैन भन्ने चलन छ । कन्यादान दिंदा केटीका बाबुले छोरीको हात वेहुलाका हातमाथि राखिदिंदै "मेरी छोरी तिमीलाई दिएँ, पाल" भन्दछन् । उनीहरूमा यही नै कन्यादन हो । राजवंशी समाजमा पाइतो फर्काउने कार्य आइतबारमात्रै हुन्छ अन्य दिनमा गर्दैनन् । यिनीहरूमा 'द्विरागमन' गर्ने चलन छैन । विवाह भएको वर्षको भाद्र महिनामा दुलहीले पतिका घरमा नबस्ने चलन यिनीहरूमा छ ।

युवक युवतीहरूले आपसी सरसल्लाह र मायाप्रेमद्वारा गरिने विवाह प्रेमविवाह हो । यस्तो विवाह विधिविधानद्वारा नगरी मन्दिर या अदालतमा गएर गर्ने चलन छ । यो विवाह अत्यन्तै कम खर्चिलो विवाह हो । राजवंशीहरूमा हुने मागी विवाह अत्यन्तै खर्चिलो र लामो समय लाग्ने हुँदा यस्तो विवाहतर्फ उनीहरूको झुकाव बढ्दै गएको छ ।

राजवंशी समाजमा चलेको तेस्रो विवाह 'डांगुवा प्रथा' हो । घरमा जवान बुहारी विधवा भई भने घरका सासुससुराले ती बुहारीलाई अर्को कुनै केटा खोजेर ल्याई त्यसै घरमा बस्ने स्वीकृति दिन्छन् । त्यस केटाबाट सन्तान जन्मेछ भने ती सन्तान केटाको नभई बुहारीकै छोराछोरीमा गणना गरिन्छ । त्यो 'डांगुवा' बसेको केटो सधैंभरि त्यही घरमै बसिरहन सक्छ र छोडेर जान पनि सक्छ तर छोडेर गयो भने केही पनि लैजान पाउँदैन । रित्तै हात जानुपर्छ । डांगुवाको केही पनि सम्पत्ति हुँदैन ।

यो जातिको अर्को विवाह प्रथा हो 'धनजिया' अर्थात् घरज्वाइँ प्रथा । घरमा एउटीमात्र छोरी छे, छोराहरू छैनन्, केटीका बाबुआमा बुढाबुढी भएका छन् भने त्यस केटीका बाबुआमाले आफ्नो सम्पूर्ण श्रीसम्पत्ति त्यही छोरीले खाने गरी एउटा ज्वाइँको खोजी गर्छन् जो केटीकै घरमा बस्नुपर्दछ । त्यस्तो पात्र फेला पर्‍यो भने केटीका तफबाट केटाका घरमा प्रस्ताव पठाइन्छ र विवाह गरेर छोरीज्वाइँलाई घरमै राखिन्छ । यो विवाहका सबै कार्यक्रम मागी विवाहका नै हुन्छन् । यहाँ उल्लेख्य कुरा के छ भने धनजिया बस्ने ज्वाइँले ससुरालीको सम्पत्ति भोगचलनसम्म गर्न पाउँछ तर बेचविखन र बन्धक राख्न पाउँदैन । सरसल्लाहबाट बेचविखन गर्न चाहिं पाउँछ ।

मृत्यु संस्कार : राजवंशी समाजमा मानिस मर्नासाथ घरबाहिर निकालिन्छ र उत्तर सिरान पारेर सुताइन्छ । लास बेर्ने कात्रो ५ हातको सेतो हुनुपर्छ अनि ५ हातकै ओढाउने च्यादर चाहिन्छ । ४ हातको ओछ्यानका लागि र १ हातको पगडी बन्ने गरी जम्मा १४ हाते कपडा चाहिन्छ । राजवंशी समाजमा लासलाई जलाउने वा गाड्ने दुवै चलन छ । गाड्नु वा जलाउनुपूर्व लासलाई नुहाइदिने, मृतकले लगाएको सबै कपडा निकालेर आँगनमा एउटा खाल्डो खनेर पुर्ने गरिन्छ । यिनीहरूमा शनिबार र मंगलबारका दिनमा लासलाई एक्लै घाटतिर लैजादैनन् । त्यसैले लाससँगै केराको थाम पनि लिएर जान्छन् । लासलाई रातिमा अन्त्येष्टि गर्दैनन । दिउँसोमात्र गर्छन् ।

यिनीहरूले एउटै ब्राह्मणबाट धार्मिक कृत्य र मृतक कार्य सम्पन्न गराउँदैनन् । दुवै कार्य अलगअलग ब्राह्मण बाट गराउँछन् । काजकिरिया जेठो छोराबाटै गराउँछन् । जेठो नभए क्रमैले जेठोबाट गराउँछन् । छोरा नभए लोग्नेको स्वास्नीले र स्वास्नीको लोग्नेले किरिया गर्छन् । त्यो पनि नभए गोतियारबाट गराउँछन् र गोतियार पनि नभए गाउँलेले भए पनि गरिदिन्छन् । किरियाचाहिँ अनिवार्य गर्नैपर्छ ।

मानिस मरेको १२ दिनमा शुद्धिकार्य गरिन्छ । यस दिन पञ्चदान दिइन्छ र वर्षवर्षमा वार्षिक श्राद्ध गर्छन् । गया श्राद्ध गरेर अएपछि बारम्बार वार्षिक श्राद्ध गरिरहनु पर्दैन भन्ने मान्यता राजवंशीहरूमा पनि छ ।

४७. राजी
(Rajis)

मूलथलो : राजी जातिको मुख्य बसोबास क्षेत्र राप्ती अञ्चलको दाङ देउखुरी क्षेत्र र भेरी अञ्चलको सुर्खेत उपत्यका हो । तापनि यिनीहरू नेपालको पश्चिम दक्षिण क्षेत्रमा छरिएर रहेका छन् । यो जाति पनि राउटे जातिजस्तै घुमन्ते जाति हो, तर हालका दिनमा भने गृहस्थीजीवन सुरु गरेको पाइन्छ ।

जनसंख्या : यो जाति पनि नेपालका अल्पसंख्यक जनजातिकै सूचीमा पर्दछ । २०५८ सालको जनगणनाअनुसार यिनीहरूको संख्या २३९९ रहेको छ ।

थरहरू : यो जातिमा खासगरी पान्डाली, नौकुले र पूर्वीया गरी तीन थर पाइएका छन् ।



धर्मसंस्कृति : यिनीहरू धार्मिक सम्प्रदायका दृष्टिले हिन्दू वा वौद्ध जस्तो कुनै एक सम्प्रदायका अनुयायी हुन् भनेर किटान गर्ने आधार खासै पाइँदैन तापनि यिनीहरूले भवानी, कालिका, कन्याकुमारी, भारी, सेमाओ, सुनपाल, देउपाल, राजुवाली आदि देवीदवता पुज्दछन् । यसो भएको हुँदा देवीदेवताको नाम भाषागत रूपमा फरक परे पनि यी हिन्दूहरूले आराधना गर्ने देवीदेवता नै हुन् । अतः यस जातिलाई हिन्दू सनातन धर्मका नजिकको भन्न सकिने आधार वनेको छ । प्रकृतिमाथि निर्भर रहेको जीवनपद्धति रहेको हुनाले यिनीहरू प्रकृतिपूजक जातिका रूपमा पनि देखिएका छन् ।

चाडपर्व : राजीहरूले दसैं, माघी, चैते अष्टमीजस्ता चाडपर्वहरू मनाउँछन् ।

खानपिन : राजी जातिका मानिसहरू जुनसुकै चाडपर्व र धार्मिक कार्यक्रममा जाँड, रक्सी र सुँगुरको मासु अत्यधिक मात्रामा सेवन गर्दछन् ।

विवाह प्रथा : यिनीहरूमा आफ्नै जातिभित्रै विवाह गर्ने चलन छ । त्यसवाहेक मामाकी छोरी विवाह गर्ने चलन पनि यिनीहरूको रहेको छ भने दाजुकी सालीसँग पनि यिनीहरूको विवाह गर्ने परम्परा रहेको छ । यिनीहरूमा सट्टापट्टा विवाहप्रथा व्यापक मात्रामा पाइन्छ । यस जातिमा संयुक्त परिवारको प्रथा रहेको छ । त्यसो हुनाले यिनीहरूको परिवार निकै ठूलो संख्याको पनि हुन्छ ।


मृत्युसंस्कार : यिनीहरूमा लासलाई गाड्ने जलाउने दुवै चलन छ । प्रायःजसो गाड्ने नै गर्दछन् ।

४८. लेप्चा
(Lepchas)

मूलथलो : लेप्चा जातिहरू तेह्रौं-चौधौं शताब्दीतिर पूर्वबाट सिक्किम पसी त्यहींबाट हालको जलपाइगुडीदेखि उत्तर पसेका जाति हुन् भनिन्छ । लेप्चाहरू आफूलाई 'रोङ' पनि भन्दछन् । यिनीहरू पहाड र नदीका खोंचहरूमा बसोबास गर्दछन् । भोटे भाषामा पहाडलाई 'ला' र नदीलाई 'चु' भनिन्छ । त्यही पहाड नदीका किनारा र खोंचतिर बस्ने भनी यिनीहरूलाई 'ला-चु'-'ला-चु' भन्दाभन्दै अपभ्रंश भई लेप्चा हुन गएका हुन् । भारतीय तथा अंग्रेजहरूले यिनीहरूलाई लिम्बुहरूले अपमान गरी लाप्चे भनेका हुन् पनि भनेका छन् तर त्यसको कुनै सत्यता पाइँदैन ।

यिनीहरूको मूल बसोबास क्षेत्र कञ्चनजङ्घा हिमालको छेउछाउ हो, त्यहींबाट यिनीहरू पूर्वी नेपालको इलाम, भारतको सिक्किम, दार्जिलिङ र कालिम्पोङतिर झरेका हुन् । नेपालका लेप्चाहरूलाई भारतमा लाप्चा भनिन्छ ।

जनसंख्या : २०४८ सालको जनगणनामा यिनीहरूको संख्या ४८२६ देखाइएको थियो । तीमध्ये २९२२ पुरुष र १९०४ महिला थिए भने २०५८ सालको जनगणनामा यिनीहरूको संख्या ३६६० पुगेको छ ।



शारीरिक बनावट : लेप्चाहरू किराँत जातिभित्रैको जाति हुन् तापनि उनीहरूभन्दा अलग्गै देखिन्छन् । अग्ला र मझौला कद भएका, नाक अलि थोरै थेप्चो भएका, रातो वर्ण, हृष्टपुष्ट शरीर भएका विनम्र स्वभाव यिनीहरूको परिचय हो । यिनीहरू आफ्नै संस्कृतिमा हुर्किएका, आफ्नै भाषा भएका, कसैको जातीय संस्कृतिको प्रभावमा नपरेका जाति हुन् ।

लेप्चा जातिको प्राचीनता : लेप्चाहरूको प्राचीनताबारे खोजी गर्दा के पाइन्छ भने यिनीहरू इ.पू. ३३०-३२० सम्म चन्द्रगुप्तको शासनकालमा लेप्चाहरूका राजा पोहरताक पनुले चन्द्रगुप्तलाई सहायता दिन आफ्ना सिपाहीहरूलाई लिई घुंयत्रो, सोला, भाला र धनुकाँडले सुसज्जित भएर तक्षशिला पुगेका थिए भन्ने कुरा लेप्चाहरूको प्राचीन ग्रन्थ 'चुनाख आखेन' मा पाइन्छ । यसबाट स्पष्ट हुन्छ यो जाति अत्यन्तै प्राचीन जाति हो ।

आजभन्दा १३०० वर्ष पहिले कान्तिपुरका लिच्छवी राजा वसन्तदेवलाई लेप्चाहरूले सहयोग गरेको वर्णन पनि पाइनुले यिनीहरूको प्राचीनतामा शंका गर्न सकिंदैन ।

पशुपालन : पशुपालनमा यिनीहरूले गाई, सुंगुर रकुखुरा पाल्छन् । चाडपर्वहरू र विहावारीमा सुंगुर र गोरु मारेर खान्थे तर नेपालको संविधानले वर्जित गरेका कारण नेपालका लेप्चाहरूले भने गाईगोरु मारेर खाँदैनन्, मरेको खान्छन् । यिनीहरू घुयंत्रो, सोला, भाला, धनुकाँडमा निपूण हुने हुँदा सिकार गर्छन् र पशुहरू मारेर खाने गर्छन् । लेप्चाहरूले जंगलका फलफूल र कन्दमूलका बोटविरुवाको संरक्षण गर्दछन् । फलफूल र कन्दमूल खान्छन् । जंगलमै फलफूल नसड्ने गरी सञ्चय गर्नसमेत जानेका हुन्छन् । गोरु, वाखा, कुकुरलाई जंगलबाट समातेर ल्याई घरपालुवा वनाउने चलन यिनीहरूमा थियो । कुनै पनि जनावरको पोथीलाई यिनीहरू मार्दैनन् । यसवाट नारी सम्मान झल्किन्छ । लेप्चाहरूका राजा 'पनु' को राज्याभिषेकमा गोरुको रगतमा दुवै हात डुवाई सारा जनतालाई वरावर ठान्नेछु । कसैलाई काखा र कसैलाई पाखा गर्ने छैन वरावरीको व्यवहार गर्नेछु भनेर किरिया खाँदै त्यसै गोरुको सिंगलाई मुकुट वनाई राज्यभिषेक गर्ने चलन लेप्चाका राजा 'तसे थिङ'ले नै चलाएका थिए ।

खानपान : लेप्चाहरूको खाद्यान्नमा खासगरी घैया धान, जौ, मकै, जुनेलो, कोदो, फापर र तितेफापर, मिठो फापर, काउछे सिमी, आदि हुन् जसलाई लेप्चा भाषामा क्रमश: जोकुपाजो, कचेर, कुन्युङ, कोङ, मंकुप, कठुकठत तघुल भनिन्छ । यिनीहरूमा जुनसुकै कर्मको अवसरमा शुद्धि हुने वेलामा रक्सी नभई हुँदैन ।

वैवाहिक संस्कार : लेप्चा भाषामा विवाहलाई 'व्री' भनिन्छ । 'व्री' को अर्थ हो दुई प्राणीलाई एउटै वनाउनु । लेप्चा भाषामा दुलाहालाई 'म्येक' र दुलहीलाई 'न्योम' भनिन्छ । यिनीहरूमा अन्य जातिमा जस्तो एकपटक जन्ती गयो, विवाह गऱ्यो अनि दुलही घर ल्यायो गर्न पाइँदैन । कन्याको विवाह विभिन्न चरणमा गरी सातपटक गरिन्छ अनिमात्र दुलही ससुराल जान्छिन् । यिनीहरूमा जन्ती पनि केटापक्षवाट नगई केटीपक्षवाट जान्छन् । जन्ती जाँदा दुलही समेत गरी १२ जना जाने चलन छ । यो नै यिनीहरूको मौलिक चलन हो । यिनीहरूमा विवाह गर्दा समान थर र गोत्रमा चल्दैन ।[३८]

यिनीहरूमा प्राय:जसो मागी विवाह नै गर्ने चलन छ । केटी मागेको सामान्यतया डेढ वर्षदेखि तीन वर्षपछि विवाहको काम सम्पन्न हुन्छ । त्यसविचमा केटाले केटीकै घरमा वस्नु पर्दछ ।

विवाह भइसकेपछि कदाचित् केटो मरेमा देवरले भाउजु स्यहार्नुपर्ने र केटी मरेमा साली दिनुपर्ने चलन लेप्चाहरूमा छ ।

धर्म र संस्कृति : यो जातिमा पर्वतको पूजा प्रचलित छ । यस्तो पूजाको सबैभन्दा ज्वलन्त उदाहरणको रूपमा उनीहरूले पुज्ने कञ्चनजंघालाई लिन सकिन्छ । यो पूजा वार्षिक रूपमा गरिन्छ र चौंरी गाईको वलि दिएर विशेष पूजा गरिन्छ । कन्चनजंघाको पूजा गर्दा ठूल्ठूला ढुंगाको दुई समूहलाई पर्वत शृंखलाको प्रतीकका रूपमा ग्रहण गर्दै पुजिन्छ ।[३९]

मृत्यु संस्कार : लेप्चाहरूका समाजमा मानिसको मृत्यु भएपछि घरको ढोकावाट मृतकलाई वाहिर निकालिँदैन । उनीहरूले अर्कै ठाउँमा भित्तो फुटाएर लास वाहिर निकाल्छन् । लेप्चाहरूमा मृत्यु संस्कार गर्दा मृतकलाई जलाउने र गाड्ने चलन छ । गाड्दा उँचो पाखामा लगेर गाडिन्छ ।

---

३८ रामवावु श्रेष्ठ : इलामका लेप्चाको इतिहास र सांस्कृतिक जीवन, त्रि.वि. शोधग्रन्थ, अप्रकाशित ।

३९ कृष्णप्रकाश श्रेष्ठ : किरांत जातिको नालीवेली प्रज्ञा, अङ्क, ९४ ।

४९. लार्के
(Larkes)

मूलथलो : लार्के जातिको नामकरण स्थान विशेषका आधारमा भएको पाइन्छ । यिनीहरूको मूलथलो गोर्खा जिल्लाको उत्तरी भेकमा पर्ने लार्के भन्ने ठाउँ हो । लार्केका निवासी भएकाले यिनीहरू लार्के भनिए पनि यिनीहरूलाई स्थानीय भाषामा नुब्रिवास भन्ने गरिन्छ ।

भाषा र धर्म : यिनीहरूको भाषा र धर्म चीनको स्वशासित क्षेत्र तिव्वतसँग प्रभावित छ ता पनि सोलुखुम्वुका सेर्पा जातिसँग पनि त्यत्तिकै सान्निध्यता छ । यिनीहरूले वोल्ने भाषा भोटे हो भने यिनीहरूले मान्ने धर्म वुद्ध धर्म हो । लार्केहरू कसैकसैले आफूलाई गुरुङ पनि भन्न थालेका छन् तर गुरुङहरूसँग यिनीहरूका कुनै पनि आचार विचार, भाषा संस्कार मिल्दैनन् ।

पेसा : यिनीहरूको मुख्य पेसा तिव्वतसँगको व्यापार हो । तिव्वत गएर त्यताको सामान यता ल्याएर विक्री गर्ने र आफ्ना उत्पादित वस्तुहरू र जडीवुटीहरू तिव्वत लगेर विक्री गर्नु यिनीहरूको मुख्य पेसा वनेको छ । कताकतिले कृषि व्यवसाय पनि गर्ने गर्दछन् । कृषि व्यवसायवाट उनीहरूलाई खान नपुग्ने हुनाले व्यापारलाई मुख्य पेसा वनाएका छन् ।




शिक्षा : शिक्षाका क्षेत्रमा यो जाति अत्यन्तै पछाडि छ । यिनीहरूको समुदायमा साक्षरता प्रतिशत २ प्रतिशतभन्दा वढी छैन । उच्च शिक्षा प्राप्त गरेका लार्केहरू त छँदै छैनन् ।

संस्कार : लार्के जातिले खास गरी जन्म, छेवर, विवाह र मृत्यु संस्कार मनाउने गर्दछन् । यिनीहरू लासलाई लामाले साइत निकालेअनुसार जलाउन, गाड्ने या टुक्रा टुक्रा पारी गिद्द चिललाई खुवाउने गर्दछन् ।

५०. लिम्बू
(Limbus)

मूलथलो : नेपालको पल्लोकिराँतदेखि पूर्वमा सिक्किमसम्म फैलिएर रहेको राई जातिभित्रको अर्को किराँती जाति लिम्वु हो । यिनीहरूको बासस्थानलाई लिम्बुआन भनिन्छ । लिम्वुआनमा लिम्वुहरूको मात्र वसोवास छैन, करिबकरिब सबै जात बस्छन् तापनि बोलिचालीको भाषामा परम्परादेखि नै लिम्बुआन भनिँदै आएको छ । नेपालको पश्चिमी भूभागमा लिम्वुहरू वसेको पाइँदैन । वाहुनलाई सम्मानसूचक शब्दमा पण्डितजी भनेझैं लिम्वुहरूलाई सुब्वा भन्ने चलन छ ।

जनसंख्या : २०४८ सालको जनगणनामा लिम्वुहरूको जनसंख्या २९७१८६ उल्लेख गरिएको छ जसमा १४५२१२ पुरुष र १५१९७४ महिला छन् । २०५८ सालको जनगणनामा यिनीहरूको संख्या ३५९३७९ रहेको छ ।



भाषा : राई र लिम्वुहरूको भाषामा अलिकति भिन्नता छ । लिम्वुहरूको आफ्नै लिपि छ त्यसैले आजभोलि फिदिमको सरस्वती माविमा लिम्वु भाषामा पढाइ हुन्छ र ५ कक्षासम्म लिम्वु भाषालाई अनिवार्यसमेत गरिएको छ । लिम्वु भाषामा लेखिएका पुस्तकहरू भने त्यति फेला परेका छैनन् ।

घरको बनावट : लिम्वु र राईहरूका घरहरू एकैप्रकारका हुन्छन् । ढुंगाको गारो, खरको छानो, घरहरू रातो या सेतो माटोले पोतिएका र घरमा काठको वार्दली हालेका हुन्छन् ।

कृषि : धान, गहुँ, मकै, कोदो, आलु यिनीहरूको मुख्य अन्नवाली हो । यिनीहरू अत्यन्तै परिश्रमी हुन्छन् । भुकम्प जाँदाको दिनमा यिनीहरूले खेतवारी जोत्ने गर्दैनन् । त्यसै गरी औंसी, पूर्णिमा र चाडवाडका दिनमा पनि जोत्ने काम गर्दैनन् । जाँडरक्सीमा अत्यधिक मात्रामा अन्न खर्च गर्छन् । हरेक चाडवाड र पूजाआजामा जाँडरक्सी खाने र खुवाउने चलन यिनीहरूमा छ । त्यसका साथसाथै तोङ्वा पिउने चलन पनि त्यत्तिकै छ । गाउँको हर्ताकर्ता सुव्वा हुन्छन् । उनैले गाउँघरको झैझगडा, ठीक बेठीकको निर्णय गर्ने गर्दछन् । पहिले पहिले तिरो (मालपोत) उठाउने कामसमेत सुव्वावाट नै हुन्थ्यो ।

पेसा : पशुपालनमा यिनीहरूले गाई, भैंसी, भेडा, वाखा, कुखुरा, सुंगुर आदि पाल्छन् र दुध, घिउ तथा मासु उत्पादन गर्दछन् । यिनीहरू छलकपटरहित मिजासी सिधासाधा र निडर हुन्छन् । त्यसैकारण सैन्यसेवामा लिम्वुहरूको उपस्थिति अत्यधिक मात्रामा छ । राणाकालमा यिनीहरूलाई सैन्यसेवामा लिइँदैनथ्यो तर २००७ सालपछि त्यस्तो भेदभाव छैन

बरु उनीहरू शूरा भएकाले प्राथमिकता दिने गरिन्छ । सैन्य सेवा आजभोलि यिनीहरूको प्रमुख पेसा हो । धानबाली भित्र्याएर चाडबाडहरू मानिसकेपछि यिनीहरू कामको खोजीमा मदेस र भारततर्फ लाग्दछन् भने घर बस्नेहरूले घरको स्याहारसुसार र बारीबगैंचाको रेखदेख गर्ने गर्छन् । सरकारी जागिर र सैनिक पेसामा लागेका लिम्बुहरूबाहेक अन्यको आर्थिक स्थिति दयनीय नै रहेको छ । यिनीहरूले ऋण लिनु र दिनुपर्दा श्रीपञ्चमीका दिनमात्र लिनेदिने गर्दछ । राईहरूमा जस्तै लिम्बुहरूमा पनि निम्न थर विभाजन गरिएको छ तर यति नै थर छन् भनेर किटान गर्न सकिँदैन ।

थरहरू : तुमयाक्मा, सेल्ले, आङदेम्बे, आङताहाङ, आङथुपुहाङ, फुरुम्बोन्कोगा, लिङदेन, चोङवाङ, चोबेगुहाङ, जबेगु, जबेगुहाङ, एकतिनहाङ, फाङहाङ फेन्दुवा, फेम्बु, फम्बो, फागु, काम्बाङस्वाङ स्राबु, भाङपुङ, पलुङ, पेगाहाङ, थेगिम्बाङ, पुङलाङ, सामहाङ, हिनाहेल्लोक रुपिहाङ, तमादेन, तुम्बाहाम्फे, सतिहाङमा, रोवान्थामसुहाङ, थेबे, थोब्रा, थोलुङ, सिङथेबे, थुप्पोको, इङवादोक्पा, फुरुम्बो, योङया, ओङछोङवो, मपाम, लिङखिम, मादेन, कुरुङमाङ, चेमजोङ, नेम्बाङ, लिङदेन, लावती आदि । यी थरभित्र पनि अनेक खलक हुन्छन् ।

मनोरञ्जन : लिम्बु जातिको लोकप्रिय नाच 'च्याब्रुङ' हो । यो नाच बिहेको लगनमा, घरपैसोमा, ढोलको तालमा खुट्टा हल्लाउँदै नाचिन्छ । त्यसै गरी धाननाच लिम्बुहरूको प्रमुख नाच्ने चाड हो । यस्तो चाडमा केटाकेटी जुहारी गाउने, नाच्ने आदि गर्छन् ।

शिक्षा : यो जाति शिक्षाको क्षेत्रमा पछाडि छ तापनि शिक्षाको महत्त्व चाहिँ बुझिसकेको जाति हो । यिनीहरूमा उच्च शिक्षा प्राप्त गरेका मानिस पनि थुप्रै छन् ।

विवाह प्रथा : लिम्बुहरूको एउटै खलकमा बिहाबारी हुँदैन । विवाह गर्ने उमेर पुगेका केटाकेटीहरू आफैं भेटघाट गरी रोजीकन प्रेमविवाह गर्छन् । मागी विवाह त अपवाद जस्तो मात्र हुन्छ । लिम्बुहरूमा मागी विवाह, चोरी विवाह, जारी विवाह र प्रेम विवाह गरी चार प्रकारका विवाह प्रचलित छन् । आफूलाई मन परेकी केटी लिन जानुपर्दा फेदाङमालाई लिएर केटीको घरमा जानुपर्दछ । लिम्बुहरूको पुरोहितलाई फेदांङमा भनिन्छ । दुलहाले सेतो दौरासुरुवाल, टाउकामा पगरी लगाएर, कम्मरमा खुकुरी भिरेको हुन्छ । दुलही भित्र्याएको रातभरि दुलही निदाएमा अलच्छिन हुन्छ भन्ने अन्धविश्वासस्वरूप केटाकेटीले गाउने, नाच्ने, दुलहीलाई चिमोट्ने, टाउको जुधाइदिने र हाँसोठट्टा गरेर रातभरि सुत्नै दिँदैनन् । बिहेपछि दुलाहा दुलही भएर रक्सी र सुंगुरको मासु लिएर ससुराली जाने चलन छ । राईहरूमा झैं लिम्बुहरूमा पनि विधवा भाउजु स्याहार्ने चलन छ । यिनीहरूमा सम्बन्धविच्छेदको चलन छैन । जारीको चलन लिम्बुहरूमा अझै पनि छ । यो जातिमा छोरीचेलीको विवाह गर्दा केटीपक्षबाट केटा पक्षसँग एकमुष्ट गरगहना र रुपियाँ माग गर्दछन् । त्यो चलनलाई यिनीहरू 'सुनौली-रूपौली' भन्दछन् । यो रुपियाँ र गरगहना उनीहरूले मास्नका लागि मागेको नभई छोरीचेलीको दाम्पत्य जीवन सुखद र सुरक्षित राख्नका लागि माइती पक्षले निर्वाह गर्नुपर्ने दायित्वका रूपमा मागेका हुन्छन् ।

धर्म र संस्कृति : हिन्दूहरूको सर्वमान्य ग्रन्थ वेद भएझैं यिनीहरूको सर्वमान्य ग्रन्थ मुन्धुम हो जुन धार्मिक तान्त्रिक दुवैमा प्रयोग हुन्छ । लिम्बुहरूमा पितृपूजाको चलन अत्यधिक मात्रामा छ । त्यसका अतिरिक्त लिम्बुकी बुढीबज्यैका रूपमा ह्युमा हिमदाङमा, माईलाई नदीकी देवीका रूपमा, नाम्फुन्योकलाई पर्वत देवताका रूपमा वनजंगलका देवताका रूपमा सिबुङमा, ढुंगाका देवताका रूपमा लुङबुङवा र माटोका देवताका रूपमा खाङबुङवाको पूजा कात्तिक र चैतमा गरी वर्षमा २ पल्ट गर्छन् । यिनका अतिरिक्त पाथीभरालाई हिमालयका देवताका रूपमा पूजा गर्दछन् । यिनीहरू कालिका र ठूलीदेवीको

पूजा पनि गर्छन् । त्यसै गरी 'प्रमासामाङ' लाई पशुपक्षीको वलि दिन्छन । 'थेवासामाङ' आदरपूर्वक पुजिने देवता हुन् । पाताल देवका रूपमा 'ओक्वामासामाङ' लाई पुज्दछन् । यी गृहरक्षा गर्ने देवता हुन् । ईर्ष्या वा क्रोधका देवताका रूपमा 'नाहेन' को पूजा गर्छन् । माइतीले चेलीका र चेलीले माइतीका नाममा कल्याणका लागि पूजा गरिने देवता हुन् 'मङगना' । यीवाहेक सिमे, भुमे, नाग, संसारी माई आदि पनि पुज्ने चलन छ । त्यसैले यिनीहरू प्रकृतिपूजक हुन् ।

हरेक लिम्वुहरूका घरका आँगनमा लगभग ८ हात लामो वाँसको लिंगो गाडिएको हुन्छ र त्यसको वरिपरि टोकरीमा माटो घोलेर मरेको मानिसको प्रतिमा वनाइएको हुन्छ । त्यसलाई तोङसिम भनिन्छ र वर्षमा १ पल्ट पूजा गर्ने चलन छ । लिम्वुहरूको पुरोहित फेदाङमाले थाल ठट्टाउँदै तीन दिनसम्म त्यही तोङसिमको वरिपरि नाची पितृ मनाउँछन् । नाच्ने वेलामा फेदाङमाले सेतो जामा, रुद्राक्षको माला, चराको प्वाँख घुसारेर वनाएको पगरी र घाँटीमा घन्टहरू झुन्ड्याएका हुन्छन् ।

अन्तिम संस्कार : लिम्वुहरूमा पनि मानिस मरेमा वा मृत्यु शैयामा परेमा वन्दुक पड्काएर जनाउ दिइन्छ र त्यही सूचनाअनुसार मलामी जुट्छन् । शव उठाउँदा पनि वन्दुक पड्काइन्छ । यिनीहरू मृतकलाई जलाउँदैनन् । चिहान खनेर गाड्छन् । मुर्दा गाड्नका लागि ठाउँठाउँमा पर्ती जग्गा छुट्याइएको हुन्छ । फेदाङमाले मुन्धुमको पाठ गरेपछि वल्ल मृत घोषित हुन्छ अनि शवलाई खाल्डामा राखिन्छ र पुरिन्छ । नजिकका दाजुभाइले लोग्ने मानिसको भए ४ दिन जुठो वार्ने चलन छ र आइमाईकोमा ३ दिन जुठो वार्ने चलन छ । वर्षको एकपटक थेमाङवा (श्राद्ध वा पितृपूजा) गर्ने चलन छ । फेदाङमाले काजकिरिया गराउँदा विधि नपुर्‍याई गरायो भने मृतकले इष्टमित्रहरूलाई दु:ख दिन्छन् भन्ने अन्धविश्वास लिम्वुहरूमा आज पनि छ । त्यसैले उनीहरूले रुखमाथि वा भीरमा थान वनाएका हुन्छन् र सधैंभरि खाने कुरा राखिदिने गर्छन् ।

५१. ल्होपा
(Lhopas)

मूलथलो : यिनीहरूको प्रमुख बासस्थान मुस्ताङ जिल्लाको ल्होमान्थाङ गाउ विकास समिति हो । ल्होमान्थाङ उपल्लो कालीगण्डकी क्षेत्रमा पर्दछ । यिनीहरू त्यति वसाइँ सराइ गरिरहने जातिभित्र पर्दैनन् । त्यसैले अहिले पनि यिनीहरू त्यहीं वसोवास गर्दछन् । वाहिर त्यति पाइएका छैनन् । यिनीहरू ल्होमान्थाङमा चीनको स्वशासित क्षेत्र तिव्वततिरवाट आएका हुन् भन्ने भनाइ छ ।

प्रमुख पेसा : यिनीहरूको प्रमुख पेसा कृषि, पशुपालन हो । कृषिमा धान, गहुँ, जौ, आलु, कोदो आदि उब्जाउँछन् भने पशुपालनमा भेडा, चौंरी, झोवा, घेडा, च्याङ्ग्रा आदि पाल्दछन् । यीबाहेक यिनीहरू चीनको स्वाशासित क्षेत्र तिव्वतवाट सीमापार व्यापार पनि गर्दछन् । यिनीहरू तिव्वतमा आफनो उत्पादन छुर्पी, घिउ, जडीवुटी, उनका लुगा कपडा आदि वस्तुहरू लगेर बिक्री गरी आफ्नो आवश्यकताअनुसार खाद्यान्न, नुन, तेल आदि दैनिक उपभोगका वस्तु खरिद गर्छन् ।

भाषा र धर्म : तिव्वततिर नै यिनीहरूको वढी सम्पर्क हुने हुनाले भाषा, धर्म, खानपान, भेषभूषा आदि सवै क्षेत्रमा तिव्वती प्रभाव परेको पाइन्छ । यिनीहरू वुद्धधर्म मान्दछन् र तिव्वती भाषा नै वोल्दछन् तर केहीले भने नेपाली भाषालाई सम्पर्क भाषाका रूपमा वोल्न पनि जानिसकेका छन् ।



थर : ल्होपा जातिमा मुख्य तीन थर छन्, जसलाई कुटुक, रिगिन र सेल्पा भनिन्छ । मुस्ताङी राजा जिग्मे पर्वल विस्ट त्यही ल्होपा जातिका हुन् । नाका दोर्जीलाई पनि यसै आदिवासीमा गणना गरिन्छ । यो ल्होपाभित्रको अल्पसंख्यक जाति हो । ल्होपा जातिमा अन्य छोराले घर गृहस्थी गर्नुपर्ने तर माहिलो छोराले भिक्षु वन्नुपर्ने परम्परा अझै पनि कायमै छ ।

शिक्षा : ल्होपा जाति शिक्षाका क्षेत्रमा अत्यन्तै पिछडिएको छ । यिनीहरूमा शिक्षित मानिसहरू पाइदै पाइदैनन् भन्दा पनि हुन्छ । यहाँसम्म कि स्कुल जानुपर्छ भन्नेसम्म पनि वुझिसकेका छैनन् ।

संस्कार : यिनीहरू मुख्यरूपले जन्म, छेवर, विवाह र मृत्यु गरी चार संस्कार मनाउछन् । बहुपति विवाह यिनीहरूमा अझै पनि कायमै छ । उक्त प्रथा त्यागन यिनीहरूलाई शताब्दीयौं लाग्न पनि सक्छ । मृतकलाई यिनीहरू जलाउने र गाड्ने दुवै गर्दछन् ।

५२. ल्होमी (सिङसाबा)
(Lhomis or Shingsabas)

मूलथलो : नेपालका आदिवासीहरूमध्ये यो जाति पनि एक हो । यिनीहरूको मूल बसोबास स्थल भनेको संखुवासभा जिल्लाको माथिल्लो भू-भाग अर्थात् हटिया, चेपुवा र किमाथाङका जस्ता दुर्गम र विकट गाविसहरू हुन् । यिनीहरूलाई कारभोटे, काठभोटे भन्ने गरिन्छ तापनि स्थानीय भाषामा सिङसावा नै भनिन्छ । यिनीहरूको भाषामा 'सिङ' को अर्थ 'दाउरा' वा 'जंगल' र 'सा' को अर्थ 'जमिन' हुन्छ । यही सिङ + साको समासबाट सिङसावा भनिएको हो ।

आगमन : धेरै अघि तिब्बततर्फबाट चौरी र च्याङ्ग्राको चरनको खोजीमा यिनीहरू नेपालको उत्तर भू-भागमा प्रवेश गरेको अनुमान गरिन्छ । यिनीहरूको जनजीवन, रहनसहन, खानपान, धर्मकर्म, भेषभूषा सबै तिब्बतीहरूसँग मिल्दोजुल्दो छ ।

जनसंख्या : संखुवासभा जिल्लाको हटिया, चेपुवा र किमाथाङका गाविसमा यिनीहरूको जम्मा २३३ घरहरू पाइएको छ ।



धर्म : यिनीहरूको मूल धर्म बौद्ध धर्म हो तापनि आजभोलि गरिबी र आर्थिक विपन्नताको फाइदा उठाउँदै क्रिस्चियनहरूसमेत आफ्नो पकड जमाउन सफल भएका छन् । अहिले ती गाविसका झन्डै १४ प्रतिशतले क्रिस्चियन धर्म अपनाइसकेका छन् र चर्चहरूको स्थापनासमेत भइसकेका छन् ।

भाषा : यिनीहरूको आफ्नै भाषा छ जसलाई भोटे भाषा भनिन्छ । यिनीहरूका भाषामा बाबुलाई पावा, आपा, आमालाई ममा, बाजेलाई पुवु, बज्यैलाई त्यानी, छोरालाई फिजा र छोरीलाई फुमु भन्दछन् ।

पेसा : यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो तर कृषि पेसाबाट वर्षमा पाँच, छ महिनाभन्दा बढी खान नपुग्ने हुँदा जाडोमा तराईतिर झरेर काम गरी अर्थोपार्जन गरी जिविका चलाउँछन् ।

खानपान : यिनीहरूको मुख्य खाद्य पदार्थमा कोदोको र गहुँको ढिंडो, आलु, जौ, जाँड रक्सी हो भने मासुमा चौरी, कुखुरा र भेडाको मासु खान्छन् ।

उपथरहरू : यिनीहरू भित्रै पनि थुप्रै उपथर छन् जसमा पेजाङवा, सोनेपेदेन, हमुवा, स्पाङदर, सनरिन्जेन, जेजवा, लामुछिरिङ, थिगेप्पा, ढोङदेक्पा आदि छन् । यिनीहरूमा पितृसत्तात्मक परिवार हुन्छ । घरभित्रको कामको जिम्मा स्वास्नी मानिसमा र घरबाहिरको कामको जिम्मा लोग्ने मानिसमा हुन्छ ।

भेषभूषा : यिनीहरू जाडो ठाउँमा बस्ने हुँदा उनीकै कपडा लगाउँछन् । कपडामा बख्खु दोचा, टोपी, ज्याकेट लोग्नेमानिस स्वास्नी मानिस दुवैले लगाउँछन् । ज्याकेट उनी तथा छालाका हुन्छन् जसलाई उनीहरू स्वयंले नै बनाएका हुन्छन् ।

गरगहना : यिनीहरूले लगाउने गहनामा लोग्ने मानिसले घाँटीमा मुंगाको माला, (जसलाई यिनीहरू छ्युरुक भन्दछन्) लगाउँछन् । हातमा औंठी र कानमा कुण्डल लगाउँछन् । स्वास्नी मानिसहरूले भने गहनाका रूपमा टोपीमा स्यालुङको नेताक, घांटीमा अगाडिपट्टि किलुङ, गम्जुङ, जेन्जिन नेताक, फोदी, सोतोक (औंठी) र दुवु (चुरा) आदि लगाउँछन् ।

घरको बनावट : यिनीहरूको बस्ती एकै ठाउँमा झुरूपप परेर वसेको हुन्छ । घरहरू ठाउँ विशेषका आधारमा ढुंगाले बनेका हुन्छन् र होचै भए पनि २ तले हुन्छन् । घरको छानो काठ वा मालिङ्गोद्वारा बनेको र चित्राले छाएको हुन्छ । घरको माथि आफू बस्छन् र तल्लो तलामा पशुहरू बाँध्ने गर्छन् । घरमा परपाहुना आउँदा आफुहरूसँगै माथि नै सुताउँछन् । ओढ्ने ओछ्याउनेचाहिँ चौरीकै छाला र उनका राडीपाखीहरू हुने गर्छन् । यिनीहरू सरसफाइमा त्यति ध्यान दिँदैनन् । न त नुहाउँछन न त भाँडा माझ्छन् न त कपडा धुन्छन् । घरको सिकुवावाटै (कौसी) दिसापिसाप गर्छन् । घरैभरि उपियाँ हुन्छन् ।

मनोरञ्जनको साधन : यिनीहरू खेतवारीमा काम सकेर फर्किंदा गीत गाउने, केटाकेटी एकापसमा जिस्किने, चल्ने गर्छन् । मानिस मरेका वेलामा, लोसारमा, जाँड रक्सी असाध्यै खान्छन् । यिनीहरूको वजाउने बाजामा ढ्याङग्रोलाई 'ङ', मुरलीलाई 'ग्यालीङ' शंखलाई 'थुङ', मादललाई 'रोदाङ' भन्दछन् । ङ अर्थात् ढ्याङ्ग्रो काठवाट वनेको हुन्छ भने रोदाङ (मादल) भने तामाको हुन्छ ।

चाडपर्व : यो जातिले मनाउने चाडपर्वमा वालिपूजा, आकाश रुङने पूजा (सेरिङ्गे) पानी रुङने पूजा (छ्युरिङे) फुरोङ पूजा, छोज्यूम्वा पूजा, कुल बुझाउने पूजाका साथसाथै चाडपर्वमा दसैं, तिहार, चैतेदसैं, फागुपूर्णिमा, जयमान र लोसार आदि हुन् । यिनीहरूले कुलदेवता र पितृपूजा पनि गर्ने गर्दछन् । कुलदेवतामा डेमुछयोङा र खोम्वालुङा गरी २ प्रकारका हुन्छन् । कुलदेवताको पूजा वर्षमा एकपटक गर्ने गर्दछन् । कुलदेवताको पूजा गर्दा धुप, अक्षता, तोर्मा, जाँड, रक्सी आदि चढाउने चलन छ । अन्य देवी देवतामा पुवुहयुल्ला, पुवुना, रुकमणी, ह्योस्याराक आदिको पूजा गर्दछन् । यी सवै देवी देवताको पूजा विशेष गरी वैशाख जेठ महिनामा गर्ने गर्छन् । यो पूजा अन्न वाली राम्रो होस् भनी गरिएको पूजा हो ।

संस्कार : ल्होमी जातिमा गरिने संस्कारमा न्वारन, पास्नी, विवाह र मृत्यु संस्कार गरी चार वटा मात्र छन् । वालक जन्मेको तीन दिनमा न्वारन गर्ने गर्दछन् । यिनीहरूमा

यति दिन सुत्केरी बार्नुपर्छ भन्ने कुनै नियम छैन । बच्चाको उमेर ३-४ वर्ष पुगेपछि केश खौरिदिन्छन् र बच्चा ६ महिना पुगेपछि पास्नी गर्छन् तर यी सबैमा कुनै विधि पुऱ्याउने चलन छैन । विवाह भने जारी विवाह, मागी विवाह, जबर्जस्ती विवाह, प्रेम विवाह आदि प्रचलनमा छन् । यिनीहरूमा हाडनातामा विवाह गर्ने चलन छैन । नातासम्वन्ध केलाएर गर्छन् । देवरले भाउजु स्याहार्ने चलन छ ।

मृत्यु संस्कार : यो जातिमा मानिसको मत्यु हुँदा लासलाई वाहिर निकाल्ने चलन छैन । मरेकै ठाउँमा लासलाई तातो छँदै पलेटी कसाएर बसालिन्छ र त्यहीं अवस्थामा एउटा थुन्सेमा हालिन्छ । त्यसपछि लाससहितको थुन्सेलाई पित्तलको एउटा ठूलो खड्कुलोमा हालिन्छ । भोलिपल्ट लामाको साइतअनुसार लासलाई कुन दिशातिर लगेर दाहसंस्कार गर्ने, कुन समयमा लास निकाल्ने, क-कसलाई लास छुन दिने, सबै जोखाना (साइत) हेरेर मात्र लास निकालिन्छ र कुनै डाँडामा लगेर जलाइन्छ । लासलाई दागवत्ती दिने काम ज्वाइँबाट हुन्छ । ज्वाइँ नभएमा मात्र अरुले दिन पाउँछन् ।

अन्धविश्वास : यिनीहरू स्वर्ग, नर्क, पाप, धर्म र भाग्यमा विश्वास गर्दछ । यिनीहरूमा लामा धामीझाक्रीबाट झारफुक गराउँदा रोध व्याध निको हुन्छ भन्ने भावना अझै पाइन्छ । कुनै नयाँ काम गर्नुपर्दा साइत हेराएर मात्र गर्छन् । साइत नहेराई नयाँ काम थालेमा सफल हुँदैन भन्ने मान्यता राख्दछन् ।

५३. सतार
(Satars)

मूलथलो : सतार जातिको मुख्य बसोबास भएका जिल्ला झापा, मोरङ र सुनसरी हुन् । यी तीन जिल्लामध्ये झापामा यिनीहरूको जनसंख्या बढी छ । नेपालमा यिनीहरूको आगमन भने वि.सं. १९०२ को अघि या त्यसैको आसपासमा भएको अनुमान गरिएको छ । त्यस हिसाववाट यो जाति नेपालको आदिवासी जाति नभई नवागन्तुक जाति हो । नेपालमा सतार भनिने यो जातिलाई भारतमा सन्थाल भनिन्छ । तिनै सन्थालका सन्तानहरू नेपाल पसेपछि 'ल' को अपभ्रंस 'र' भएर सन्थार वा सतार भयो होला र त्यसपछि 'न' पनि हटेपछि 'सतार' भएको हुनुपर्दछ । यिनीहरू कालो वर्णका, कपाल घुम्रेका होचो कद र पुष्ट शरीर भएका हुन्छन् ।

जनसंख्या : २०२८ सालको जनगणना यिनीहरूको संख्या २३८५३ र २०४८ सालको जनगणनामा ३३,३३२ देखिनुले यो जातिमा जन्मदर अत्यधिक मात्रामा वढिरहेको थाहा पाउन सकिन्छ । २०५८ सालको जनगणनामा यिनीहरूको संख्या ४२६९८ देखाइएको छ ।



थर : सतारहरू किस्कु, मुर्मु, सेरेन, हेम्ब्रम, मरूडी, ढुडु, वास्के, वेसरा, हास्दा, चोडे, पौरिया र वेद्या गरी वाह्र थरमा विभक्त भएको पाइएको छ । यीवाहेक छपरा र गोपडुवा थर पनि भएको पाइएको छ ।

सतारहरू हिन्दू धर्मावलम्वी भए पनि आजभोलि इसाईकरण तीब्ररूपमा भएको छ । साँच्चै भन्ने हो भने हिन्दू सतारभन्दा इसाई सतारको संख्या वढी भइसकेको छ ।

यो जातमा धामी, झाँक्री, तन्त्रमन्त्रको प्रलचन असाध्यै छ । सतार जातिमा 'हरियाड' भन्ने पर्व हुन्छ जसमा धामी काम सिकाइन्छ । यो पर्व भदौ पूर्णिमावाट सुरु गरी दसैंको टीकाको भोलिपल्ट समापन गरिन्छ ।

चाडपर्व : चाडपर्वहरूमा फागुपूर्णिमा, दसैं, सोहराई, वाहा, एरोक, सिरुवा, विसुवा, साकरात, यिनीहरूका मुख्य-मुख्य चाडपर्व हुन् । दसैं पर्व मनाए पनि टीका भने यिनीहरू लगाउँदैनन् । दसैंलाई यिनीहरूले 'छाता पोरब' भन्दछन् ।

भाषा र लिपि : यिनीहरूले बोल्ने भाषा आस्ट्रिक परिवारको भाषा हो । जसलाई आंग्लो-एसियाली पनि भनिन्छ । यिनीहरूले प्रयोग गर्ने लिपि 'अलचिकी' हो । यसै लिपिमा वर्णमाला तयार पार्ने कामसमेत हुँदैछ । सतारहरूको अन्तर्राष्ट्रिय संस्थासमेत गठन भइसकेको छ जसलाई अन्तर्राष्ट्रिय सन्थाल काउन्सिल भनिन्छ । त्यही काउन्सिलले 'अलचिकी' लिपिको विकास र प्रचार-प्रसार गरिरहेको छ ।

भेषभूषा : सतार पुरुषहरूले पातलो कछाड, धोती र लडौटी अनि माथिपट्टि गन्जी लगाउँछन् । यिनीहरूले प्रायजसो पहेंलो रंगका कपडा लगाउँछन् । महिलाहरूले चाहिं सारी-ब्लाउज लगाउँछन् । यिनीहरूको पारम्परिक पहिरनलाई 'पालाहान्द' भनिन्छ भने पुरुषहरूको पारम्परिक पहिरनलाई 'पन्ची' भनिन्छ । गहनामा खुट्टामा कल्ली, पाउजेव, हातमा औंठी, चुरा, कानमा मुन्द्राजस्ता गहना लगाउँछन् ।

खानपान : खानपिनमा यिनीहरूले साधारणतया दाल, भात, तरकारी, अचार खान्छन् । मासु अत्यधिक खान्छन् । यिनीहरूले सुँगुरको मासु ज्यादै रुचाउँछन् । साँच्चै भन्ने हो भने गाई, गोरु, कुकुर, विरालोवाहेक जम्मै जनावरको मासु खान्छन् । मद्यपान र धुमपान नारी-पुरुप दुवैले गर्दछन् ।

पेसा : यिनीहरूको मुख्य पेसा कृषि र मजदुरी हो । परम्परागत रूपले हेर्दा यो सिकारी जाति हो । त्यसैले कामबाट अलिकति फुर्सत पाउनासाथ सिकार गर्न जान्छन् । सिकार गर्न धनुषवाणको प्रयोग गर्दछन् । नोकरी गर्ने सतारहरू नगन्य मात्रामा छन् । यिनीहरूले गाईवस्तु त्यति पाल्दैनन् ।

संस्कार : हरेक जातिमा आआफ्नै संस्कारहरू हुन्छन् । सतार जातिमा पनि जन्म, विवाह र मृत्युसंस्कारहरू आआफ्नै तरिकाबाट मनाउने चलन छ । यिनीहरूले बच्चा जन्मिएकै दिनमा नामकरण गर्ने गर्दछन् । यदि उक्त दिन भ्याइएन भने मात्र भोलिपल्ट गर्दछन् । सुत्केरीलाई चोख्याउनुपर्दा निमको पत्ता हालेको भात खान दिएर शुद्ध पार्ने चलन छ ।

विवाह : अन्य जातिमा जस्तै यो जातिमा पनि विभिन्न १२ प्रकारका विवाहप्रथा कायम रहेको पाइन्छ । मागी विवाह, साटी विवाह, प्रेमविवाह, जारी विवाह, भाउजु बेहोर्ने विवाह, वहुविवाह, विधवा विवाह, घरज्वाइँ राख्ने विवाह, गर्भवती केटीलाई अर्को केटा खोजी गरिने विवाह, केटीले जवरजस्ती गर्ने विवाह, केटाले जवर्जस्ती गर्ने विवाह, गरिब सतारहरूमा गरिने विवाह आदि सतार जातिका विवाह प्रथा हुन् ।

मृत्यु संस्कार : मानिस मऱ्यो भने त्यसलाई आआफ्नो धर्म र रीतिबमोजिम अन्त्येष्टि गर्ने चलन सवै जातिमा हुन्छ । सतार जातिले पनि मानिस मरेमा जलाउने र गाड्ने दुवै गर्दछन् । जलाउनु पर्दा नदीकिनारमा लगेर जलाउँछन् भने गाड्नुपर्दा गाउँबाट धेरै टाढा लगेर नदी किनारमै गाड्छन् । दाँत नआएको बच्चालाई भने जलाउँदैनन् । मलामी खुवाउने कामचाहिं सक्नेहरूले त्यसै दिनमा र नसक्नेले जहिले सक्छ खुवाउँछ तर १ वर्षभित्रैमा खुवाउनुपर्छ । लासलाई गाड्नु वा जलाउनुपूर्व त्यसमा महिलाहरूले तेल लगाइदिने र सिन्दुरको टीका लगाइदिने गर्दछन् । मानिस मरेको भोलिपल्ट 'तेल नहान' कार्य हुन्छ अनिमात्र मृतकका परिवार र गाउँले शुद्ध भएको मानिन्छ । यिनीहरूमा किरिया बस्ने चलन छैन । मृतकका नाममा प्रत्येक वर्षको मंसिर महिनामा श्राद्ध गर्ने चलन छ ।

५४. सियार (चुम्वा)
(Siyars)

मूलथलो : सियारजातिको मूलथलो गोरखा जिल्लाको उत्तरी भागमा पर्ने सियार खोलाको किनार हो । सियार खोलाको किनारमा बसोवास गर्ने जाति भएकाले यिनीहरू सियार भनिएका हुन् । यिनीहरूलाई स्थानीय भाषामा चुम्वा भन्ने गरिन्छ । यिनीहरू अन्यत्र बसाँइ सराइ गरी गएका हुन् तर यिनीहरूमा बसाइँ सराइको रोगले त्यति सताएको पाइँदैन । यिनीहरू गोरखाबाहेक कताकति मात्र पोखरा, तनहुँ र धादिङ जिल्लामा पनि पाइन्छन् ।

धर्म : सियारहरू बौद्ध धर्मावलम्बी हुन् । यिनीहरूमा चीनको स्वशासित क्षेत्र तिब्वतका बासिन्दा नुम्ब्रोवा समुदायको प्रभाव परेको पाइन्छ । त्यसैले उनीहरूको संस्कारको छाप यिनीहरूमा पनि राम्रैसँग परेको पाइन्छ ।

भाषा : यिनीहरूमा बहुसंख्यक मानिसहरूले बोल्ने भाषा भोटे (तिब्वती) नै हो । सामाजिक परिवर्तनका कारणले आवश्यकता बढ्दै जाँदा आफ्नै समुदायभित्र मात्रैको सम्पर्कले व्यवहार चल्न सम्भव नभएपछि कतिपयले अलिअलि नेपाली पनि बोल्न जानेका हुन्छन् र त्यसकै आधारमा अन्य भाषिक समुदायसँग सम्पर्क कायम गर्दछन् ।



शिक्षा : सियार समुदाय शिक्षाको क्षेत्रमा अत्यन्तै पिछडिएको छ । यिनीहरूमा पढेलेखेका मानिसहरू अत्यन्तै कम मात्रामा पाइन्छन् । साक्षरता प्रतिशत अत्यन्तै न्यून रहेको । यिनीहरूमा पढ्नुपर्छ भन्ने धारणाको विकास अझैसम्म भइसकेको छैन ।

पेसा : यिनीहरूको मुख्य पेसा कृषि, पशुपालन र व्यापार हो । कृषिमा यिनीहरू गहुँ, जौ, फापर, कोदो, उवा आदि खाद्यान्नको खेती गर्दछन् भने तरकारीमा बोडी, सिमी, काउली, आलु आदिको खेती गर्दछन् । पशुपालनमा चौँरी, झोवा, भेडा, च्याङ्ग्रा, आदि पाल्दछन् । व्यापारमा चीनको स्वशासित क्षेत्र तिब्वतसँग सीमापार व्यापार गर्छन् । यिनीहरूले आफ्नो उत्पादन उन, जडीबुटी छुर्पी, बोडी, सिमी आदि तिब्वत लगेरबेच्तछन् र त्यहाँबाट आफ्ना आवश्यकताको सामान किनेर ल्याउँछन् ।

संस्कार : सियारहरूको संस्कारमा पनि तिब्वती प्रभाव परेको पाइन्छ । यिनीहरू जन्म, छेवर, विवाह र मृत्यु संस्कारलाई मुख्य रूपमा मनाउने गर्दछन् । मृतकलाई सियार जातिमा गाड्ने र जलाउने दुवै परम्परा छ ।

५५. सुनुवार
(Sunuwars)

मूलथलो : सुनुवारहरूको मूलथलो पूर्वतराईको बारा जिल्लाअन्तर्गतको सिमरौनगढ भएको र त्यहींबाटै विस्तारै विस्तारै पहाड, तराई र अन्यत्र फैलिँदै गएको भन्ने भनाइ सुनुवारहरूमा छ । वर्तमान समयमा सुनवारहरूको अलि धेरै वसोबास भएको क्षेत्र रामेछापको लिखु र खिम्ती खोला, ओखलढुंगा र दोलखा जिल्लाका केही भाग हो । ती क्षेत्रमा उहिलेदेखि नै सुनुवारका किपट रहेको बताइन्छ । सुनुवार, सुरेल र जिरेलहरूको हरेक सामाजिक कार्यमा समानता देखिन्छ । तर भाषाका क्षेत्रमा भने मगर भाषा बढी यिनीहरूले प्रयोग गरेको पाइन्छ ।

जनसंख्या : सुनुवारहरूको जनसंख्या २०४८ सालको जनगणनामा ४०९४३ देखाइएको थियो जसमध्ये पुरुषको संख्या २०२७६ देखाइएको थियो भने महिलाहरूको संख्या २०६६७ थियो । २०५८ को जनगणनाले यिनीहरूको जनसंख्या ९५२५४ रहेको जनाएको छ ।



धर्म : किपटप्रथा राई लिम्वु जातिमा प्रचलित रहेको र राई लिम्वु किराँत जाति भएका कारण सुनुवारहरूले आफूहरूलाई किपट प्रथावाट मुक्त गरी हिन्दू परम्परामा रहेर वाहुन पुरोहित राख्न पाउने अधिकार प्राप्त गर्नका लागि जमिनको किपटप्रथा त्यागी त्यस्ता किपटलाई रैकरमा दर्ता गराउने कार्यसमेत गरेका थिए । त्यसै वेलादेखि सुनवारहरूले लामा पुरोहित राख्न छाडी व्राह्मण पुरोहित राख्न थालेका हुन् र त्यसका लागि राजावाट लालमोहरसमेत प्राप्त गरेका थिए । त्यसैवेलादेखि सुनवारहरूले वाहुन पुरोहितद्वारा आआफ्ना धार्मिक कर्महरू चलाउँदै आएका छन् र वाहुनक्षेत्रीकै धार्मिक र सामाजिक मान्यतामा आफूहरूलाई उभ्याएका छन् ।

पेसा : सुनुवारहरूको मुख्य पेसा खेती, पशुपालन र सैन्य सेवा हो । सैन्य सेवामा यिनीहरू व्रिटिस सेना, भारतीय सेना र शाही नेपाली सेनामा समेत कार्यरत छन् । सेनामा भर्ती नभएकाहरू भने कामको खोजीमा भारतका विभिन्न भागमा पुगेर ज्यालामजदुरी गरी पैसा कमाउँछन् । विदेशी सेनामा काम गर्ने सुनुवारहरूको आर्थिक अवस्था अन्यको दाँजोमा

निकै राम्रो छ । खेतीमा सुनवारहरूले धान, मकै, गहुँ, जौ, कोदो, सिमी, बोडी आदि खेती गर्दछन् ।

थरहरू : सुनुवार जातिमा युलिचा, नोवलिचा, राहचे, हलोछा, जिजिचा, चाडे, ब्राचे, दुर्विचा, बामन, याता, कोगुचा, कातिचा, भैंती र दर्गचा यी चौधवटा थर भए तापनि बोलचालमा बाह्रवटा थर छन् भनिन्छ ।

विवाहप्रथा : सुनुवार जातिमा दाजु मरेमा भाउजु स्याहार्ने चलन छ तर मामाचेला फुपुचेली विवाह गर्ने चलन भने छैन । साली र सालाकी छोरीसँग विहेवारी चल्दछ । हाल विवाह गर्दा केटा र केटीको राजीखुसीबाट एक अर्कालाई मन पराएपछि मंगनी गरी ब्राह्मण पुरोहितद्वारा वैदिक विधिविधानअनुसार सम्पन्न गराउन थालिसकेका छन् तापनि बिहे र पितृकार्यमा आफ्नै जातभित्रको पुरोहित नै राख्छन् । त्यस्तो पुरोहितलाई नासो भन्छन् । यिनीहरूमा आफ्न थरभित्र विवाह गर्ने चलन छैन । थर फरक पारेर गर्ने गर्दछन् । सुनुवारका छोराछोरीहरूले अन्य जातिसँग प्रेमविवाह गरेका उदाहरण पनि छन् । यिनीहरूमा विवाह गर्दा आफ्नै जातिभित्रैबाट गर्नुपर्ने नियम पनि छ र त्यस्ता नियम भंग पनि भइरहेका छन् तर त्यस्तो नियम भंग गर्नेहरूलाई क्षमा मगाइन्छ र भोज खुवाउन लगाइन्छ त्यसो गर्न नमान्नेलाई जातिच्यूत गर्ने परम्परा अझै पनि कायमै छ । यिनीहरूमा विवाहका समयमा जाँड-रक्सी र मासुको चलन असाध्यै छ ।

चाडपर्व : यिनीहरूले मनाउने मुख्यमुख्य चाडपर्वमा दसैं, तिहार र कुलपूजा हुन् । कुलपूजा मनाउँदा आफ्नै जातिको पुरोहित 'नासो' द्वारा सम्पन्न गराउँदछन् । कुलपूजा वैशाख अथवा मंसिर पूर्णिमामा गर्ने गर्दछन् ।

भेषभूषा : यिनीहरूमा लोग्ने मानिसहरूले दौरा, सुरुवाल, पटुका, इस्टकोट, टोपी लगाउने चलन छ भने महिलाहरूसले चालो, फरिया र पटुका लगाउँछन् । नाक, कान र घाँटीमा सुनका फुली, बुलाकी, मुन्द्री, माडवारी र तिलहरी आदि लगाउँछन् ।

अन्तिम संस्कार : सुनुवार जातिमा मृतकको लासलाई गाड्ने जलाउने दुवै गर्दछन् । धेरेजसो गाड्ने चलन छ । लास गाड्दा खोलाका किनार तथा पहाडका खोचहरूमा सम्म परेको ठाउँ खोजी गाड्ने गर्दछन् ।


५६. सुरेल
(Surels)

मूलथलो : दोलखा जिल्लाको अति दुर्गम तामाकोशी नदीको पूर्वीकिनार सुरेल जातिको बसोवासको क्षेत्र हो । सुरेल जातिकै बसोबास भएका कारण उनीहरूको वस्तीको नाम सुरी गाउँविकास समिति भएको छ । हेर्दा यिनीहरू मंगोलियनजस्ता देखिन्छन् । एउटा किंवदन्तीअनुसार- सुरेलहरू किरांत हुन् र अहिले पनि उनीहरू किराँतको धर्मग्रन्थ मुन्धुमलाई मान्दछन् । उनीहरूको एउटा हाँगा दोलखा जिल्लाको जिरीतिर आएर बस्न थालेका हुनाले जिरेल भनियो र सुरीमा आएर वस्नेहरू सुरेल भए भन्ने भनाइ छ । यिनीहरू अल्पसंख्यक जनजातिमा पर्दछन् । २०० भन्दा वढीको जनसंख्या अहिलेसम्म प्राप्त भएको छैन ।

पेसा : यो जातिको प्रमुख पेसा कृषि हो तापनि आफ्नो उब्जनीवाट वर्षभरि खान पुग्दैन त्यसैले विभिन्न ठाउँमा गएर मजदुरीवाट अर्थोपार्जन गरेर जीविकोपार्जन गर्छन् ।

शिक्षाको क्षेत्रमा यो एकदमै पछि परेको जाति हो । उच्च शिक्षा हासिल गरेका मानिसहरू कमै मात्रामा छन् ।

भाषा : यिनीहरूले वोल्ने भाषा सुरेल भाषा नै हो । आपसमा आफ्नै भाषामा वोले पनि अरूसँग वोल्दा नेपाली भाषा नै वोल्छन् ।



भेषभूषा : यिनीहरूले लगाउने पोसाक दौरा, सुरुवाल, टोपी र पटुका हो। कम्मरमा दापसहितको खुकुरी भिर्छन् भने महिलाहरूले चोली, फरिया (अलि छोटो) लगाउँछन् र कम्मरमा पटुका बाँध्छन् । गहनामा कानमा ढुंग्री, माडबारी, नाकमा फुली, बुलाकी, घाँटीमा तिलहरी, गोडामा कल्ली लगाउँछन् । ती सबै गहना फलाम या सिल्भरका हुन्छन् । सुनका गहनाको प्रयोग नगण्य मात्रामा छ ।

खाद्यपदार्थ : खाद्यपदार्थमा कोदोको ढिंडो, मकैको आटो, गहुँको रोटी र तरकारीमा गुन्द्रुक, आलु मुख्य हुन् ।

धर्मसंस्कृति : यिनीहरू हिन्दू धर्म मान्छन् र हिन्दूहरूले मनाउने सबै चाडपर्वहरू मनाउँछन् । धामीझाँक्री प्रथाले यो जातिमा जरा गाडेको छ । कोही दुःख विमार हुनासाथ झाँक्री वोलाइहाल्छन् । धार्मिक तथा पितृकार्य गर्दा वाहुन पुरोहित वोलाएर सम्पन्न गराउँछन् । सुरेलहरूको आफ्नै पुरोहित पनि हुन्छ । त्यसलाई उनीहरू मेयाम्वो भन्छन् । हिजोआज मेयाम्वो वोलाएर धार्मिक कर्मकाण्ड गराउने चलन पनि देखिन्छ ।

वैवाहिक प्रथा : सुरेल जातिमा मागी विवाह र चोरी विवाह दुवै प्रचलनमा छ । विवाह गर्दा आफ्नै जातभित्र तर गोत्र फरक पारेर गर्ने गर्छन् । यिनीहरूमा बहुविवाह र जारी प्रथा अझै पनि कायमै छ । मागी विवाह गर्नुपर्दा केटापक्षबाट केटीका घरमा जाँदा सगुनस्वरूप एकसोली रोटी र रक्सी लिएर जाने चलन छ ।

मृत्यु संस्कार : यस जातिमा कुनै मानिसको मृत्यु हुँदा लासलाई घरबाट वाहिर निकालेर घरको पिंढीको दायाँपट्टि राखिन्छ । यिनीहरूले लासलाई जलाउँछन् । जलाउँदा सर्वप्रथम नुहाइदिन्छन् र नयाँवस्त्र पहिऱ्याएर चितामा राख्छन् । चिता बनाउँदा मृतकको उमेरको संख्याका आधारमा दाउरा राखेर बनाउँछन् । मानिस मरेपछि १२ दिनसम्म जुठो वार्ने चलन छ । १० वर्षमुनिका मानिस मरेमा तामाकोशी नदीको किनारमा लगेर गाड्छन् ।


५७. सेर्पा
(Sherpas)

मूलथलो : नेपालको पूर्वोत्तर सीमाक्षेत्रमा वसोवास गर्ने जाति सेर्पा जाति हो । तिब्वती भाषामा (Sher-pa) सेर्पा शब्दको शाब्दिक अर्थ 'पूर्वीय' हुनु र यिनीहरूको आवादी पनि नेपालको उत्तरपूर्वी सरहदमा वढी मात्रामा पाइनुले यिनीहरूलाई पूर्वका वासिन्दा भन्दा अत्युक्ति नहोला । वर्तमानमा पनि यिनीहरूको वसोवास ठूलो संख्यामा नेपालको पूर्वी क्षेत्रमा नै रहेको छ । सोलुखुम्वु क्षेत्रका सेर्पाहरू अन्दाजी ६०० वर्ष पहिलेदेखि त्यहाँ रहँदै आएको अनुमान छ । यिनीहरू तिब्वतको खान क्षेत्रबाट नेपाल आएको भन्ने अनुमान गरिन्छ । यिनीहरू विश्वमै हिमाल चढ्ने जातिका रूपमा प्रख्यात छन् ।

यो जातिको मूलथलो कहाँ हो र यिनीहरू नेपालमा कहाँवाट आएका हुन् भन्ने विषयमा वेग्लावेग्लै अवधारणाहरू पाइन्छन् ।

जर्ज ग्रियर्सनले यिनीहरूलाई पूर्वका बासिन्दा भनेका छन्[४०] भने वालचन्द्र शर्माले भोटतिरवाट नेपालको उत्तरी भूभागमा झरेको जाति[४१] वताउँछन् ।

जनसंख्या : तामाङ जातिको जनसंख्या २०४८ सालको जनगणनामा १००३५८ देखाइएको जसमध्ये ५५४४५ पुरुष र ५४९१३ जना महिला छन् । यो संख्या कुल जनसंख्याको ०.६६ प्रतिशत हुन आउँछ । २०५८ सालको जनगणनामा १५४६२२ पुगेको छ ।



धर्म : यिनीहरू वौद्ध धर्मावलम्वी हुन् । यिनीहरू धर्ममा कट्टर हुन्छन् । धर्मकै आधारमा उनीहरूको सामाजिक व्यवस्था स्थिर छ । यिनीहरूलाई गोत्र पुजारीका रूपमा पनि जान्ने गरिन्छ । यिनीहरू गोत्रवाहिर विवाह गर्दैनन् । बौद्ध धर्मावलम्वी सेर्पा जातिमा लामाको भूमिका प्रमुख रहन्छ । लामाको आदर गर्नु र उसको आज्ञा पालन गर्नु सेर्पाहरू ईश्वरको आज्ञापालन गरेसरह मान्दछन् । लामामा पनि औतारी लामालाई प्राथमिकता दिइन्छ । लामाको दर्शन गर्न जाँदा उनीहरू कहिल्यै खाली हात जाँदैनन् । लामाको दर्शन गर्दा सेर्पा-सेर्पिनीहरू प्रायः आफ्नो जिव्रो वाहिर झिकेर लामाको अगाडि आफ्नो शिर निउराउँछन् तर हाल यो चलन प्रायः लोप भइसकेको छ । भनिन्छ, पहिले-पहिले सेर्पासेर्पिनीहरूलाई

---

४० जर्ज ग्रियर्सन : लिङ्ग्विस्टिक सर्वे अफ इन्डिया, भोल्युम, ३ ।
४१ वालचन्द्र शर्मा : नेपालको ऐतिहासिक रूपरेखा, पृ. २८ ।

सजाय गर्नुपर्दा धर्माधिकारीहरूले उनीहरूको जिब्रो काटिदिन्थे । त्यसैले धर्माधिकारीहरूको दर्शन गर्न आउँदा बात कसुर केही नलागेको दर्साउनलाई जिब्रो बाहिर निकालेर आउने चलन चलेको हो ।

शिक्षा : सेर्पा जाति शिक्षाको क्षेत्रमा निकै पछि छ । यिनीहरू शिक्षाका क्षेत्रमा भन्दा पर्वतारोहण, ट्रेकिङ, होटेल, रेस्टुरेन्ट व्यवसायमा बढी उन्मुख देखिन्छ । यिनीहरूमा उच्च शिक्षा हासिल गरेको व्यक्ति त्यति पाइँदैनन् भने स्कुल पढ्ने बालबालिका पनि अत्यन्तै न्यून संख्यामा भेटिन्छन् ।

चाडपर्व : सेर्पा जातिका चाडपर्वहरू धार्मिक प्रकृतिका हुन्छन् र ती सबै तिब्बती पञ्चाङ्गअनुसार सम्पन्न गरिन्छन् । सेर्पाहरूले मनाउने चाडपर्वहरूमा लोसार, मानिरिन्दु, दुम्जी, ओसो र ङिउन प्रमुख छन् । लोसार भनेको नववर्षारम्भ हो र यो फागुनमा मनाइन्छ । मनिरिन्दु मंसिर महिनामा मनाइने चाड हो । यसलाई ५ दिनसम्म मनाइन्छ । दुम्जी पर्व जनताले मनाउने नैमित्तिक पर्व हो । यो पर्व जेठ असारतिर पाँच दिनसम्म मनाइन्छ । 'ओसो' प्राकृतिक प्रकोपबाट बालीनालीको रक्षार्थ मनाइने पर्व हो । 'ङिउन' पर्व पापबाट मोक्ष पाउनका लागि मनाइने पर्व हो । यस्ता सबै चाडपर्वहरूमा मांस-मद्य प्रशस्त मात्रामा प्रयोग हुन्छ । मांसमा गोमांस र मद्यमा रक्सीभन्दा जाँडको बढी प्रयोग हुन्छ ।

अतिथि सत्कार : यो जातिमा अतिथि सत्कारको ठूलो महत्त्व छ । पाहुनाहरूलाई छ्याङ (जाँड) र सुच्पा (नुनिलो चिया) ले सत्कार गर्छन् । थुचे (धन्यवाद) शब्द यो जातिमा व्यापकरूपमा प्रयोग भएको पाइन्छ । पाहुनाहरूको स्वागत गर्नुपर्दा खादा (एक प्रकारका विशेष कपडाको गलबन्दी वा रुमाल) ओडाएर गर्ने चलन छ । यस जातिले विदेशी पाहुनाहरूलाई अतिथि सत्कारबाट ज्यादै प्रभावित पारेका छन् । विदेशी पाहुनाहरू यिनीहरूका समाजमा पेइङ गेस्ट (सशुल्क अतिथि) का रूपमा बस्तै आएको पनि पाइन्छ ।

थरहरू : सेर्पा जातिमा १५ किसिमका थरहरू छन् भनिन्छ तर Haimenderf ले भने १८ प्रकारका थर भएको बताएका छन् । यिनीहरूका थरमध्ये कसेवो, चिथावा, पाजो, खामबाचे, गोपर्मा, हिगोर्मा, सेर्बा लाकसिन्दु, मन्दे, मोपा, डावा, पालदोर्जे, पाङकर्मा, पिनासा, सलाका, सागुपं, थाकटु आदि हुन् ।

पेसा : सेर्पा जातिको मुख्य पेसा पर्यटन, व्यापार, पशुपालन र कृषि हो । पर्यटनका क्षेत्रमा आजका युगमा सेर्पा र पर्यटन पर्यायवाची शब्द जत्तिकै छ भन्दा पनि अर्घेलो नहोला । किनभने पर्वतारोहणको विश्वइतिहासमा यस जातिको ठूलो कीर्तिमान छ । त्यसै गरी देशको अन्य आन्तरिक पर्यटन होस् वा बाह्य देशको पर्यटन होस् यस जातिले आफ्नो वर्चस्व कायम गरेको छ । व्यापारका क्षेत्रमा पनि चीनको स्वशासित क्षेत्र तिब्बतसँग नेपालको व्यापारलाई अघि बढाउनमा यस जातिको योगदान कम छैन । त्यसै गरी आन्तरिक व्यापारमा पनि यस जातिले उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ । यिनीहरूले याक, चौंरी, झोवा, भेडा, च्याङ्ग्रा आदि पालेका हुन्छन् । तिनीहरूबाट दुधजन्य पदार्थका साथै, मासु उन आदिको उत्पादन गर्छन् भने पशुबाट ढुवानी आदिका काममा प्रशस्त मद्दत पनि लिने गर्छन् । कृषिका क्षेत्रमा भने हिमाली भेकका बासिन्दा हुनाले यिनीहरूले ठाउँअनुसारको स्याउ, सुन्तला, नासपति जस्ता फलफूल खेती र त्यसबाहेक कोदो, गहुँ, जौ, उवाँ, फापर, आलु, सिमी, बोडी आदि उब्जाएकै हुन्छन् ।

शारीरिक बनावट : यिनीहरू तिब्बती मूलका भएका कारण यिनीहरूको कद होचो, हृष्टपुष्ट शरीर, कालो कपाल, चिम्सा आँखा, च्याप्टो नाक, डल्लो चिउँडो, गोरो छाला, दाह्रीजुँगाको कमी, यही हो सेर्पा जातिको शारीरिक परिचय ।

घरको बनावट : सेर्पाहरूका घर ढुंगाबाट बनेका, ढुंगा वा काठको छाना भएका २ तले हुन्छन् । माथि मानिस बस्ने र तल गाईवस्तु घाँसपात राख्ने गर्छन् । तल्लो तलामा

मानिसहरू बस्दैनन् । माथिल्लो तलामा मात्र मानिसहरू बस्दछन् । यिनीहरू आफूसँगै पाहुनाहरूलाई पनि माथिल्लो तलामै सुताउँछन् ।

भेषभूषा : हिन्दू नारीमा विवाहिताको चिह्न सिन्दुर, पोते, चुरा, तिलहरी भएझैं सेर्पा नारीको चिह्न 'भटेल' र 'ग्याप्टुल' हो । भटेल बाक्लो धर्से बुट्टा भएको कपडा हो, जुन कपडा विवाहित सेर्पिनीहरूले कम्मरमुनि अगाडिपट्टि बाँध्छन् । 'ग्याप्टुल' पनि 'भटेल' जस्तै कपडा हो, जुन कम्मरमुनि पछाडिपट्टि बाँधेका हुन्छन् । आंगी (एक प्रकारको म्याक्सी) माथि अगाडि कम्मरमुनि 'भटेल' बाँधेका विवाहित नारीहरू हुन् भन्ने बुझ्नुपर्दछ भने कम्मरमुनि पछाडि ग्याप्टुल बाँधेका अविवाहित नारी हुन् । सेर्पा नारीहरूले निधारमा रातो टीका लगाएको भने पाइँदैन । सेर्पाहरू बौद्धमार्गी भएकोले मारकाट रुचाउँदैनन् । अरूले काटेको वा मरेको याक (चौंरी), खसी, कुखुरा, सुंगुर आदिका मासु खान्छन् । सामाजिक या धार्मिक कार्यमा मासु आवश्यक मानिन्छ । सेर्पाहरूले चुल्हामा मासु पकाउँछन् तर पोल्न निषेध छ । पोल्दा अनिष्ट हुने विश्वास गर्दछन् ।

जन्म : सेर्पा जातिमा बच्चा जन्मँदा सुतक बार्ने चलन छैन । बच्चा जन्मेको पाँचौं दिनमा लामा बोलाइन्छ र लामाले जुराएको साइतअनुसार बालकको नामकरण गरिन्छ ।

विवाह : सेर्पा समुदायमा मामाचेला र फुपुचेलीमा विवाह गर्ने चलन छ । विवाह मुख्य गरेर मागी विवाह नै गर्ने चलन छ तापनि चोरी, जारी र प्रेमविवाह पनि गरेको पाइन्छ । दाजुको मृत्युपछि भाउजुलाई अविवाहित देवरले स्याहार्ने चलन व्यापक छ । यो जातिमा बहुपति प्रथा पनि छ । सेर्पा समुदायमा केटाले केटीलाई गर्भ बोकाएर विवाह गरेन भने सुत्केरी खर्च दिलाएर स्वतन्त्र गराउने परम्परा छ । केटीलाई सामाजिक बहिष्कार गरिँदैन र जन्मेको बच्चालाई पनि सामाजिक मान्यता दिइन्छ । यौन स्वच्छन्दता यो जातिको अनुपम उदाहरण हो ।

मृत्य संस्कार : सेर्पा जातिमा मानिसको मृत्यु भइसकेको वा नभएको परीक्षण लामाले गर्छ । मानिस मरेको ४९ दिनसम्म पनि उसको जीवात्मा घरवरिपरि घुमिरहन्छ भन्ने विश्वास उनीहरूमा छ । मृतकको अन्तिम संस्कार कसरी गर्ने भन्ने निर्णय लामाले नै दिन्छ । उसैको निर्णयबमोजिम दाहसंस्कार गर्ने, गाड्ने, खोलामा बगाउने वा शरीरलाई टुक्राटुक्रा पारेर गिद्द, कौवा, चिललाई खुवाउने गरिन्छ । साधारणतया प्रौढ मानिसलाई दासंस्कार गर्ने र अन्यलाई गाड्ने चलन छ । दागबत्ती दिने काम पाइएसम्म ज्वाइँबाट गराइन्छ ।

५८. स्याङतन
(Syangtans)

मूलथलो : यो जाति मुस्ताङ जिल्ला मार्फा गाविस वडा नं. ५, ६, ७ र ८ को स्याङ गाउँमा बस्ने भएकाले स्याङतन भनिएको हो । यिनीहरूले आफूलाई थकाली नै भन्ने गर्छन् । तर तीन गाउँलेहरूले यिनीहरूलाई थकाली मान्न तयार छैनन् । यिनीहरू अहिले जोमसोम, पोखरा, काठमाडौँ, बुटवलतिर पनि पाइन्छन् । यिनीहरू मङ्गोल नस्लका जाति हुन् ।

जनसंख्या : यिनीहरूको मूलथलो स्याङ गाउँमा यिनीहरू जम्मा ९६ घर धुरी छन् भने जनसंख्या ५९६ छ । जसमध्ये पुरुष ३०२ र महिला २९४ छन् । स्याङबाहेक काठमान्डौ, पोखरा, जोमसोम, बुटवलतिर लगभग २५ घर छन् र कुल जनसंख्या ७०० जाति भएको बुझिएको छ ।



खानपान : स्याङतनहरू खासगरी फापरको पिठोको ढिंडो, आलुमम, मासुमम, उवा, गहुँको सातु र दालभात, तरकारी नै खान्छन् । याक, च्याङ्ग्रा र भेंडाको मासु, कुखुरा खान्छन् । जिम्बु हालेको तरकारी खान्छन् । टिमुरको छोप, जाँड रक्सी, छ्याङ आदि खान्छन् । रक्सी चाहिँ स्याउ, गहुँ र उवाँबाट बनाउँछन् ।

घरको बनावट : यिनीहरूका घरहरू गुचमुच्च परेका घरका छानाहरू समथर परेका, वढीमा २/३ तलाका हुन्छन् । घरको गाह्रो ढुंगा माटोका हुन्छन् । घरको मूलढोका, भान्सा, रातोमाटोले पोतेका, सफासुग्घर हुन्छन् ।

भेषभूषा : यिनीहरूमा पुरुषले वख्खु, डोजा ओभरकोट (तिब्बतियन लाँचाका (पाइकन र महिलाहरूले न्होकोन, फुटुम, टाङचर, जामा, पटुका लगाउँछन् ।

गहगहना : गरगहनामा स्याङतनहरूले कन्ठी टप, सुनका बाला, सिक्री, औंठी, चुरा आदि लगाउँछन् । यिनीहरूमा नाक छेड्ने चलन छैन ।

थरगोत्र : यिनीहरू आफ्नो नामका पछाडि थकाली लेख्न रुचाउँछन् । यिनीहरूमा हालसम्म साकर, स्याङतन, पासिङ, सान, चि, भिसिन, क्या र स्हेरेन फोचे आदि थरहरू

पाइएका छन् । स्हेरेन फोवेका सन्तान भनिने पासिङहरू स्याङका आदिवासी हुन् र बाँकी तिब्बतबाट बसाइँ सरी आएका हुन् भन्ने पाइन्छ ।

भाषा : स्याङतनहरूले बोल्ने भाषा भोट बर्मेली समूहभित्रको भाषा हो । भाषिक रूपमा स्याङतन, चिम्तन र ठिन्तनका बिचमा कुनै भिन्नता छैन । यिनीहरू एकलाई घी, दुईलाई ङ्ही, तीनलाई सोम, चारलाई भ्ली, पाँचलाई ङाहा, छलाई दु, सातलाई न्हीस, आठलाई ग्रे, नौलाई कु, दसलाई च्य, मलाई ङ, आगोलाई म्हे, हिजोलाई तिली, आजलाई तिनी, भोलिलाई नामा भन्दछन् ।

संस्कार : स्याङतनहरूमा खासगरी जन्म विवाह र मृत्यु संस्कार मनाउने गर्छन् ।

जन्म संस्कार : यिनीहरूमा महिला गर्भवती भई भने स्वादिष्ट र पोषिलो खाना खुवाउँछन् । गर्भ बसेको छ महिनापछि लोग्नेसँग यौन सम्बन्ध राख्दैनन् । बाबुआमा दुवैले पापकर्म, अधर्म गर्दैनन् । काटमार सिकार आदि गर्दैनन् । बच्चा जन्मेपछि तिब्बतियन लिपिको पात्रो हेरी पुरेतबाट न्वारन गराउँछन् । न्वारन ३ दिनदेखि ९ दिन भित्रमा गर्छन् । नामराख्दा राशि मिलाएर राख्छन् । यिनीहरूका मुसा, फ्याउरो, सिंह, खरायो, ड्रागन, सर्प, घोडा, भेंडा, बाँदर, चरा, कुकुर र सुँगुर आदि बाह्र राशि हुन्छन् । राशिलाई यिनीहरू 'ल्हो' भन्दछन् ।

विवाह संस्कार : यिनीहरूमा मागी चोरी, प्रेम, बहुविवाह र पुन: विवाहको प्रचलन छ । यिनीहरूमा विवाहको कुनै हद नभए तापनि १६ देखि २५ वर्षमा गर्ने गर्छन् । विवाह गर्दा स्याङ, ठिनी र चिमाङ तीन गाउँबाटै गर्छन् । सकेसम्म स्वजातीय र आफ्नै गाउँबाट गर्छन् । त्यो सम्भव नभएमात्र चिमाङ र ठिनीबाट गर्छन् । यिनीहरूले अन्तर्जातीय विवाह र हाडनाताको विवाहलाई प्रतिबन्ध लगाएका छन् । खासगरी फुपुकी छोरी र मामाकी छोरीसँग विवाह गर्ने चलन छ तापनि धेरैजस्तो मामाकी छोरी सँग नै गर्ने गर्छन् । यिनीहरूमा घिच्याएर केटी लैजाने, त्यसपछि झैझगडा र खैलाबैला मच्चाउने अनि बल्ल बिहेको चाँजोपाँजो मिलाउने जस्ता रोचक प्रचलन पाइन्छ ।

धर्म : यिनीहरू बौद्धधर्मावलम्वी हुन्, गुम्बामा पूजा गर्दछन्, लामा पुरोहित राख्दछन्, यिनीहरूको बसोबास भएको ठिनी नजिक एउटा गुम्बा छ, जसलाई यिनीहरू कुसातारङ भन्ने गर्दछन् । उक्त गुम्बामा तिब्बतको पहिलो साम्य गुम्बाबाट आठौँ शताब्दीमा ल्याइएका पवित्र धार्मिक अवशेष रहेको विश्वास गर्दै ठूलो महत्त्वका साथ पूजा गरिन्छ र त्यस गुम्बालाई ठूलो तीर्थस्थलका रूपमा गणना गरिएको छ । त्यस क्षेत्रमा बौद्ध धर्मका प्रवेश गर्नुअघि बोन्नधर्म प्रचलित थियो र बोनधर्मका गुम्बाहरू अझै पनि छन् । ती गुम्बाहरू पनि पुज्ने गरिन्छ । त्यसका अतिरिक्त स्याङतानहरूमा धामी, झाँक्री भुइँआमा, किचकन्ने, भूत, स्योप्टा आदिमा विश्वास गर्ने प्रथा अझै कायमै छ ।

चाडपर्वहरू : यिनीहरूले मुख्य रूपले 'तोरेन ल्ह' र 'फाल्ह' गरी दुई प्रकारका चाडपर्वहरू मनाउँछन् । तोरेन ल्ह फागुन पूर्णिमामा पर्दछ भने फाल्ह भाद्र महिनामा पर्दछ । फाल्हमा भेंडा, च्याङ्ग्राको बलि चढाइन्छ । यिनीहरू यी चाडलाई हिन्दूहरूको दसैं तिहारझैं धुमधामले मनाउँछन् ।

पेसा : यिनीहरूको मुख्य पेसा कृषि, पशुपालन र मजदुरी हो । कृषिमा गहुँ, मकै फापर, जौ, तोरी, उवाँ जस्ता खाद्यान्न, फलफूलमा स्याउ, आरु, खुर्पानी, अंगुर र तरकारीमा काउली, गोलभेंडा, धनियाँ, प्याज, लसुन, जिम्बु, स्वीटचाट, गाजर, मुला, सलगम, आलु उब्जाउने गर्छन् । पशुपालनमा च्याङ्ग्रा, याक, भेंडा, लुलु, झोपा, खच्चड आदि पाल्ने गर्दछन् । यिनीहरूलाई कृषि उपजबाट पाँच ६ महिनामात्र खानपुग्ने हुँदा बाँकी समय व्यापार ठेक्का र नोकरी गरी गुजारा गर्छन् ।

शैक्षिक अवस्था : यो जाति शिक्षामा धेरै पछि छ । एसएलसी गरेका २५ जना आईए गरेका ४ जना र स्नातक १ जना मात्र छन् ।[४२]

मृत्यु संस्कार : यो जातिमा मानिस मर्दा सर्वप्रथम कालिगण्डकीवाट शुद्ध वालुवा ल्याई लिपपोत गरी बालुवा छर्किई चोखो पारी लासलाई राख्छन् । त्यसपछि इष्टमित्र, दाजुभाइ र गाउँलेहरू जम्मा हुन्छन् । त्यसपछि लामा र झाँक्रीले मृत्यु घोषणा गर्छन् । लासमा १०८ वत्ती बालिन्छ । फलफूल र प्रसाद चढाइन्छ । लास उठाउने साइत हेरिन्छ । लासलाई सोमवार, बुधवार र बिहीवार मात्रै अन्त्येष्टि गरिन्छ ।

मलामी जाँदा लामा झाँक्री र झुमाले ढ्याङ्ग्रो र दमाहा वजाउँदै लगिन्छ । दागवत्ती दिनु अगाडि कुटुम्वले सेतो कपडा लगाउँछन् । लासलाई जलाउने र गाड्ने दुवै गर्छन् । छोराहरूले कपाल खौरिन्छन् । सेतो कपडा लगाउँछन् । मलामी फर्केपछि रक्सी खुवाइन्छ ।

---

४२ यमवहादुर झेंडी मगर : स्याङतनसम्वन्धी अध्ययन प्रतिवेदन, अप्रकाशित ।

५९. वालुङ
(Walungs)

मूलथलो : यो जातिको नामकरण पनि स्थान विशेषकै आधारमा भएको छ। यिनीहरू ताप्लेजुङ जिल्लाको तमोर नदीको सिरानमा पर्ने ओलाङचुङगोलामा बस्ने भएकाले वालुङ भनिएका हुन् । ओलाङचुङगोलालाई स्थानीय भाषामा वालुङ भनिन्छ। ओलाङचुङगोला, याङगमा, घुन्सा, लुङ्गथुङ्ग र लेलेप गरी ५ प्रमुख स्थानका वासिन्दालाई नै वालुङ भनिन्छ ।

भाषा र धर्म : यिनीहरूको वेशभूषा भाषा र धर्म उत्तरमा रहेको चीनको स्वशासित क्षेत्र तिब्वतसँग मिल्दछ । वालुङ क्षेत्रमा एउटा ठूलो वौद्ध गुम्वा छ । त्यसैले यिनीहरू वौद्ध मार्गी नै हुन् ।

जनसंख्या : यो जाति अल्पसंख्यक जाति हो । यिनीहरू ओलाङचुङगोलाका ५ गाउँमा मात्र पाइने हुँदा यिनीहरूको जनसंख्या अत्यन्तै न्यून छ ।

पेसा : यिनीहरू पनि तिब्वतसँग व्यापार गरेर जीवनयापन गर्दछन् । अलिअलि खेती पनि गर्दछन् । पशुपालनमा चौरी झोवा, याक, भेडा आदि पाल्छन् ।

शिक्षा : शिक्षाका क्षेत्रमा यिनीहरू अत्यन्तै पछाडि छन् । साँच्चै भन्ने हो भने यो जातिले शिक्षाको महत्त्वसम्म बुझ्न सकेको छैन भन्दा पनि अत्युक्ति नहोला । त्यसैले यो जातिको वसोवास क्षेत्रमा सरकारले विशेष ध्यान दिनु जरुरी छ । साक्षरता प्रतिशत झन्डै शून्य वरावर छ ।



संस्कार : यिनीहरू जन्म, छेवर, विवाह र मृत्यु संस्कार मुख्य रूपमा मनाउँछन् । यिनीहरू मृतकलाई जलाउने, गाड्ने दुवै गर्दछन् ।

६०. हायु
(Hayus)

मूलथलो : हायुहरू नेपालका अल्पसंख्यक जातिमध्ये एक हुन् । यिनीहरूले आफूहरू नेपालम १८०० वर्षभन्दा अघि श्रीलंकाबाट आएको बताउछन् तर त्यसको कुनै पनि प्रमाणिक इतिहास भने पाइँदैन । यतिचाहिं सत्य हो कि यिनीहरू पहिले फिरन्ता जाति थिए । एकै ठाउँमा स्थायी रूपमा बस्दैनथे । सिकार खोज्न जंगल जंगलमा घुम्दथे ।

हायुहरूको वर्तमान बसोबास स्थल भनेको नेपालको मध्यपहाडी जिल्ला रामेछाप र सिन्धुली हो । अहिलेसम्म त्यहाँ लगभग १ सयको हाराहारीमा उनीहरूका घरधुरी छन् । यिनीहरूका घर एकतले माटाले बनेको र खरले छाएको हुन्छ । उनीहरूका घरहरू एकै ठाउँमा नभई छुट्टाछुट्टै हुन्छन् । बस्दा पनि एकै ठाउँमा गोलबन्द भई नवस्ने र काम गर्न हिंड्दा पनि एक्लाएक्लै हिंड्ने यिनीहरूको स्वभाव हुन्छ । यिनीहरूको कद छोटो हुन्छ र राई, लिम्बु, सुनुवारहरूसँगै धेरै कुरा मिल्दछ ।

जनसंख्या : २०५८ को जनगणनामा हायुहरूको जनसंख्या १८२१ रहेको पाइएको छ । त्यसैले यसलाई लोपोन्मुख जनजाति हो भन्न सकिन्छ ।



भाषा : हायुहरूको आफ्नै भाषा छ तर लिपि भने छैन । यिनीहरूको भाषा लिम्वुहरूसँग झन्डैझन्डै मिल्ने हुँदा यिनीहरू पनि लिम्बुहरूकै सन्तान हुन कि जस्तो लाग्दछ । बीएच हडसनले यिनीहरूको व्याकरण प्रस्तुत गर्दै पानीलाई ती भन्छन् भनेका छन् ।[४३] नेवारीमा पनि झोललाई ती भनिन्छ । हायुहरूले आफूहरूलाई राई, लिम्वु र सुनुवारको कान्छा भाइ भन्ने पनि गर्दछन् तर त्यसको पनि कुनै प्रामाणिक इतिहास पाइँदैन । यिनीहरूका वंशज को हुन्, कताबाट आएका हुन्, कति वर्ष पहिले आएका हुन् आदि विषयमा कुनै पनि प्रामाणिक इतिहास, प्राप्त भएका छैन ।

उत्पत्तिको कथा

हायुहरूका विषयमा सुनवार वंशावलीमा एउटा किवदन्ती भने प्रचलित छ जसअनुसार परापूर्वकालमा एक राजाका ७ वटी छोरी थिए । ती ७ मध्येकी अन्तरी मैया सँधैभरि रातिराति जंगलमा नुहाउन जाने गर्थिन् । उनको यो क्रम धेरै लामो समयसम्म चल्यो । त्यत्तिकैमा एक रात अचानक सूर्योदय भयो र ती अन्तरी मैया गर्भवती भइन् । यो खबर जताततै फैलियो र राजाले पनि थाहा पाए । त्यसपछि उनी अविवाहित छोरी गर्भवती भएकोमा अत्यन्तै चिन्तित भए । त्यत्तिकैमा व्यास ऋषिले राजालाई ती कन्याको गर्भ

---

४३ बि. एच. हडसन : जर्नल अफ द एसियाटिक सोसाइटी - वंगाल, भोल्युम २६ ।

सूर्यदेवको हो चिन्ता लिनु पर्दैन भनेपछि बल्ल राजा ढुक्क भए । कन्याको गर्भ परिपक्व भएपछि त्यसबाट एक पुत्रको जन्म भयो । उनका पनि पाँच पुत्र जन्मिए । ती पाँचै जना ठूलो भएपछि सँगसँगै उनीहरू घुम्न भनी निस्किए र तिब्बतसम्म पुगे । त्यहाँ पुगेपछि एक भाइ उतै बस्ने इच्छा गरेकोले उनलाई त्यतै छाडी बाँकी चार भाइ त्यहाँबाट नेपालको भोटतिर झरे । उनै चार भाइमध्ये एक भाइका सन्तान पछि गएर लिम्बु भए । अर्को भाइका सन्तान राई भए । अर्कोका सुनुवार भए र कान्छोका हायु कहलिए । यसरी सूर्यदेवको गर्भबाट आफ्ना पूर्खाको जन्म भएको किम्वदन्ती सुनाउँदै हायुहरूले आफूहरूलाई सूर्यदेवका सन्तान भन्दछन् र सूर्यकै पूजा गर्ने गर्दछन् ।

पेसा : हायुहरूको आफ्नै पैतृक सम्पत्ति जग्गा जमिन नभएको हुँदा अर्काको मजदुरी गरेर जीविकोपार्जन गर्छन् । कतै ऐलानी पर्ती जग्गा खनजोत गरेर २-४ पाथी अन्न उब्जाउनुबाहेक यिनीहरूको पेसा मजदुरी र साहुको घरको काम गर्नु हो । कुनै कुनै हायुहरू सेना र प्रहरीमा पनि भर्ती भएका छन् तर उनीहरू हायुका रूपमा नभई राई थरबाट भर्ना भएका छन् । हायुभन्दा हेय दृष्टिले अरुले हेर्छन् भनेर यिनीहरूले राई, लिम्बु र सुनुवार लेखाउन थालेकाले यो जाति लोपोन्मुख छ ।

चाडपर्व : यिनीहरूले हिन्दू संस्कृतिलाई अपनाउँदै आएका छन् । राईसँग नजिक रहेको जस्तो यिनीहरूको परम्परा देखिए पनि राईहरूले मनाउने चण्डीपूजा चाहिँ यिनीहरू मनाउँदैनन् । हिन्दूहरूले मनाउने दसैं चाड चाहिँ यिनीहरूले धुमधामसँग मनाउँछन् ।

छुवाछुत : यस जातिमा छुवाछुत प्रथाले गहिरोसँग जरा गाडेको पाइन्छ । यिनीहरू आफ्नै समूहभित्र छुवाछुत प्रथा नभए पनि अन्य अछुत जातिसँग छोइन चाहँदैनन् । छोइहालेको खण्डमा उपल्ला जातिहरूले सुनपानी छर्ने र नुहाउने गरेझैं यिनीहरू गर्छन् ।

मृत्यु संस्कार : यो जातिमा मानिस मर्दा गाड्ने र जलाउने दुवै परम्परा छ तर प्राय:जसो गाड्ने नै गर्दछन् ।

६१. ह्योल्मो (योल्मो)
(Hyolmos or Yolmowas)

मूलथलो : यो जातिको मूल थलो सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्र हो । त्यही हेलम्बुबाटै योल्मो, ह्योल्मो भनिन थालिएको हो र त्यहींबाटै यिनीहरू कालान्तरमा नेपाल अधिराज्यका अन्य जिल्लामा गई बसोबास गर्न थालेका हुन् । इलाम, दोलखा, नुवाकोट, रसुवा, गोरखा, चितवन जताततैका योल्मोहरूले आज पनि आफूहरू हेलम्बुबाटै बसाइँ सरी आएको बताउने गर्दछन् । यिनीहरूलाई कतै हेल्मु, कतै एल्मु, कतै योल्मो त कतै याल्मो भन्ने गरिन्छ ।

नामकरण : तिब्बती भाषामा 'हे' भनेको 'आलु' र 'लभु' भनेको मुला हुन्छ । हेलम्बुमा आलु र मुला प्रशस्त उब्जनी हुने हुँदा हेलभु भन्न थालियो र त्यसैको अपभ्रंश हुँदै हेलम्बु भयो भनेर ग्राह्म क्लार्कले भनेका छन् ।[४४]

भाषा र धर्म : यिनीहरू भोटको सीमा नजिक बस्ने हुँदा यिनीहरूको भाषामा भोटे भाषाको सम्मिश्रण पाइन्छ । योल्मो भाषामा आमालाई आमा, बुवालाई याप, बाजेलाई मेहमे, काकालाई अऊ, मामालाई अस्याङ, दाइलाई ज्यो ज्यो, दिदीलाई आजी, छोरालाई सेबु, भेडालाई लु, वाघलाई तक, घोडालाई तावु, कुकुरलाई खी लोग्नेलाई ख्योबु, गाईलाई बलाङ, गोरुलाई लङगो, भैंसीलाई मई भनिन्छ ।[४५] योल्मोहरू बौद्ध धर्मावलम्वी हुन् । यिनीहरूका हरेक गाउँमा गुम्वा हुन्छन् ।



जनसंख्या : २०५८ को जनगणनामा योल्मो जातिको जनसंख्या ५७९ रहेको छ । जनसंख्याको दृष्टिकोणले हेर्दा यो जाति अल्पसंख्यक जातिमा गणना गरिन्छ ।

घरको वनावट : यो जातिको वस्तीमा अन्य जातिको वसोवास भएको प्रायः कतै पनि पाइदैन । यिनीहरू गुजुमुजु परेर एकै ठाउँमा मिलेर वसेका हुन्छन् । झैझगडा गरेको कतै पनि पाइदैन । यिनीहरूका घरका तल्लो तला खुला रहन्छ र त्यहाँ गाईवस्तु वाँधिन्छन् । माथि भने आफू वस्छन् । पाहुनाहरूलाई राख्नका लागि छुट्टै कोठाको व्यवस्था मिलाइएको हुन्छ । घरहरू ढुंगाले वनाइएका हुन्छन् ।

---

४४ ग्राह्म क्लार्क : अ हेलम्बु हिस्ट्री, जरनल अफ सिनास, भोल्युम - ४, पृ. ४ ।

४५ प्रेमप्रसाद लुइटेल : इलामका योल्मोवा एक अध्ययन, त्रि.वि. शोधग्रन्थ, अप्रकाशित । सिनास, भोल्युम - ४, पृ. ४ ।

पेसा : यिनहरूको प्रमुख पेसा कृषि र पशुपालन हो । कृषिवाट उत्पादित सामान तथा घरपालुवा पशुहरू बिक्री गरेर आफ्नो जीविका चलाउने गर्दछन् । यसवाहेक धार्मिक चित्रकला बनाएर बिक्री गर्ने पनि गर्दछन् ।

शारीरिक बनावट : यिनीहरू मंगोलियन मूलका भएकाले मोटाघाटा, बलिया, होचोकद, थेप्चो नाक, उठेको निधार, गोलो अनुहार र साना आँखा भएका हुन्छन् ।

भेषभूषा : यिनीहरूका जातिका पुरुषहरूले कम्मरमुनि वख्खु, कम्मरमाथि ख्यान्जा र तोङ लगाउँछन् भने महिलाहरूले कम्मरमुनि बख्खु र कम्मरमाथि हन्जु लगाउँछन् । विवाहित महिलाले भने कम्मरको अगाडिपट्टि बख्खुमाथि पाङगदेन लगाउँछन् । आधुनिक पोसाकको प्रभाव पनि यिनीहरूमा परिसकेको छ ।

खानपान : योल्मोहरूको प्रमुख खाना ढिंडो, थुक्पा हो । आजभोलि भने दाल, भात र तरकारी पनि खान थालेका छन् । यसवाहेक जाँड, रक्सी, तोङवाजस्ता मादक पदार्थ पनि अत्यधिक मात्रामा सेवन गर्ने चलन छ । मासुका सम्बन्धमा भने अलिकति फरक मत पाइएको छ । जस्तो हेलम्वुमा वर्जित भएको मासु इलामका योल्मोहरूले खाने गरेका छन् ।[४६]

चाडपर्व : यो जातिमा लोसार चाडलाई निकै उमंगका साथ मनाउने चलन छ । यो नै यिनीहरूको प्रमुख चाड हो । लोसार भनेको नयाँ वर्ष हो । यसवाहेक क्षीजु पर्व (दशमी पर्व) न्युङनेपूजा, छोगपूजा, न्हारापर्व, मनिवुमपूजा आदि पनि बडो उल्लासका साथ मनाउने गर्छन् ।

संस्कार : योल्मो जातिमा जन्म, छेवर, विवाह र मृत्यु गरी चार प्रकारका संस्कार प्रचलनमा छन् । बच्चा जन्मेको ३ दिनदेखि ५ दिनसम्ममा सुत्केरीलाई चोख्याउने गरिन्छ । महिलाले गर्भधारण गरेपछि बावु हुनेले आलो मासुतर्फ हेर्न नहुने, खोलामा थापेको पासोबाट माछा झिक्न नहुने, काटमार गर्न नहुने, बावु तथा आमा हुनेले बाकसमा वाहेक अन्त कतै पनि ताला लगाउन नहुने, घोडाको लगाम नाघ्न नहुने, सूर्य र चन्द्र ग्रहण हेर्न नहुने, मान्द्रो वुन्दा अलिकति छाड्नु पर्ने जस्तो मान्यता राखेका हुन्छन् । वच्चा जन्मेपछि त्यसको नामकरण लामाले गर्दछन् । नामचाहिँ बारका आधारमा राख्ने गरिन्छ ।

छेवर : छेवर संस्कार भनेको केश कप्पन संस्कार हो । यो संस्कार कुनै पनि समयमा गर्ने गर्छन् ।

विवाह : यस जातिका विवाह संस्कारमा मागी विवाह चोरी विवाह र प्रेम विवाहजस्ता विवाह प्रचलनमा छन् । तापनि मांगी विवह नै बढी हुने गरेको पाइन्छ । यो जातिमा विवाहमा सिन्दुर हाल्ने चलन छैन । दुलाहा दुलही दुवैलाई टोटलाको फूलको टीका (एकप्रकारको रुख) लामाले लगाई दिएपछि विवाह सम्पन्न भएको मानिन्छ ।

अन्त्येष्टि : योल्मो जातिमा मानिस मर्दा लामा नभई हुदैन । लामा आइनपुग्दै १०८ वत्ती बालिन्छ । लामा आइपुगेपछि लामाले नै कुन साइत, कुन बार, कुन समयमा लास उठाउने भन्ने निर्क्योल गर्दछ । लास लैजानुअघि लासलाई बसालेर राखिन्छ र आफ्नो विधिअनुसार काम सुरु गरिन्छ । शवलाई घरको कुन दिशाबाट निकाल्ने भन्ने निर्णय पनि लामाले नै गर्छन् । यिनीहरूमा लासलाई जलाउने चलन छ । मानिस मरेको ७, १३ या ४९ दिनमा घेवा गर्ने गरिन्छ । यिनीहरू लास जलाएको भोलिपल्ट त्यो ठाउँमा हेर्न जान्छन् र त्यहाँ जेको पाइला देख्छन् मृतकले त्यसै योनिमा जन्म दिएको विश्वास राख्छन् । मृतकको अस्तु खोलामा बगाउने, ओडारमा राख्ने दुवै गरिन्छ ।

---

४६ लुइटेल, उही ।

नेपालका भाषाभाषीहरू

नेपालको परिचय दिंदा यसलाई वहुभाषिक, बहुधार्मिक, वहुजातीय र वहुसांस्कृतिक मुलुक भनेर दिने गर्दछौं, वास्तवमा सवै मुलुक वहुभाषिक, बहुधार्मिक, बहुजातीय र वहुसांस्कृतिक नै हुन्छन् । एक भाषा, एक धर्म, एक जात र एक संस्कृति भएको मुलुक विश्वमा कुन पो छ र ?

वहुभाषिकभन्दा भोटबर्मेली, भारोपेली, द्रविण र आस्ट्रिक गरी चार भाषा परिवारलाई लिन्छौं । बहुधार्मिक भन्नासाथ हिन्दू, इस्लाम, सिख, जैन, वौद्ध, बोन्यो र क्रिस्चियन धर्मको नाम लिन्छौं । वहुजातीय भन्दाखेरि वर्णाश्रम व्यवस्था भित्रका ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र, नेवार र वर्णाश्रम व्यवस्था वाहिरका जनजातिहरूलाई लिने गर्दछौं । त्यसै गरी बहुसांस्कृतिक भन्दाखेरि वर्णाश्रम व्यवस्थाभित्र र वाहिरका सबै जातजातिले मान्दै आएको संस्कृतिलाई जान्दछौं ।

माथिका चार भाषा परिवार भित्र कति भाषाभाषी छन् भन्ने कुरा कसैले पनि किटानीसाथ भन्न सकेका छैनन् । ज-जसले जे-जति लेखे ती सवै अनुमानकै भरमा लेखेका छन् । भरपर्दो तथ्याङ्क भनेको राष्ट्रिय जनगणना हो । २०४८ सालको जनगणनामा ३२ भाषा खुट्याइएको छ । जसमा नेपाली, मैथली, भोजपुरी, नेवारी, गुरुङ्ग, तामाङ्ग, मगर, अवधी, थारु, लिम्वू, राई किराँती, सेर्पा, थकाली, राजवंशी, सतार, दनुवार, सन्थाल हिन्दी, उर्दु, चेपाङ्ग, थामी, वंगाली, माझी, धिमाल, झांगड, मारवाडी, कुमाले, दराई, जिरेल, ब्यासी, राजी अंग्रेजी आदि पर्दछन् । माथिका भाषा (भाषिका)हरू कुनकुन भाषा परिवारभित्र पर्दछन्, त्यो हेरौं ।

भोटवर्मेली परिवारभित्र पर्नेहरू

सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, नेवार चेपाङ, थामी, धिमाल जिरेल थकाली, सुनुवार, व्यासी, लाप्चे, राजी पहरी, मेचे हायु गरी जम्मा १९ भाषा भोटवर्मेली परिवार भित्र पर्दछन् ।

भारोपेली परिवार भित्रका भाषाहरू

नेपाली मैथिली, भोजपुरी, अवधि, हिन्दी, उर्दु, थारु, राजवंशी, वंगाली दनुवार, मारवाडी, दरै अंग्रेजी र कुमाल गरी जम्मा १४ भाषा भारोपेली परिवार भित्र पर्दछन् ।

आस्ट्रिच परिवारभित्र पर्नेहरू

सतार (संथाल) जम्मा १ मात्र

द्रविण परिवारभित्र पर्ने

झांगड (धांगड) जम्मा १ मात्र

निश्चय पनि न त यी चार भाषा परिवारभित्र सूचीकृत गरिएका ३६ भाषामात्र नेपालका भाषा हुन् न त २०४८ सालको जनगणना उल्लेख भएका ३२ भाषा मात्र । त्यसै गरी न त विदेशीहरूले हचुवाका भरमा १०० भन्दा वढी भाषा लेखिदिएको सत्य हो । न त नेपाली विद्वान्हरूले लेखेका संख्यामा नै सत्यता छ । यी सबै अनुमान मात्रै हुन् । त्यसैले राष्ट्रिय तथ्याङ्क विभागले दिएको संख्यालाई नै आधार मान्नु उपयुक्त हुनेछ ।

माथि उल्लेख गरिएका भाषाहरूमध्ये सबैभन्दा वढी अर्थात् ५०.३१ प्रतिशतले बोल्ने भाषा नेपाली हो भने त्यसपछिको ११.८५ प्रतिशतले बोल्ने भाषा मैथिली नेपालको दोस्रो ठूलो भाषा हो । त्यसपछि क्रमस: भोजपुरी, थारु, तामाङ्ग, नेवार राई किरांत मगर अवधि लिम्बू र

गुरुङ्ग हुन् । अन्य भाषा बोल्नेहरूको संख्या शून्य प्रतिशतमा मात्र पाइन्छ । सबैभन्दा कम प्रतिशतले बोल्ने भाषा ब्यासी हो जुन ०.०१ प्रतिशतले मात्र बोल्दछन् ।

बहु धार्मिक मुलुकमा धर्मअनुसारको विवरणलाई तल दिइएका विभिन्न वर्षका जनगणनको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

धर्म↓	वर्ष →	२००५-११	२०१८	२०२८	२०३८	२०४८	२०५८
हिन्दू		८८.०९	८७.६९	८९.३९	८९.५०	८६.५१	८०.६२
बुद्ध		८.०६	९.२५	७.५०	५.३२	७.७८	१०.०९
इस्लाम		२.५	२.९८	३.०४	२.६६	३.५३	४.२
किराँत		-	-	-	-	१.७२	-
क्रिस्चियन		-	-	०.०२	०.०३	०.१७	०.४५

स्रोत - केन्द्रीय तथ्याङ्क विभाग

बहुसांस्कृतिक मुलुक नेपालमा प्रत्येक दिन कुनै न कुनै जात्रा या पर्व परेकै हुन्छ । त्यसैले नेपाललाई पर्वैपर्व र जात्रैजात्राको देश भनिएको हो । यहाँ विक्रम सम्वत् चलन चल्तीमा रहेता पनि यहाँका सेर्पा तामाङहरूले नयाँ वर्षका रूपमा ल्होसारलाई धुमधामसँग मनाउँछन् । यो फागुन महिनामा मनाइन्छ । त्यसै गरी नेवारहरूले नेपाल सम्वत्को वर्षारम्भका रूपमा कार्तिक महिनाको म्ह पूजालाई धूमधामसँग मनाउँछन् । मुस्लिम समुदायले 'रमजान' र 'इद' लाई मुख्य पर्वका रूपमा मनाउँछन् भने बुद्ध धर्मावलम्वीहरू बुद्ध जयन्तीलाई अत्यन्तै हर्षोल्लासका साथ मनाउँछन् । तराईवासीहरूले 'छठ' पर्वलाई जत्तिको हर्षोल्लासका साथ मनाउँछन् त्यत्तिकै हर्षोल्लासका साथ तराईकै अर्को जाति थारुहरूले वड्की आइतवार र माघी मनाउँछन् । काठमाडौँमा इन्द्रजात्रा, गाइजात्रा, घोडेजात्रा, रातो मच्छेन्द्रनाथ जात्रा र सेतो मच्छेन्द्रनाथ जात्रा, खड्ग जात्रा जत्तिको खुसियालीसाथ मनाइन्छ, त्यत्तिकै खुसियालीपूर्वक मुस्ताङमा चौँरीको रगत पिउने पर्व मनाइन्छ । यी जात्रा एवं पर्वहरूझै आपसी सौहार्द्रता र सम्मान व्यक्त गर्नका लागि 'वावुको मुख हेर्ने' आमाको मुख हेर्ने, गुरुको पूजा गर्ने, रक्षावन्धन वाँध्ने जस्ता चाडहरू पनि हाम्रै समाजका विधि छन् । साउनमा लुतो फाल्ने, र गठेमंगल मनाउने नाग पुज्ने शिवरात्रिमा पशुतिनाथको मन्दिरमा दर्शन गर्न जाने कार्तिकमा बुढानीलकण्ठको दर्शन गर्न जाने, श्रीपञ्चमीका दिनमा सरस्वतीको पूजा गर्ने, भाद्र कृष्णाष्टमीका दिनमा श्रीकृष्णको पूजा गर्ने, असारको १५ गते दहीचिउरा खाने, साउनको १५ गते खिर खाने, पुस १५ गते घ्युखट्टे खाने चलन पनि नेपाली समाजमा मात्रै पाइन्छ । यस्तै विभिन्न संस्कृति र परम्परामा हाम्रो समाज जकडिएको हुँदा यसलाई बहुसाँस्कृतिक मुलुक भनिएको हो ।

जनजातिको परिभाषा

जनजाति भनेको के हो ? भन्ने प्रश्नको जवाफ दिनु अत्यन्तै असहज छ र यस विषयमा जान्नु पनि त्यत्तिकै आवश्यक छ । असहज यस मानेमा छ कि क-कसलाई जनजातिमा गणना गर्ने ? असहज यस मानेमा पनि छ कि कसरी जनजातिको सर्वमान्य परिभाषा गर्ने । जनजातिको परिभाषा मानवशास्त्रीहरूले थुप्रै गरेका छन् । नेपालका जनजाति र अन्य मुलुकका जनजातिको परिभाषा एउटै हुन सक्दैन । भारतका जनजातिका लागि गरिएको परिभाषाले यहाँका जनजातिलाई समेट्न सक्दैन भने यहाँका जनजातिको परिभाषाले भारतका जनजातिलाई समेट्न सक्दैन ।

आदिवासी र जनजातिका सन्दर्भमा आजभोलि इन्डोजेनस, नेटिभ, एवोरिजिन, इथनिक, ट्राइव प्रिमिटिभ, नेसनालिटिज जस्ता शब्दहरू प्रयोगमा ल्याउने गरिएको छ र नेपालको जनजाति महासंघले पनि इथिनिक र इन्डोजेनसलाई नै ग्रहण गरेको छ ।

१. एडभान्स अंग्रेजी शब्द कोषमा इन्डोजेनसको अर्थ देशमा उत्पन्न भएको (जस्तै- अस्ट्रेलियाको कंगारु) भन्ने उल्लेख छ ।

२. कलिङ्स शब्दकोषमा ट्राइवको अर्थ "एउटै उद्भवको समान परम्परा, धर्म, भाषा र भूमिमा बसेको पछौटे अवस्थामा रहेको प्रजाति भनेर लेखेको छ ।

३. अक्सफोर्ड डिक्सनरीमा इथिनिकको अर्थ- "साझा संस्कृति र परम्परा भएको समूह, जाति तथा राष्ट्र हो भनेको छ । अक्सफोर्ड डिक्सनरीमै एवोरिजिनलको अर्थ उपनिवेश, उपनिवेशीहरूले प्रवेश गर्नुभन्दा पूर्व बसोबास गरिआएका जातिहरूमध्ये कुनै एक भन्ने उल्लेख छ । अक्सफोर्डमै नेसनालिटीको अर्थ- कुनै खास राष्ट्रको सदस्यता, राज्यको अंगका रूपमा बनिने जातीय समूह भनेर लगाएको छ ।

४. सर्वमान्य अर्थमा व्याख्या गर्ने हो भने 'जन'को अर्थ मानिस वा मानव र 'जाति'को अर्थ स्पष्ट नै छ जाति नै हो । यसरी जनजातिको अर्थ मानिस जाति वा मानव जाति हुन्छ । अर्को अर्थ हुनै सक्दैन । 'जन' भनेको सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बु इत्यादि मात्रै हुन् भने वाहुन, क्षत्री, दमाई, कामी, सार्कीहरू 'जन' नै होइनन् त ? कि यिनीहरू पशु जाति हुन् ?

५. सामान्य अर्थमा 'जनजाति' भन्नाले आदिम जातिलाई भनिन्छ भन्ने विषयमा मानवशास्त्री र समाजशास्त्रीहरू सहमत भइसकेका छन् । यो आदिम जाति कुन हो त ? भन्ने प्रश्नको उत्तर दिनुपर्दा- "सगोत्र विवाह प्रथामा बाँधिएका संयुक्त सामाजिक व्यवस्थामा हुर्केका, समान आर्थिक हैसियत भएका, आर्थिकस्तर ज्यादै तल्लो भएका, मुद्रा प्रचलनको अभाव भएका, वस्तु विनिमयमा आधारित समाज भएका, सरल प्रकारका, स्त्रीसम्मान र स्वतन्त्रलाई प्राथमिकता दिएका, निश्चित् भौगोलिक क्षेत्रमा बसोवास गर्दै अएका, बेग्लै भाषा भएका, जातिलाई आदिम जाति भनिन्छ र भनिएको छ ।

६. नेपालको संविधानको धारा २६ (१०) मा भनिएको छ- "शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।" यो परिभाषावाट स्पष्ट छ जनजाति भनेका आर्थिक र सामाजिक रूपले पिछडिएको वर्ग हो ।

७. नेपालका २ वटा जनजातिहरूका जातीय संगठनहरू मिलेर बनेको जनजाति महासंघले भने जनजाति भन्नाले- "हिन्दू वर्णाश्रमको संरचनाभित्र नपर्ने नेपालका आदिवासी एवं मूल जातिलाई जनाउँछ" भनेर परिभाषित गरेको छ ।

८. श्री ५ को सरकारले २०५२ साल पुस ३० गते गठन गरेको जनजाति उत्थान प्रतिष्ठान कार्यदलले २०५३ साल वैशाखमा पेस गरेको प्रस्तावित राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान स्थापना गर्ने सम्वन्धी प्रतिवेदनको पृष्ठ १३ मा उल्लेख भएको छ- "आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजातिभित्र पर्दछन् ।"

९. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा जनजाति शब्दको अर्थ- "जंगल फाँडेर खनीखोस्री खाने, नागा, कोचे, कुसुन्डाजस्ता सभ्यता, शिक्षा, आदिमा पछि परेका र नजिकको परिवेशसँग प्रभावित भएको पछौटे जाति" भनेर उल्लेख छ ।

१०. मंगोल राष्ट्रिय संगठनका नेता गोपाल गुरुङले जनजातिको परिभाषा यसगी दिएका छन्- "जनजाति भनेका आमा मंगोल वावु आर्य शूद्रवाट खसेका (खच्चर सन्तान हुन्) अछुत जाति हुन् ।"[४७]

११. आङरिता सेर्पाले "नेपालका सेर्पाहरूलाई जनजाति भन्नु हुँदैन" भनेर सेर्पा जातिलाई जनजातिवाट अलग्गै उभ्याउने कसरत् गरेका छन् ।

१२. संयुक्त राष्ट्र संघको परिभाषाअनुसार- "जनजाति भन्नाले त्यस ठाउँको आदिवासी रैथाने, जहाँ उसले मेहनत गरेर पसिना वगाएको हुन्छ, जहाँको कुनाकन्दरा, पाखापखेरा, वनजंगल, नदीनाला र खोला खोल्साहरू आफ्नो अनुकूल बनाएको हुन्छ, त्यहाँको ढुंगा माटो र यावत् प्राकृतिक देनहरूसँग ऊ जन्मैदेखि झ्याम्मिएको हुन्छ । अर्थात् ऊ त्यहाँको भूमिपुत्र हो । त्यसलाई जनजाति भनिन्छ ।

१३. नेपाल जनजाति महासंघको विधानमा जनजातिको परिभाषा यसरी गरिएको छ । "जनजाति भन्नाले हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्ने, समानतामा आधारित, परम्परागत सामाजिक संरचना भएका जाति आदिवासी र मूलवासीलाई जनजाति भनिन्छ ।

१४. जर्ज पिटर भरडोकका अनुसार- "जनजाति एक यस्तो संगठन हो जसभित्र अनेक गोत्र, गाउँ या अन्य उपसमूह हुन्छ जसको साधारण तथा एक निश्चित् भौगोलिक क्षेत्र हुन्छ । अलग्गै भाषा हुन्छ । भिन्दै संस्कृति हुन्छ र सामाजिक राजनीतिक संगठन हुन्छ र वाहिरका मानिसहरूका विरुद्ध सामान्य द्वेपको भावना हुन्छ ।"

१५. इम्पिरियल गजेटरका अनुसार- "जनजाति परिवारको एउटा यस्तो समूह हो जसको कुनै सामान्य नाम हुन्छ, सामान्य वोली व्यवहार हुन्छ, सामान्य भू-भागमा वस्दछन् र अन्तर्विवाही हुँदैन ।

१६. वोगार्ड्सका अनुसार- "जनजाति समूह रक्षाको आवश्यकतावाट, रक्त सम्वन्धवाट र एक सामान्य धर्मको शक्तिमा आधारित छ ।"

१७. किराँत याकथुम चुम्लुङको प्रतिवेदन २०५२ मा "जनजाति भन्नाले आदिवासी मूलवासी, हिन्दू वर्णाश्रमको संरचनाभित्र जस्तो ठूलो सानोको जात विभेद नभएका, कुनै पनि जाति तथा मानव समुदायलाई वुझाउँछ" भनिएको छ ।

१८. श्री ५ को सरकारद्वारा गठित राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान कार्यदलको प्रतिवेदनअनुसार- "जनजाति भन्नाले जसको आफ्नो छुट्टै सामुहिक सांस्कृतिक पहिचान छ । जसको परम्परागत भाषा धर्म रीतिरिवाज र संस्कृति छ । जसको परम्परागत सामाजिक संरचना समानता आधारित छ । जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ । जसको लिखित अलिखित इतिहास छ । जुन समुदायभित्र हामीको भावना छ । जुन समुदायको आधुनिक नेपालको राजनीति र राज्य सञ्चालनमा निर्णायक भूमिका छैन । जो नेपालको आदिवासी हो । जसले आफूलाई जनजाति भन्दछन् भनेर परिभाषित गरिएको छ ।

१९. नेपाल जनजाति महासंघका सुरेस आले मगरका अनुसार- "सामान्यतया सामुहिक जीवन पद्धति एवं मातृ सत्तात्मक समाजका केही अवशेषहरू विद्यमान रहेको र हालसम्म पनि पिछडिएको अवस्थामा रहेका जातिलाई जनजाति भनिन्छ ।"

२०. स्कटको परिभाषामा जनजाति भनेको- "सामान्य सांस्कृतिक परम्परा र पहिचानको भावना भएको समूह हो ।"

---

४७ गोपाल गुरुङ : नेपाल र सिक्किमको राजनीतिमा नौलो अछुत जनजातीय समुदाय, सृजना २०५५ ।

२१. क्यापलोभका अनुसार- "एउटा राष्ट्रिय जनसंख्यामा छुट्टै परिचय भएको एउटा असंगठित समूहसँग सम्वद्ध जनता जनजातीय समूह हो ।"

यसरी जनजातिको अध्ययनका क्रममा हरेक देशमा समस्याहरू उपस्थित हुने गर्दछन् । नेपालको परिप्रेक्षमा हामीले क-कसलाई जनजाति भन्ने ? कुन चरित्रलाई जनजातिको आधार मान्ने ? बाह्य प्रभावका कारण जनजातीय धर्म, संस्कृति, र सामाजिक संगठन त्यागेकालाई जनजाति मान्ने कि नमान्ने जस्ता पेचिला प्रश्नहरूलाई कसरी सुल्झाउने भन्ने जस्ता प्रश्नहरू आफ्नै ठाउँमा छन् ।

जनजातिको अध्ययन गर्दा हामीले जनजाति, दलित जाति, पिछडिएका जाति र अल्पसंख्यक जातिका बिचको अन्तरलाई पनि राम्रोसँग बुझ्नुपर्ने हुन्छ । आदिम जातिको जन्मथलोमा गैर आदिवासीहरूको प्रवेशसँगै कालान्तरमा उनीहरूका धर्म, संस्कृति भाषा र रहनसहनमा समेत परिवर्तन आइसकेको हुन्छ । रक्त शुद्धता र मूल संस्कृति हराएको हुन्छ । त्यसका साथसाथै उनीहरूले गैर आदिवासी समुदायको धर्म संस्कृति र भाषासमेत अंगालेको पनि पाइन्छ ।

जनजातिको परिभाषाभित्र परेका सेर्पा तामाङ, मगर, गुरुङ, राई, लिम्बू, धिमाल, थारु आदि हुन् भने दमाई, कामी, सार्की आदि पिछडिएका जाति हन् । त्यसै गरी नेवार मुसलमानजस्ता वेग्लै भाषा, धर्म भएका जातिहरू अल्पसंख्यक जातिभित्र पर्दछन् । कुसुन्डा, बादी गाइने र राउटे आदि चाहिँ उपेक्षित जातिभित्र पर्दछन् ।

हाम्रो देशको परिप्रेक्षमा अल्पसंख्यक जातिभित्र गणना गरिएका नेवारहरू जो आफ्नै विशिष्ट परिवेशवाट अलग्गिएर भिन्दै किसिमको सामाजिक हैसियतले निर्माण गरेका छन् । यिनीहरू मंगोल, अस्ट्रेली र हिन्दूहरूको सम्मिश्रणबाट एउटा भिन्दै जातिका रूपमा हुर्केका छन् । यिनीहरूलाई के भन्ने ?

जातिको परिभाषा

जसरी जनजातिको आफ्नै वेग्लै सामाजिक संस्कृति भाषा, रहनसहन, खानपान र इलाका हुन्छ त्यसै गरी जातिहरू हिन्दूसंस्कृति, जातिप्रथा, भाषा आदिका अभिन्न अंग हुन् । जातिहरूको परम्परा हिन्दू सामाजिक व्यवस्था सँगसँगै जोडिएको हुन्छ । जातिभित्र वाहुन, क्षेत्री, वैश्य, शूद्र (राजपुत र कायस्थ, वैश्य) र सार्की दमाइँ कामी (शूद्र अछुत) आदि पर्दछन् । अर्थात् जातिभित्र दलितहरू पनि पर्दछन् । जातिभित्र एउटा उच्च जाति र अर्को दलित जाति गरी २ प्रकारको विभाजन गरिएको छ ।

जाति र जनजातिबीचको अन्तर

जाति र जनजातिविचको अन्तर के हो र कसरी यी दुई विचको भिन्नता जान्ने भन्ने विपयमा हामीले निम्न लिखित फरकहरू जान्नु पर्ने हुन्छ जसले यी दुई विचको अन्तर केही हदसम्म स्पष्ट हुन्छ ।

(१) जातिहरूले हिन्दू सामाजिक व्यवस्थालाई निरन्तरता दिनुका साथै त्यसको प्रभाव विस्तार गर्दै समाजमा आफ्नो स्थान उच्च राख्न सफल भएका छन् । जनजातिमा यसको अभाव छ ।

(२) जातिहरू हिन्दू संस्कृति, जातिप्रथा, भाषा र अर्थतन्त्रअन्तर्गत आवद्ध हुन्छन् भने जनजातिका वेग्लै संस्कृति, भाषा र परम्परा हुन्छन् । त्यसका साथै यिनीहरू आर्थिक दृष्टिवाट आत्मनिर्भर हुन्छन् ।

(३) जातिहरूको आफ्नै भिन्नै परम्परा हुँदैन । उनीहरूको परम्परा हिन्दू समाज व्यवस्थासँगै जोडिएको हुन्छ तर जनजातिहरूले आफ्नो विशेषता गुमाउँदै गएको भए तापनि परम्परालाई भने जीवितै राखेका हुन्छन् ।

(४) जातिहरूको स्तर जनजातिहरूको जस्तो पिछडिएको हुँदैन तर जनजातिहरूका सामाजिक र आर्थिक स्तर पिछडिएको हुन्छ ।

(५) जातिहरूमा हाडनातामा विवाह गर्नु दण्डनीय र वर्जित हुन्छ भने जनजातिहरू हाडनातामा विवाह गर्ने गर्दछन् ।

(६) जातिहरू कुनै निश्चित् इलाकाभित्र सीमित भएर रहेका हुँदैनन् भने जनजातिहरू एक निश्चित् इलाकाभित्र सीमित रहेका हुन्छन् ।

(७) जातिभित्र बहुपति प्रथा र भाउजुलाई देवरले स्याहार्ने प्रथा कहीं पनि देख्न पाइदैन तर जनजातिभित्र त्यस्तो प्रथा पनि छ ।

(८) जाति एक सामुहिक समूह हो भने जनजाति एक स्थानीय समूह हो ।

(९) जातिको राजनैतिक संगठन हुँदैन भने जनजातिको राजनैतिक संगठन हुन्छ ।

(१०) जातिका सदस्यको निश्चित् व्यवसाय हुन्छ । तर जनजातिमा व्यवसायको निश्चितता हुँदैन ।

(११) जनजातिको जन्म सामुदायिक भावनाबाट भएको हो भने जातिको जन्म श्रमविभाजनका आधारमा भएको हो ।

जनजाति र अल्पसंख्यक जाति बिचको अन्तर

जसरी जाति र जनजातिविच केही अन्तरहरू पाइन्छन् जसले गर्दा यी दुईलाई पहिचान गर्न सजिलो हुन्छ त्यसै गरी जनजाति र अल्पसंख्यक जातिविच पनि केही अन्तर पाइन्छन् जसले गर्दा यी दुई विच पहिचान गर्न सहज हुन्छ ।

(१) जनजातिहरूको सामाजिक र सांस्कृतिकस्तर कमजोर हुन्छ भने अल्पसंख्यक जातिहरूको हुँदैन ।

(२) जनजातिहरूको आर्थिकस्तर चौपट हुन थाल्यो भने उनीहरू आफ्नो विकासका लागि अन्य धर्महरू स्विकार्न थाल्दछन र आफ्नो स्तर माथि उठाउने प्रयास गर्दछन् । त्यतिवेला उनीहरू क्रिस्चियन धर्म अंगिकार गरेर क्रिस्चियन पनि वन्न सक्तछन् । हिन्दू धर्म स्वीकार गरी जातिमा परिवर्तित हुन पनि सक्तछन् । अनि आफ्नो स्तर माथि उठिसकेपछि अल्पसंख्यक जातिमा पनि वदलिन्छन् भने उता जातिहरू जनजातिहरू परिवर्तन हुन् रुचाउँदैनन् ।

जनजाति र गोत्रमा अन्तर

(१) जनजातिहरू एक निश्चित् भू-भागमा वस्दछन् जब कि गोत्रको कुनै निश्चित् भू-भाग वा प्रदेश हुँदैन ।

(२) गोत्रको कुनै सामान्य भाषा हुँदैन तर जनजातिका सामान्य भाषा हुन्छन् ।

(३) जनजाति एक अन्तर्विवाही समूह हो भने गोत्र बर्हिविवाही समूह हो ।

जनजातिका लक्षण

(१) सामान्य भू-भाग - जनजाति एक निश्चित् र सामान्य भूभागमा वसोवास गर्दछन् ।

(२) एकताको भावना - कुनै निश्चित् भौगोलिक क्षेत्रमा रहँदैमा त्यस्तालाई जनजाति भनिदैन । जनजाति कहलिनका लागि एकताको भावना अनिवार्य हुन्छ ।

(३) सामान्य भाषा - जनजातिका सदस्यहरू एउटै सामान्य भाषा वोल्दछन् ।

(४) अन्तर्विवाही - जनजातिका सदस्यहरू सामान्यतया आफ्नै जातिमा विवाह गर्दछन् ।

(५) रक्तसम्वन्ध - जनजातिका सदस्य आफ्नो उत्पत्ति कुनै वास्तविक या काल्पनिक पूर्वजवाट भएको मान्दछन् । त्यसैले उनीहरूमा रक्त सम्वन्धको वन्धन हुन्छ ।

(६) धर्मको महत्त्व - जनजातीय संगठनमा धर्मको महत्त्वपूर्ण स्थान हुन्छ र उनीहरू सामान्यतया पूर्वजको पूजा गर्दछन् ।

(७) राजनीतिक संगठन - प्रत्येक जनजातिका आ-आफ्ना राजनीतिक संगठन हुन्छन् र तिनीहरूमाथि जनजातिका मुखियाको पूर्ण अधिकार हुन्छ । उसलाई शासकका सबै अधिकार प्राप्त हुन्छ । स-साना समूहमा विभाजित भएकाहरूको समेत आ-आफ्नै मुखिया हुन्छन् ।

(८) सामान्य नाम - जनजातिका नाम सामान्य हुन्छन् ।

जनजातिहरूमा संक्रमणको खतरा

हाम्रो देशका जनजातिहरू संक्रमणको अवस्थामा छन् । डा. स्वामी प्रपन्नाचार्यले राई र लिम्वूहरूलाई क्षत्रिय बनाउने प्रयास गर्नु र राई, लिम्वूहरू स्वयं हिन्दूपुरोहितवादअन्तर्गत आउनुको अर्थ हो राई लिम्वूहरू उच्च जातमा संक्रमण हुने लक्षण । यसवाट जातिहरूमा जनजातीय विशेषताहरू काफी मात्रामा देखा पर्दै गइरहेका छन् । यसैकारण एक प्रसिद्ध मानवशास्त्री हेमन्डर्फले भनेका छन्- "नेपालको जनसंख्यालाई जाति र जनजातीय जनताका विचमा अन्तर गर्नु असम्भव छ ।"

जनजातिहरूको विस्तृत अध्ययनवाट के पाइएको छ भने कुनै पनि जनजातिहरूले आफ्नो जनजातीय चरित्रलाई बचाएर राख्न सफल भएका छैनन् तापनि सेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्वू, थारु आदिले जनजातीय विशेषताहरूलाई आफ्ना समाजमा अझै अवशेषका रूपमा भए पनि वचाउन सफल भएका हुँदा यिनीहरूलाई जनजाति नै मान्नु पर्दछ ।

यसै विषयमा हामी केही छिनका लागि मुलुकवाहिर भारतका केही जनजातिका रोचक प्रसंगलाई पनि अध्ययन गरौं ।

क्रुकको Trives and castes नामक किताबको The Brahmin शीर्षकमा के भनिएको छ भने भारतको प्रतापगढका कुंडा ब्राह्मण राजा मानिक चन्दले एकपटक सवालाख ब्राह्मणहरूलाई भोज गराउने संकल्प गरेका थिए । तर ब्राह्मणभोजका अवसरमा उनले सो संख्यामा ब्राह्मणहरू प्राप्त गर्न सकेनन् । तव उनले अहिर, कुर्मी र भाटजातिका मानिसहरूलाई एकैपटक यज्ञोपवित (जनै) धारण गराई ब्राह्मण बनाएका थिए । तिनको सत्ता अहिलेसम्म ब्राह्मण नै रहिरहेको छ ।

यस्तै कहानी भारतकै अमतारा, हरदोई, वस्ती र गोरखपुरको पनि छ । त्यहाँ पनि असंख्य नीच जातिका व्यक्तिहरूलाई ब्राह्मण वनाइएको थियो जसले नीच जातिका भएर पनि आफूलाई उपाध्याय, दुवे, तिवारी, दीक्षित, पाण्डे, अवस्थी र पाठकजस्ता थर धारण गरी ब्राह्मण घोषित गरेका छन् ।

यसै गरी विहार र बनारसमा पनि एक जाति छ जो भूमिहार हो, तर त्यस जातिका मानिसहरूले आफूलाई ब्राह्सण भन्दछन् । ती ब्राह्मणहरूसँग त्यहाँका उच्च ब्राह्मणहरूले वैवाहिक सम्वन्ध पनि राख्तैनन् र एकसाथ बसेर खाना पनि खाँदैनन् । ब्राह्मणहरू त के क्षत्रिय र वैश्यले समेत उनीहरूले छोएको खाँदैनन् । ती भूमिहार ब्राह्मणहरूले उच्च ब्राह्मणहरूलाई प्रमाण गर्छन् ।

यसै गरी अर्को रमाइलो कुरा Toods को Rajasthan नामक किताबमा पढ्न पाइन्छ । त्यसमा भनिएको छ- पान्चालका कतिपय ब्राह्मणहरूको जातीय अवनति भएको छ । त्यहाँका कतिपय ब्राह्मणले आफूलाई ब्राह्मण बढई, ब्राह्मणीय लोहार ब्राह्मणीय सुनार आदि संज्ञा भिराई आफ्नै बढई लोहार सुनारका शिल्पी जीवन विताइरहेका छन् । ब्राह्मणोचित संस्कार, रीतिरिवाज आदिको पालन पनि गरिरहेका छन् । यस्ता ब्राह्मणहरूलाई भारतीय विद्वान्हरूले उपव्राह्मण भनेर नामकरण गरिदिएका छन् । अहिले उनीहरूको देखासिकी गर्दै त्यहाँका सबै शूद्रवर्णीय बढई, लोहार, सुनारहरूले पनि आफूलाई ब्राह्मण घोषित गर्दै लामालामा शिखा (टुपी) राख्ने यज्ञोपवित (जनै) धारण गर्दै, ललाटमा

(निधारमा) टीका लगाउँदै, गोडामा खराउ लगाउँदै, धोती धारण गर्दै, आफूलाई पण्डित जी भनाउँदै, दैनिक स्नान गर्दै, दैनिक पूजा पाठ गर्दै, आफूलाई पाञ्चाल ब्राह्मण घोषित गरेका छन् । तर आफ्ना पूर्वसंस्कार पनि छोडेका छैनन् । मांस, मद्यको सेवन त्यागेका छैनन् विधवाविवाह पनि जारी नै राखेका छन् ।

विहारमा एउटा कथा प्रचलित छ- अमरौली वेलौरी र रामासाँठका ब्राह्मणहरू खुब हलो जोत्छन् अर्थात् यिनीहरूलाई अहिरसँग सम्वन्धित जाति मानिएको छ । हलो जोत्ने कार्यलाई अहिर जातिसँग जोडिएको छ । सायद उनीहरू अहिर जातिबाट यज्ञोपवित धारण गरी ब्राह्मण भएका हुन सक्छन् ।

यसरी भारतमा जनजातीय संक्रमण अत्यधिक मात्रामा भइरहेको छ भने नेपालमा पनि डा. स्वामी प्रपन्नाचार्य तथा स्व. छविलाल पोखेलद्वारा नेपालका राई लिम्बूहरूलाई क्षत्रिय र ब्राह्मण वनाउँदै जनजातिहरूलाई जातिमा संक्रमण गराउने कार्य भइसकेको छ । २०५९ सालमा म्याग्दी जिल्लाको स्वाता गाउँका ३५ जना मगरहरूले सामुहिक व्रतबन्ध गरी जनैधारण गरेका थिए ।

श्री ५ को सरकारद्वारा गठित राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान कार्यदलको प्रतिवेदनको आधारमा श्री ५ को सरकारले नेपालका जनजातिको एउटा सूची तयार पार्‍यो जसमा ६१ जनजाति देखाइएको थियो तर पछि गएर नेवारहरूले आफूहरूलाई सरकारले जनजातिको सूचीमा रखेकोमा आपत्ति जनाउन थालेपछि नेवारलाई संसदको १८ औं अधिवेशनद्वारा जनजातिको सूचीवाट हटाएपछि अहिले जनजातिको सूची ६० कायम हुन गएको छ । तर अचम्मको कुरा के छ भने नेवारहरूको एउटा समूहले आफूलाई जनजाति होइन भनी जनजातिको सूचीवाट हटाउन लगायो भने नेवारकै अर्को समूहले नेवारलाई जनजातिभित्रै राखिनु पर्दछ भनेर आवाज उठाइरहेका छन् । त्यतिमात्र होइन नेवारहरूको जातीय संस्था- "नेपालभाषा मंका खलः"ले आफूलाई जनजाति महासंघमा आवद्धसमेत गरिसकेकोछ । जनजाति महासंघमा आवद्ध भइसकेपछि नेवारलाई जाति भन्ने कि जनजाति, यो प्रश्न अनुत्तरित छ तापनि नेवारहरू जनजाति होइनन् भनेर ठोकुवासहित भन्न सकिन्छ किनकि यिनीहरू वर्णव्यवस्थाभित्र आवद्ध छन् । यिनीहरूमा जोशी, गुरुवाचार्यजस्ता जनै लगाउने ब्राह्मणदेखि प्रधान, राजभण्डारी र अमात्यजस्ता क्षेत्री पनि छन् । त्यसै गरी ज्यापू जस्ता वैश्यदेखि लिएर पोडे, कसाई र कुचीकारजस्ता शूद्रसमेत छन् । नेवारभित्रको यो वर्ण विभाजन काठमाडौँका मल्लकालीन राजा जयस्थिति मल्लले काशीवाट पाँचजना वाहुनहरू भिकाई गरिदिएका थिए । यसरी नेवारहरू जनजातीय सूचीवाट हटेपछि अब जनजातिको सूचीभित्र निम्न लिखित ६० जाति पर्दछन् ।

१.	किसान	२.	कुमाल	३.	कुसवाडिया
४.	कुसुन्डा	५.	गनगाई	६.	गुरुङ
७.	चिमतन	८.	चेपाङ	९.	छन्त्याल
१०.	छैरोतन	११.	जिरेल	१२.	झांगड
१३.	ठिन्तन	१४.	डोल्पो	१५.	ताङवे
१६.	ताजपुरिया	१७.	तामाङ	१८.	तोप्कोगोला
१९.	थकाली	२०.	थामी	२१.	थारु
२२.	थुदाम	२३.	दनुवार	२४.	दरै
२५.	दुरा	२६.	धानुक	२७.	धिमाल
२८.	पहरी	२९.	फ्री	३०.	वनकरिया
३१.	वराम	३२.	वाह्रगाउँले	३३.	वोटे
३४.	ब्यासी	३५.	भुजेल	३६.	भोटे

३७.	मगर	३८.	मनाङ्गे	३९.	माझी
४०.	मार्फाली	४१.	मुगाली	४२.	मेचे
४३.	राई	४४.	राउटे	४५.	राजवंशी
४६.	राजी	४७.	लेप्चा	४८.	लार्के
४९.	लिम्बु	५०.	ल्होपा	५१.	ल्होमी
५२.	सतार	५३.	सियार	५४.	सुनुवार
५५.	सुरेल	५६.	सेर्पा	५७.	स्याङतन
५८.	वोलुङ	५९.	हायु	६०.	ह्योल्मो

यो सूचीमा पनि जनजाति प्रतिष्ठानले हेरफेर गर्दै मनांगेलाई जनजातिबाट हटाई गुरुङ ठहर गरेको छ, किराँतभित्रको अर्को जाति याखालाई जनजातिमा समावेश गरेको छ र स्याङतन, चिम्तन र ठिन्तनलाई यी तीन जातिलाई तीन गाउँले थकाली भनेर सूचीकृत गरेको छ ।

डा. हर्क गुरुङले जनजातिको सूची धेरै लामो भयो, खोलैपिच्छे जनजाति हुनै सक्दैनन् । यो सूचीलाई सच्याउनु पर्दछ र वैज्ञानिक बनाउनु पर्दछ भनेर माथिको सूचीमाथि असहमति जनाइसकेका छन् । हुन पनि संख्या बढाउने नाममा ठाउँ विशेषका आधारमा जातिकृत गरिएको छ । माथि उल्लेख भएका नेपालका जनजातिहरूमध्ये सवैभन्दा वढी जानकारी पाइने जनजातिमा किराँत जातिभित्र पर्ने सेर्पा, तामाङ मगर, गुरुङ, राई र लिम्बू हुन् भने सवैभन्दा कम जानकारी पाइने जनजातिमा फ्री जाति पर्दछ । त्यसै गरी राउटे जाति पनि महाकालीदेखि पूर्व र प्युठान जिल्लादेखि पश्चिमका पहाड र तराईका जंगलमा घुमेर जीविका गर्ने मानवसमूह हो । रोगव्याध, जंगलको विनाश र आहाराको अभावका कारण यिनीहरूको संख्यामा अत्यधिक मात्रामा ह्रास आएर अहिले यिनीहरूको कुल जनसंख्या ३०० भन्दा पनि कम भएको विश्वास मानवशास्त्रीहरूले गरेका छन्, ।[४८] भने २०४८ सालको जनगणनामा उनीहरूको जनसंख्या पुरुष ७५५ र महिला २१२३ गरी जम्मा २८७८ उल्लेख गरिएको छ । तर २०५८ सालको जनगणनामा भने यिनीहरूको संख्या ६५८ रहेको पाइन्छ । यसरी दिनदिनै संख्या घटेर जानु पक्कै पनि दुःखको कुरो हो ।

किराँत को हुन् र कहाँ बसोवास गर्दथे भन्ने विषयमा राहुल सांकृत्यायन लेख्छन्- “हिमाल र त्यसको तराई क्षेत्रमा पञ्जाव र कस्मिरसम्म बसोवास गर्ने जाति आदिवासी किराँतहरू नै थिए जो पूर्वमा आसाम बर्मा हुँदै कम्बुजतर्फ फैलिएको थियो ।” उनले किराँत जातिभित्र मगर, गुरुङ, राई, लिम्बू, नेवार, सुनुवार, याखा र थारुहरूलाई राखेका छन् ।

नेपालका बहुसंख्यक जनजातिमा गनिएको जाति तामाङ हो । यिनीहरू पनि राणाहरूको सम्पर्कमा आएर संक्रमणको सिकार भएका छन् । राणाहरूको सम्पर्कमा आएर आफ्नो जात त्यागेका तामाङहरूले पाण्डे र बस्नेत पनि लेख्ने गर्दछन् । त्यसै गरी दनुवारहरू हिन्दूहरूको सम्पर्कमा आएर राजपूत लेख्न थालेका छन् । थारुहरू पनि अलिकति सम्पन्न हुँदै गए भने थारु लेख्न लजाउँदै सिंह र चौधरी लेख्ने गर्दछन् । मकवानपुर जिल्लाका चेपाङहरू क्रिस्चियनहरूको निकट सम्पर्कमा आएर रक्सी जाँड खान छाडेका छन् । बिरामी पर्दा धामी, झांक्री गराउँदैनन् । प्रत्येक शनिवार चर्चमा गएर सामुहिक प्रार्थना गर्ने गर्दछन् र आफ्नो पुरानो धर्म र संस्कृति जम्मै छाडिसकेका छन् । त्यसै गरी थकाली पनि तामाङ जातिभित्रैको समूह हो तर उनीहरू पनि व्यापारिक सफलताबाट आफ्नो प्रतिष्ठा बढाउँदै लगेर माथिल्लो औकातमा पुगेपछि बाहुन क्षेत्रीहरूको संगतबाट अहिले ठकुरी क्षेत्री लेख्न थालिसकेका छन् । जनजातिको सूचीमा समावेश गरिएका मनाङ्गे र

---

४८ पूर्णप्रकाश नेपाल यात्री : राउटे लोकजीवन ।

ताङ्वेलाई जनजाति भित्रैबाट ती थर नभई मनाङ जिल्लाभित्रैका गुरुङ गाउँका नाम हुन् भनी विवाद उठाइएको छ ।[४९] त्यसमा भनिएको छ, एउटै जातिलाई गुरुङ मनाङ्गे र ताङ्वे गरी तीन टुक्रा बनाउन पाइँदैन । उनको यो भनाइलाई सत्य ठहर गर्दै मनाङ्गे र ताङ्वेलाई जनजातिको सूचीबाट हटाउने हो भने जिरेललाई पनि हटाउनु पर्ने हुन्छ, किनकि जिरेलहरू सुनुवार बाबु र सेर्पिनी आमाका ठिमाहा सन्तान हुन् । यिनीहरूलाई तिब्बती लामाद्वारा दोलखाको जिरीमा ल्याई पालनपोषण गरेपछि जिरेल कहलिएका हुन् ।[५०] त्यसै गरी सुरेलहरू पनि दोलखाकै दुर्गम गाउँ सुरीमा बसोवास गरेकाले सुरेल भएका हुन् अन्यथा यिनीहरू जिरेलकै भाइहरू हुन भन्ने भनाइ छ ।

नेपालका जनजातिहरू कुन मूलका हुन् भन्ने प्रश्न

भारतका जनजातिहरूमा द्रविड र मंगोलहरू छन् भने नेपालका सबै जनजातिहरू मंगोल नै हुन् । तराईका झांगडहरू भारतको मध्यप्रदेशतिरबाट नेपाल आएका हुँदा यिनीहरूलाई द्रविडमा गन्ती गरिएको छ । डोरबहादुर विस्टले यिनीहरूद्वारा बोलिने भाषालाई द्रविड मूलको भाषा हो भनेका छन् ।[५१] वि.सं. २०१८ सालको जनगणनामा यो जाति नेपालमा करिब ९००० को संख्यामा रहेको देखाइएको थियो भने २०४८ सालको जनगणनामा जममा १५१७५ को संख्यामा देखाइएको छ । तर २०५८ सालको ४१७६४ देखिएको छ ।

आर्यहरूको आगमनपूर्वको नेपालका जनजातिको अवस्था

आर्यज़ातिहरूको नेपालमा आगमन पूर्व नै नेपालमा जनजातिहरू बसोवास गरिरहेको कुरो इतिहासले बताउँछ । यिनीहरू प्रायः मंगोल र अस्ट्रेली मूलका थिए । तराईमा थारु, सतार, पूर्वी पहाडमा राई, लिम्बू र बाँकी भागमा मंगोलहरूको बसोवास थियो । पश्चिमतर्फबाट खसहरू र दक्षिणतर्फबाट ब्राह्मण क्षत्रिय जातिहरूको आगमन भएपछि यी खस ब्राह्मण र क्षत्रियहरूसँगको लामो सम्पर्कको कारणबाट नेपालका जनजातिहरूको रहनसहनमा पनि विविध परिवर्तनहरू हुँदै गए । जनजातिहरू पनि यिनैका सम्पर्कबाट राज्यसत्ताअन्तर्गत आउन थाले । राज्यसत्ताअन्तर्गत आएपछि यिनीहरू पनि आर्यहरूको अधीन हुनथाले । यसको अपवाद राई र लिम्बूहरू मात्र थिए । पृथ्वीनारायण शाहको एकीकरण अभियान पश्चात् यी राई र लिम्बूहरूको पनि स्वतन्त्र अस्तित्व समाप्त भयो ।

आर्यहरूको आगमनपूर्व यिनीहरू हरेक वर्ष आफ्नो कबिलाका लागि मुखियाको चुनाव गर्ने गर्दथे । जमिनको आवाद गर्थे । खेती गर्दा Shifting cultivation लाई प्राथमिकता दिन्थे । पशुपालन र सिकारमा धेरै समय बिताउँथे । पशुपालन गर्दा पनि त्यही सिफ्टिङ तरिका अपनाउँदै हिउँदमा पशुलाई बेसीतर्फ र वर्षामा लेकतिर लैजान्थे । वस्त्रको रूपमा पशुको छाला प्रयोगमा ल्याउँथे । सुरक्षाको औजार तीर र घुंयत्रो हुन्थे । त्यतिबेलामा आदिवासीहरू मादक पदार्थको सेवन गर्दैनथे । सायद त्यतिवेला मादक पदार्थको विकास नै भएको थिएन । उनीहरू अहिंसाप्रेमी थिए । मुद्राको कारोवार हुँदैनथ्यो ।

दक्षिणतर्फबाट नेपाल पसेका ब्राह्मण र क्षत्रिय जातिहरूले यहाँ आउँदा उतैको धर्म, रीतिरिवाज अनि अर्थ व्यवस्थाको सीप र प्रविधिसमेत साथसाथै लिएर आएका थिए । आफूहरूले श्रम गर्नुभन्दा श्रम गराउने पैतृक गुण पनि उनीहरूले आफूहरूसँगै ल्याएका थिए । यहाँका आदिवासीहरूले Shifting cultivation मात्र जानेका थिए भने भारतबाट

---

४९ डिल्लीजंग तमु : जनजाति मंच, वर्ष २, अंक १ (२०५६) ।
५० डोरबहादुर विस्ट : पिपुल्स अफ नेपाल पृ. ४७ ।
५१ उही, पृष्ठ ४८ ।

आएकाहरूले हलो जोत्ने र रोप्ने प्रविधि पनि साथसाथै ल्याएका थिए । यहाँका आदिवासीहरू घुयंत्रो र तीरमात्र साथमा राख्न जानेका थिए भने ती आप्रवासीहरूले ढाल, तरबार र अन्य फलामे हतियार पनि ल्याएका थिए । उनीहरूका ती नयाँ प्रविधिदेखि यहाँका आदिवासीहरू पनि आकर्षित हुँदै गए र उनीहरूका सिप, कौशलसंग घुमघेल हुनथाले ।

एउटै रीति, परम्परामा मात्र अभ्यस्त भएका आदिवासीहरू आप्रवासीहरूको सम्पर्कबाट उनीहरूको संस्कृतिलाई पनि नजिकैबाट जान्न र सिक्न पाए अनि संस्कृतिको आदान-प्रदान हुनथाल्यो । शासन सत्तामा पनि ब्राह्मण क्षत्रियहरूलाई समावेस गराउन थाले ।

आदिवासीहरू सोझासाझा प्रवृत्तिका र शान्तिप्रिय स्वभावका भएका हुँदा बिस्तारै-बिस्तारै उनीहरू शासन सत्ताबाट पनि बाहिर रहन मन पराउन थाले र उक्त स्थानमा ब्राह्मण क्षत्रियहरूलाई आउन अनुरोध गर्न थाले । ब्राह्मणक्षत्रियहरू पुरोहित कर्म र राज्यसत्ता सञ्चालनमा आदिवासीहरूभन्दा अलि दक्ष हुने हुँदा उनीहरूले आदिवासीहरूको अनुरोध स्वीकार गर्दै गएर हिजोसम्म शासन सञ्चालन गरेर बसेकाहरू शोषित बन्न पुगे र आप्रवासीका रूपमा रहेकाहरू शासकवर्गमा रूपान्तरण हुन गए । जतासुकै यही शान्तिप्रिय माध्यमद्वारा सत्तापरिवर्तन भएका भने होइनन् । कति ठाउँमा बलपूर्वक पनि सत्तापरिवर्तन भएका छन् ।

जाति र जनजाति बिच विभेद कसरी भयो ?

नेपालमा पश्चिमतिरबाट खसहरू र दक्षिणतिरबाट ब्राह्मण र क्षत्रिय जातिहरूको प्रवेश भएको थियो भन्ने कुरा माथिल्लो शीर्षकमै उल्लेख भइसकेको छ । उनीहरूको प्रवेश हुनुभन्दा पूर्व यहाँ मंगोल र अस्ट्रेली मूलका जनजातिहरू बसोबास गर्दथे । तराईमा थारु, सतार, पूर्वीपहाडमा राई र लिम्वू र बाँकी भागमा मंगोलहरू बसोबास गर्दथे । पश्चिमतिरवाट आउने खसहरूले १२ औं शताब्दीमा हालको कर्णाली प्रदेशलाई (जसलाई त्यतिवेला जडान प्रदेशका नामले चिनिन्थ्यो) विजय गरे र सिंजाली राज्य बनाए भनेर वालकृष्ण पोखेलले राष्ट्रभाषामा व्यक्त गरेका छन् । यहाँनेर समयका बारेमा ३ जना विद्वान्हरूमा ३ थरीका मतहरू व्यक्त भएको छ ।

वालकृष्ण पोखेलले खसहरूले कर्णाली प्रदेश विजय गरेको समय १२ औं शताव्दी भनेर लेखेका छन् भने ए.बी. कप्लानले प्रिस्ट एन्ड कोब्लर्स नामक ग्रन्थमा खसहरूको राज्यलाई ११ औं देखि १४ औं शताव्दीसम्मको मानेका छन् । यसै गरी प्रसिद्ध इतिहासविद् लुसियानो पेटेजले नेपालको मध्यकालीन इतिहासमा नेपालमा खस राज्य स्थापनाको समय १३ औं शताव्दीको अन्ततिर हो भनेर लेखेका छन् । जेहोस् १२ औं शताव्दीतिर भारतमा मुसलमानी आक्रमणका समयमा भारततर्फवाट ज्यान वचाउन भागेका हिन्दूहरू गण्डकी र कर्णालीको किनारैकिनार पहाडतिर र त्यही समयमा नै मल्लहरू पनि दक्षिणतिरबाट काठमाडौं आए । यी हिन्दू र मल्लहरू काठमाडौं आउनुपूर्व यहाँका वासिन्दाहरू (आदिवासी) पनि उत्तरवाटै नेपाल भित्रिएका जाति थिए । मन्जुश्री यसका उदाहरण हन् । यसरी उत्तर र दक्षिणतिरवाट नेपाल पसेका जातिहरूले यहाँका जनजातिहरूलाई हिन्दू र बौद्ध धर्ममा दीक्षित गर्न थाले । यहाँका नेवारहरू सुरुमा बौद्ध धर्मावलम्वी थिए । मल्ल राजाहरूले उनीहरूलाई हिन्दू वनाए । पश्चिमतिरवाट आएका जातिले १५ औं शताव्दीमा लमजुङका राजालाई अपदस्थ गरिदिए भने दक्षिणतिरवाट आएका सेनहरूले मगर राजाहरूलाई हराएर शासन गर्न थाले ।

यसरी भारतको धर्म, रीतिरिवाज र अर्थ व्यवस्थाको ज्ञान लिएर आएका जातिहरूले यहाँ हैकम जमाउन सफल भए । उनीहरूले आफू श्रमसमेत नगर्ने हुँदा त्यसका लागि भारतबाटै अछुत जातका श्रमिक, शिल्पकार, तथा किसानहरूलाई समेत नेपाल भित्र्याए ।[५२]

यसरी हिन्दू जातिहरूले आफ्नो जतातत्तै राज्यविस्तार गर्नुका साथसाथै आफ्नो पनि स्थिति मजबुत पार्दै लगे । पूर्वमा मुकुन्द सेनले विजय गरिसकेका थिए भने गोरखामा पनि मगर राज्यलाई विस्थापित गरियो । यसरी तामाङ, राई, गुरुङ र मगर जातिहरूको राज्यसत्ता उनीहरूको हातबाट छिनियो भने पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानबाट बचेखुचेका धिमाल खुम्बु र लिम्बूवानहरूको राज्यसत्ता पनि समाप्त भयो । यस प्रकार नेपालका हिन्दूहरूका सम्पर्कमा रहँदा बस्दा उनीहरूले आफ्ना भाषा, धर्म, संस्कृति आदि पनि गुमाउँदै गए ।

जनजातिहरूमाथि जातीय शोषण

जमिनमाथिको शोषणः हिन्दू जातिहरूको आगमनपूर्व नेपालका आदिवासीहरूले जमिनमाथि आफ्नो प्रभुत्व कायम राखेका थिए । आदिवासीहरूमध्ये पनि थारु जातिहरू तराईलाई आवाद गर्ने सायद पहिला आदिवासी थिए । नेपालमा हिन्दूजातिको आगमनको सवैभन्दा ठूलो दुष्परिणाम यो भयो कि आदिवासीहरूले परम्परादेखि नै आवाद गरेर खेती गर्दै आएको जमिनमाथिको उनीहरूको स्वामित्व समाप्त हुँदै गयो । आप्रवासी हिन्दू जातिहरूद्वारा यी आदिवासीहरूलाई जालझेलमा पार्दै उनीहरूका जमिनमाथिको स्वामित्व आफ्ना हातमा लिनथाले । आप्रवासी हिन्दूहरू आफू स्वयं श्रम गर्दैनथे । हलोकोदालो चलाउँदैनथे । श्रम गर्नु उनीहरूको परिभाषामा निम्नस्तरको कार्यमा गनिन्थ्यो । त्यसो हुँदा उनीहरूले आदिवासीहरूकै जग्गा जमिन हडप गर्दै त्यही जग्गामा उनीहरूलाई नै श्रमिक वनाउन थाले ।

यस विषयमा फ्रेडरिक एच. गेजले तराइका झापा, महोत्तरी, वारा, कपिलवस्तु र कैलाली जस्ता पाँच जिल्लाका केही गाउँहरूको अध्ययन पश्चात् एक पुस्तकमा लेखेका छन्- "थारुहरूले आफूले आवाद गरेका गाउँहरूलाई छाडेर जंगलतिर वस्नु परेका कैयौं उदाहरणहरू दिएका छन् । उदाहरणका क्रममा उनले वारा जिल्लाका ७ वटा गाउँहरूलाई थारुहरूले नै आवाद गरेको पाए तर उच्च जातका ठालुहरूको शोषणका कारण ती थारुहरूले ती ७ गाउँ मध्ये पूरै ४ गाउँलाई नै छाडेर पुनः जंगल पसेको" उल्लेख गरेका छन् ।[५३]

फ्रेडरिक अगाडि लेख्छन्- थारुहरू आफ्ना पुराना आवादीलाई त्याग्दै जंगलतिर पलायन भएर पनि सुखको अनुभव नै गरिरहेका छन् । आजका पहाडिया जातिहरू जनजातिहरू बसोवास गरिरहेको जंगलतर्फ पनि घुसपैठ गरिरहेका छन् । व्यक्तिगत अध्ययनको प्रतिवेदन यस्तो छ भने सरकारी स्तरवाट प्रकाशित विवरणको अध्ययन गर्दा पनि लगभग यो कुरा मिल्दोजुल्दो नै देखिन्छ ।

यसै गरी मेचीदेखि महाकालीको भाग २ मा के उल्लेख छ भने- "चितवनको राप्ती उपत्यकाका विभिन्न पहाडी जिल्लाहरूवाट प्रशस्त मात्रामा मानिसहरू बसाइँसराई गरी गएका छन् । त्यसैले उक्त ठाउँका आदिवासी थारुहरूको वरिपरि ठूलो संख्यामा पहाडी

---

५२ सेडन : पिजन एन्ड वर्कर्स इन नेपाल, पृ. २० ।

५३ फ्रेडरिक एच. जोन : रिज्नलिजम एन्ड नेसनल युनिटी इन नेपाल, पृ. ६१ ।

सांस्कृतिक पृष्ठभूमि भएका जनसंख्याको जमघट हुन पुगेको छ । यस्तो आप्रवासले गर्दा त ती आदिवासी थारु, दरै र माझीहरू अब त्यहाँ अल्पसंख्यामा परिणत भइसकेका छन् ।[५४]

यसै गरी लांघाली परिवार संघ केन्द्रीय तदर्थसमितिको प्रतिवेदन लांघाली २०४० मा मगर जातिका विषयमा भनिएको छ- "मगरहरू शोषणको विरोध नगर्ने परम्परामा हुर्केका हुँदा उनीहरूमाथि बढी शोषण भएको छ । मगर र गुरुङहरूले हिन्दूहरूले आधिपत्यलाई स्वीकार गरेको मात्र नभई उनीहरूलाई अविच्छिन्न रूपमा साथसमेत दिँदै आएका छन् ।[५५]

यसमा अगाडि भनिएको छ । हिन्दूहरूले गुरुङहरूमा जातीय विभाजन ल्याएका छन् । उनीहरूले सेनामा जातीय विभाजनका आधारमा भर्ती गर्दै आफ्ना पक्षमा पारी पिछलग्गु बनाए । अब यहाँ एउटा प्रश्न के उठ्छ भने जसरी आज तराईबासीको पक्षमा आवाज उठाउँदै आएको पार्टी सद्भावनाले शाही नेपाली सेनामा मदेसीहरूको भर्ती हुनुपर्ने आवाज उठाउँदै भर्ती नगरिएको कुरामा उसले भेदभाव गरिएको दोषारोपण पनि लगाइरहेको छ । यहाँनेर लांघालीको प्रतिवेदनमा अमिल्दो तर्क के छ भने- "हिन्दूहरूले गुरुङहरूलाई सेनामा भर्ती गरेर आफ्ना पक्षमा पारी पिछलग्गु बनाए ।" भर्ती गर्दा आफ्नो पक्षमा पारी पिछलग्गु बनाएको दोषारोपण लाग्यो भने यदि भर्ती नगरिएको भए आज सद्भावना पार्टीले जस्तो दोषारोपण गर्दै आएको छ त्यही दोष गुरुङहरूले पनि लगाउने थिए । यस्तो दोधारे तरवारले आज हिन्दूजातीहरूलाई जनजातिहरूले काट्ने कार्य गरिरहेका छन् ।

नोकरीको विवाद

सेनामा भर्तीका विषयमा लिम्बू र तामाङ जातिका सन्दर्भमा भने फरक धारणा बनाइएको थियो । गुरुङ र मगरहरूलाई जसरी सेनामा भर्ती लिइन्छ त्यसरी लिम्बू र तामाङलाई नगर्ने नीति अख्तियार गरियो । यो परम्परा पृथ्वीनारायण शाहपछि पनि कायम रह्यो । तामाङहरूले सेनाहरूको भारी बोक्ने पद 'पिपा' मा मात्र भर्ती हुन पाउने भए । दुरा समुदायका मानिसहरूले पनि सेनामा भर्ती हुन पाउँदैनथे । शाही सेनामा भर्ती हुन नपाउने भएकाले यिनीहरूलाई विदेशीहरूले पनि आफ्नो सेनामा भर्ती गर्दैनथे । त्यसो हुँदा सेनामा भर्ती हुन चाहने लिम्बू, तामाङ, दुराहरूले आफ्ना जात लुकाएर मगर, गुरुङ आदि लेख्न थाले । दुराहरूले दुरा गुरुङ या गुरुङ दुरा आदि लेख्न थाले ।

यसरी सेनामा भर्ती हुन नपाउने भएपछि ती जातिहरू भारतको दार्जिलिङ, सिक्किम, आसाम, बर्मा आदि ठाउँतिर रोजगारको खोजीमा जानथालेका थिए । यस प्रकार यी जनजातिका पुराना किपट प्रथाहरूको अन्त हुँदै गए । उनीहरूका स-साना मुख्येलीहरू गुमिसकेका थिए । उच्च दर्जा यिनीहरूका लागि वर्जित गरिएको थियो । आर्यमूलका जातिले प्राप्त गर्ने सुख सुविधाहरूबाट यिनीहरूलाई वञ्चित गरिँदै लगियो । समाजमा ब्राह्मण, क्षत्रिय र ठकुरीहरूको सामाजिक अवस्थालाई उच्च बनाउँदै लगियो । जनजातिहरू (आदिवासी) लाई अर्धदास र दासको स्थितिमा झारियो । हिन्दू उच्च वर्गले राज्यबाट गुठी, बिर्ता, जागिरका नामबाट जग्गा प्राप्त गर्न थाले । जसबाट बाहुन क्षत्रियहरूको संख्या नेपालको पहाडी भागमा प्रशस्त फैलिन थाल्यो र जनजातिहरूले आवाद गरेका मलिला जमिनहरू ब्राह्मण क्षत्रिय र ठकुरीजस्ता आर्यहरूका हातमा पर्न गई जनजातिहरू डाँडाकाँडातिर उक्लन बाध्य भए ।

किपट प्रथा अन्तर्गतको जमिनहरू अन्य जातिहरूले राई, लिम्बूहरूबाट किन्न नपाउने व्यवस्था भएकोले मात्र उनीहरूका जमिन सुरक्षित भए तर त्यसमा पनि भूमिसुधार

---

५४ मेचीमहाकाली : सूचना विभाग, भाग २, पृ. ३६ ।

५५ लाङघाली : २०४० ।

प्रथाले एउटा वज्रपात पार्‍यो । यो प्रथा लागु भएपछि किपट प्रथालाई पनि रैकरमा परिणत गरियो र राजिनामा हुने व्यवस्था गरियो । यसबाट लिम्बूहरूको सुरक्षित जमिनसमेत अन्य जातिहरूले किन्न पाउने भएबाट लिम्बूहरूले आफ्ना जमिन गुमाउँदै गए ।

जनजातिहरू आर्यहरूबाट अझ शोषित त भए जब भारतमा १८५७ मा सिपाही विद्रोह भयो, त्यसवेला शत्रुको पक्षबाट बच्नका लागि भारतीयहरूले नेपाललाई सुरक्षितस्थलको रूपमा लिए र नेपाल पसे । त्यसअघि यहाँका तराई क्षेत्रमा घना जंगल भएको हुँदा औलोको प्रकोप थियो । त्यसकारण त्यस क्षेत्रमा बाहिरका मानिसका आँखा गडेका थिएनन् । बाहिरका मानिसहरू मात्र होइन खुद नेपालका शासकहरूलाई पनि यहाँका बारेमा राम्रो ज्ञान थिएन । तर त्यो सिपाहीविद्रोह पछि उत्तर भारतका ब्राह्मण क्षत्रिय तथा अन्य जातिहरू खेतीयोग्य जमिनको खोजीमा र व्यापारका लागि नेपालका तराई फाँटहरूमा बसाइँ सर्न लागे । यहाँका घना जंगलहरू फँडानी गरी आबाद गर्न श्रमिकहरूको आवश्यकता पर्न गयो जसको परिपूर्ति थारु, दनुवार, दरैं, माझी, झांगडजस्ता जातिहरूबाट गरियो । नेपालका यी आबादित क्षेत्रहरू भारतका लागि कच्चा पदार्थको आपूर्ति केन्द्र बन्न गए ।

२००७ सालमा नेपालबाट राणाशासनको समाप्तिपछि राणाहरूको थिचोमिचोमा परेका, राणाहरूद्वारा देशनिकाला भएका, स्वेच्छाले मुलुक छाडी प्रवास गई बसेकाहरू धमाधम स्वदेश फिर्ता हुनथाले । २०१२ सालपछि सरकारले तराईको चितवनमा औलो उन्मूलनकार्य सञ्चालन गरी त्यहाँ पुनर्वास योजना सञ्चालन गरेपछि धेरैको ध्यान त्यतातर्फ आकृष्ट भयो । भारततर्फबाट नेपाल भित्रिनेहरू, पहाडबाट तराई झर्नेहरू, सबैको ध्यान ती उब्जाउ भूमितर्फ आकृष्ट भयो जसको परिणाम त्यहाँका आदिवासी थारुहरू जो पहिले बहुमतमा थिए अहिले आएर अल्पसंख्यकमा झर्न गए ।

यसै गरी वि.सं. २०२१ सालमा बर्माबाट नेपालीहरूलाई धमाधम निकाल्न थालियो । त्यसरी निष्कासनमा परेका नेपालीहरूको पुनर्वास पनि तराई र भित्री मदेसका जग्गाहरूमा गराइयो । यी सबै कारणबाट नेपालका आदिवासी जनजातिहरू आफ्ना मूलथलोबाट पलायन हुँदै गए र उनीहरूका जमिनमा हिन्दूजातिहरूले अधिकार जमाउँदै गए ।

जनजातिहरू ऋणग्रस्त हुनका कारण

जनजातिहरूको समाजमा बाहिरबाट व्यापारी, महाजन तथा कर्मचारीहरूको प्रवेश हुनुपूर्व जनजातिहरू आर्थिक दृष्टिबाट आत्मनिर्भर थिए भन्ने कुरा यस अगाडि पनि उल्लेख भइसकेको छ । त्यतिवेला यिनीहरूका आवश्यकताहरू अत्यन्तै सीमित थिए । उनीहरूका आवश्यकताहरू आपसी वस्तु विनिमयद्वारा नै परिपूर्ति हुन्थ्यो तर बाह्य जातिहरूको प्रवेशले जनजातिलाई उनीहरूको समाजमा घुलमिल हुन बाध्य पार्‍यो । उनीहरूको पहिलेको आत्मनिर्भर अर्थव्यवस्था धरासायी हुँदै गयो । उनीहरू ती साहुमहाजन, व्यापारीहरूमा आश्रित हुन थाले । आत्मनिर्भरताबाट भू-दासमा बदलिँदै बाह्य जातिका पराधीन बन्दै गए । आफूहरूलाई सामन्ती साहुहरूसमक्ष सुम्पनुभन्दा अर्को बाटो उनीहरूले पाएनन् । यसले गर्दा दासप्रथाको जन्म भयो । सुरुसुरुमा उनीहरूले साहुसमक्ष आफ्ना जग्गा जमिन बन्धक राखेर ऋण लिन थाले । पछि उक्त ऋण तिर्न सक्ने हैसियत गुमाउँदै गए अनि त्यही जमिन नै साहुलाई बिक्री गरी ऋण मुक्त हुन्थे, या त सदाका लागि साहुसमक्ष आफूलाई बन्धक राख्तथे । दाङ, बाँके, बर्दिया, कैलाली र कंचनपुरका कमैयाको स्थिति ८नि यही हो ।

ऐन कानूनद्वारा जनजातिहरू अपमानित

नेपालमा वर्णविभाजन तथा छुवाछुतको बीजारोपण गर्ने प्रथम राजा जयस्थिति मल्ल हुन् । जयस्थितिं मल्लभन्दा पहिले यस मुलुकमा भेदभाव छँदै थिएन भन्ने होइन तर कानूनी रूपबाट जयस्थिति मल्लभन्दा पहिले छुवाछुतले नेपालमा अव्यवस्थाको रूप धारण गरेको थिएन । त्यसपछि वि.सं. १९१० को मुलुकी ऐनले नेवार, गुरुङ, मगर, सेर्पा, तमाङ, लिम्बू आदिलाई 'मतवाली' घोषित गऱ्यो । देशको ऐन कानूनद्वारा नै यसरी मतवाली घोषित गरिदा यिनीहरूको सामाजिक प्रतिष्ठामा नै आँच पुग्ने कार्य भयो । यिनीहरूलाई यसरी ऐनद्वारा नै तल्लो दर्जामा उभ्याइयो । २०२१ सालको मुलुकी ऐनले जयस्थिति मल्लको पालादेखि सृजित भेदभावको अन्त्य गरिदिएको छ । २०२१ सालदेखि यता कानूनत: छुवाछुतको अस्तित्व छैन, तर व्यवहारमा भने अहिले पनि विद्यमान नै छ । सेनामा तल्लो जातका दलितहरूलाई पिपाभन्दा माथिको दर्जा नदिने, मन्दिरमा जान नदिने, ब्यारेकमा पनि बस्न नदिने, छाप्रो हालेर राख्ने, मेसमा खान नदिने प्रथा प्रजातन्त्र प्राप्तिको ११ वर्ष वितिसक्दासमेत विद्यमान रहेछ भन्ने कुरा प्रधान सेनापति प्रज्वल्ल शमसेर राणाले २०५७ श्रावणमा एक परिपत्र मार्फत् एउटै पेसामा लागेका सवै नेपाली समान भएकाले कहीं, कतै कसैलाई भेदभाव नगर्न गरेको निर्देशनवाट पनि स्पष्ट हुन्छ ।

नेपाल लांघाली परिवार संघ तदर्थ केन्द्रीय समितिको प्रतिवेदन 'लांघाली' भाद्र २०४० मा एक रोचक प्रसंगको उल्लेख छ जसमा भनिएको- राणाकालमा पूर्वीय पहाडका १२ वटा सुनुवार गाउँहरूले त्यो बेलाको सरकारलाई एउटा विन्तीपत्र चढाई के माग गरे भने- "उनीहरूलाई हिन्दू धर्ममा सामेल गरेर ब्राह्मण पुरोहितहरूलाई उपयोग गर्ने (पुज्ने) अनुमति दिइयोस् ।" त्यस्तो अनुमति पाएमा उनीहरू किपट जमिनमा तिरो तिर्न नपर्ने भनी त्यतिबेला दिइएको छुटसमेत त्याग्न तयार भए । यो विन्तीपत्रवाट के बुझिन्छ भने त्यतिबेलाका जनजातिहरू हिन्दू धर्ममा प्रवेश गर्न अत्यन्तै लालायित थिए । यसरी जनजातिहरूमा पनि जातिगत भेदभावहरू देखा पर्नथाले भने, नेवारहरूमा पनि नभएको जातिप्रथा जयस्थिति मल्लले चलाएका थिए । जातिप्रथा नै नमान्ने बुद्ध धर्मावलम्बीहरूमा पनि यो जाति प्रथाको रोगले समात्यो । सन् १९८३ मा यु.एन.ओ. जेनेभा कन्भेन्सनमा भनिएको छ- "नेपालमा उच्च हिन्दू जातिहरूको प्रभुत्त्ववाट डराएका बौद्धहरू पनि अछुतहरूबाट टाढै रहन्छन् । यसरी नेपालका अन्य जनजातिहरूले पनि धेरै या थोरै मात्रामा भए पनि जातिप्रथाको अनुकरण गरिरहेकै छन् ।

कति जनजातिहरू यसरी जबर्जस्ती निम्न दर्जामा दर्ज गरिएका छन् भने कतिपय जनजातिहरू आफूलाई स्वयं उच्च दर्जामा दर्ज गर्ने कोसिस पनि गरेका छन् । उदाहरणका लागि थकालीलाई लिऊँ । थकालीहरूको आकृति र भाषा मंगोल प्रकृतिको हुन्छ । बोली तिव्वतीवर्मेली हो । यिनीहरूले आफूलाई सिंजाली राजघरानाका ठकुरी वताउँछन् ।

त्यसै गरी गुरुङ वंशावलीमा के भनिएको छ भने पहिले उनीहरू ठकुरी थिए । उनीहरूका पनि गुरु थिए तर पछि विभिन्न कारणले गर्दा तल्लो जातिमा खसेको भन्ने उल्लेख छ ।

मगरहरू पनि ठकुरी र क्षेत्रीहरूलाई आफ्नै दाजुभाइ हुन् भन्दछन् भनेर डोरबहादुर विस्टले लेखेका छन् ।[५६] यसरी मगरहरूले पनि आफूहरूलाई उच्च जातिमा गणना गर्न पाउँदा गर्व गर्दा रहेछन् भन्ने बुझिन्छ ।

---

५६ डोरबहादुर बिस्ट : सबै जातको फूलवारी, पृ. ४ ।

सरकारी निर्णयद्वारा जनजातिहरू अपमानित

जनजातिहरूलाई ऐन कानूनहरूवाट मात्र खसाल्ने काम भएको छैन सरकारी निर्णय र संवैधानिक निकायहरूवाट समेत थिचोमिचो पार्ने कार्य विगतदेखि वर्तमानसम्म चालु नै छ, त्यो चाहे १९५७ मा डा.के. आई सिंहवाट गरिएको होस् चाहे १९६१ मा सरकारद्वारा गरिएको शिक्षाको क्षेत्रमा भएको असमानताका कारण होस् । त्यसै गरी चाहे १९६४ मा रेडियो नेपालद्वारा गरिएको असमान व्यवहार होस् चाहे २०५६ मा सर्वोच्च अदालतवाट गरिएको निर्णय होस् सवैमा जनजातिका प्रतिकूल निर्णयहरू भएका छन् ।

सन् १९५७ मा डा.क.आई. सिंहले सरकारीस्तरवाट एक निर्णय गराई तराई क्षेत्रमा (जहाँ हिन्दी भाषा भाषीहरूको वाहुल्यता छ) हिन्दी भाषालाई शिक्षाको माध्यमको रूपवाट विस्थापित गर्ने कार्य गरेका थिए ।

सन् १९६१ मा तराईका सम्पूर्ण स्कुलहरूमा नेपाली भाषालाई नै शिक्षाको माध्यम स्वीकार गराइएको थियो । अन्य स्थानीय भाषाहरू साधारण वोलचालका भाषामा मात्र सीमित हुनपुगे ।

सन् १९६४ मा आएर रेडियो नेपालवाट नेवारी र हिन्दी भाषालाई प्रसारणमा रोक लगाइयो ।

यसै गरी सन् १९९९ (०५६।२।१८)मा काठमाडौँ महानगरपालिकामा नेवारी भाषा तथा राजविराज नगरपालिका र धनुषा जिल्ला विकास समितिमा मैथिली भाषालाई सरकारी कामकाजको भाषा वनाउन गरेको निर्णयलाई सर्वोच्च अदालतले वदर गरिदिएको छ ।

यस्तै एउटा निर्णय पञ्चायतकालमा पनि भएको पाइन्छ । पाँचथर र ताप्लेजुङ जिल्लाका लिम्बूहरूले आफ्नै भाषा र लिपिमा कक्षाहरूमा पढाइ सञ्चालन गरेका थिए । त्यतिवेलाको सरकारले नेपालमा जातीय र क्षेत्रीय भाषामा पठाउने व्यवस्था छैन भनी प्रतिवन्ध लगाउँदै सञ्चालक समिति, शिक्षक र विद्यार्थीहरूलाई समेत वारेन्ट जारी गरेको थियो ।

जनजातिहरूका अनुसार यी निर्णयहरू अन्य भाषाहरूलाई दवाउन गरिएका निर्णय हुन् । यसरी अन्य भाषाहरूलाई दवाउने कार्यलाई जनजातिहरू प्रतिक्रियावादी निर्णय मान्दछन् । यस्ता निर्णयवाट राष्ट्रिय एकता मजवुत हुँदैन वरु झन कमजोर हुन्छ भन्ने ठहर वामपन्थी नेता मोहन विक्रम सिंहको रहेको छ ।[५७]

यति हुँदाहुँदै पनि नेपालका कुनैकुनै जाति भने आफ्ना भाषा र संस्कृतिलाई वचाएर राख्न सफल भएका छन् । जसको उदाहरण नेपाल भाषा हो । यस भाषाले सरकारी नीति र सौतेलो व्यवहारका वावजुद पनि आफ्ना लिपिमा पत्रपत्रिकाहरू र कितावहरूको प्रकाशन जारी राख्दै आएको छ र भाषालाई पनि जीवन्तता दिएको छ । सरकारको मात्र मुख ताक्ने नीति नेवारहरूले लिएको भए नेपालभाषा पनि सायद अहिलेसम्म मृत भइसकेको हुने थियो तर उनीहरूले सरकारको मुख नताकी आफ्नो भाषा र लिपिलाई जीवन्तता दिँदै आएका छन् । वोलचालमा पनि १० जना अन्य भाषीहरू वसेका स्थानमा २ जना नेवारहरू भेट भएमा आफ्नै भाषा नै प्रयोगमा ल्याउने गर्दछन् । यही नीति अन्य जनजातिहरूले पनि अख्तियार गरेको र सरकारको मात्र मुख नताकेको भए उनीहरूका भाषाको पनि विकास भइसकेको हुने थियो तर जनजातिहरू आफ्नो भाषालाई वरावर व्यवहारमा प्रयोग गर्दैनन् वरु रातदिन सरकारले कहाँ-कहाँ अर्घेलो गऱ्यो त्यही छिद्र मात्र खोज्दै छिद्रान्वेषी वनेका छन् ।

---

५७ मोहनविक्रम सिंह : चार दशक, पृ. ३१३ ।

जनजातिहरूको वर्तमान अवस्था

जनजातिका विषयमा किताबहरू लेख्ने लेखकहरूमा मैले प्रायजसो वामपन्थी विचारधाराका व्यक्ति पाएको छु । त्यस्ता लेखकहरूले घटनाक्रमलाई वामपन्थी विचारकहरूका अभिव्यक्तिसँग जोडेर लेख्ने गरेको पाइन्छ । नेपालको परिप्रेक्ष्यमा जनजातिहरूको स्थितिको लेखाजोखा गर्दा के उदाहरण दिने गरिन्छ भने जनजातिहरूको सरकारी उच्च ओहोदामा सहभागिता न्यून छ । उच्च प्राविधिक पदहरूमा सहभागिता न्यून छ । वरिष्ठ सैनिक अधिकृतहरूमा त्यही अवस्था छ । त्यही अवस्था विधायिकामा छ । यो कुरा एकदमै सत्य हो । हामी चाहे राणाकालीन उदाहरण प्रस्तुत गरौं चाहे पञ्चायतकालीन या वर्तमानमा हेरौं प्रतिशतका हिसाबबाट लेखाजोखा गर्न थाल्यौं भने त्यो सधै एउटै पाइन्छ । प्रतिशतका हिसावबाट जहाँ ब्राह्मण र क्षत्रियहरू वढी छन् । त्यहाँ उनीहरूको वाहुल्यता हुनु स्वभाविकै हो । त्यसमा ईर्ष्या र डाह गर्ने आवश्यकता किन ? ब्राह्मणहरू स्वभावैले पठनपाठन प्रिय हुन्छन् त्यसकारण उनीहरू सरकारी नोकरीदेखि लिएर कर्मकाण्डसम्ममा अगाडि छन् । जनजातिहरू स्वभावैले शूरवीर हुने हुँदा उनीहरूको वाहुल्यता सेना पुलिसमा देखा पर्दछ । त्यसमा ब्राह्मणहरूले ईर्ष्या र डाह गर्ने किन ? प्रतिस्पर्धाको क्षेत्रमा यदि अंकुश लगाइन्छ भने त्यही वेला सरकारी नीतिको आलोचना हुनुपर्दछ, यहाँ त कुनै क्षेत्रमा अंकुश लगाइएको छैन । पुराना ऐन, कानूनहरूमा संशोधन गर्दै लगिएको छ । ऐन कानूनका वर्खिलाप गर्ने माथि दण्ड सजायको व्यवस्था छ । समाजमा रहेको रुढीवादी प्रवृत्तिको अन्त्यका लागि बुद्धिजीवी वर्ग अगाडि वढेकै छन् ।

यही प्रयोजनका लागि बी.पी. चिन्तन प्रतिष्ठानले बी.पी. कोइरालाको ८७ औं जन्मजयन्तीको अवसरमा जनकपुरमा २०५७ भदौ ५ गते ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रहरूलाई एउटै थलोमा, राखेर सहभोज गरायो (खाना खुवायो) । यस्तो प्रकारको भोज नेपालको इतिहासमा पहिलो पटक सम्पन्न भएको छ । ठूला जातिले आफूभन्दा तल्ला जातिसँग गरेको यो व्यवहारलाई पूर्वाग्रह पीडितहरूले अहिलेसम्म पनि धन्यवादसम्म भन्न सकेका छैनन् ।

नेपाली कांग्रेसका कार्यकर्ताहरूद्वारा यस्ता छुवाछुतविरोधी कार्यक्रमहरू २००७ सालमा पनि प्रदर्शन भएका छन् । २००७ सालमा जनकपुरकै महिनाथपुरका गनौर चमारको घरमा प्रजातान्त्रिक सेनानिहरूको भोजनालय राखिएको थियो ।

हालसालै २०५७ आषाढ महिनामा सेनामा जातीय भेदभाव भएको समाचार प्रकाशमा आएपछि प्रधान सेनापनि प्रज्वल्ल शमसेर राणाले- शाही नेपाली सेनाभित्र जातीय आधारमा कहीं कतै कसैलाई पनि छुवाछुत तथा भेदभाव नगर्न परिपत्र जारी गरेका थिए ।

कानुनमा निषेध भइसकेका यस्ता छुवाछुत कहीं कतै यदि लुकेका छन् भने त्यसलाई हटाउन सरकार पछि परेको छैन ।

यसै गरी विश्वहिन्दू महासंघ राष्ट्रिय समिति नेपालले काठमाडौंमा २०५७ भदौ २१ गतेदेखि २९ गतेसम्म जम्मा ९ दिनसम्म श्रीमद्‌भागवत महापुराणको आयोजना गऱ्यो । उक्त महापुराणमा ब्राह्ण, क्षेत्री, वैश्य, शूद्र सवै एकै थलोमा वसेर महापुराण श्रवण गरे । दलितलाई पनि अन्य जातिझैं पहिलो पटक कर्ताका रूपमा समावेश गराइयो । ०५७ आश्विन १० गते शिक्षा तथा खेलकूद मन्त्रालयले एक विज्ञप्ती प्रकाशित गर्दै दलित वर्गका विद्यार्थीहरूका लागि, मेडिकल र इन्जिनियरिङ अध्ययनका लागि प्रतिवर्ष ४ स्थान छात्रवृत्ति छुट्याइदिएको छ ।

यहाँ कुनै क्षेत्रमा दलित तथा जनजातिहरूमाथि अंकुश लगाइएको छैन । पठन-पाठनमा सवैलाई समान अधिकार प्राप्त छ । जागिर प्रवेशका लागि सेवा आयोगहरू छन् । राजनैतिक क्षेत्रमा समेत सबै जाति र वर्गको सहभागिता गराइएकै छ ।

बरु जनजातिहरूकै तर्फबाट त्यसमध्ये पनि जनजाति पन्थी विद्वान्हरूले नै गैर जनजातिहरूलाई होच्याउने, भद्दा गाली गलौजहरू गर्ने गरिरहेको पाइन्छ ।

एकजना थकाली जनजातिभित्र पर्ने विद्वान् लेखकले हिमालय टाइम्स दैनिक २०५७ भदौ ११ गतेको मदनमणि दीक्षितको जनजातीय शीर्षकको र नेपाल राष्ट्रिय पाक्षिक (भदौ १६।३१।२०५७) मा प्रकाशित ज सुरेन्द्र केसीको जनजातीय समस्या र सामाजिक संरचना शीर्षकको लेखमाथि आपत्ति जनाउँदै हिमालय टाइम्स २०५७ भदौ ३० को अंकमा निकै तल्लोस्तरबाट गालीगलौज गरें । गोल्छे सार्कीभन्दा पनि तल । गोल्छे सार्कीलाई तल्लोस्तरमा यस कारण राख्ने गरिन्छ कि उनले सदनमै सभामुखलाई मुक्का बजाएका थिए । ती विद्वान्ले आफूलाई मात्र सर्वज्ञाताको कोटीमा उभ्याउने प्रयत्न गरे । जुन शब्दकोश पढेर उनी यतिसम्म जान्ने भए त्यही शब्दकोशलाई ब्राह्मणहरूद्वारा निर्मित शब्दकोश भनेर अमान्य घोषणा गर्ने धृष्टतासमेत गरे, हिन्दूहरूका पौराणिक पुस्तकहरूको दोहोलो काढे, जनजातिका बारेमा जनजातिहरूबाहेक अरुले कलम नै चलाउन नपाउने गरी लक्ष्मण रेखा कोर्ने असफल प्रयास गरे । अनि आफूभन्दा जान्ने यस मुलुकमा अरु कोही हुँदै नभएको डेढ अक्कली अभिव्यक्ति राखें । उनले बाहुनहरूमाथि यति व्यङ्ग प्रयोग गरेका छन् मानौं उनी बाहुनद्वारा नै पीडित छन् या उनको पुर्खा पीडित थियो ।

पढेलेखेकाहरू त यति असहिष्णु छन् भने सर्वसाधारणको स्थिति कस्तो होला त्यसै पनि अनुमान गर्न सकिन्छ । अहिले मुलुकका जनजातिहरू खास गरी ब्राह्मणवाद, हिन्दू धर्मग्रन्थ, एवं संस्कृतभाषामाथि आफ्नो निसाना वनाएका छन् । आफ्नो स्थिति मजबुत भएका क्षेत्रका शिक्षण संस्थाहरूमा यिनीहरूले संस्कृतको पठन-पाठनलाई लक्ष्य बनाउँदै विद्रोह सुरु गरेका छन् । ब्राह्मणवादको विरोधमा लेखिएका किताबमा प्रयोग भएको भाषा हेर्दा लाग्छ ब्राह्मणहरूद्वारा उनको पुर्खा अत्यन्तै पीडित थियो र उनीहरू स्वयं पनि पीडित छन् ।

जनजातिहरूद्वारा गरिएका आन्दोलनहरू

नेपाल यस्तो मुलुक हो जहाँ धर्मका नाममा, जातजातिका नाउँमा, धनीगरिबका बिचमा, पाहाडेमदिसेका नाममा त्यस्ता ठूला झैझगडाहरू भएका छैनन् । शान्तिप्रेमी नेपालीहरूको यो एउटा उदाहरण पनि हो ।

भारतमा सन् १८३० मा भएको कोल (जनजाति) हरूको विद्रोह, सन् १८५६ को संथाल (जनजाति) हरूको विद्रोह, सन् १८९५ मा छोटा नागपुरमा भएको मुन्डो (जनजाति) हरूको विद्रोह, सन् १९११ मा भएको नागाहरूको विद्रोह यी सबै जनजातिहरूद्वारा सञ्चालित ठूलाठूला विद्रोहहरू हुन् । यी विद्रोहहरूलाई गोरो छाला विरुद्धको विद्रोहको संज्ञा पनि दिइने गरिन्छ तर वास्तवमा ती विद्रोहहरू गोरो छाला विरुद्धमात्र नभएर तत्कालीन भारतीय समाजका शासकवर्ग, जमिन्दार, साहुमहाजन, ठेकेदार, व्यापारी एवं कर्मचारीतन्त्रका विरुद्ध लक्षित थिए ।

भारतको स्वतन्त्रता पश्चात् पनि भारतमा यस्ता विद्रोहहरू जारी नै छन् । नागा, वोडो, सन्थाल, जनजातिहरूका विद्रोहहरू १९ औं शताब्दीदेखि लिएर २१ औं शताब्दीसम्म पनि जारी नै छन् । अन्त्य हुने कुनै लक्षण देखिंदैन ।

नेपालमा पनि वेलावेलामा वाह्य तत्त्वले यहाँको शान्तिमा खलल पुऱ्याउने प्रयास गर्ने गर्छन् । त्यही प्रयासस्वरूप २००७ सालमा पूर्वका राई जनजातिहरूले बाहुन क्षेत्रीहरूमाथि ठूलो लुटपाट मच्चाएका थिए । बाहुन क्षेत्रीहरूको हत्यासमेत गरेका थिए ! यसलाई किराँत आन्दोलन पनि भनिन्छ ।

२०१० सालमा रौतहट, भैरहवा र नवलपरासीमा किसानआन्दोलनका नाउँबाट सुरु गरिएको आन्दोलनले झन्डै अधिराज्यव्यापी रूप धारण गरेको थियो । उक्त आन्दोलनमा

किसानहरूले जग्गा धनीहरूका बाली लुट्ने, तमसुक च्यात्ने, वेठबेगार नतिर्ने, मोहीयानीहकको माग गर्ने, ज्याला मजदुरीको वृद्धिको माग गर्नेजस्ता कार्यहरू गरेका थिए । यसलाई इतिहासमा किसानआन्दोलन भनेर जान्ने गरिन्छ ।

यसै गरी २०१६ सालमा पश्चिम १ नं. मा तामाङ जनजातिहरूले आन्दोलन गरेका थिए । यो आन्दोलन पनि ब्राह्मंण र क्षेत्रीहरूविरुद्ध लक्षित थियो र ब्राह्मण क्षत्रियहरूमाथि अत्यन्तै ठूलो बर्बरता प्रदर्शित गरिएको थियो । यस आन्दोलनलाई जनजातिहरूले जनजाति संघर्षको रूपमा हेर्ने गरेका छन् भने वामपन्थीहरूले वर्ग संघर्षको रूपमा हेर्ने गर्दछन् । यो आन्दोलनलाई खनियोवास आन्दोलनका नामले जानिन्छ । यो विद्रोहलाई क. निर्मल लामाले हुनानको किसानआन्दोलनसँग दाँजेका छन् भने अर्का क. मोहनविक्रम सिंहले क्षेत्री र बाहुनहरूको थिचोमिचो गरेका कारण उत्पीडित तामाङहरूको विस्फोट थियो भनेका छन् । त्यसै गरी पूर्व सांसद दामन पाखिन तामाङ जो उक्त आन्दोलनका नायकसमेत थिए उनको भनाइ छ- त्यहाँका साहु महाजनहरूको ठगी वृत्तिका कारण उक्त आन्दोलन गर्नुपरेका थियो । वास्तविकता यही नै हो ।

२०३० सालमा पनि पूर्वमा राईहरूले ब्राह्मण र क्षत्रियहरूका विरुद्धमा विद्रोह गरेका थिए तर यस पटक भने २००७ सालमा जति खुन खरावी हुन पाएन छिट्टै सरकारले नियन्त्रणमा लिन सफल भयो । २०३७ सालमा दाङमा पनि किसानविद्रोहका नामबाट दाङका थारु जातिहरूलाई उकासेर पञ्चहरूले विद्रोह मच्चाएका थिए । यस विद्रोहमा पञ्चहरू प्रत्यक्ष नदेखिए पनि उनीहरूकै इसाराबाट थारुहरूले २/३ गाउँमा दिनदहाडै २००/३०० संख्यामा भेला भएर भाला, बर्छा हातहातमा लिएर लुटपाट मच्चाएका थिए । घरका अनाज बाहिर सडकमा ल्याएर फालेका थिए । घरधनीहरूलाई खोजीखोजी भाला र बर्छाले प्रहार गरेर घाइते बनाएका थिए । सदरमुकामबाट २०/२५ मिनेटको दुरीमा रहेका गाउँहरूमा यस्ता घटना घट्दा प्रशासनले हस्तक्षेप नगरेका कारण सबैले अनुमान गरेका थिए उक्त घटना सुधारविरोधी पञ्चहरूको इसारामा घटाइएको थियो । यस घटनालाई पनि जनजातिहरूले जनजातीय आन्दोलनका रूपमा लिएका छन्, वामपन्थीहरूले वर्गसंघर्षका रूपमा र प्रजातन्त्रावादीहरूले पञ्चहरूद्वारा चलाइएको आन्दोलनका रूपमा लिएका छन् । वास्तवमा यो आन्दोलन पञ्चहरूले नै उक्साएर गराएका थिए । यो आन्दोलन कर्जाही काण्डका नाममा परिचित छ ।

नेपालका शासकहरू कहिल्यै पनि साम्प्रदायिक स्वभावका भएनन् त्यसैकारण आजसम्म त्यस प्रकारका साम्प्रदायिक घटनाहरूले त्यसरी कहिल्यै शिर उठाउन पाएका छैनन् जसरी मुस्लिम शासनअन्तर्गत अर्को सम्प्रदायको अस्तित्व नै स्वीकार्न सकिदैन । हिन्दूसंस्कृतिअन्तर्गत सम्पूर्ण समाज अटाउन सक्तछ ।

जनजातिहरूका मुख्य माग

एकतन्त्रीय जहानियाँ राणा शासनअन्तर्गत जसरी कुनै पनि राजनैतिक पार्टीहरूका अस्तित्व स्वीकार्य थिएन त्यसै गरी कुनै पनि भाषा, संस्कृति एवं जातजातिका नामबाट संस्थाहरूको अस्तित्वलाई पनि स्वीकार गरिएको थिएन । त्यसकारण त्यस व्यवस्थाअन्तर्गत कुनै पनि संघसंस्थाको वैधानिक अस्तित्व थिएन । जयतु संस्कृतम् भने राणाकालमै बीजारोपण भएर विभिन्न आरोहअवरोहहरू पार गर्दै अहिलेसम्म जीवन्त छ । संस्कृत भाषामाथि अहिले भइरहेको प्रहारलाई बचाउन यो संस्था अब जुर्मुराउनै पर्ने बेला भइसकेको छ ।

नेपालबाट राणाशासन समाप्त हुनासाथ यस मुलुकमा तामाङ जनजातिहरूको भाषा र संस्कृतिको विकासका लागि तामाङ भाषा संस्कृति विकास समिति, थारु जातिको उत्थानका

लागि थारु कल्याणकारी समिति, राई, लिम्बूहरूको उत्थानका लागि राई, लिम्बू समाज सुधार समिति, गुरुङहरूको संगठनका रूपमा तमुधि परिवार, लांघाली परिवार संघजस्ता जनजातीय संगठनहरू अस्तित्वमा आए । उनीहरू अहिले आ-आफ्ना संगठनमार्फत कार्यक्रमहरू अगाडि बढाउँदै लगेका छन् । यो प्रजातन्त्रको अत्यन्तै सकारात्मक पक्ष हो ।

जनजातिहरूको यति बेलाको महत्त्वपूर्ण माग भनेको नेपाली भाषाले जसरी सरकारी मान्यता प्राप्त गरेर राष्ट्रिय भाषाको रूपमा स्थापित भएको छ त्यसै गरी उनीहरूका भाषाले पनि मान्यता पाउनुपर्दछ । उनीहरूका मागलाई प्रजातान्त्रिक सरकारले पनि सकारात्मक रूपमा लिंदै रेडियो नेपालद्वारा जनजातिहरूका भाषामा पनि समाचार सम्प्रेषण गराउँदै आएको छ ।

यसै गरी जनजातिहरूको अर्को माग आरक्षण हो । भारतमा अनुसूचित जनजातिहरूका लागि हरेक क्षेत्रमा निश्चित् प्रतिशत स्थान आरक्षणमा राखिएको देखेका नेपालका जनजातिहरूले यहाँ पनि उनीहरूका लागि निश्चित् प्रतिशत स्थान आरक्षण हुनु पर्ने आवाज उठाउँदै आएका छन् । उनीहरूको यो मागलाई सरकारले नसुनिदिएकोमा उनीहरूको विरोध छ ।

जनजातिहरूको सबैभन्दा मुख्य र खतरनाक माग भनेको विखण्डनवादी माग हो । जनजातिहरूले आत्मनिर्णयको माग राख्दै यस मुलुकलाई पृथ्वीनारायण शाहभन्दा पूर्वको स्थितिमा पुऱ्याउन चाहन्छन् भन्ने कुरालाई जनजातिहरूले यसअघि निराधार आरोपमात्र भन्दै आएका थिए तर अब त्यो भनाइ निराधार नभई सत्यतामा परिणत भएको छ ।

जनजातिको नेतृत्व गर्ने नेताहरूमध्ये पढेलेखेकामा गनिएका र प्रबुद्धवर्गबाटै माथिको भनाइलाई सत्य प्रमाणित गरिदिएका छन् । श्री ५ को सरकारले जनजातिहरूको संख्या ६१ तोकिदिएको छ भने जनजातिका नेताहरूको भनाइ पनि मुलुकलाई ६१ भागमा बाँढेर राज्य गर्न दिने र एउटा केन्द्रीय शासनअन्तर्गत राख्ने माग अगाडि राखिसकेका छन् ।[५८] यही नै सबैभन्दा खतरनाक माग हो । सिंगो राष्ट्रलाई विखण्डित गर्ने माग हो । आफूहरू भुरे टाकुरे राजा बन्ने षड्यन्त्र हो र विदेशीको हण्डी खाएर बोलिएको बोली हो । यस्तो माग राख्नेहरूले भारत र अमेरिकाको संघीय अवधारणालाई अघि सार्ने गर्दछन् तर यति सानो मुलुक (जो भारतको एउटा राज्य जत्रो पनि छैन) लाई त्यस्तो आवश्यकता किन पऱ्यो भन्ने तर्क दिन सक्तैनन् ।

जनजातिका अन्य प्रमुख मागहरूमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिनु पर्ने, अनिवार्यसंस्कृत शिक्षा खारेज गरी उच्च शिक्षासम्म मातृभाषामा शिक्षा दिने व्यवस्था गरिनु पर्ने, हालको राष्ट्रिय सभालाई जातीय सभामा परिणत गरिनु पर्ने, जनजातिका आत्मसम्मानमा ठेस पुग्ने खालका शब्दहरू हटाइनु पर्ने, जनजातिका हकहितसँग बाझिएका संवैधानिक धारा र उपधाराहरू खारेज वा संशोधन गरिनु पर्ने, रेडियोबाट जनजातिका भाषाहरूमा कार्यक्रमहरू सञ्चालन गरिनु पर्ने आदि रहेका छन् ।

माथि उल्लेख भएका मागहरूमध्ये रेडियोबाट जनजातिका भाषामा समाचार प्रशारण गर्न थालिसकिएको छ । नवौं पञ्चवर्षीय योजनामा जनजातिहरूको उत्थान र विकासका लागि पाठ्यक्रम विकास केन्द्रबाट केही मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण भइसकेका छन् । जनजातिहरूको समग्र उन्नतिका लागि राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान स्थापना गर्ने कार्य सम्पन्न भइसकेको छ । संस्कृतशिक्षालाई अनिवार्यबाट ऐच्छिक गर्ने घोषणा पनि भइसकेको छ । यसबाट के बुझिन्छ भने सरकार जनजातिका मागप्रति सम्वेदनशील र सकारात्मक छ ।

---

५८ राष्ट्रिय जनमञ्च, मासिक वर्ष १, अङ्क ७ ।

को आदिवासी ? को जनजाति ?

नेपालका विभिन्न ३२ वटा जनजातिहरूका जातीय संगठनहरू मिलेर बनेको जनजाति महासंघ वा अन्य जनजातिवादीहरूले आदिवासी र जनजाति पदावलीलाई जवर्जस्ती एक अर्काका पर्याय मान्दै आएका छन् । झट्ट सुन्दा सही जस्तो लागे तापनि वास्तवमा उनीहरूको यो भनाइ सही छैन । किनभने आदिवासी शब्द बसोवाससँग सम्वन्धित छ । अग्रेजीको इन्डिजिनस वा एवोजिनको नेपाली अर्थ हुन्छ आदिवासी, निवासी वा मूलबासी । यसरी आदिवासी बसोवाससँग सम्वन्धित देखिन आउँछ भने जनजाति शब्द वंशज वा उद्भवसँग सम्वन्धित छ । अंग्रेजीको एथनिकको नेपाली अर्थ जनजाति हुन्छ । एथनिक Ethnic शब्द ग्रीक शब्दको Ethonos बाट उत्पन्न भएको हो जसको अर्थ जनता हो । जनजातीय समूहलाई प्रजातीय वा प्राजातिक वा प्रजाति विषयक समूहको नामले पनि सम्वोधित गरेको देखिन्छ ।

वास्तवमा जनजातीय समूह भनेको आफ्नै मौलिक परम्परा जीवनयापनको तरिका र सांस्कृतिक विशेषता भएका मानिसहरूको समूह हो । कहींकहीं यसलाई Nationalities को अर्थमा पनि लिने गरिएको पाइन्छ । उदाहरणार्थ चीनमा यसलाई नेसनालिटिज भनिन्छ भने अमेरिकामा 'नेटिभ' भनिन्छ । अफ्रिकामा 'ट्राइवल' क्यानाडामा 'नेसन्स', साउथ अमेरिकामा 'इन्डिजनस कम्युनिटिज' पूर्व सोभियत संघमा 'नेसनल माइनोरिटिज' भारतमा 'अनुसूचित जनजाति', नेपालमा 'जनजाति' र विश्वबैंकले इन्डसिन पपुलेसन 'ट्राइबलग्रुप' एवं 'एथनिक माइनोरिटिज' भन्ने गरेको छ ।

नेपालले जनजाति भनेर तोकिदिएको यो वर्गमा ६१ जनजाति पर्दछन् । ६१ जनजातिमध्येको नेवारका विषयमा भने नेवार समुदाय भित्रैवाट आफूहरूलाई सरकारले आदिवासीभित्र राखिदिएकोमा विरोध जनाइसकेका छन् । यो प्रसंग अगाडि नै आइसकेको छ । नेवार बाहेकका ६० जातिमध्ये मनाङ्गेलाई पनि जनजाति प्रतिष्ठानले सूचीबाट हटाएपछि अब ५९ भएका छन् । अब यीमध्ये कुन जनजाति हुन् र कति आदिवासी हुन्, त्यसको अलगअलग अध्ययन नगरी हामीकहाँ एउटै भाँडोमा खिचडी पकाइएको छ । वास्तवमा किराँत र मगरहरू मात्र नेपालका आदिवासी हुन् बाँकी सबै जनजाति हुन् ।

हिन्दूलाई अहिन्दू बनाउने षड्यन्त्रमा जनजातिहरू

एकदलीय शासनव्यवस्थामा जनताका आवाजलाई राज्यसंयन्त्रका बलमा दवाएर राख्न सरल भएझैं प्रजातान्त्रिक व्यवस्थामा त्यो सम्भव हुँदैन । प्रजातान्त्रिक शासनव्यवस्थामा सबै वर्गको आवाजको कदर हुने हुँदा यसमा बोल्ने, लेख्ने, विरोधका स्वरहरू व्यक्त गर्ने स्वतन्त्रता पनि हुन्छ । विगतका शासनव्यवस्थाहरूमा जनताका आवाजहरूलाई राज्यसंयन्त्रका बलमा जवर्जस्ती दवाइने गरेका कारण जनजातीय प्रश्नले त्यति चर्को रूप लिएको थिएन, तर बदलिंदो परिस्थितिमा सबै जात, जाति, धर्म, पेसा, अपनाउनेहरू स्वतन्त्र भएका कारण हरेक क्षेत्रमा आ-आफ्ना उन्नयनमा जुटेका छन् ।

यतिवेला यस मुलुकको ज्वलन्त समस्याहरूमध्ये जनजातीय समस्या पनि प्रमुख हो । जनजातिका नामवाट चर्काचर्का कुराहरू उठिरहेका छन् । मुक्तिका कुरा उठेका छन् । विखण्डनका कुरा उठेका छन् । आरक्षणका कुरा उठेका छन् । भाषाका कुरा उठेका छन् । धर्मका कुरा उठेका छन् । सरकार पनि यो चर्को जातीय असमानतालाई कसरी कम गर्ने र वास्तविकरूपमा राष्ट्रनायक श्री ५ पृथ्वीनारायण शाहले 'सबै जातको साझा फूलबारी' भनेझैं कसरी साझा थलोका रूपमा विकसित गर्ने भन्ने दिशामा लागि पनि रहेको छ तर उता जनजातिहरूले भने धर्मका नामवाट विखण्डन खडा गर्दै कसरी हिन्दूहरूलाई पनि अहिन्दू बनाई राष्ट्रिय जनगणनामा हिन्दूधर्मको प्रतिशतलाई तल झार्ने भन्ने ध्याउन्नमा

लागेका छन् । यसको एउटा उदाहरण हो महान् चाड दसैं हिन्दूहरूको मात्र हो भन्दै जनजातिहरूले आफूहरूलाई उक्त चाडबाट अलग गर्न खोज्नु । वास्तवमा बडादसैं प्रकृतिपूजक, क्रिस्चियन, बौद्ध, इस्लाम, किराँत, बोन, लामाहरूबाहेक अन्य मूर्तिपूजकहरू जति सबैले मान्दै आएको चाड हो । चाहे ती हिन्दूवर्णाश्रम व्यवस्थाभित्रका हुन् वा बाहिरका हुन् ।

यतिवेला बडादसैं हिन्दूशासक भित्रका खासगरी वाहुनहरूले अहिन्दूहरूमाथि बलपूर्वक लाद्दै आएको चाड हो । यसलाई अहिन्दूहरूल मान्नु हुँदैन भनेर जोडतोडका साथ प्रचार गरिँदै छ र पूर्वी नेपालका केही सहरहरूमा दुर्गा किराँतीहरूकी देवी होइनन् त्यसैले किराँतहरूले दुर्गा पूजाको विरोध गर्नु पर्दछ भनेर देवी दुर्गाका विरुद्ध कालो झन्डासमेत देखाउँदै जताततै दसैंबहिष्कार आन्दोलन चालु छ । लिम्बुआन र खम्बुआन क्षेत्रहरूमा त दसैं वहिष्कार पूर्णरूपमा नै सफल भइसकेको छ । नेपाल जनजाति महासंघसमेत यसको समर्थनमा छ । यो आन्दोलनको वास्तविकता जनजातिहरूसँगै बुझ्दा के पाइन्छ भने नेपालको संविधानमा धर्म निरपेक्षताको बेवास्ता गर्दै हिन्दूअधिराज्य घोषणा गरिएको र दसैंलगायतका हिन्दू चाड पर्वहरूमा सरकारी बिदा दिइने नीति लिएको कारण दसैंबहिष्कार गर्नु परेको भनेर भन्दछन् ।

पञ्चायती कालमा अहिन्दूहरूका चाडपर्वहरूमा बिदा दिइने नीति नभए पनि प्रजातन्त्रको स्थापना पश्चात् भने इद, बकरिद, लोसार, माघी, छठजस्ता चाडहरूमा पनि बिदा दिने नीति सरकारले अख्तियार गरिसकेको छ । रेडियो नेपालले राष्ट्रिय प्रशारण ऐन २०४९ लागु गरेर १ प्रतिशत जनसंख्याद्वारा बोलिने भाषालाई पनि समाचार र कार्यक्रम वनाउने नीति लिएको छ र आठ जनजातीय भाषामा रेडियो नेपालबाट समाचार र प्रतिहप्ता १५ मिनेटको कार्यक्रम प्रसारण गर्न थालिसकेको छ । जनआन्दोलनपछिको यो अत्यन्तै महत्त्वपूर्ण परिवर्तन हो ।

दसैं वहिष्कारका नामबाट मात्र होइन मगर र सुनुवारहरूले हालसम्म लेख्दै आएको हिन्दू धर्मलाई बौद्ध र किराँत लेखाउने निर्णय आ-आफ्ना मगर संघ र सुनुवार सेवा समाजमार्फत गराइसकेका छन् । अन्य जनजातिहरूलाई पनि यही नीति लिएर उनीहरूले हालसम्म लेख्दै आएको हिन्दू धर्मका स्थानमा अन्य धर्म लेखाउन लागि परेका छन् ।

यसको पछाडि पनि ठूलै शक्तिको खेल छ । विदेशीहरू (खासगरी इसाई मिसिनरहरू) यतिवेला जनजातिहरू र आदिवासीहरूको अशिक्षा, गरिबी र चेतनाको कमीको फाइदा लिएर डलरको प्रभावमा पारेर हिन्दू धर्मको प्रतिशत तल झार्न अहोरात्र सक्रिय छन् । त्यसै चालवाजीमा जनजातिहरू फँसेका छन् । यसले गर्दा जनजातीय आन्दोलनले सही दिशा लिनुको साटो वाटो बिराउने सम्भावना वढी छ । नपढेकाहरूको त कुरै भएन तर पढेलेखेकाहरूले पनि थाहा नपाएझैं गरी विखण्डनमा आफूहरूलाई समावेश गराउने, पहिला आफू नेपाली हुँ र त्यसपछि जनजाति हुँ भन्नु पर्नेमा पहिला आफू जनजाति हुँ र त्यसपछि मात्र नेपाली हुँ[५९] भन्ने जस्ता अभिव्यक्ति आमसञ्चार माध्यमहरूद्वारा अभिव्यक्त गर्ने कार्यले के जनाउँछ ? यो अशिक्षा र चेतनाको कमीले मात्रै यसो भएको होइन । यो त डलरको खेल पनि हो । कुनै पनि मुलुकका विद्वान्हरू चाहे ती जाति होउन् वा जनजाति वा आदिवासी कसैले पनि राष्ट्रियतालाई दोस्रो दर्जामा राख्ने गल्ती गर्दैनन्, जे-जति नहुनुपर्ने कुराहरू यही मुलुकमा हुन्छन् । जे-जति नबोल्नु पर्ने कुराहरू यही मुलुकका विद्वान्हरूले बोल्छन् । यस्ता अभिव्यक्ति सुन्दा लाग्छ- “महाजनो: येन गत: स: पन्थ:” अर्थात् “ठूलो जता जान्छ त्यही नै सही बाटो हो” भन्ने भनाइ नै गलत पो हो कि ?

---

५९ कृष्णबहादुर भट्टचन : २०५८ भाद्र २ गने ने.टि.भी. को वहस कार्यक्रममा अभिव्यक्त ।

जनजातिहरूमा अन्धविश्वास

समानवस्तुबाट समानवस्तु पैदा हुन्छ यो समानताको नियम हो । यही नियमअनुसार बन्ने अभिचारलाई अनुकरणात्मक अभिचार भन्ने गरिन्छ । अभिचार भनेको "तन्त्रमन्त्रद्वारा गरिने मारण" (हिंसात्मक कर्म) हो । यी ६ प्रकारका छन् । मारण, मोहन, स्तम्भन्, विद्वेषण, उच्चाटन र वशीकरण आदि । शब्दकोशमा यिनको अर्थ यसरी दिएको छ ।

मारण - हिसां गर्नु,
मोहन - मोहित गर्ने काम,
स्तम्भन - नि:चेष्ट पार्नु, रोक्नु, अवरोधन,
विद्वेषण - शत्रु, वैरी, दुई थरीका बिचमा वैरभाव ल्याउने,
उच्चाटन - दिक्क पार्नु (एकै नासको काम गर्दागर्दा मन मर्नु),
वशीकरण - वसमा पार्नु/अभिचारद्वारा अरुलाई वशमा राख्ने काम

अभिचारका केही उदाहरणहरू यहाँ राख्नु सान्दर्भिक हुनेछ ।

विजुली चम्केर मेघ गर्जिंदा पानी पर्छ भन्ने त हामी सबैलाई थाहा नै छ । मेघ नगर्जिई पानी पर्दा पनि पर्दैन । त्यसैले पानी नपरेर सुख्खा पर्न थाल्यो भने कृषकहरूले त्यही मेघ गर्जेझैं गडगडाहटको शब्द निकाली वर्षा गराउने चलन छ । त्यसका लागि कतै तोपको गडगडाहट पैदा गराएर त कतै पहाड टाकुरामा त कतै खोलाका किनारमा गई ठूलठूला ढुंगा लडाएर गडगडाहट पैदा गराएर त कतै लामाहरूका वाजाका गडगडाहद्वारा पानी पार्ने कार्य गरिन्छ ।

सरकारी तवरवाट यो कार्य गर्दा तोप पड्काउने गरिन्छ । यो गडगडाहटको आवाज निकाल्नु भनेको मेघगर्जनको अनुकरण गर्नु हो । तराइका थारु जातिका महिलाहरूले पानी नपरी सुख्खा पऱ्यो भने रातको समयमा नाङ्गै भएर हलो जोत्ने गर्छन् । यसो गरेमा पानी पर्छ भन्ने विश्वास उनीहरूमा छ । उत्तरी भेकका गुम्बामा पानी पार्न र असिना रोक्नका लागि लामाहरूलाई 'लामापाथी' वर्षेनी बुझाउने चलन अझै पनि छ । लामाहरूले आफ्ना वाजाका गडगडाहटवाट पानी पार्ने र असिना रोक्ने गर्न सक्तछन् भन्ने विश्वास अझै पनि छ ।

भक्तपुरको चाँगुनारायण क्षेत्रका जनता समयमा वर्षा भएन र सुख्खा पर्न थाल्यो भने चाँगुनारायण थानको गरुडमूर्तिको मुखमा गोवर र हिलो-माटो छ्याप्न थाल्छन् । बलले भ्याएसम्म नोलले गरुढलाई हिर्काउँछन् । कहिलेकाहीं ढुंगाले पनि हिर्काउने गर्छन् । यसरी गरुडलाई कष्ट दिएपछि त्यस क्षेत्रमा वर्षा हुन्छ भन्ने विश्वास त्यस क्षेत्रका नेवार समुदायमा छ ।

काठमाडौंको वालाजुको छेउमा डुक्रने पानी नामको ठाउँ छ । त्यहाँ वर्षा चाँडो नभए त्यहाँको ढुंगाको वसाहालाई त्यहाँका जनजातिका कृषकहरूले नोलले खुव हिर्काउँछन् र लडाएर उत्तानो पार्छन् । यसरी कुटेर उत्तानो पारेको त्यो वसाहा राति उठेर डुक्रिन थाल्दछ र वर्षा हुन्छ भन्ने विश्वास छ ।

कतै-कतै वर्षा गराउनका लागि पशुलाई कष्ट दिएर मार्ने चलन पनि छ । काठमाडौंको क्षेत्रपाटीमा घोप्टे गणेश नाउँका देवता छन् । तिनलाई वैशाख जेठतिर राँगाको वलि दिने चलन छ । राँगालाई बलि दिंदा वलियो डोरीले वाँधीकन लडाइन्छ । लडाएपछि राँगाका पछाडिपट्टीका दुवै फिला चुपीले चिरेर प्वाल पारी दुवै फिलाको वारपार गरी एउटा नोल घुसाइन्छ । नोल घुसाएपछि राँगाका दुवै सिङमा डोरीले बाँधेर राँगाको टाउको तान्दै उँभो लगेर धनुमा तोदो चढाएझै त्यसै नोलमा डोरीले वाँधिन्छ । यसो भएपछि राँगो छटपटाउन सक्तैन । त्यसपछि जिउँदो राँगाको गर्दनको छाला काडी मूल रक्तनली काटी घोप्टे गणेशको मूर्तिमा रगतका फोहरा लगाइन्छ । त्यो राँगो मरेको हुँदैन तर त्यसले

कष्टले गर्दा आँसुका धारा बगाइरहेको हुन्छ । जस्तोतस्तो मान्छेले त्यो दृश्य हेर्न सक्दैन । राँगाले कष्टका कारण जति धेरै आँसु बगाउँछ त्यतिधेरै वर्षा हुन्छ भन्ने विश्वास क्षेत्रपाटीतिरका बासिन्दाको छ । भारतको उडिसा प्रदेशका खोड जनजातिले त त्यसै तरिकाबाट लुकीछिपी नरवलि नै दिने गर्दछन् ।

जड पदार्थ र पशुका कुरा मात्र होइन मनुष्यलाई कष्ट दिएर वर्षा गराउने चलन पनि रहेको पाइएको छ । पञ्चायतकालमा कतैकतै बडाहाकिम वा अञ्चलाधीशलाई डोरीले खाँबामा बाँधेर उसलाई कष्ट नपुग्दासम्म कृषकका स्वास्नी मानिसहरूले धैलाका धैला पानी खन्याउने र उसले कष्टको महसुस गरेपछि खन्याउन छाड्ने गरिन्थ्यो र त्यसपछि वर्षा भयो भने त्यसै अभिचारका कारण वर्षा भयो भन्ने विश्वास गरिन्थ्यो ।[६०]

भारतको गढवाल क्षेत्रका रावलटा नामक जनजातिले पनि उडिसाका खोंड जनजातिलेझैं नरवलि नदिए पनि कुनै व्यक्तिलाई यस्तो कष्ट दिन्थे जो सहन नसकि ऊ रुन थाल्दथ्यो । रुँदारुँदै कष्ट सहन नसकी त्यो व्यक्तिले प्राणसमेत गुमाउन सक्तथ्यो । हाल सरकारले नरवलिमाथि प्रतिबन्ध लगाएका कारण नरवलि चाहिँ दिइँदैन ।

भारतकै छोटा नागपुरका जनजातिले पानी पार्न पर्वतको टाकुरामा गएर ठूल्ठूला ढुंगा लगाउँछन् । ढुंगा पल्टिँदा एउटा ढुंगा अर्को ढुंगामा ठोकिएर मेघ गर्जेझैं आवाज आउँछ । जसले गर्दा पानी पर्छ भन्ने विश्वास छ । भारतकै सिंहभूमि र मानभूमिका जनजातिले वर्षा गराउन झ्यास, झुसको घुर जम्मा गरेर आगो लगाई आकाश कुइरीमन्डल पार्छन् । त्यो धुवाँले वादलको रूप धारण गर्छ र वर्षा हुन्छ भन्ने विश्वास उनीहरूमा छ । नेपालमा पनि कुनै समयमा नरबलि दिइन्थ्यो भन्ने कुरा नरदेवीको नामकरणले पनि जनाउँछ । नरवलिको अपभ्रंशवाट नरदेवी भएको भन्ने भनाइ पनि छ ।

पानी पार्ने कुरा मात्रै होइन । पुतला जाड्ने र पुतला झिक्ने प्रथाका बारेमा गुरुङ जनजातिको गुरुङ वंशावलीमा पढ्न पाइन्छ जसमा घले राजाका छोराहरूलाई शत्रुपक्षले पुतला गाडेर ठहरै पारेको विवरण हामीहरू पढ्न पाउँछौं र गाउँघरमा आज पनि यो भावना छँदै छ ।

कुनै समयमा धर्मको नामबाट पालना गरिने कर्मकाण्डलाई आजको युगमा अन्धविश्वासको रूपमा लिने गरिन्छ । अन्धविश्वास किटेर भन्न सकिँदैन । प्राचीन समय धर्म र अभिचारको समय थियो भने आजको समय वैज्ञानिक युग हो । त्यसैले प्राचीन समयका धर्म र अभिचारलाई आजको वैज्ञानिक युगका विद्वान्हरूले आ-आफ्नै ज्ञान चक्षुबाट आ-आफ्नै तरिकाले अर्थ्याएका छन् ।

धर्मलाई कसैले "आदिकालीन मानवको दार्शनिक कल्पनाको परिणाम" बताएका छन् भने कसैले "आध्यात्मिक सत्तामा विश्वास राख्नु नै धर्म हो" भनेका छन् । त्यसै गरी कसैले जुन समयमा धर्मको उत्पत्ति भयो त्यस समय धर्म, आशा र आकांक्षाको परिणाम नभएर मानवका भय वा डरका कारण उत्पन्न भएको थियो भनेका छन् ।[६१]

मानिसले निदाएको बेलामा सपना देख्छन् । त्यतिबेला अनेक थरीका डर लाग्दा दृश्यदेखि अत्यन्तै मनोरम दृश्यहरूसमेत देखिन्छ । यसले के प्रमाणित गर्दछ भने शरीरमा एउटा आत्मा र शरीरबाहिर अर्को आत्मा बसेको हुन्छ । यसरी दुई आत्माको कल्पना गरियो । त्यसैको परिणाम अन्धविश्वास बन्यो । नेपालका केही प्रमुख जनजातिका मुख्यमुख्य अन्धविश्वासहरू हेरौं ।

---

६० जनकलाल शर्मा : हाम्रो समाज एक अध्ययन, पृ. १४० - १४२ ।
६१ उही : पृ. १११ ।

१. **औतारी लामाहरूमा अन्धविश्वास**

औतारी लामाहरूमा मानिसका अनेक आत्मा हुन्छन् भन्ने विश्वास छ । त्यसैले उनीहरूले औतारी लामाले अर्को ठाउँमा औतार नलिएसम्म (नजन्मेसम्म) मृत शरीरलाई यथावत् राखिराख्छन् । अन्तिम संस्कार गर्दैनन् । त्यसैले लामाहरूमा दुई प्रकारको संस्कार पाइन्छन् । मृत्यु हुँदासाथ गरिने संस्कार एउटा र औतार लिएपछि गरिने संस्कार अर्को । यो वहुआत्माको भावना हो ।

२. **नेवारहरूमा अन्धविश्वास**

नेवारी भाषामा राक्षसलाई 'लाखे' र भूतलाई 'ख्या' भनिन्छ । त्यस्ता राक्षस र भूत नेवारी समाजमा अनेक प्रकारका छन् ।

(क) उदाहरणका लागि 'मि-चू-लाखे'लाई लिउँ । यो राक्षस नदी किनार र सुनसान ठाउँमा बस्छ भन्ने विश्वास नेवारहरूमा छ । यस्तो राक्षसले मुखबाट आगोको ज्वाला निकाल्दै दौडिने गर्दछ भन्ने विश्वास छ ।

(ख) "मुलकता ख्या" यो भूत शिर काटिएर मरेको व्यक्तिवाट उत्पन्न भएको हुँदा 'मुलकता' अर्थात् 'मुर्कट्टा' भूत भनिएको हो । भन्ने भनाइ छ ।

(ग) "अगतित्वों ख्या" यो भूतको उत्पत्ति आत्महत्या गरेर वा धेरै पीडा सहेर मरेको व्यक्तिको आत्मावाट हुन्छ । अर्थात् अगति परेर मरेको मानिसको भूत हो ।

(घ) "कवँ ख्या"- । कवँको अर्थ हो कंकाल मात्र भएको र ख्याको अर्थ भूत हो । यस्तो भूतले कौंकौं गरेर आवाज दिने हुँदा 'कौं ख्यां' पनि भनिन्छ ।

(ङ) "हानाछें ख्यां"- । यो भूतले मानिसका घरघरमा ढुंगा माटो डल्ला फ्याँकेर मानिसलाई तर्साउँछ भन्ने भनाइ छ । हानाको अर्थ डर उत्पन्न गराउने र छें को अर्थ घर हो ।

(च) "सीक अगति ख्या"- यसको अर्थ हो जुन घरमा मऱ्यो त्यही घरमा प्रेत बनेर बसेको भूत । यस्तो भूतले मानिसलाई कपाल दुखाउने र रगत छदाउने गर्छ भनिन्छ ।

(छ) "तुयुम्ह ख्या"- यसको अर्थ हो सेतो ढेडुवा बाँदर जस्तो भूत । यो भूत लाभदायी भूतमा गनिन्छ ।

(ज) "जलनागु न्यागु"- यसको अर्थ हो जलनाग लाग्यो भनेर खटिराको उपचार गर्नु ।

(झ) "झ्यां जात्रा"- यसको अर्थ हो भूतको जात्रा । यो जात्रा प्रत्येक वर्षको श्रावण शुक्ल पूर्णिमाको दिनमा फर्पिङमा मनाइन्छ ।

(ञ) "हाकुम्ह ख्या"- नेवारी भाषामा कालोलाई हाकु भनिन्छ । त्यस अर्थमा यो भूतको रंग कालो हुन्छ भन्ने वुझिन्छ ।

(ट) "भूजिंखा ख्या"- यो भूत कुखुराका साना चल्लाजस्तो हुने र मध्यरातमा चल्ला कराएझैं चिउँचिउँ गरेर कराउँछ भन्ने भनाइ छ । यो भूतले केटाकेटीलाई सताउने र उनीहरूका जिउभरी डावर आउने गर्छ भनिन्छ ।

(ठ) "भ्वाठ ग्वाराख्या"- यसको अर्थ हो थाङना बेह्रेर हिँड्ने भूत । यो भूतले पुराना थाङना वेह्रेर हिँड्छ र मानिसलाई एक्लै भेट्यो भने लडाएर हाँस्न थाल्छ भनिन्छ ।

(ड) "नाँ-सु-ख्या"- नेवारी भाषामा नाँ-सु-ख्याको अर्थ हुन्छ 'नाउ क्या हो ?' यो भूतले वाटामा एक्लै हिँडेको मानिसलाई नामै लिएर वोलाई तर्साउँछ भन्ने विश्वास छ ।

(ढ) "गुरु-गुरु-ख्या"- यो भूतले घरका कोठामा गुरुगुरु आवाज निकाल्दै तर्साउँछ भन्ने विश्वास छ ।

(ण) "लँ पँ ख्या"- यो भूतले मानिसलाई एक्लै भेट्टायो भने वाटो छेक्छ भन्ने विश्वास छ । लँ पँ को अर्थ बाटो छेक्ने हो ।

(त) "ग्वाय्-दुह्म -मिसा ख्या"- ग्वाय् दुह्-मिसाको अर्थ हो जुँगा भएकी स्वास्नी मान्छे । यो भूतिनीको जुँगा हुन्छ भन्ने विश्वास गरिन्छ ।

(थ) "जङ तीको ख्या"- जङ ती को को अर्थ हो यमराजको दूत । यो एकप्रकारको भूत भए पनि यसलाई यमराजको दूत भनिन्छ ।

(द) "जू-मी-ख्या"- यो भूतले मानिसलाई पायो भने सिधैं उठाएर लैजान्छ भन्ने विश्वास छ ।

(ध) "बाह्राख्या"- गुफा राखेकी कन्याको गुफा राखेकै समयमा मृत्यु भएमा त्यस कन्याले भूतिनीको रूप लिन्छे भनिन्छ । बाह्राको अर्थ हो प्रथम पटक ऋतुमयी भएकी कन्या ।

(न) "यँ ख्या:"- नेवारी भाषामा यँको अर्थ चर्खा भएकोले यो भूतिनीलाई चर्खा काल्ने भूतिनी भनिन्छ ।

(प) "कीं-चकनी ख्या:"- यो किचकिन्नी भनिने भूतिनी हो । यसका पैतला उल्टा हुन्छन् भनिन्छ । यो भूतिनीले युवकसँग यौनसम्पर्क पनि राख्न सक्छे भनिन्छ । : स्रोत - जनकलाल शर्मा : हाम्रो समाज एक अध्ययन ।

३. चेपाङहरूमा अन्धविश्वास

चेपाङहरू किचकिनीदेखि असाध्यै डराउँछन् र किचकिन्नीमाथि विश्वास गर्दछन् । त्यही विश्वास र डरका कारण उनीहरू काठमाडौं आउन डराउँछन् । उनीहरूमा काठमाडौंमा किचकिन्नी हुन्छे भन्ने विश्वास छ । यसबाहेक देवी देवता रिसाए भने अनिष्ट हुन्छ । दैवी शक्ति खुसी भएमा सबै ठिकठाक हुन्छ भन्ने विश्वास यिनीहरूमा छ ।

४. राईहरूमा अन्धविश्वास

राई जातिमा 'सिये' भन्ने भूतमाथि विश्वास रहेको हुन्छ । यो भूत चुल्हो, अगेनो र राईका शव गाडिने ठाउँमा बस्छ भन्ने भनाइ छ । सियेको प्रभाव पर्नासाथ मानिसको कपाल दुख्न थाल्दछ र बान्ता पनि हुन्छ भन्दछन् । त्यसैले कपाल दुख्न थाल्यो भने राईहरू शिरको कपाल मुट्ठीभरि समाएर झडका दिएर तान्ने गर्दछन् । यस्तो कार्यलाई राई भाषामा 'टाङ-ची पड्काउने' भनिन्छ । बान्ता भयो भने यसले हैजाको रूप पनि लिनसक्ने विश्वास यिनीहरूमा छ । राईहरूमा खटिरा नआवस् र अंगभंग भएका केटाकेटी नजन्मून् भनेर 'नागी' भन्ने पूजा गर्दछन् । यी पूजाहरूमा बलि पनि दिइन्छ ।

५. लिम्बूहरूमा अन्धविश्वास

लिम्बू जातिहरू "देवा"माथि विश्वास गर्दछन् । यो देवानामको भूत अदुवाबारीमा बस्छ भन्ने अन्धविश्वास लिम्बूहरूमा भएका कारण लिम्बूहरू अदुवा बारीमा जान हुँदैन भन्दछन् । यो भूतले मानिसलाई कक्राएर एकै डल्लो बनाउँछ र कुँजो भइन्छ भनिन्छ ।

देवाबाहेक यिनीहरूले 'वायु' माथि पनि विश्वास राख्दछन् । वायु पनि काँचो वायु, पाको वायु र धनञ्जय वायु गरी तीन थरीका हुन्छन् भनिन्छ । काँचो वायु लागेमा रगत छँदाउँछ, पाको वायुले कपाल दुखाउँछ र धनञ्जय वायुले मानिसको मृत्यु भएको दुई वर्षसम्म यस धरातलमा चक्कर लगाउँछ भन्ने विश्वास यिनीहरूमा छ ।

यीबाहेक लिम्बूहरूमा पितृ पूजा, ढुंगाका देवताको पूजा, वनजंगलका देवताको पूजा, माटोको देवताको पूजा गर्ने चलन छ ।

६. थारुहरूमा अन्धविश्वास

अन्य जातिहरूमा झैं थारु जातिमा पनि अन्धविश्वास असाध्यै रहेको पाइन्छ । यिनीहरू भूतप्रेतप्रति असाध्यै विश्वास गर्दछन् । साँच्चै भन्ने हो भने थारु जातिको सामाजिक जीवन नै भूतको भावनामा अडेको पाइन्छ ।

प्रत्येक थारु गाउँमा 'वरमथान' वनाइएको हुन्छ जसलाई ग्राम देवता भनिन्छ । प्रत्येक थारुका घरघरमा गृहदेवता हुन्छन् जसलाई 'गन' भनिन्छ । हलोको टाउको गाडेर 'यक्षिणी' र कोलको मुढो गाडेर 'श्मशान'को पूजा गर्दछन् । थारु वस्तीमा भूतप्रेत भन्ने चलन असाध्यै छ । पहाडी र मदेसी समाजले थारुहरूमा भूतप्रेत असाध्यै हुने हुँदा थारुको तन्त्रमन्त्रबाट डराउँछन् ।

वर्षायाममा पानी परेन भने थारु जातिमा आइमाईहरूले रातिको समयमा नाङ्गै भएर खेतमा हलो जोत्ने गर्दछन् । त्यसो गर्नाले वर्षा हुन्छ भन्ने विश्वास यिनीहरूमा छ, यस्तै अन्धविश्वास कंचनपुर जिल्लाको दैजी गाविसका थारुहरूमा पनि छ । उनीहरूले वर्षायाममा पानी नपरेर सुख्खा पऱ्यो भने सोही गाविसका अध्यक्ष वा गाउँको मुखियालाई रुखमा बाँधेर पिट्दै इन्द्रसँग वर्षाको पुकारा गर्छन् । मुखियालाई यसरी पिटेमा वर्षा हुन्छ भन्ने विश्वास उनीहरूमा छ । ती पिटाइ खाने मुखयिलाई छुटाउन अर्को पक्षले ठूलै भिडन्त गर्नुपर्छ र हार्ने पक्षले दण्ड जरिवाना तिर्नु पर्दछ र भोज भतेर गर्नुपर्दछ । यस गाविसकै वगुन टोलमा भने पानी पार्नका लागि भ्यागुताको जोडी खोजेर ल्याई विवाहको विधिअनुसार कर्मकाण्ड गरी धुमधामसँग विवाह गरिदिने गर्दछन् । यही अन्धविश्वास नेपालका झापा, मोरङ आदि पूर्वी जिल्लाका थारुलगायत विभिन्न जातिहरूमा पनि पाइन्छ ।

यस्तै अन्धविश्वास भारतको उडिसा प्रदेशका खोंड जनजातिमा पनि छ । उनीहरूले पनि वर्षा ल्याउन नरवलि दिने गर्दछन । नरवलि दिंदा वलि दिइने मानिसलाई यातना दिएर मारिन्छ । त्यस्तो यातना दिंदा त्यो मानिसले जति धेरै आँसु बगाउँछ त्यत्ति नै बढी पानी पर्छ भन्ने विश्वास छ । अब भने नरबलि प्रथामाथि प्रतिबन्ध लागेका कारण देख्न पाइँदैन ।

७. माझी जातिमा अन्धविश्वास

माझी जाति प्रकृतिपूजक हुन्छन् यिनीहरूले कसैलाई कुनै रोग लाग्नासाथ वायुको पूजा, सूर्यको पूजा, देउरालीको पूजा गर्ने गर्दछन् र 'भुइँबावा' को नामबाट कुलपूजा गर्दछन् ।

८. दनुवारहरूमा अन्धविश्वास

दनुवारहरू अलौकिक र अदृश्य शक्तिमाथि विश्वास गर्दछन् । कुनैकुनै दनुवारहरूमा त आफ्ना पुर्खाले आवश्यक परेमा तान्त्रिक शक्तिको प्रयोग गरी बाघको रूप धारण गर्न सक्ने जतिसुकै ठूलो बाढी पनि हिँडेर सजिलैसँग तर्न सक्ने, खोलामा अलप हुनसक्ने, एउटा खोलाको माछा अर्को खोलामा सार्न सक्ने शक्ति भएको पनि बताउँछन् । हरेक दनुवार वस्तीको पूर्वतर्फ काष्ठप्रतिमा वनाई आफ्ना इष्टदेवतालाई वर्षेपिच्छे पुज्ने गर्दछन् ।

९. गुरुङ र अन्धविश्वास

तमु (गुरुङ) हरूले परम्परादेखि नै मान्दै आएको संस्कृति सिल्दोनाल्दो अर्थात् सिमेभुमे (मातृपितृ) लाई आफ्नो रक्षकका रूपमा अझै पनि मान्दै आएकै छन् । गुरुङहरूले आफ्ना घर वरिपरिका डाँडाकाँडा नदीनाला आदि प्राकृतिक स्रोतलाई रक्षकको रूपमा मान्दै मासु र रगत चढाएर पूजा गर्ने गर्दछन् । देवतालाई वलि दिएको पशुको कलेजो हेरेर तमुहरूले शकुन र अपशकुन छुट्याउने गर्दछन् । गुरुङ वंशावलीमा घले राजाका छोराहरूलाई शत्रु पक्षले पुतला गाडेर ठहरै पारेको विवरण छ र गुरुङ गाउँघरमा यस्तो पुत्ला गाड्ने, पुत्ला झिक्नेसम्वन्धी भावना अझै पनि छदैं छ । त्यस्तो पुत्ला झिक्न धामी चाहिन्छ ।

१०. तामाङहरूमा अन्धविश्वास

तामाङहरूको पुजारीलाई बोंपो भनिन्छ । बोंपोको काम भूतप्रेत धपाउने, सिपता थानमा वलि चढाउने, पूजा गर्ने र मंसिर महिनामा खेतीवाली जोगाउन तन्तर-मन्तर गरी

पूजा गर्नु हो । बोंपोले यसबाहेक धामी झाँक्रीको कामका अतिरिक्त देवता र वायु रिसाएर दु:ख दिन थालेमा तिनलाई मनाउने कार्म पनि गर्दछ ।

११. दुराजातिमा अन्धविश्वास

दुराजातिमा धामीझाँक्रीको प्रचलन असाध्यै छ । यिनीहरू हरेक कुरामा भाकल गर्दछन् । भाकल गरे चिताएको पुग्छ भन्ने भावना यिनीहरूमा पाइन्छ । त्यसरी भाकल गरेको पुग्यो भन्ने यिनीहरूले बलि चढाउने गर्दछन् । यो समुदायमा बिरामी परेको बेलामा झाँक्रीको प्रयोग प्रशस्त मात्रामा हुने गर्दछ । झाँक्रीले बिरामीलाई बोक्सी लागे नलागेको छुट्याउँछ । बोक्सी लागेको भए झारफुक र झारफुकले निको नभए कुखुराको भाले, पोथी या कुभिन्डाको बलि दिने चलन छ ।

१२. बोटेहरूमा अन्धविश्वास

यस जातिमा पाप, पुण्य, भूतप्रेत ईश्वर, दुष्टात्माजस्ता कुरामा असाध्यै विश्वास छ । वरपिपल खोलानाला, गुफा जतातते पूजाका थान बनाएर पुज्ने गर्दछन् । रुखमुनि ढुंगाका मूर्ति बनाएर पूजा गर्दछन् । भुँयार, वायु, कालीनाग, सेतीनाग, जलदेवी, संसारीमाई कुलाइन, सुनझाँक्री, चण्डीकाली, खम्बादेवी, डिठ्ठीनी बुढीजस्ता अनेकौं देवीदेवतालाई पूजाआजा, भाकल र बलि चढाउने गर्दछन् । कुनै देवतालाई पुज्ने र कुनैलाई नपुज्ने गर्दा नपुजिएका देवीदेवता रिसाउँछन भन्ने धारणा राख्दछन् र सम्झना भएसम्मका देवीदेवता, सिमेभुमे सबैको पूजा गर्ने गर्दछन् ।

१३. राजवंशी समाजमा अन्धविश्वास

अन्य जातिमा झैं राजवंशीहरूमा पनि अन्धविश्वासले जरा गाडेको पाइन्छ । यिनीहरू कतै कुनै कामले निस्किंदा बाटामा सर्प वा बिरालोले बाटो काट्यो भने, बाटामा जाँदा कसैले बाँस काट्दै गरेको देखियो भने, बाटामा बाँस तेर्सिएको देखियो भने, कतै जाँदा बाटामा काँधमा कोदालो बोकेर फर्किरहेको मानिस देखियो भने अपसकुन ठान्दछन् । यसै गरी नवविवाहिता दुलहीले पहिलो श्रावण महिनामा पतिगृहमा सासुसँग र पहिलो भाद्र महिनामा पतिगृहमा बस्नु हुँदैन भन्ने धारणा छ । यिनीहरू रुखमा बस्ने, वनमा बस्ने, पानीमा बस्ने नानाथरीका देवीदेवताको भाकल र पूजा गर्दछन् ।

१४. सतारहरूमा अन्धविश्वास

सतारहरू वर्षभरि अनेक देवीदेवताको पूजा गर्ने गर्दछन् । उनीहरू खास गरी खेतीका देवता, रोगव्याधि निको पार्ने देवता, पितृदेवताको पूजा गर्दछन् । त्यसै गरी जंगलमा कन्दमूल खोज्न जाने वेला, सिकार खेल्न जाने बेला देवताको पूजा नगरी जंगल पस्दै पस्दैनन् । पूजा गरेर आशीर्वाद लिएरमात्र जंगल प्रवेश गर्दछन् ।

१५. धिमालहरूमा अन्धविश्वास

धिमाल जातिले अनेक प्रकारका देवीदेवता पुज्दछन् । मूल घरमा पूजिने देवतालाई 'शाली' भन्दछन् । आँखा दुख्ने रोग नलागोस् भनी अन्धकाली पुज्दछन् । जीउ पेट दुख्ने रोग लागेमा सोभी काली पुज्छन् । केहीले तर्सायो भने मसान पुज्छन् । पखाला लाग्यो भने 'चाम्सारी' पुज्छन् । चाम्सारी मुखमा लागे मुख वाङ्गो हुने, आँखामा लागे आँखो फुलो पर्ने गर्छ भन्ने विश्वास गर्दछन् । सन्तानको आशाले पनि चाम्सारी पुज्ने गर्दछन् । के लागेको हो भनेर छुट्याउने काम चाहिँ 'ओझा' को हो । ओझा धिमाल जातिको पुरेत हो । धिमालहरूमा जग्गा किन्दा या वेच्दासमेत देवीदेवता लाग्ने विश्वास गर्छन् ।

धिमालहरूले पुज्ने देवतामा ग्राम देवता पनि मुख्य छन् । ग्राम देवतालाई इष्टदेवताका रूपमा मान्दछन् । ग्राम देवताले गाउँलेलाई महामारी, हैजा, विफर, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि, बाढी, अनिकालबाट बचाउँछन् भन्ने विश्वास यिनीहरूमा छ । यसबाहेक यी देवताले दीर्घ रोगबाट मुक्ति दिन्छन् खेतमा सहकाल ल्याई दिन्छन्, नि:सन्तान जोडीबाट सन्तान हुन्छ भन्ने विश्वाससमेत गरिन्छ ।

धिमालहरूमा ग्राम देवता पनि तागाधारी र मतवाली २ थरीका हुन्छन् भन्ने धारणा छ । त्यसैले यिनीहरूले तागाधारी ग्राम देवतालाई फूल, प्रसाद, परेवा, पाठा, हाँस चढाउँछन् र मतवाली ग्राम देवतालाई जाँड, रक्सी, सुँगुर, कुखुरा आदि चढाउँछन् र रक्सिले नुहाइदिन्छन् । धिमालहरूका देवताहरू प्रायः मतवाली नै भए पनि उनीहरूले तागाधारीलाई विशेष महत्त्व दिएर पुज्छन् ।

१६. पहरीहरूमा अन्धविश्वास

पहरी जातिले देवीदेवताका नाममा जमिन अर्थात् 'भूमि' को पूजा गर्ने गर्दछन् । गुठी पूजाका नाममा भैरवको पूजा गर्छन् । भूतप्रेत पनि त्यत्तिकै मान्छन् । घरमा कोही विरामी भएमा औषधि उपचार गराउनतर्फ भन्दा भूतप्रेत पन्छाउने, धामी, झांक्री गराउनतर्फ लाग्दछन् । यो परम्पराको परित्याग गर्न अझैसम्म पनि सकेका छैनन् । समयमा वर्षा होस् र वालीनाली सप्रियोस् भन्नाखातिर यिनीहरू कुशे औंसीको भोलिपल्ट मच्छिन्द्रनाथको मन्दिरमा गई पूजाआजा गर्ने गर्दछन् ।

१७. ब्यासीहरूमा अन्धविश्वास

यिनीहरू शनिवार घरवाट निस्केर र मंगलबार घरमा मिसिने गर्दैनन । स्वास्नी मानिसले हलो जोत्दैनन् । एकैदिन घरवाट दुईजना अलग दिशातर्फ लाग्दैनन् । एउटै भाँडाको पानीवाट मामाभान्जाले हात धुँदैनन् । विरालाले बाटो काटेमा, स्याल कराएमा, फुटेको भाँडो र विधवा नारी वाटामा देखिएमा साइत पर्दैन भन्छन् । आफ्नो जन्मवारका दिनमा कतै जानु हुँदैन भन्दछन् । यसरी यो जनजाति समाज अन्धविश्वासै अन्धविश्वासमा जकडिएको छ र त्यसवाट मुक्त हुन सकेको छैन ।

१८. वज्रयान बुद्धमार्गीहरूमा अन्धविश्वास

वौद्ध धर्मका २ शाखा छन् । (१) हीनयान र (२) वज्रयान । त्यही २ शाखामध्येको दोस्रो शाखाका वज्रयानीहरूले तान्त्रिक विधिमा धेरै विश्वास गर्छन् । डा. विनयतोष भट्टाचार्यले सम्पादन गरेको 'गुह्यसमाजतन्त्र' अर्थात् 'बुद्धको गुह्य' नाम पुस्तक वज्रयानी समाजको सवैभन्दा पुरानो ग्रन्थ मानिन्छ । वज्रयानीहरूले सवै तान्त्रिक विधि यही 'गुह्य समाजतन्त्र' अनुसार गर्ने गर्दछन् । यसमा भनिएको छ- 'वोधिज्ञान प्राप्त गर्नका लागि विष्टा, मुत्र, रक्त, बारज र शुक्र (वीर्य) सवै वस्तु विधिपूर्वक नित्य खानु तर त्यसको निन्दा नगर्नू ।

यसरी भक्षाभक्षको ख्याल नगर्नु वज्रयान सम्प्रदायको विशेषता हो । त्यसैले वज्रयानी माथिल्लो तहको योगीले भक्षाभक्ष, पेयापेय र गम्यागम्यको मतलव राख्नु हुँदैन, त्योभन्दा माथि उठ्नु पर्छ भनिएको छ ।

"विण्मूत्रशुक्ररक्तानां जुगुप्सा नैवकारयेत् ।
भक्षयेत् विधिना नित्यं इदं गुह्यं त्रिवज्रजम् ।" गृह्यतमाजतन्त्र पृ. १३६

के जनजातिहरू हिन्दू होइनन् ?

प्रजातन्त्रको पुनर्स्थापना सँगसँगै यस मुलुकमा एउटा गम्भीर षड्यन्त्रको पनि सुरुवात भएको छ । त्यो हो मुलुकको शान्ति सुरक्षा खलवल्याउने, नेपालीको धार्मिक सहिष्णुतामाथि खलल पुऱ्याउने, जातीय एकता खलवल्याउने, राष्ट्रिय तथ्यांकबाट हिन्दू धर्मावलम्बीको प्रतिशतलाई तल झार्ने, नेपाली भाषाको मूल स्रोतका रूपमा रहेको संस्कृतभाषाको विरोध गर्ने, नेपाली भाषालाई राष्ट्रभाषाका रूपमा मान्नु हुँदैन भनेर जनजातिहरूलाई उकास्ने, नेपाली पोसाकलाई राष्ट्रिय पोसाकको दर्जा नस्विकारी वाहुनहरूको पोसाकको हो भन्न लगाउने, दसैंजस्तो राष्ट्रिय चाडलाई (जो सम्पूर्ण हिन्दू धर्मावलम्वीहरूको चाड हो) लाई वाहुनहरूको चाड हो भन्न लगाएर विभेद सृजना गर्ने, रातो टीकालाई पुराणसँग जोडेर असुरको रगतले मुछिएको प्रसंग जोड्दै जनजातिहरूद्वारा दसैं वहिष्कार र

रातो टीका बहिष्कार गर्न लगाउने, संविधानबाट हिन्दू अधिराज्य भन्ने शब्द हटाउनु पर्छ भनेर विरोधका स्वरहरू निकाल्ने कार्य भइरहेका छन् र त्यसको अगुवाई पनि जनजातिकै प्रबुद्ध वर्गबाट भइरहेको छ । उनीहरूले २०५८ सालको राष्ट्रिय जनगणनामा जनजातिहरूलाई आ-आफ्ना धर्म लेखाउँदा आजसम्म लेख्दै आएको हिन्दूको स्थानमा बुद्ध र किराँत लेखाउन बाध्य पारे । हिन्दूको स्थानमा बुद्ध र किराँत लेखाउनुको मूल उद्देश्य नै हिन्दू धर्मावलम्बीको संख्या राष्ट्रिय जनगणनाबाट तल झारी संविधानमा उल्लेख भएको हिन्दू अधिराज्यको वाक्यांशलाई चुनौती दिनु हो यस कार्यमा उनीहरूलाई धेरथोर सफलता पनि मिलेको छ तर हामीहरूले जान्नु पर्ने कुरा के छ भने के जनजातिहरू हिन्दू हुन् कि होइनन् ।

रामायण, महाभारत तथा वेदमा किराँत शब्दको प्रयोग भएको छ । उनीहरूको संस्कृतिको व्याख्या छ । महाभारत आजका हिन्दूवादीहरूले लेखेको ग्रन्थ होइन यो त आजभन्दा ५ हजार वर्ष पुरानो ग्रन्थ हो । त्यसमा किराँतलाई क्षत्रिय भनिएको छ । सुनयन, भगदत्त, सुधामु, लिलाम्बु जस्ता वीर किराँती राजाहरूको पालामा लेखिएको इतिहासमा समेत किराँत क्षत्रिय जात भनेर लेखिएको छ । यसबाट किराँतहरू क्षत्रिय थिए भन्ने स्पष्ट हुन्छ । यस्तो इतिहास हुँदाहुँदै पनि इतिहास नमान्ने, पुराणलाई नस्विकार्ने, श्रुतिस्मृतिहरूलाई नगन्ने स्वार्थी मानिसहरूको जमातले अहिले आफूलाई किराँत धर्म भन्न थालेका छन् र जनगणनामा समेत त्यही लेखाए । यो अत्यन्तै दुःखदायी कुरा हो । नेपाली, भारतीय तथा ब्रिटिस सेनामा जति पनि राई, लिम्बू, मगर, गुरुङ, तामाङ, सेर्पाहरूले जागिर खाइरहेका छन ती सबैले त्यहाँ हिन्दू लेखाएका छन् । कसैकसैले बौद्ध पनि लेखाएका छन् । हिन्दू र बौद्ध यी दुवै एउटै ॐकार परिवार भित्रकै हुन् । अहिलेसम्म प्राप्त कुनै पनि धर्मग्रन्थहरूमा किराँत धर्मको उल्लेख भएको पाइएको छैन । यदि भए किराँत नेताहरूले खोजेर देखाए हुन्छ । बरु बोन धर्म लेखाएको भए हुन्थ्यो । अहिले आएर कतै पनि हुँदै नभएको नयाँ धर्मको वकालत भइरहेको छ जसले हाम्रो देशको शान्ति र अमनचैनमा खलल पार्दै छ । जसका पछाडि पश्चिमाहरूका हरिया डलरको चमत्कार छ । तिनै हरिया डलरका मोहमा हाम्रा प्रबुद्ध वर्गसमेत फँसेर देशलाई विखण्डनतर्फ लग्ने प्रयास गरिरहेका छन् । विदेशीहरूको भिक्षा लिएर आफ्नो धरातल नै छाडी जनजातिको राजनीतिमा लागेका नेताहरूले के बुझ्नु जरुरी छ भने त्यो सानो भिक्षाले देशलाई ठूलो नोक्सान पुऱ्याउँछ र देशलाई अघि बढ्न दिँदैन ।

जनजातिका नाममा बाहुनलाई गाली गर्ने प्रवृत्ति

वर्तमान सन्दर्भमा लेखकहरूका लागि सबैभन्दा असहज विषय भएको छ जनजातीय विषय । जनजातिका विषयमा जति विद्वान्ले कलम चलाए ती सबै उनीहरूका तर्फबाट आलोचित भएका छन् । कुनै आग्रहबाट लेखेर पनि होइन । जनजातिबारे नयाँ परिभाषा दिएर होच्याएर पनि हैन, साभार गरेर लेख्दासमेत विद्वान् लेखकहरू उनीहरूबाट आलोचित भएका छन् । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा गरिएको जनजातिको परिभाषाले जनजातिलाई होच्याएको आरोप लगाउँदै उक्त शब्दकोशलाई नै लुतो फालेझैं फाल्ने उर्दीसमेत जनजातिका विद्वान्हरूले जारी गरेका छन् । शब्दकोशको सम्पादक मण्डलका सदस्यहरूसमेत आलोचित भएका छन् ।

अर्को कुरा जनजातिहरूले अहिले संविधानको धारा २६ (१०) मा व्यवस्था भएको जनजातिको परिभाषालाई समेत अस्वीकार्य भएको बताएका छन् भने अरुले लेखिदिएको परिभाषालाई स्वीकार गर्ने त कुरै भएन । तर उनीहरू आफैले परिभाषा लेख्दा पनि गाईजात्रा गरेका छन् उनीहरूले जनजातिको परिभाषा लेख्दा पहिलो पटक "गौमांस खानमा प्रतिबन्ध भएका जनजाति हुन्" भनेर लेखेका थिए । दोस्रोपटक लेख्दा पहिलो पटकको परिभाषालाई

सच्याउँदै "तिब्बतवर्मेली स्रोतका भाषा वोल्नेहरू जनजाति हुन्" भन्ने लेखे । तेस्रो पटक "छुवाछुत नमान्नेहरू जनजाति हुन्" भनेर फेरि लेखे । अब कुन परिभाषालाई ठिक मान्ने । जनजातिहरूभित्र गोमांस प्रतिबन्ध पनि छैन । जनजातिभित्र तिब्बतवर्मेली भाषा वोल्नेहरूमात्र पनि छैनन् र उनीहरूमा छुवाछुत प्रथा पनि छँदै छ । यसरी जनजातिहरू आफ्नै परिभाषा लेख्दा आफैं अलमलिएका छन् ।

अर्को पटक जनजातिहरू अलमलिएका छन् संख्याका विषयमा । श्री ५ को सरकारले तयार पारेको जनजातिको सूचीमा ६१ थरिका जनजातिहरूको नाम थियो त्यसमा नेवार जाति पनि पर्दथ्यो तर त्यसको लगत्तै नेवारहरूले हामीहरू जनजाति हैनौं भन्दै विरोध गरे । विरोध गर्नेमा नेपाल उद्योग वाणिज्य संघका तत्कालीन अध्यक्ष प्रदीपमान श्रेष्ठ पनि थिए । उनले भनेका थिए- "नेवारहरू मुलुकको सृष्टिकालदेखि आजसम्म कहिल्यै जनजाति भएन, होइनन् र हुने छैनन् ।" नेवारहरूको विरोध पछि सरकारले जनजातिको सूचीबाट नेवारलाई हटायो । नेवारलाई जनजातिको सूचीबाट हटाएपछि एकथरी नेवारहरू खुसी भए भने अर्कोथरी नेवारहरूले पुनः विरोध सुरु गरे र जनजातिको सूचीमा नेवारलाई समावेस गरियोस भन्न थाले । त्यति मात्र होइन नेवारहरूकै जातीय संस्था 'नेपालभाषा मंका खलः' ले त आफूलाई जनजाति महासंघमै आवद्धसमेत गरायो तर पनि यतिवेला नेवारहरू जनजातिको सूचीमा पर्दैनन् । यसरी जनजातिको सूचीमा राख्दा पनि विरोध र हटाउँदा पनि विरोध हुने अवस्था छ ।

अर्को कुरा जनजातिहरूको मान्यता छ त्यस विषयमा कलम चलाउने अधिकार समाजशास्त्री र मानवशास्त्रीलाई मात्र छ । इतिहासका विद्वान्हरूलाई उनीहरूले- "हिज स्टोरी" का ज्ञाता भन्दै उनीहरूलाई जनजातिका विषयमा कलम चलाउने अधिकारै छैन भन्दछन् । त्यतिमात्र होइन उनीहरू केसम्म भन्दछन भने- "जनजातिहरूले आफूहरूलाई जनजाति भनेर पहिचान गर्ने वा अन्य शब्दका आधारमा पहिचान गर्ने भन्ने आधार जनजातिको मात्र हो ।"[६२] यस्तो स्वविवेकीय अधिकार राख्न चाहन्छन उनीहरू ।

जनजातिका नेताहरूले प्रजातन्त्रको पुनर्स्थापनापश्चात् एउटा अत्यन्तै गलत प्रचार के गरिरहेका छन् भने- "सरकारी सेवामा ९२ प्रतिशत वाहुन र क्षेत्रीहरू मात्र छन् ।[६३] उनीहरूका यस्तो प्रचार सुन्दा लोकसेवा आयोगको सर्वोच्च पद अध्यक्षमा त्यतिवेला विराजमान भएका जनजातीय विद्वान् सन्तवहादुर राईलाई समेत लाज लाग्यो होला । यसरी उनीहरूले अनाहकमा आजसम्म सबैभन्दा कम विवादमा परेको र निष्पक्ष कहलिएको लोकसेवा आयोगमाथि पनि प्रश्न चिन्ह लगाइदिएका छन् ।

जनजातिहरूबाट उठेको सबैभन्दा खतरनाक कदम हो विखण्डनको । उनीहरू कतै लिम्बुवान मुक्तिमोर्चा, कतै खम्बुवान मुक्तिमोर्चा, कतै मदेसी टाइगर, कतै थारु मुक्तिमोर्चा गठन गरेर नेपाललाई पृथ्वीनारायण शाह पूर्वको स्थितिमा पुऱ्याई आफूहरू भुरेटाकुरे राजा समान बन्न खोज्दै छन् । डा. चैतन्य सुब्बाजस्ता जनजातिकाका विद्वान् नेताले त देशलाई ६१ भागमा बाँडेर ६१ वटा जनजातिलाई राज्य गर्न दिई एउटा केन्द्रीय शासनअन्तर्गत राखिनुपर्ने महासंघीय अवधारणासमेत सार्वजनिक गरिसकेका छन् ।[६४]

अर्का जनजातीय लेखक युद्धनारायण थारुले नेपाललाई लिम्बूहरूका लागि लिम्बुवान स्वशासित क्षेत्र, खुम्वुहरूका लागि खुम्बुवान स्वशासित क्षेत्र, थारुहका लागि थारुवान स्वशासित क्षेत्र, मेचेहरूका लागि मेचे स्वशासित क्षेत्र, राजवंशीहरूका लागि राजवंशी

---

६२ कृष्णवहादुर भट्टचन : हिमालय टाइम्स, दैनिक २०५७/५/३० ।

६३ उही ।

६४ चैतन्य सुब्बा : राष्ट्रिय जनमञ्च, मासिक, वर्ष १, अङ्क ७ ।

स्वशासित क्षेत्र, तामाङहरूका लागि तामाङ सालिङ स्वशासित क्षेत्र, तमु (गुरुङ) हरूका लागि तमुवान स्वशासित क्षेत, छन्त्यालहरूका लागि छन्त्याल स्वशासित क्षेत्र, सेर्पाहरूका लागि सेर्पा स्वशासित क्षेत्र, सुनुवारहरूका लागि सुनुवार स्वशासित क्षेत्र, थामीहरूका लागि थामी स्वशासित क्षेत्र, दुराहरूका लागि दुरा स्वशासित क्षेत्र, थकालीहरूका लागि थकाली स्वशासित क्षेत्र, दनुवारहरूका लागि दनुवार स्वशासित क्षेत्र, खसहरूका लागि खसान स्वशासित क्षेत्र आदिमा विभाजन गरिनुपर्दछ । यत्तिले पनि नपुगे भाषिक स्वशासनले व्यवस्था गरेर 'मैथली स्वशासित क्षेत्र, अवधी स्वशासित क्षेत्र, भोजपुरी स्वशासित क्षेत्रमा विभाजन गरिनुपर्ने र पश्चिम क्षेत्रका लागि भने उनले कर्णाली स्वशासित क्षेत्र र सेती महाकाली स्वशासित क्षेत्र वताउनुपर्ने तर्क दिएका छन् ।'[६५]

यस्तो मास्टर माइन्डका काम पश्चिमाहरूले गर्दै आएको भए तापनि त्यसको गोटी भने हाम्रा जनजातीय विद्वान्हरू भएका छन् । यसका लागि उनीहरूलाई अन्तर्राष्ट्रिय गोष्ठी भन्दै विदेश घुम्ने निम्तो आउँछ । काठमाडौंका तारे होटेलहरूमा ठूला-ठूला भाषण हुन्छन् । कार्यपत्रहरू प्रस्तुत हुन्छन् । धर्म, भाषा, संस्कृति जातीय एकता र धार्मिक सहिष्णुताका विरुद्ध ठूला-ठूला स्वरमा विरोध गर्न लगाइन्छ र यसरी पश्चिमाहरूको स्वार्थमा पुच्छर हल्याएवापत उनीहरू खाममा हरिया डलर समात्छन् ।

त्यसै गरी जनजातिका नेता तथा विद्वान्हरूका जति पनि लेखहरू छापिन्छन् सवैमा वाहुनकै खेदो खनिएको हुन्छ । राज्यका तिनै अंगमा वाहुनकै वाहुल्य भयो भनेर डाह मात्र गरिएको पाइन्छ । सांच्चै भन्ने हो राज्यका तीन अंगमा मात्र होइन चौथो अंगमा समेत वाहुनकै वाहल्य छ । वाहुन विचराहरू स्वदेशमा त जनजातिहरूका आँखाका मोतियाविन्दु भएभए विदेशमा गएर ग्रिन कार्ड लिएर वस्दा समेत जनजातिका आँखाका मोतियाविन्दु वन्न पुगेका छन् । हेर्नुस् डोरवहादुर विस्टको लेख ।[६६] यसो हुनुमा वाहुन दोषी छैनन् । यसो हुनु काकताली मात्र पनि होइन र यसो हुनु वाहुन साम्प्रदायिक भएर पनि होइन वरु कर्मको फल हो । अध्ययनशीलताको प्रतिफल हो ।

हिन्दीमा एउटा उखान छ- "रोपा पेंड ववुर का आँप कैसे खा" अर्थात् रुख रोप्ने वेलामा ववुरको रोपेर त्यसमा आँपको फल लाग्दैन । आँपको फल खान आँप नै रोप्नु पर्दछ ।

वाहुनहरू स्वभावैले अध्ययनशील हुने हुँदा उनीहरू यसतर्फ वढी छन् । पाँचथर जिल्लाको फिदिम वजार मास्तिर चोकमाग गाउँमा एउटा सरकारी विद्यालय छ जसको नाम सरस्वती मा.वि. हो । उक्त विद्यालयमा कक्षा ५ सम्म लिम्वू भाषालाई पाठ्यक्रममा अनिवार्य गरिएको छ । त्यहाँको विद्यार्थी संख्याको दस प्रतिशतमात्र वाहुन क्षेत्रीका छोराछोरीले पढ्छन् वाँकी सवै लिम्वू जातिकै केटाकेटी हुन्छन् । त्यस विद्यालयको एउटा आश्चर्य लाग्दो कुरा के छ भने लिम्वू विषयमा लिम्वू जातकै विद्यार्थीहरू फेल हुन्छन् तर वाहुन क्षेत्रीका केटाकेटी सतप्रतिशत पास हुन्छन् । जनजातिहरू संस्कृत पढ्न अपठ्यारो मान्दै संस्कृतका पाठ्यपुस्तक र प्रश्नपत्र जलाउँछन् । तर वाहुनहरूले लिम्वू भाषालाई पनि सरल तुल्याउँछन र लिम्वू भाषा पढ्न र सिक्न पाएकोलाई सौभाग्य ठान्छन् । यो हो अध्ययनशीलताको एउटा ज्वलन्त नमुना ।

सेर्पाहरूको घरदैलोमै हिमाल पर्ने हुँदा ट्रेकिङ र पर्वतरोहण क्षेत्रमा उनीहरूको एकाधिकार छ । जलयात्रा (र्‍याफटीङ) जंगलयात्रा, होटेल र रिसोर्टमा जनजातिकै वर्चस्व छ । जनजातिहरू सुरा मेहनती हुँदा सैन्य सेवातर्फ उनीहरूको लगभग एकाधिकार छ, ट्रेकिङ

---

६५ युद्धनारायण थारु : जनजाति मञ्च, वर्ष १, अङ्क ३ ।
६६ हिमाल : वर्ष ५, अङ्क २ ।

एजेन्ट्स एक्रोसियसन अफ (टान) होटेल एसोसिएसन अफ नेपाल (हान) नेपाल एशोसियसन अफ ट्राभल एजेन्ट्स (टान) र्‍याफ्टीङ एजेन्सी आदिका तथ्यांक हेर्‍यौं भने यसलाई बुझ्न अझ सरल हुनेछ ।

जाति	ट्रेकिङ संख्या	प्रतिशत	र्‍याफ्टिङ संख्या	प्रतिशत	होटेल संख्या	प्रतिशत	ट्राभल संख्या	प्रतिशत
बाहुन	५०	१८.८६	१५	२४.१९	३८	१९	४५	३२.९५
क्षेत्री	३४	१२.८२	७	११.२९	२३	११.५ ६	३५	१७.८५
नेवार	२८	१०.५६	९	१४.५१	८५	४२.५	६७	३४.१८
जनजाति	१४५	४३.९४	३१	४९.९८	४२	२१५	३८	१९.२८

स्रोत : एभरेस्ट दैनिक, वर्ष १, अङ्क ३३१ ।

सेर्पा, तामाङ, मगर, गुरुङ, राई लिम्बूहरू जन्मैदेखि नै सैन्य सेवामा भर्ती भई प्रसस्त धन कमाई सुखपूर्वक बाँच्ने सपना मात्र देख्दछन् भने आफ्ना मान्यजनहरूबाट पनि त्यस्तै आशीर्वाद दिइन्छ भने बाहुनका छोराछोरीहरूले सबैभन्दा पहिले पढाइ सिध्याउने अनिमात्र जागिरमा प्रवेश गर्ने लक्ष्य बोकेका हुन्छन् र उनीहरूलाई मान्यजनबाट आशीर्वाद दिंदा पनि त्यस्तै दिइन्छ अर्थात् विद्वान् भए बाबु भनेर आशीर्वाद दिन्छन् । बाहुन र जनजातिमा पाइने भिन्नता यही हो ।

धन कमाएर सम्पन्न भएको कुनै पनि जनजातिले विद्या कमाएर ठूलो भएको काले राई (डा. स्वामी प्रपन्नाचार्य) लाई उछिन्न सक्दैन । राईपुत्र भएर के भो त उनको चरण स्पर्श गर्न ब्राह्मण, क्षेत्री सबैले अप्ठ्यारो मान्दैनन्, देशमा उनीजस्ता विद्वान् सर्वत्र र सदैव जन्मिउन् भन्ने नेपालीमात्रले चाहनुपर्छ । तर शिक्षित भएर विखण्डनका भाषामात्र बोल्ने अर्का थरी विद्वान्हरूका खुट्टा ब्राह्मण र क्षेत्रीहरूले छुने कल्पनासम्म पनि कुनै दिन गर्ने छैनन् । शिक्षित हुँदैमा मात्र पुग्दैन दीक्षित हुनुपर्दछ ।

ब्राह्मणको छोराले पनि जुत्ता सिलाउने पेसा अपनाएको, भारी बोकेर जीविका चलाएको, जीविकोपार्जनको कुनै विकल्प नभेटेपछि भट्टी पसल चलाएर बसेको उदाहरण कति छन् कति तर जनजातिका नेता तथा विद्वान्हरूले ब्राह्मणवाद शब्द मात्र फलाक्दैनन् । वरु कुनै पनि ब्राह्मणआदिले फलाना जातको वर्चस्व छ भन्ने आलोचना गर्नुको साटो देशमा स्वाभिमानी नागरिकको उदयमा गर्वको अनुभव गरेका हुन्छन् । उनीहरूको पर्वतारोहण, सैन्यसेवा, र्‍याफ्टीङ, होटेल व्यवसायजस्ता पेसामा भएको एकाधिकारको कुनै पनि ब्राह्मणले विरोध गरेको सुनिएको छैन ।

ठूला मानिसहरूले त बाटो देखाउने हो, विखण्डनका कुरा गर्ने होइन । जनजातिका विद्वान्हरूले को बाहुन, को क्षेत्री, को जनजाति, को अल्पसंख्यक, को दलित भन्ने तर्फ नलागी हामी सबै नेपाली हौं मिलेर बस्नुपर्छ भन्ने मान्यता अंगालेमा आउँदो पिंढीले पनि यसैको अनुशरण गर्नेछन् । जातीय विखण्डनले मुलुकको हित गर्दैन । २०१९ सालको संविधानमा पनि हिन्दू अधिराज्य भन्ने वाक्यांश परेकै थियो र २०४७ सालको संविधानमा पनि परेकै छ । फरक यति छ पञ्चायती संविधानले बोल्ने मुखमा बुजो लगाइदिएको थियो र लेख्ने कलमका चुच्चो भाँचिदिएको थियो भने २०४७ सालको संविधानले बाल्ने लेख्ने, सभा गर्ने स्वतन्त्रता दिएको छ । त्यसको फाइदा उठाएर पृथ्वीनारायण शाहका पालादेखि चलखेल गर्न नपाएका फिरङ्गीहरू प्रजातन्त्रमा चलखेल गर्न कम्मर कसेर लागेका छन् । एन.जि.ओ., आइ.एन.सि.ओ.का नाममा डलरको वर्षा गरेका छन् र त्यस्ता खेलमा हाम्रा जनजातीय विद्वान्हरू थाहै नपाई लट्पटिएका छन् । संयम ब्राह्मणले मात्र अपनाउनु पर्ने, जनजातिहरूले चाहिँ जे बोले पनि हुने, जे लेखे पनि हुने, जे गरे पनि हुने मान्यता स्थापित

गर्न खोजिदै छ । यसले मुलुकको हित गर्दैन । हामी नेपाली हौं र सवै नेपाली भएर बसौं ! वाहुन क्षेत्री, जातजाति, जनजाति, दलित र अल्पसंख्यकमा विभाजित भएर होइन । एक भएर बसौं । त्यसैमा सबैको कल्याण छ ।

वेदमा जनजातिको उल्लेख छैन

संस्कृतमा 'जन' को अर्थ मानव, मानिस हुन्छ भने जातिको अर्थ जातजाति नै हो । यस अर्थमा 'जनजाति' को अर्थ मानवजाति हुन आउँछ । श्री ५ को सरकार स्थानीय विकास मन्त्रालयले जनजाति भनेर विधेयक ल्याएको छ । जनजाति भनेर पहिले ६१ वटा जाति र पछि नेवारहरूले हामी जनजाति हैनौं भनेर विवाद जनाएपछि नेवारहरूलाई जनजातिको लिस्टबाट झिकी ६० वटा जनजातिको संख्या निर्धारण गरेको छ । त्यसमा पनि जनजाति प्रतिष्ठानले कुनैलाई सूचीबाट हटाउने, कुनै थप्ने र कुनैलाई गाभ्ने गरी हाल ५९ को सूची राखेको छ । वास्तवमा यो जनजातिको (अवधारणा) कसरी आयो वुझ्नै गाह्रो छ । संस्कृत भाषा नै सवैभन्दा प्राचीन भाषा हो र संस्कृतका कुनै पनि ग्रन्थहरूमा जनजाति भनेर उल्लेख भएको पाइँदैन । संस्कृतका सवैभन्दा प्राचीन ग्रन्थ नै वेद हुन् । वेदमा पनि जनजातिको उल्लेख छैन । अहिले जाति र जनजाति भनेर वर्गीकरण गरिँदा नेपाली नेपालीका विचमा वैमनस्यता उत्पन्न हुन गएको छ । मानवजातिलाई जाति र जनजाति भनेर विभेद गरिनु नै ठूलो भुल थियो । मानव जातिका नाममा सवै मिलेर वसेमा 'वसुधैव कुटुम्वकम्' को नारा सफल हुने थियो ।

अहिले जनजातिका नाममा आन्दोलन चलाउनेहरू भनेका राजनीतिमा कतै स्थान नपाएका व्यक्तिद्वारा भोटको राजनीति गर्नेहरू हुन् । उनीहरूले यसै आन्दोलनद्वारा राजनीति गरिरहेका छन् । जाति र जनजातिका नाममा विभाजित नभएर मानव जातिका रूपमा वाँच्न चाहनेहरूले यो चट्टापट्टाहरूद्वारा सञ्चालित आन्दोलनलाई समयमै वुझ्न सक्नु पर्दछ । त्यसलाई समयमै वुझ्न सकेनौं भने हामी नेपालीहरू कुनै दिन पेरु, श्रीलंका, इजरायल, प्यालेस्टिन र अफगानिस्तानका नागरिकसरह हुन पुग्नेछौं ।

नेपाल जनजाति महासंघसँग आबद्ध सदस्य संगठनहरू

काठमाडौं उपत्यकामा कार्यालय स्थापना गरेका सदस्य संगठनहरू

१. किराँत याख्या छुम्मा - काठमाडौं
२. किराँत राई यायोख्या - "
३. नेपाल ह्योल्मो समाजसेवा संघ - "
४. किराँत याक्थुम चुम्लुङ - ललिपुर
५. तमु वौद्ध सेवा समिति - काठमाडौं
६. थारु कल्याणकारीणी सभा - "
७. दुरा सेजा समाज - "
८. नेपाल छन्त्याल संघ - "
९. नेपालभाषा मंका खलः - "
१०. नेपाल तामाङ घेदुङ - "
११. नेपाल मगर संघ - "
१२. ह्याम्वु स्यार्वा चिछोग - "
१३. सुनुवार सेवा समाज - "
१४. सिङ्सा कल्याण केन्द्र - "
१५. नेपाल चेपाङ (प्रजा) संघ - "

१६. नेपाल थामी समाज - "
१७. नेपाल कुमाल समाज सुधार समिति - "
१८. वालुङ उत्थान समाज - "

काठमाण्डौबाहिर कार्यालय स्थापना गरिएका सदस्य संगठनहरू

१. थकाली सेवा समिति - भैरहवा
२. दनुवार जागरण समिति - जनकपुर धाम
३. धिमाल जातीय विकास केन्द्र - झापा दमक
४. नेपाल माझी संघ - (झापा)
५. नेपाल झांगड (उराव) कोडेम सुधारा - (इनरुवा)
६. मेचे समाज सिवियारी अफात - झापा
७. राजवंशी भाषा प्रचलन समिति - रंगेली विराटनगर
८. नेपाल गनगाई (गणेश) कल्याण परिषद् - झापा
९. किसान समुदाय विकास क्लब - मेची
१०. नेपाल सन्थाल आदिवासी उत्थान संघ - मोरङ
११. नेपाल बोटे समाज - चितवन
१२. रोङ सेजुङ ठी लेप्चा संघ - इलाम
१३. ताजपुरिया समाज कल्याण परिषद् - झापा
१४. किराँत धर्म तथा साहित्य उत्थान संघ - झापा
१५. नेपाल दराई जाति उत्थान संगठन - चितवन
१६. राजी (साल्म) विकास संघ - कैलाली
१७. भुडियार (झुन्डा) उत्थान केन्द्रीय समिति - मोरङ
१८. जिरेल समुदाय उत्थान संघ - दोलखा
१९. वायु गुखाता कोलु पंदाक्मि (हायु) - रामेछाप
२०. केन्द्रीय पहरी विकास संघ - रामेछाप
२१. गोरखा बराम समाजसंघ - गोरखा
२२. ब्याँसी सौका समाज - दार्चुला

स्रोत : जनजाति महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं ।

जनजातिहरूका प्रमुख बासस्थल

१. किसान - झापा
२. कुमाल - नवलपरासी, गोरखा, तनहुँ, गुल्मी, पाल्पा, अर्घाखाँची
३. कुसवाडिया - बाँके, बर्दिया
४. कुसुन्डा - गोर्खा
५. गनगाई - झापा, मोरङ
६. गुरुङ - मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, डोल्पा, कास्की, रसुवा, तनहुँ, स्याङ्जा
७. चिम्तन - मुस्ताङ
८. चेपाङ - धादिङ, मकवानपुर
९. छन्त्याल - मुस्ताङ, म्याग्दी, पर्वत, गुल्मी, वाग्लुङ
१०. छैरोतन - मुस्ताङ
११. जिरेल - दोलखा
१२. झांगड - सर्लाही, मोरङ

१३. ठिनतन - मुस्ताङ
१४. डोल्पो - डोल्पा
१५. ताङबे - मनाङ
१६. ताजपुरिया - झापा, मोरङ
१७. तामाङ - रसुवा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, मकवानपुर, सिन्धुली, दोलखा, रामेछाप, संखुवासभा, ललितपुर
१८. तोप्केगोला - ताप्लेजुङ
१९. थकाली - मुस्ताङ, कास्की, काठमाण्डौ, बाग्लुङ, म्याग्दी
२०. थामी - रामेछाप, सिन्धुपाल्चोक, दोलखा
२१. थारु - दाङ, कैलाली, बर्दिया नवलपरासी, बारा, सुनसरी, चितवन, कंचनपुर, बाँके, पर्सा, कपिलवस्तु, रूपन्देही, सप्तरी
२२. थुदाम - ताप्लेजुङ
२३. दनुवार - सिन्धुली, सर्लाही, सिराहा, उदयपुर
२४. दरै - चितवन, तनहुँ
२५. दुरा - लमजुङ, तनहुँ
२६. धानुक - सप्तरी, सिराहा, धनुषा, महोत्तरी
२७. धिमाल - झापा, मोरङ
२८. नेवार - काठमाण्डौ, ललितपुर, भक्तपुर
२९. पहरी - तनहुँ
३०. फ्री - ललितपुर, काभ्रे, मकवानपुर, सिन्धुपाल्चोक
३१. वनकरिया - मकवानपुर
३२. वराम - गोर्खा
३३. वाह्रगाउँले - मुस्ताङ
३४. बोटे - स्याङजा, गुल्मी, पाल्पा, गोरखा, तनहुँ, सर्लाही, नवलपरासी, लमजुङ, चितवन
३५. ब्याँसी - दार्चुला
३६. भुजेल/घर्ती - तनहुँ वाग्लुङ
३७. भोटे - मुस्ताङ, डोल्पा, मनाङ, हुम्ला
३८. मगर - रोल्पा, प्युठान, म्याग्दी, पाल्पा, तनहुँ, सल्यान, रुकुम, स्याङजा, सुर्खेत, नवलपरासी, डोल्पा, गुल्मी, अर्घाखाँची, पर्वत, रामेछाप, दाङ, सिन्धुली, उदयपुर
३९. मनाङे - मनाङ
४०. माझी - सिन्धुली, झापा, मोरङ
४१. मार्फाली - मुस्ताङ
४२. मुगाली - मुगु
४३. मेचे - झापा
४४. राई - सोलु, तेह्रथुम, पाँचथर, धनकुटा, इलाम
४५. राउटे - अछाम, डोटी, रोल्पा, सुर्खेत, प्युठान, जाजरकोट, दाङ
४६. राजवंशी - झापा
४७. राजी - सुर्खेत, वर्दिया
४८. लाप्चा - इलाम, धनकुटा
४९. लार्के - गोर्खा

५०. लिम्बू - ताप्लेजुङ, तेह्रथुम, पाँचथर, धनकुटा, इलाम
५१. ल्होपा - मुस्ताङ
५२. ल्होमी - संखुवासभा
५३. सतार (सन्थाल) - झापा, मोरङ
५४. सियार - धादिङ, गोर्खा
५५. सुनुवार - इलाम, ओखलढुंगा
५६. सुरेल - दोलखा
५७. सेर्पा - मनाङ, सोलु, हुम्ला, सिन्धुपाल्चोक, ताप्लेजुङ, काठमाण्डौ
५८. स्याङतन - मुस्ताङ
५९. वोलुङ - ताप्लेजुङ
६०. हायु - रामेछाप, सिन्धुली
६१. ह्योल्मो - सिन्धुपाल्चोक

स्रोत : नेपाल छन्त्याल संघको स्मारिका - २०५५

जनजाति र साझा स्वास्नी प्रथा

संखुवासभा जिल्लाको सवैभन्दा उत्तरी गाउँ किमाथाङ्का गाउँ विकास समिति नेपाल अधिराज्यकै सवैभन्दा कम जनसंख्या भएको गाउँ विकास समिति हो । २०३८ सालको जनगणनामा त्यहाँ जम्मा ४२ वटा घर थिए । त्यस गाविस सिङ्सा भोटे परिवारमा बहुपति (साझा स्वास्नी राख्ने) प्रथा छ । त्यहाँ हाल ४१ वटा घर छन् ।

परिवारको जेठो छोराले स्वास्नी ल्यायो भने त्यो स्वास्नी उसको परिवारमा जति जना दाजुभाइ हुन्छन् सबैकी साझा हुन्छे । परिवारका अन्य दाजुभाइले आफू आधुनिक वन्न खोजेर भाउजुलाई स्वास्नी स्वीकार गर्न अनकनाए पनि त्यहाँको परिवार र समाजले त्यसलाई त्यो प्रथाबाट उन्मुक्ति दिँदैन । केही पढेलेखेका युवाहरूले यो प्रथा हटाउने प्रयास नगरेका पनि होइनन् तर उनीहरू स्वयं नै गाउँलेहरूबाट लखेटिएका छन् । यो संस्कृतिलाई किमाथान्कावासीले जोगाई राख्न चाहन्छन् र यसै संस्कृतिबाट समाजमा चिनिन चाहन्छन् । संयुक्तपति प्रथालाई सांस्कृतिक निधि ठान्ने किमाथान्का बासीहरू यस प्रथालाई आर्थिक विपन्नताको उपज पनि ठान्दछन् । त्यसै त गरिव त्यसमा पनि अलगअलग स्वास्नी लिएर छुट्टेको खण्डमा कसरी अन्न उब्जाउने, कसरी नुन ओसार्ने, कसरी पशुपालन गर्ने भन्ने जस्ता समस्या आइपर्ने हुँदा यो प्रथालाई उनीहरू जोगाएरै राख्न चाहन्छन् ।

बहुपति प्रथाको अर्थ यो होइन कि सवै भाइहरू एउटै घरमा वसेर साझारूपमा एउटी महिलालाई भोग गर्छन् । लोग्नेहरूको कामको बाँडफाँड स्वास्नीबाटै हुन्छ । को नुन वोक्न जाने ? को भेडा चराउन जाने ? कसलाई चौँरी खर्क पठाउने ? कसलाई घर कुर्न लगाउने इत्यादि जस्ता कामको बाँडफाँड स्वास्नीबाटै हुन्छ । जो घर कुर्न बस्छ त्यसैले त्यस अवधिभरि ती स्वास्नीलाई भोग गर्दछ । एवं रीतिले रोटेसनअनुसार काम गर्नुपर्दछ । कुन सन्तान कुन भाइको हो त्यसको निर्क्यौल पनि स्वास्नीबाटै हुन्छ लोग्नेलाई थाहा हुँदैन । यसरी जन्मेका सन्तानले जेठो चाहिँलाई मात्र बुवा र बाँकी सबैलाई काका भन्दछ । स्वास्नीले एउटालाई मात्र बढी माया र अरुलाई अलि हेला गर्दिनन् तापनि कहिलेकाहीँ त्यस्तो अनुभव अन्य भाइले गर्दा झगडा हुने र घर छाड्ने गरेका उदाहरण पनि नभेटिएका होइनन् ।

जनजाति र राष्ट्रिय एकीकरण

आजको नेपाल कसले बनायो ?

भाषा र शिल्प, संगीत र नृत्य, धर्म र विश्वास, देश र जनता कूटनीति र एकता, भूगोल, इतिहास निर्माण गर्दै जसले चरित्र सिकायो उनै खम्बारूपी पृथ्वीनारायण शाहको एकीकरणलाई आजका जनजातिहरूले "भौतिक एकीकरण" मात्र ठान्दछन् र भन्छन्- "भावनात्मक हिसाबले राष्ट्रिय एकीकरण भएकै छैन ।"

पृथ्वीनारायण शाहको दिव्य उपदेशको- "चार वर्ण छत्तीस जातको साझा फूलबारी" भन्ने वाक्यलाई पनि आजका जनजातिहरूले आफूहरू वर्णाश्रम व्यवस्थाभित्र नपरेका कारण त्यो साझा फूलवारीभित्र आफूहरू नपर्ने भन्दै उक्त दिव्य उपदेशकै खिल्ली उडाइरहेका छन् ।

भारत स्वतन्त्र भएपछि नेहरू सरकारले त्यहाँ जसरी जातजाति र भाषाभाषीका आधारमा प्रान्तीय विभाजन गर्ने कार्य गऱ्यो त्यसैको प्रतिफल कुनै पनि भारतीयलाई तिम्रो घर कहाँ हो ? भनेर सोध्यौं भने उसले हिन्दूस्तान नभनेर या त बिहारी भन्ला, या त तमिल भन्ला, या त यु.पी. भन्ला, या त गुजराती भन्ला, या त सिक्किम भन्ला तर हिन्दूस्तानी अथवा भारतीय हुँ भनेर भन्दैन तर हामीहरूलाई जसले जहाँ सोधे पनि पहिलो प्रश्नमै जवाफ दिन्छौं "नेपाली" भनेर । त्यसपछि मात्र जिल्लाको नाम वताउँछौं ।

पृथ्वी नारायण शाहले एकीकरण गर्नुपूर्व यति सानो मुलुक पनि कर्णाली प्रदेशमा वाइसी, गण्डकी प्रदेशमा चौविसी, उपत्यकाका तीन मल्लराज्य, पूर्वका तीन सेन राज्य गरी ५२ राज्यमा विभक्त थियो । ती बाइसी चौविसी राज्यहरू पनि कहिले बढ्ने र कहिले घट्ने गरिरहन्थे । नेपाल एकीकरणका बेलासम्म त वाइसी राज्यहरू तीस वटा र चौबिसी राज्यहरू २६ वटा भइसकेका थिए । ती सबैका छुट्टाछुट्टै राजधानीसमेत थिए ।

यो मुलुकको एकीकरण नभइदिएको भए आज हामीहरूले पनि कसैले जुम्ली भन्थ्यौं होला, कसैले सल्यानी भन्त्यौं होला, कसैले छिल्लिकोटे भन्थ्यौं होला या यस्तैयस्तै केही भन्थ्यौं होला तर आज हामी समस्त नेपालीले शिर ठाडो पारेर भन्छौं हामी नेपाली हौं । यस्तो भन्न सक्ने कसले बनायो ? निश्चय नै त्यो बनाउने पृथ्वीनारायण शाह नै हुन् तर जनजातिहरू भने एकीकरणका सवालमा समेत पूर्वाग्रही देखिन्छन् ।

पृथ्वीनारायण शाहले एकीकरणको सिलसिलामा कसैलाई पनि काखा र पाखा गरेनन् । यदि गरेका हुन्थे भने मकवानपुरका अन्तिम राजा दिग्वन्धन सेन जो स्वयं पृथ्वीनारायण शाहका जेठान थिए त्यहाँ उनले आक्रमण गर्ने थिएनन् तर उनले जेठान नभनी मकवानपुरलाई समेत एकीकरणको छातामुनि ल्याउने काम गरे । उनले भाइहरू खुसी पार्ने, ससुराली रिझाउने र किराँतहरूलाई नचिढाउने नीति लिएका भए एकीकरण अधुरै रहन्थ्यो र आजको नेपाल वन्ने नै थिएन ।

पृथ्वीनारायण शाहको एकीकरणलाई भौतिक एकीकरणमात्र ठान्ने जनजातिहरूले बेलावेलामा के पनि भन्ने गर्दछन् भने पृथ्वीनारायण शाहले किराँत प्रदेश (लिम्बुवान र खुम्बुवान) समेत विजय गर्दै पूर्वमा तमोर खोलासम्म पुगेर जनजातीय अधिकार खोसे । उनीहरू आफ्नो राज्यलाई बिर्ता नै ठान्दथे । यही विषयलाई लिएर नेपालका जनजातिहरू खास गरेर पूर्वका किराँतहरू एकीकरणको नामैसँग आक्रोशित छन । साँच्चै भन्ने हो भने पृथ्वीनारायण शाहले किराँत प्रदेश विजय गरेपछि पनि त्यहाँका दसथरे सुब्बालाई केही किपट, नगरा, निसान र यस्तै अन्य सुविधा प्रदान गरेका थिए । जस्तै दसैंमा आ-आफ्ना रैतीका घरमा काटिने बोका र खसीको फिलो, जिन्सी वा नगद, माँझ किराँतका जमिन्दारले रैतीबाट बेठबेगार र दसैं सिसार आदि उठाउने सुविधा पाएका थिए जो अन्य पराजित

राज्यहरूले पाएका थिएनन् । पृथ्वीनारायण शाहका जेठान दिग्बन्धन सेनले समेत त्यस्तो कुनै सुविधा पाएका थिएनन् तर पनि जनजातिहरूले अर्घेलो नै ठान्दछन् ।

चार दर्जनभन्दा बढी राज्यमा विभाजित भई कमजोर भएको र एकापसमा युद्ध, आक्रमण, लडाइँझगडा मात्र गरिरहने विखण्डित राष्ट्रलाई एकीकरण गरेर विशाल नेपाल बनाउने श्रेय पाएका पृथ्वीनारायण शाहसमेत जनजातिका आँखामा मोतियाविन्दु भएका छन् भने यो मुलुकमा कसले जस पाउने ? कसलाई असल भन्ने ? यस्तो निरर्थक विवाद नेपाल र नेपालीकै लागि दुर्भाग्य हो । कहिलेसम्म यस्तै कुरामात्र गरिरहने ?

जनजाति र वर्तमान संविधान

लामो प्रजातान्त्रिक आन्दोलनपश्चात् प्राप्त प्रजातान्त्रिक संविधान २०४७ का सम्बन्धमा पनि जनजातिहरूले दुई दर्जनभन्दा बढी बुँदाहरूमा फरक मत व्यक्त गरेका छन् । संविधान निर्माणका विषयमा जनजातिहरू र माओवादीहरूको एउटै धारणा छ । माओवादीहरू पनि संविधानसभाको माग गर्छन् भने जनजातिहरू पनि संविधानसभाको निर्माण गरी त्यसैको माध्यमबाट संविधानको निर्माण गरिनु पर्थ्यो तर त्यसो गरिएन भनेर दुखेसो पोख्छन् । संविधान सुझाव आयोगमा विश्वनाथ उपाध्याय, दमननाथ ढुंगाना, मुकुन्द रेग्मी, लक्ष्मण अर्याल, माधवकुमार नेपाल, भरतमोहन अधिकारी, निर्मल लामा, रामानन्दप्रसाद सिंह र प्रद्युम्नलाल राजभण्डारी आदिलाई राखिएकोमा पनि उनीहरूको फरक मत छ । उनीहरूको तर्क के छ भने नेपालमा आदिवासी जनजातिहरूको संख्या २/३ भाग भएकोले समानुपातिक हिसावबाट प्रतिनिधित्व हुन सकेन त्यसैले जनजातिको प्रतिकूल संविधान निर्माण भयो ।

संविधानमा उनीहरूले प्रतिकूल ठहऱ्याएका ती दुई दर्जनभन्दा बढी बुँदाहरू निम्न लिखित छन् :

(१) संविधानसभाको माध्यमवाट संविधान निर्माण गरिनु पर्थ्यो त्यसो गरिएन ।

(२) धारा २ मा व्यवस्था गरिएको "जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकांक्षा, नेपालको राष्ट्रिय स्वतन्त्रता र अखण्डताप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टि रूपमा एक राष्ट्र हो भन्ने वाक्यको स्थानमा "वहुराष्ट्रिय अधिराज्य हो" हुनु पर्दथ्यो ।

(३) धारा ४ मा व्यवस्था भएको- "नेपाल एक वहुजातीय, वहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य, सार्वभौम सत्तासम्पन्न, हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य हो भन्ने वाक्यको स्थानमा- "धर्म निरपेक्ष अधिराज्य हो भनेर लेखिनुपर्थ्यो ।

(४) धारा ६ मा व्यवस्था भएको- "देवनागरि लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछको स्थानमा नेपालका सवै भाषाहरूलाई राष्ट्र वा राष्ट्रियभाषा नामकरण गरिनु पर्थ्यो । राष्ट्रभाषा र राष्ट्रिय भाषाको विभेद राखिनु हुँदैनथ्यो ।

(५) धारा ९ मा व्यवस्था गरिएको- "नेपाली नागरिकसँग वैवाहिक सम्वन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्यागने कार्वाही चलाएपछि नेपाली नागरिकता प्राप्त गर्न सक्तछ भन्ने वाक्यको स्थानमा विदेशी महिला र पुरुष नेपाली नागरिकसँग विवाह गरेपछि नेपाली नागरिकता प्राप्त गर्न सक्तछन् भन्ने वाक्य राखिनुपर्थ्यो ।

(६) धारा ९ (१) मा व्यवस्था गरिएको- "यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै पनि व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने यस्तो व्यक्ति वंशजका नाताले नेपालको नागरिक हुनेछ" भन्ने वाक्यको साटो- "संविधान प्रारम्भ

भएपछि जन्मेको कुनै पनि व्यक्तिको बाबु वा आमा निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजका नाताले नेपालको नागरिक हुनेछ भन्ने वाक्य राखिनुपर्दथ्यो । यहाँ आमालाई पनि महत्त्व दिइएको छ ।

(७) धारा ९ (२) मा व्यवस्था गरिएको- "नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजका नाताले नेपालको नागरिक मानिनेछ" को स्थानमा निजको बाबु वा आमाको पत्तो नलागेसम्म भन्ने शब्द राखिनुपर्थ्यो । यसमा पनि आमालाई महत्त्व दिइएको छ ।

(८) धारा ९ (४) मा व्यवस्था भएको- "यो संविधान प्रारम्भ भएपछि विदेशीलाई नेपालको नागरिकता प्राप्ति अन्य कुराका अतिरिक्त नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको भन्ने वाक्यको साटो "नेपालमा उत्पत्ति भएको नेपालको केन्द्रित कुनै पनि भाषा लेख्न र बोल्न जानेको" भन्ने वाक्य राखिनुपर्दथ्यो । यो भाषासम्वन्धी माग हो ।

(९) धारा ११ (३) मा व्यवस्था भएको- "राज्य नागरिकहरूका विच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्नेछैन" भन्ने वाक्यमा- "राज्यको नागरिकहरूका विच धर्म, वर्ण, लिङ्ग, जातजाति वा वैचारिक आस्था वा भाषाका आधारमा भेदभाव गर्ने छैन" भन्ने व्यवस्था गरिनु पर्दथ्यो । यो भाषासम्वन्धी भाग हो ।

(१०) धारा १२ (१) मा व्यवस्था भएको- "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुनेछैन" भनेर लेखिनुको साटो- "कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको रोजगारको हकको अपहरण हुने छैन" भनेर राखिनुपर्थ्यो । यो रोजगारसम्वन्धी भाग हो ।

(११) धारा १२ (२) को क, ग, घको प्रतिबन्धात्मक वाक्यांशमा परेको जात, जाति वा सम्प्रदाय भन्ने शब्दहरू हटाइनु पर्दछ ।

(१२) धारा १७ को १, २ र ३ मा व्यवस्था भएको- "सम्पत्ति आर्जन, भोग, वेचविखन र कारोबार गर्ने अधिग्रहण गर्ने वा प्राप्त गर्ने व्यवस्थाको स्थानमा- "आदिवासीहरूले परापूर्वदेखि भोगचलन गरिआएको सम्पत्ति आदिवासी विचमा खरिद विक्री, दानदातव्य गर्न पाउनेछ । राज्यद्वारा त्यस्तो सम्पत्ति अतिक्रमण, अधिग्रहण, हस्तक्षेप र हस्तान्तरण गर्ने कुनै पनि कानून वनाइनेछैन भनेर लेखिनुपर्दछ । यसमा आदिवासीहरूको सम्पत्ति आदिवासीहरूका विचमा मात्र सुक्रीविक्रीको अधिकार स्थापित गर्न खोजिएको छ ।

(१३) धारा १८ (२) मा व्यवस्था गरिएको- "प्रत्येक समुदायले बालवालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ" भन्ने ठाउँमा- "उच्चशिक्षासम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ" भनेर राख्ने ।

(१४) धारा १९० मा व्यवस्था भएको- "प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुनेछ" भन्ने ठाउँमा- "सबै सनातन धर्मलाई राज्यस्तरबाट समाना मान्यता दिइनेछ" भनेर लेखिनु पर्ने ।

(१५) धारा २६ (२)मा व्यवस्था भएको- "विभिन्न धर्म जातजाति सम्प्रदाय र भाषाभाषिहरूका विच स्वस्थ एवं सुमधुर सामाजिक सम्वन्ध विकसित गरी सबै भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ" को

स्थानमा- "स्थानीय स्वायत्तताको अध्ययन गरी स्थानीय निकायले नीति बनाउने, लागु गर्ने, योनजासमेत हुनुपर्दछ भनेर राख्ने ।

(१६) धारा १०२ मा- "निजामती सेवाका पदमा नियुक्तिका निमित्त उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षाहरू सञ्चालन गर्नु लोकसेवा आयोगको कर्तव्य हुनेछ" भनिएको छ । त्यसमा जनजातिहरू निम्न वाक्य थप्नु पर्ने सुझाव दिन्छन् । "तर त्यसरी परीक्षा सञ्चालन गर्दा भाषिक तथा अन्य कुनै विभेद गरिनेछैन ।"

(१७) धारा ११२ र ११३ मा व्यवस्था गरिएको- "जाति वा सम्प्रदायले राजनीतिक पार्टी खोल्न नपाउने प्रावधानको सट्टा त्यो प्रावधान हटाई सबैले खोल्न पाउनु पर्ने माग छ ।

(१८) धारा ११३.२ (घ) मा व्यवस्था गरिएको, ३ प्रतिशत भोट पाउने पार्टी राष्ट्रिय पार्टी हुने प्रावधानमा 'राष्ट्रिय' शब्द हटाउनु पर्ने माग छ ।

(१९) धारा ११४ मा व्यवस्था गरिएको निर्वाचनमा पाँच प्रतिशत महिला उमेदवार खडा गर्नुपर्ने प्रावधानको सट्टा दस प्रतिशत महिला उम्मेदवार उठाउनु पर्ने र त्यसमध्ये पचास प्रतिशत आदिवासी । जनजाति/दलित समुदायका महिलालाई व्यवस्था गर्ने भनाइ छ ।

(२०) धारा ११६ मा संविधान संसोधन गर्ने अधिकार संसदलाई मात्र दिइएको छ । त्यो व्यवस्थालाई अपर्याप्त भन्दै उनीहरूको जनमतसंग्रह गराउनुपर्ने सुझाव छ ।

(२१) "राज्यसञ्चालनको निर्णायक निकायहरूमा आदिवासी, जनजाति र दलित समुदायका लागि जनसंख्याका आधारमा समानुपातिक आरक्षणको व्यवस्था, रोजगार, शिक्षा, स्वास्थ्य क्षेत्रमा त्यही तरिकाद्वारा आरक्षणको व्यवस्था, तर आदिवासी, जनजाति र दलित महिलाहरूलाई भने पचास प्रतिशत आरक्षणको व्यवस्था गर्ने । आत्मनिर्णय तथा जातीय स्वशासनको संवैधानिक व्यवस्था हुनुपर्ने । यी व्यवस्था संविधानमा नभएकोले थप्नु पर्ने ।

(२२) राष्ट्रियसभालाई जातीय सभामा परिणत गर्नुपर्ने ।

(२३) संविधानको प्रस्तावनामा देशका सबै जाति, भाषा, कला, संस्कृतिलाई समान अधिकार प्रदान गरिनेछ भनेर थप्नु पर्ने ।

(२४) संविधानमा जम्मा तीनवटा मात्र अनुसूची भएकाले त्यसमा थप गरी नेपालका सवैभाषा, जाति धर्म र संस्कृतिलाई अनुसूचित गर्नुपर्ने ।

(यो सिफरिस नेपाल जनजाति महासंघ संघीय परिषदद्वारा २०५६ सालमा गरिएको हो ।)

जनजातिबाट भएका मानवअधिकार हननका घटना

मगरहरूको संस्था लाङ्घाली संघले प्रजातन्त्रपश्चात् मगर गाउँहरूमा ब्राह्मणहरूवाट गरिँदै आएका सम्पूर्ण कार्यहरू सम्पन्न गराउन मगर जातिका युवाहरूलाई तालिम दिँदै आएको छ र मगर युवाहरूले तालिम प्राप्त गरेपछि गाउँमा ब्राह्मणहरूलाई पुरोहित गर्न जान नदिने, पुरोहित गर्न नबोलाउने र जसले नमानेर बोलाउँछ तिनीहरूलाई कारवाही गर्ने र पुरोहितहरूलाई पनि दण्डित गर्न थालेका छन् ।

मगरहरूले प्राचीन समयदेखि नै दसैँ मान्ने, दुर्गा पूजा गर्ने, ब्राह्मण पुरोहित राखेर पूजाआजा गर्ने, जन्म, मृत्यु, विवाह र न्वारन, पास्नीजस्ता कर्महरू ब्राह्मणवाटै गराउने गर्दै आएका थिए तर यतिवेला ब्राह्मणविरुद्ध ब्राह्मणवादको नारा घन्काएर, हिन्दू धर्मका विरुद्ध विद्वेष फैलाएर, चाडपर्व तथा संस्कृतिका विरुद्ध भ्रम फैलाएर सोझा जनतालाई जनजाति भित्रैवाट भड्काउने काम भइरहेको छ । आफूखुसी गर्न नदिएर जवर्जस्ती बाध्य पारिएको छ ।

कान्तिपुर दैनिकमा २०५३ चैत १५ गते प्रकाशित समाचारअनुसार नवलवरासी जिल्लाका रकुवा, रुचाङ्ग, डेढगाउँ, नरम, देउराली आदि गाविस र पाल्पाको बाकामलाङ्गहरूमा ब्राह्मण जातिलाई पुरोहित मान्ने कि नमान्ने भन्ने विषयमा चर्को विवाद चलेको थियो । वृद्ध, वृद्धाहरू आफ्नो इच्छाअनुसार परम्परागत रूपबाट गर्दै आएको कार्य गर्न पाउनुपर्ने अडानमा थिए भने युवाहरू भने ब्राह्मण पुरोहित राख्नै नपाउने अडानमा थिए तर ब्राह्मणविरुद्ध उत्रिएका युवाहरूका अगाडि कसको के लाग्थ्यो । युवाहरूले ब्राह्मण पुरोहित मानेमा भात, पानी बारिने धम्की, डर र त्रास दिन थालेपछि वृद्धवृद्धाहरूको पनि केही लागेन र ती युवाहरूले जसो भन्छन् त्यसै गर्न विवश भए ।

कसैको हृदय परिवर्तन गरेर समाजमा परिवर्तन ल्याउन सक्नु ठूलो कुरा हो तर जोर जवर्जस्ती गर्दै, साम्प्रदायिकता सृजना गर्ने खालका आमसभाहरू गर्दै, ब्राह्मण र क्षेत्रीहरूलाई होच्याउने अभिव्यक्ति दिँदै भय र त्रास सृजना गर्नुलाई सामाजिक परिवर्तन गरेको मान्न सकिँदैन । यस्ता क्रियाकलापका पछाडि कुनै गिरोह लागेको पनि हुनसक्तछ । डलरका वर्षा भएको पनि हुन सक्छ तर सोच्नुपर्ने हामीहरूले नै हो । हामीहरू कसैका गोटी बन्नु हुँदैन ।

जनजाति र संस्कृत भाषा

सवै भन्छन् संस्कृत भाषा अमृत समान हो तर जनजातिहरू भन्दछन् संस्कृत भाषा मृत भाषा हो । हुनसक्छ उनीहरूले पनि अमृत भन्छुभन्दा 'अ' भन्न बिर्सेर मृत मात्र भनेका पो हुन कि । एकजना भोजपुरी कवि पं. दीघनारायण मिश्रले नीतिके वचन' मा भनेका छन्- "जहाँ सद्भाव हुन्छ त्यहाँ नै सुमति हुन्छ । जहाँ दुर्भाग्य हुन्छ त्यहाँ कलह हुन्छ अनि त्यहीँवाटै सुखशान्ति हराउँछ ।

जनजातिहरूले संस्कृत भाषालाई मृत भाषा भन्दै दुर्भावना फैलाइरहे पनि उनीहरू यो पनि स्विकार्छन कि- "संस्कृत भाषा अति प्राचीन र समृद्ध भाषा हो । वेद पुराणलगायत कैयन प्राचीन ग्रन्थहरू यसै भाषामा लेखिएका छन् । यो भाषा नेपालीलगायत धेरै भाषाहरूको जननि हो ।" यति कुरा जान्दाजान्दै पनि संस्कृत भाषालाई संधैभरि मृत भाषा हो, यसको आवश्यकता छैन । यसको पठनपाठनमा गरिएको लगानी व्यर्थ हो । यो भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्नेहरू विश्वमा एकजना पनि छैनन् भन्नु आफ्नो भनाइलाई आफै खण्डन गर्नु हो । नेपालीलगायत थुप्रै भाषाको जननि भाषालाई कसरी वचाउने, कसरी हुर्काउने, कसरी फलाउने, फुलाउने भन्ने चिन्तन गर्नुको साटो यसमाथि धारे हात लगाउनु पक्कै पनि वुद्धिमानी होइन ।

संस्कृत भाषा जत्तिकै प्राचीन र थुप्रै युरोपेली एवं अंग्रेजी भाषाहरूको जननीका रूपमा युरोपमा ल्याटिन भाषालाई लिइन्छ र त्यो भाषा पनि संस्कृत जत्तिकै समृद्ध भाषा हो । त्यो भाषा पनि आज धेरैले वोल्दैनन् तर पनि युरोपमा त्यसलाई जोगाउने कार्यहरू भइरहेका छन् । त्यसलाई त्यहाँका जनजातिहरूले मृत भाषा भनेर हाम्रा जनजातिहरूले संस्कृत भाषालाई आर्यघाटमा लगेर दाहसंस्कार गर्ने प्रयास गरेझैँ दाहसंस्कार गर्न खोजेका छैनन् । यसैवाट पनि हाम्रा जनजातिहरूको अभीष्ट के हो भन्ने वुझ्न सकिन्छ ।

आज हामीकहाँ संस्कृत भाषामाथि सवैभन्दा वढी प्रहार यदि कतैवाट भएको छ भने त्यो जनजातिवाटै भएको छ । नाम माओवादी आन्दोलन राखिए पनि नेपालमा चलेको आन्दोलन वास्तवमा जनजातीय आन्दोलन नै हो । यो आन्दोलनका नाममा थुप्रै विद्यापीठदेखि लिएर सिंगो महेन्द्र संस्कृत विश्वविद्यालयसमेत पीडित छ । विद्या पीठदेखि लिएर स्कुलहरूमा पढाइने संस्कृत शिक्षामाथि प्रहार भएको छ । प्रश्नपत्रहरू जलाउने कार्यदेखि लिएर स्कुल, विद्यालय र विश्वविद्यालयसमेत जलाइए । संस्कृत शिक्षाको पठनपाठन रोक्न नमान्ने

शिक्षकहरूलाई कुट्ने पिट्नेदेखि लिएर भौतिक रूपमै समाप्त पार्नेसम्मका कार्यहरू भए । यो भाषिक विद्वेष किन फैलाइदै छ ? यदि संस्कृत भाषा नेपाली भाषालगायत अन्य थुप्रै भाषाको जननि हो भने यसमाथि आक्रमण किन ? विदेशी भाषालाई पाठ्यपुस्तकमा अनिवार्य गरिंदा केही नवोल्नेहरू जननि भाषालाई पाठ्यपुस्तकमा अनिवार्य गरिंदा किन आगो ओकेल्दै छौं र यही भाषाको अध्ययन अनुसन्धानमा विदेशीहरूसमेत लागिरहेको समयमा किन हामीलाई लाज लाग्दैन ?

एकजना जनजातिका विद्वान्ले एकपटक कान्तिपुर दैनिकमा लेखेका थिए- "संस्कृत भाषा मृत भाषा भए पनि मानव जातिकै महान् हो र सिंगो विश्वको निधि हो । यसको अध्ययन अनुसन्धान गरिनु पर्दछ ।" तर कुनै दिन उनै लेखकले फेरि संस्कृत शिक्षाको यतिसम्म धज्जी उडाए कि त्यति सायद अन्य कसैले पनि आजसम्म उडाएको छैन होला ।

अमृत भाषालाई 'अ' बिर्सेर मृत भन्नेहरूले के बुझ्नु पर्दछ भने हिन्दूहरूका गर्भारम्भ संस्कारदेखि लिएर मृत्यु संस्कारसम्मका सम्पूर्ण गतिविधिहरू संस्कृतकै ऋचाद्वारा निर्देशित छन् । कुनै यस्तो कर्म छैन जो संस्कृत श्लोकद्वारा निर्देशित नभएको होस् । भोजन गर्नेदेखि लिएर मलमूत्र त्याग गर्नेसम्मका कर्मका लागि निर्देशन गरिएको छ । यो कुरा नबुझ्नेहरूका लागि मात्र संस्कृत भाषा मृत हुन सक्दछ । बुझ्नेहरूका लागि अमृत नै हो । जनजातिमा सबैभन्दा पहिले यो कुरा बुझेर यो भाषालाई अमृत भन्ने विद्वान् हुन् डा. स्वामी प्रपन्नाचार्य । यदि उनी पनि काले राई नै रहिरहेको भए उनले पनि 'मृत' भाषा नै भन्थे होला । स्वर्गीय महात्मा गान्धीले पनि दुधको उपयोगिता नबुझ्दासम्म दुध मानिसको खाद्य पदार्थ नै होइन भन्दथे र त्यसैलाई पुष्टि गर्दै किताबसमेत लेखेका थिए तर पछि उनले दुधको उपयोगितालाई बुझेपछि आफ्नो आत्मकथामा अघिल्लो भनाइलाई सच्याउँदै क्षमायाचना गरेका छन् । गल्ती महसुस गर्नु महानता हो । जनजातिहरूले पनि कुनै न कुनै दिन जननि भाषालाई मृत भाषा भनेकोमा पश्चाताप गर्नेछन् र आफ्नो भाषिक आन्दोलन गलत भएकोमा क्षमायाचना गर्नेछन् । त्यसमा सवै ढुक्क भए हुन्छ । प्रतिक्षा गरौं त्यो समय अवश्य पनि आउनेछ ।

जनजातिका विद्वान्हरूले प्रयोग गर्ने भाषा

विश्वप्रशिद्ध दार्शनिक 'युरिपिड्स'ले भनेका छन- "आफ्नो जन्मभूमि गुमाउनुभन्दा ठूलो दुःख संसारमा केही छैन ।" हो जन्मभूमि नै गुमाउनु पर्दा को दुःखी नहोला । आफ्नो जन्मभूमि गुमाएर अर्काको दासत्वमा बाँच्न कोही पनि चाहँदैन । वाध्यतावश मात्र बाँच्छ र जवसम्म बाँच्छ तवसम्म पीडा, उकुसमुकुस र आक्रोशमा बाँच्छ । नेपालका जनजातिहरू जो एकीकरणपूर्व भुरेटाकुरे राजाका रूपमा अस्तित्वमा थिए उनीहरू सवैले राष्ट्रिय एकीकरणका क्रममा आ-आफ्ना राज्य गुमाउनु परेकोलाई पनि जन्मभूमि नै गुमाएको सरह ठानेका छन् र युरिपिडसका भनाइलाई आफैमाथि लागु भएझैं गरी एकीकरणका विरुद्धमा तथानाम शब्दवाण प्रयोग गर्ने गर्दछन् । जनजातिहरूले खास गरी नेपालको एकीकरणको विषयदेखि लिएर, संस्कृत भाषा, दसैं बहिष्कार, आफूहरूलाई अहिन्दूको घोषणा, राज्यसत्तामा वाहुन र क्षेत्रीहरूले मात्र हालिमुहाली गरे भन्नेजस्ता विषयमा लेख तथा अभिव्यक्तिहरू प्रकट गर्दा जे-जस्ता भाषाको प्रयोग गर्ने गर्छन् त्यो वास्तवमा मर्यादित जस्तो लाग्दैन वरु ती विद्वान्हरूले आफ्नै मर्यादा घटाएजस्तो लाग्छ ।

(१) राष्ट्रिय एकीकरणका विरुद्ध आफ्ना अभिव्यक्ति पोख्दै जनजातिका लेखक 'वीर नेम्वाङ्ग'ले मालिका साप्ताहिक वर्ष २ अंक ३०.२०५५ मा लेखेका छन्- "जुन दिन यो देशमा लिम्बुवान स्वायत्तता कायम हुनेछ त्यो दिन कांग्रेस, कम्युनिस्ट, राप्रपा,

सद्भावना, जनमुक्ति र मंगोलका चम्चाहरू पनि भोलि तिनीहरूसँगै सति जानेछन् ।" सति पठाउने भन्नु भौतिक रूपमै समाप्त पर्छौं भनेको होइन र ?

(२) अर्का बुद्धिजिवी युद्धनारायण थारुले बाहुनहरूप्रति आक्रोश व्यक्त गर्दै उनीहरूलाई धूर्त, प्रतिक्रियावादी र बाहुनहरूको पछि लाग्ने जति जनजातिहरूलाई भाट, गुलाम र अन्धभक्तको संज्ञा दिएका छन् । हेर्नुहोस् जनजाति मञ्च वर्ष १ अंक ३ (सन् १९९८)

(३) प्रा डा. कृष्णबहादुर भट्टचनले त विगत १० वर्षदेखि दिनदिनै बाहुनहरूलाई विभिन्न संज्ञाद्वारा विभूषित गर्दै आएका छन् । ती सबै संज्ञाहरूले पनि नपुगेपछि अहिले के भन्दछन् भने मेरो नाम कृष्णबहादुर राखिदिएर बाहुनले मेरी आमाको शोषण गरे ।[1] हेर्नुस् जनमञ्च वर्ष १ अंक ७ (२०५८)

(४) संगिनी राना मगरले ब्राह्मण क्षत्रीय महिलाहरूमाथि आक्रोश पोख्दै लेख्छिन्- "बाहुन क्षत्रिय समुदायका केही मुट्ठीभरिका महिलाहरूले करिब ३० प्रतिशत जनजातिका महिलाहरूको नाममा हालिमुहाली गर्दै आएका छन् ।" हेर्नुस् चोमोलोङमा अंक २ अगस्ट ९ (२०००) अधिराज्यमा जुन जातिको बाहुल्यता छ उनैहरू मुठ्ठीभर रे । यो शब्द सायद उनले पञ्चहरूसंग सापट लिएकी हुनुपर्छ । सापटी त आखिर एक दिन तिर्नैपर्छ ।

(५) काजीमान कन्दङवाले त बाहुन क्षेत्रीहरूलाई लिसो र जुकाको संज्ञा दिएका छन् । जातिवादी हिन्दू साम्प्रदायिकहरू राष्ट्रको समस्त अंगमा व्याप्त भई लिसो जस्तै टाँसिएर जुकाले जस्तो राष्ट्र र राष्ट्रवासीहरूको रगत चुसिरहेका छन् भने अर्कातर्फ गैर तागाधारी जातिहरू चिन्तनीय अवस्थामा पुगेका छन् । हेर्नुस् कईरन वर्ष १ अंक ७ (२०४९ वैशाख)

(६) रत्न राना मगर नाम गरेका एकजना जनजातीय लेखकले बाहुनहरूलाई यसरी धम्क्याएका छन्- "यहाँका बहुमत जनजाति र दलितहरू वस्तु होइनन् सचेत नागरिकहरूको जमात हो । कुनै दिन १८ प्रतिशतको संख्यामा रहेका बाहुनवादीहरू ८० प्रतिशत जनजातिको मालिकवाट हात धोएर निस्कन बाध्य हुनेछन् ।" हेर्नुस् राष्ट्र, पूर्णांक ४ २०५५) हात धोएर निस्कन बाध्य हुनेछन् भन्नु शरणार्थी बनाउने धम्की हैन र ?

(७) संस्कृत भाषाको विरोधमा आगो ओकेल्ने जनजातीय नेता सुरेस आले मगर कान्तिपुर दैनिक २०५६ माघ २०, २१ को अंकमा लेख्छन्- "मृत भाषालाई पनि अनिवार्य पठन-पाठन गर्नुपर्छ भनेर नरहरी आचार्य, विदुर पौडेल, मदन भण्डारी, प्रकाशचन्द्र लोहनी, पशुपति शमशेर राणा, सिन्धुनाथ प्याकुरेल, लिलामणि पोखेलजस्ता बाहुनहरू माग गर्छन् अनि त्यसमा लालकाजी गुरुङ, पूर्णकुमार शेर्मा लिम्बू, बलबहादुर राई, काले राई उर्फ डा. स्वामी प्रपन्नाचार्यजस्ता जनजातिहरूले समर्थन जनाउँछ, ती बिचराहरूलाई भुत्लोभाङ केही थाहा छैन । बाहुनवादीहरूका लहलहैमा लागेर अनिवार्य संस्कृतका पक्षमा बोलेका छन् ।" यसरी सुरेस आलेमगरले आफूलाई मात्र बुद्धिमान् घोषित गरेका छन् अरुलाई भुत्लोभाङ थाहा छैन रे । धन्य हुन् उनी । यस्तालाई डेढ अक्कली भन्छन् क्यारे हैन र ?

(८) लोकबहादुर थापामगरले जनजातीय पत्रिका ह्याङल छारग्याम वर्ष १ अंक २ मा बाहुनक्षेत्रीविरुद्ध आक्रोश पोख्दै लेख्छन्- "वर्तमान अवस्थाको खस हिन्दू कथित उच्च जातीय अहंकारवादी राज्य व्यवस्थाको अन्त्य नभई जनजातिहरूको उत्थान र विकास सम्भव छैन ।" खस र हिन्दूहरूका अन्त्य चाहने मगर प्रभृति मौलाउँदै गएमा नेपालको भविष्य कस्तो होला ? कल्पना गरौं त ।

यसरी माथिका सबै विद्वान्हरूले कसैले बाहुनहरूलाई सति पठाइदिने, कसैले धूर्त, प्रतिक्रियावादी, भन्ने कसैले शोषक भन्ने कसैले मुट्ठीभरिका र कसैले जुकाको संज्ञा भिराइदिएका छन् त कसैले कुनै दिन यस मुलुकबाटै निकालिदिने धम्की दिएका छन् । त्यसै गरी कसैले आफैलाई मात्र बुद्धिमान्मा घोषणा गरेका छन् त कसैले खस हिन्दूहरूको अन्त्यको चाहना राखेका छन् । फलेको वृक्षको हाँगो संधै निहुरिन्छ । बाहुनहरू पनि फलेको वृक्षको हाँगो समान छन् र विना कुनै प्रतिवाद चुपचाप सहेकै छन् । यही नै बुद्धिमानी हो र यही विद्वत्ता पनि । जस्तालाई तस्तै जवाफ दिंदै हिँडेमा बाहुन र उनीहरूमा फरक नै के भयो र ?

जनजाति र आरक्षणको प्रश्न

नेपालका जनजातिहरूले लामो समयदेखि उठाउँदै आएको प्रमुख मुद्दाहरूमध्ये आरक्षण पनि एक हो । निश्चित् रूपमा नेपालको प्रशासनिक, राजनीतिक र आर्थिक क्षेत्रहरूमा प्रतिशतका हिसाबले लेखाजोखा गर्ने हो भने वाहुन र क्षेत्रीहरूको वाहुल्यता छ त्यसलाई कसैले पनि नकार्दैन । यसलाई जनजातिका कहलिएका विद्वान्हरूले वाहुन र क्षेत्रीहरूको अघोषित आरक्षणको संज्ञा दिएका छन् र यही आरक्षणले गर्दा दलित तथा जनजातिहरू पछाडि परेको आरोपसमेत लगाएका छन् तर वास्तविकता त्यो कदापि होइन । वास्तविक के हो भने वाहुनक्षेत्रीहरू स्वभावैले अध्ययनशील हुन्छन् र अध्ययनको फाइदा उठाई राजनीतिक, प्रशासनिक र आर्थिक क्षेत्रमा अगाडि देखिएका मात्र हुन् । जनजातिका केही विद्वान्हरूले जसरी वाहुन र क्षेत्रीहरूले अंगालेको पेसालाई प्रतिशतमा निकाल्दै जनजातिलाई पछाडि पारेको आरोप लगाउँदै आएका छन् त्यसै गरी प्रतिशतमात्र निकालेर एक अर्कालाई आरोप प्रत्योरोप गर्ने हो भने विदेशी सेना, शाही नेपाली सेना, पर्वतारोहण, ट्रेकिङ, ऱ्याफ्टिङ जस्ता पेसाहरूमा जनजातिहरूको एकाधिकारलाई बाहुनहरूले पनि प्रतिशत निकाल्न थाले हुन्छ तर कुनै पनि वाहुनक्षेत्रीले त्यसको प्रतिशत निकालेर डाह गरेको पाइँदैन । नेपालको प्रशासनिक, राजनीतिक र आर्थिक क्षेत्रमा मात्र होइन न्यायपालिका र राज्यको चौथो अंग पत्रकारिता क्षेत्रमा समेत वाहुनक्षेत्रीकै वाहुल्यता छ । यी सबैलाई आरक्षणको संज्ञा दिनुभन्दा कर्मको फलभन्दा राम्रो होला । वाहुन र क्षत्रियहरूका गाउँका पाठशाला हेर्दा भरिभराउ हुने र जनजातिका गाउँका पाठशाला सुनसान किन हुन्छन् ? वरु त्यो जान्ने प्रयास गरौं ।

यतिबेला जनजातिहरूले उठाउँदै आएको आरक्षणको प्रश्नमा जनजातिहरूमै मतैक्य भएको पाइँदैन । जस्तै जनजातिको सूचीमा परेका नेवारकै कुरा लिऊँ । नेवारहरू राज्यका तिनै अंगमा बहुनक्षेत्रीको हाराहारीमा छन् र आर्थिक क्षेत्रमा त अगाडि नै छन् । त्यसैले उनीहरू आरक्षणको सीमित घेराभित्र बाँधिन चाहँदैनन् । अझ उनीहरूले त आफूलाई जनजाति नै मान्दैनन् । जनजातिभित्रको अर्को जात थकालीको कुरा लिऊँ । उनीहरू पनि शैक्षिक र आर्थिक क्षेत्रमा अगाडि छन् । उनीहरू औसतरूपमा अन्य जनजातिभन्दा सम्पन्न भएका कारण आरक्षणको विरोध गर्छन् र आरक्षणभन्दा अवसरको समानता चाहन्छन् । त्यसै गरी मनाङ्गे र सेर्पाकै कुरा लिऊँ । उनीहरू पनि आर्थिकरूपमा सबल छन् । त्यसैले उनीहरू पनि आरक्षण विना नै आफ्नो आर्थिक स्थिति उच्च बनाउन सफल भएकोमा आरक्षणको आवश्यकता देख्दैनन् । आरक्षणको आवश्यकता नदेख्नेहरू अवसरको समानता खोज्छन् र आरक्षणलाई हेय दृष्टिले देख्दछन् । यदि सरकारले आरक्षणलाई नीतिगत रूपमा स्वीकार गऱ्यो र कानूनको तर्जुमा गऱ्यो भने पनि समस्या सुल्झिनुको बदला बल्झिने छ र नेवार, थकाली, मनाङ्गे, सेर्पाजस्ता जनजातिले त्यसको विरोध गर्न थाल्नेछन् र आफूहरूलाई जनजातिको सूचीबाट हटाउन दबाव दिन थाल्नेछन् । त्यतिबेला सरकारको काम एक थरी

जनजातिको दबावमा सूचीकृत गर्ने र अर्का थरी जनजातिको दबावमा सूचीबाट अलग गर्नेमात्र हुनेछ । या त आरक्षणको सुविधा र अवसरको समानता दुवै हातमा लड्डु गराइदिनु पर्नेछ । यस्तो दोहोरो आरक्षणले त झन विषमता सिर्जना गर्नेछ ।

२०५६ असार ११ गते जनजाति सांसद अभिनन्दन तथा अन्तर्क्रिया कार्यक्रम मा डा. कृष्णबहादुर भट्टचनले आरक्षणका सवालमा एउटा उपाय के बताएका थिए भने- "आरक्षणको नीति अपनाउँदा ६१ जनजातिमध्ये कुन जनजातिले केमा प्राथमिकता पाउनु पर्ने हो सोको निर्धारण गरी आरक्षण नीति अपनाउनु पर्नेछ ।" उनको यो तर्क एकदमै हास्यास्पद छ । जुन पेसामा जनजातिहरूले एकाधिकार नै अपनाएका छन् त्यो ठाउँमा आरक्षण किन चाहियो ? पुरोहित पेसामा बाहुनहरूलाई र पर्वतारोहण पेसामा सेर्पालाई भाँडा पिट्ने काममा लोहारलाई सुनको काममा सुनारलाई, कपडा सिउने काममा दमाईलाई आरक्षण किन चाहियो ? त्यहाँ त एकाधिकार नै छ त । आरक्षणको व्यवस्था गर्दैमा न त जनजातिले पुरोहित कर्म गर्न सक्ला न त बाहुनले सगरमाथा आरोहण । हुन त यति मात्रै भन्दा पनि ब्राह्मणवादको आरोप लाग्ला किनकि लेखक पनि ब्राह्मण नै हो । जनजातिहरूलाई आरक्षणको साँघुरो घेराभित्र संकुचित गरेर राख्नुभन्दा अवसरमा समानता प्रदान गर्नुपर्दछ । हामीहरू वेलावेलामा भारतमा अनुसूचित जनजातिहरूलाई आरक्षणको सुविधा दिएको विषयलाई उदाहरण दिंदै त्यस्तै आरक्षणको माग गर्दछौं तर त्यसबाट त्यहाँका जनजातिहरू संतुष्ट छन् या छैनन् भन्ने अध्ययन गरेका छैनौं । आरक्षणवाट व्यक्तित्व निर्माण नगर्दासम्म मात्र फाइदा उठाए पनि जब व्यक्तित्व उँचा हुन्छ तब उनीहरूले जात लुकाउन थाल्छन् । आफू अनसूचित जनजाति हुँ भन्न लाज मान्छन् । भारतीग पूर्वराष्ट्रपति के.आर. नारायणन्ले थर किन कहिल्यै लेखेनन् ? पूर्व राष्ट्रपति डा. सर्वोपल्ली राधाकृष्णन्ले आफ्नो जात किन लेखेनन् । नेपालका लागि पूर्व भारतीय राजदूत विमलप्रसादले आफ्नो जात किन लेखेनन् ? यस्ता थुप्रै नामहरू छन् भारतमा, लेखी साध्य छैन । जात नलेख्नुको मूल कारण हो आफू अनुसूचित जनजातिको मान्छे भएको लुकाउन । नेपालमा आरक्षणको व्यवस्था गरियो भने जनजातिको आरक्षणको कोटाबाट सेवा प्रवेश गर्दा खुसी भए पनि आफ्नो व्यक्तित्व माथि उठ्दै गयो र सचिव, प्रधान न्यायाधीश, मन्त्री जस्ता उच्च ओहोदामा पुगेपछि आफूसँग भएका खुवीको कारण त्यस पदमा पुगेको नभई आरक्षणका नाममा पाएको दयाकृपाले ठूलो मान्छे भएझैं देखिएर जात लेख्न लाज मान्ने छन् र आरक्षणवाहिरका मानिसहरूले पनि उनीहरूलाई आरक्षणको कोटावाट आएको भनी अलिकति हेय दृष्टिले हेर्न थाल्नेछन् । आज आरक्षण बिना नै लोकसेवा आयोगको अध्यक्ष बनेका सन्तवहादुर राई, आरक्षण विना नै राष्ट्रिय योजना आयोगको सदस्यसमेत बनेका डा. हर्क गुरुङ, आरक्षण बिनानै त्रिविको प्राध्यापक बनेका डा. कृष्णबहादुर भट्टचनहरूका शिर जति उँचा छन् भोलि आरक्षणको कोटावाट उच्च ओहोदामा पुग्ने जनजातिका हुने छैन । त्यतिबेला सबैले आ-आफ्ना जात लुकाएर रामबहादुर लिम्बूले रामबहादुर मात्र लेख्ला, हरिप्रसाद थारुले हरिप्रसाद मात्र लेख्ला, श्यामबहादुर तामाङले श्याम बिटी मात्र लेख्ला या यस्तै-यस्तै लेख्न थाल्नेछन् । यो काल्पनिक, कुरा नभई छिमेकी मुलुक भारतमा भइरहेको घटना हो । यहाँका दलितहरूले त अहिले देखि नै जात लुकाउन थालिसकेका छन् र उनीहरूले पौडेल, गौतम, घिमिरेजस्ता बाहुनकै जात लेख्न थालिसकेका छन् । कैयौं दलितहरूले आ-आफ्ना जात बाहुनकै जस्तो लेखी बाहुनका छोरीबहिनीसँग प्रेमविवाहसमेत गरिसकेका छन् । पछि वास्तविक जात थाहा पाएपछि केटीले केटालाई त्यागेका घटना पनि छन् । त्यसैले जनजातिका अगुवाहरूले यो वास्तविकतालाई ख्याल गरी गम्भीर भएर सोच्नु पर्ने बेला आएको छ, देखासिकी होइन । आरक्षणको सुविधाले भारत तथा अन्य मुलुकका जनजातिहरूको सामाजिक आर्थिक अवस्थामा खासै परिवर्तन ल्याउन पनि सकेको छैन । बरु इसाई मिसिनरीहरू भने

उनीहरूका आर्थिक विपन्नताका कारण इसाई धर्ममा रूपान्तरण गर्नमा सफल हुँदै गएका छन् । आरक्षणले समानता होइन बरु सेड्यूल र ननसेड्यूल कास्टको भेदभाव सिर्जना गर्छ । त्यसैले नेपालका जनजातिहरूले आ-आफ्ना हक-अधिकार लिने लडाइँमा आरक्षणजस्तो तोकिएको सिदा खाएर बस्नुभन्दा अवसरको समानतामाथि विश्वास गर्नुपर्दछ र त्यही लडाइँ लड्नुपर्छ ।

२००७ सालदेखि २०५९ सालसम्मको ५२ वर्षमा १७ जना व्यक्तिले प्रधानमन्त्री पद पाउँदासम्म किन एउटा पनि जनजाति प्रधानमन्त्री हुनसकेन ? यदि नेवारहरू जनजाति हुन भने मरिचमान सिंह श्रेष्ठभन्दा अर्को जनजातिको व्यक्ति किन प्रधानमन्त्री हुन सकेन । (नेवारहरूले यतिबेला आफूहरू जनजाति नभएको दावा गरिरहेका छन्) यदि नेवारहरू जनजाति होइनन् भने सत् प्रतिशत जनजातिहरूको शोषण कसरी सम्भव भयो ?

प्रजातन्त्रको पुनर्स्थापनाभन्दा अघिको एकतन्त्रीय कालमा जनजातिहरूमाथि थिचोमिचो सम्भव भए पनि प्रजातन्त्रको पुनर्स्थापनापछि पनि त्यो कसरी सम्भव भयो ? २०४८ सालको आम निर्वाचनमा सबै पार्टीले आ-आफ्ना घोषणापत्र लिएर चुनावमा गए तर जनजातिलाई आकर्षण गर्न सक्ने नारा कसैले दिएनन् तैपनि सबै जनजातिहरूले आ-आफ्ना पार्टीमा मतदान गरे । २०५१ सालको मध्यावधि निर्वाचनमा कांग्रेसका गिरिजाप्रसाद कोइरालाले कांग्रेसलाई पुरानै अवस्थामा नपुऱ्याई विश्राम लिन्न भन्दै मत मागे भने एमालेले आगामी सरकार एमालेको भनेर मत माग्यो । २०५६ को आम चुनावमा पनि त्यस्तै भयो । कांग्रेसले भट्टराईको नाममा मत माग्यो भने एमालेले- "आगामी सरकार एमालेको, अल्पमत होइन वहुमतको" भन्ने नारा अघि सार्‍यो तर जनजातिलाई मतदानका लागि लोभ्याउने नारा कुनै पार्टिले अघि सारेन । त्यसैले लिम्बुवान र खुम्बुवान मुक्तिमोर्चाले निर्वाचन बहिष्कारको घोषणा गरे । संसदीय निर्वाचनमा कुनै पार्टीले- "आगामी प्रधानमन्त्री जनजातिकै भन्ने नाराका साथ भोट मागे के बिग्रिन्छ ? एउटा योग्य जनजातीय नेतालाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा घोषित गरेर त्यसैका नाममा भोट मागी ५ वर्ष उसैलाई सरकार चलाउन दिए के बिग्रिन्छ ? यो काम अरुले भन्दा पनि कांग्रेसले नै गर्नुपर्छ किनकि बी.पी. कोइरालाले ४० वर्षअघि नै परशुनारायण चौधरीलाई भाविप्रधानमन्त्री भन्नुभएको थियो तर वहाँ त्यस्तो सम्भावना भएको पार्टीमा टिक्न सक्नु भएन र पञ्चायत प्रवेश गरेकोले त्यत्ति योग्य उम्मेदवार अरु नदेखिए पनि प्रधानमन्त्री चलाउन सक्ने थुप्रै जनजातिको नेता कांग्रेस एमाले राप्रपा सबैमा छन् तर खाँचो छ पार्टीहरूभित्र उदार हृदयको । २००७ सालदेखि २०५९ सालसम्म एउटा पनि व्यक्ति जनजातिवाट प्रधानमन्त्री बन्न नदिइएकोमा त्यो उकुसमुकुस र पीडा के जनजातीय नेतामा छैन होला ? त्यसलाई वाहुनक्षेत्रीहरूले वुझ्नुपऱ्यो र एकपटक परीक्षा लिनुपऱ्यो । परीक्षा यस मानेमा कि जनजातिहरू जनजातीय स्वार्थमा एक हुनसक्दा रहेछन् या रहनेछन् । यदि एक हुन सके भने जुन पार्टीले यो नारा दिन्छ त्यसको विजय सुनिश्चित् छ । यदि एक हुन सकेनन् भने जनजातीय आन्दोलन वेकार र स्यालको हुइँयामात्र रहेछ भनेर ठान्नु पर्दछ । लाग्छ यस्तो महत्त्वपूर्ण अवसरमा जनजातिहरू एक हुनेछन् । आफ्नो एकताको परिचय दिनेछन् अनि आफ्नो प्रधानमन्त्री आफैं छानी सडक र विभिन्न मञ्चहरूका माध्यमवाट उठाउँदै आएका आफ्ना आरक्षण लगायतका यावत् माग सिंहदरवारभित्रैबाट पूरा गराउन सफल हुनेछन् । त्यति भयो भने उनीहरूले आफूलाई अपहेलित र अवसरबाट वञ्चित भएको महसुस गर्ने छैनन् । अनि बल्ल पृथ्वीनारायण शाहको "नेपाल सबै जातजातिको साझा फूलवारी हो" भन्ने उपदेश साकार हुनेछ ।

जनजाति र दलितहरूमा छुवाछुत

नेपालको संविधानको भाग ३ को धारा ११ (३) मा भनिएको छ- "राज्यले नागरिकहरूका बिच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्थाका आधारमा भेदभाव गर्ने छैन" तापनि नेपाली समाजमा यत्रतत्र धर्म, वर्ण, लिङ्ग र जातीय आधारमा भेदभाव र घृणा कायमै छ । यो भेदभावलाई जनजाति तथा दलित समुदायले एकोहोरो रूपमा बाहुन, क्षेत्रीहरूमाथि थोपर्दै आएका छन् र उनीहरू भन्दछन्- "वैश्य, शूद्र जातिलाई पशुभन्दा तल्लो दर्जामा बसाइराख्ने प्रमुख कारक तत्त्व जडसूत्रवादी हिन्दूधर्म र त्यसको आडमा शोषण गर्ने वाहुनहरू हुन्" ।

हावा नलागी पात हल्लिँदैन भनेझैं जनजाति तथा दलितहरूले बाहुनहरूमाथि लगाउँदै आएको यो आरोप निराधार र असत्य होइन, सत्य हो तर उनीहरूले यो कुरा सधैंभरि लुकाउने गर्छन् कि जनजाति र दलितहरूकै बिचमा समेत ठूलो जातीय विभेद छ । वर्ण व्यवस्थाभित्र हुर्केको ब्राह्मण जातिले यस्तो विभेदलाई परम्परागत रूपमा पिँडी दरपिँडी जीवन्त राख्दै आएकोमा कुनै आश्चर्य मान्नु पर्दैन तर वर्ण व्यवस्थाभित्रैका शूद्र (दलित) जातिहरू र वर्ण व्यवस्थादेखि बाहिरका जनजातिहरूमा समेत यो प्रथा कायमै छ र अझ साँच्चै भन्ने हो भने बाहुनक्षेत्रीहरूमा भन्दा बढी नै छ ।

उपाध्याय बाहुनले जैसी बाहुनले छोएको नखाने, उनीहरूसँग बिहावारी नगर्ने परम्परा अझै कायमै छ भने उपाध्याय र जैसी बाहुनले ठकुरी, क्षेत्रीहरूसँग त्यसैप्रकारको विभेद कायमै राखेका छन् । ठकुरीहरूले क्षेत्रीसँग छुवाछुत बार्छन् । क्षेत्रीहरूले नेवारसँग छुवाछुत बार्छन् भने नेवारहरूभित्रै पनि एकले अर्कासँग छुवाछुत बार्छन् । नेवारहरूभित्र त झन बाहुनदेखि शूद्रसम्मका जाति छन् । जनै लगाउनेदेखि सनै फुक्नेसम्मका जाति छन् । त्यसै गरी गुरुङहरूले मगरले छोएको खान्नन् ।

गुरुङहरूभित्रै पनि चारजाते र सोह्रजाते भन्ने भेदभाव छ । बाह्रजाते तामाङले अठारजाते तामाङभन्दा आफूलाई उच्च ठान्दछन् र बिहावारी गर्दैनन् । कुमालहरूमा पनि त्यस्तै छ । महताने कुमालहरूलाई दहिताने कुमालहरूले तल्लो जात भन्दछन् । राजवंशीहरूभित्र पनि हाँडी जातिलाई तल्लो जाति मानिन्छ । यिनीहरूलाई विवाहमा बाजा बजाउने, डोली बोकाउने, सुत्केरी सेवा गराउने, बालकको नाल काट्न लगाउने गरिन्छ । भोटे जातिभित्र पनि त्यस्तै छ । भोटे जातिभित्रै बगरे, लोहार सुनारलाई यिनीहरूले तल्लो जाति भन्दछन् । हायुहरूभित्र पनि छुवाछुत प्रथा छ । थारुहरूभित्र पनि राना थारुहरू उपल्लो दर्जाका र बाँतर थारुहरू साह्रै नीच मानिन्छन् । मगरहरू कामीले छोएको खान्नन् । कामीहरू सार्कीले छोएको खान्नन् । सार्कीले फेरि दमाइले छोएको खान्नन् । दमाईहरू गाइनेले छोएको खान्नन् । गाइनेहरूले वादीले छोएको खान्न्न । वादीहरूले पोडेले छोएको खान्नन् अनि पोडेहरू च्यामेहरूले छोएको खान्नन् । यसलाई के भन्ने ? के यो छुवाछुतजस्तो रोगको कारकतत्त्व जनजाति तथा दलित समुदायले थोपर्दै आएको जडसूत्रवादी हिन्दू धर्म र बाहुनहरूमात्र रहेछन् त ? तैपनि लाजै पचाएर भन्ने गरिन्छ जनजातिहरूमा जातीय भेदभाव वा छुवाछुत हुँदैन । कतै छ भने पनि हिन्दूसमाजको सम्पर्कपछि अपनाउन थालेका हुन् ।[६७] बाहुन त समय र परिस्थिति अनुकूल चल्न जानेको वर्ग हो । त्यसैले बदलिंदो समयसँग सहकार्य गर्दै बाहुनहरूले दलितहरूसँग बसेर सहभोजसमेत गर्न थालिसकेका छन् तर जनजाति तथा दलितहरूले आफूभन्दा तल्लामा गणना गरेका जातिसँग सहभोज गरेको समाचारहरू सुन्नमा आएको छैन । वास्तवमा छुवाछुत र असमानताका संवाहक

---

६७ मोहनविक्रम सिंह : चार दशक, पृ. ५०४ ।

भनेर बाहुनहरूलाई दोष दिनु भनेको बाहुनहरूले खाएलाएको र पढेलेखेको देखेर गरेको डाहामात्र हो । वास्तवमा जाति र छुवाछुतको समस्याको जड वैदिक धर्म र ब्राह्मण समाज नभएर सामन्ती संस्कार हो । यस्तो संस्कार ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र, दमाई, कामी, सार्की नेवार, पोडे अनि जनजातिहरूमा पनि लुकेर बसेको हुन्छ । त्यसैले यो समस्या जनजाति र दलितहरूको मात्र नभएर संपूर्ण नेपालीकै समस्या हो । सबै मिलेर निर्मूल पार्नतर्फ लाग्नुपर्छ । एकले अर्कामाथि दोष थोपरेर उम्किने बाटो खोज्नु हुँदैन । आफैंभित्र नियाल्नु वेस हुन्छ ।

छापामा जनजातिहरू

नेपालमा पत्रकारिताको इतिहासलाई हेर्ने हो भने गोरखापत्रको इतिहास जति लामो छ त्यत्तिकै लामो इतिहास पत्रकारिताक्षेत्रको पनि भएको मान्नुपर्दछ । गोरखापत्रको इतिहाससँग जोडेर हेर्दा नेपालमा पत्रकारिताको इतिहास एकसय वर्ष पुरानो छ । यो एकसय वर्षको इतिहासमा यो क्षेत्रमा जनजातिहरूको सहभागिता कति भयो भन्ने वारेमा २०५७ सालमा सामाजिक विकास तथा अनुसन्धान केन्द्रले एउटा सर्वेक्षण गरेका थियो । त्यसले काठमाडौंदेखि पूर्वमा भद्रपुर र पश्चिममा धनगढीसम्मका प्रमुख २३ सहरका ७३ वटा प्रकाशन समूहलाई लिएको थियो । यी ७३ वटा प्रकाशन समूहमा ९५६ जना व्यक्ति कार्यरत भएको पाइयो । ती ९५६ जनामध्येमा १६४ जनामात्र जनजातिहरू भएको पाइयो । ती १६४ जनाभित्र पनि ५७ जना त नेवार मात्रै थिए ।

त्यसै गरी काठमाण्डौ उपत्यका भित्रका ४१ वटा पत्रिकाको सर्वेक्षण गर्दा त्यहाँ ६९३ व्यक्तिको सहभागिता पाइएको थियो जसमध्ये १४९ जना जनजाति थिए । त्यसमा पनि ९३ जना नेवार थिए भने बाँकी अन्य जाति थिए ।[1]

स्तम्भकार समूहतर्फको सर्वेक्षणमा उपत्यकाबाहिरको ७३ वटा पत्रिकामा २९८ जना स्तम्भकारहरूमध्ये जनजातिको संख्या २५ जना देखियो । त्यसभित्र पनि १३ जना नेवारमात्र थिए । उपत्यकाभित्रका ४१ वटा पत्रिकाका २४८ जना स्तम्भकार मध्ये ६४ जना जनजाति थिए । ती ६४ जनामा पनि ४४ जना नेवार थिए ।

प्रकाशकीय समूहतर्फको सर्वेक्षणमा ७३ वटा प्रकाशनगृहका प्रकाशकीय समूहमा २५ जना जनजाति भएको पाइयो त्यसमा पनि १४ जना नेवार पर्दछन् भनिएको छ । यदि नेवारहरू जनजाति होइनन् भने पत्रकारिता क्षेत्रमा समेत जनजातिको संख्या नगण्य नै छ ।

मिडियामा जनजातिहरू

श्रव्यमिडियामा : नेपालका बहुसंख्यक जनतासम्म सुलभरूपमा पहुँच भएको माध्यम रेडियो नेपाल नै हो । रेडियो नेपालको पहुँच नेपाल अधिराज्यभरि नै छ ।

रेडियो नेपालको इतिहासालाई हेर्ने हो भने पनि २००७ सालमा स्थापित यसले ५३ वर्ष पूरा गरिसकेको छ र यस अवधिमा रेडियो सगरमाथा मेट्रो एफएम कान्तिपुर एफएम, क्लासिक एफएमजस्ता एफएमहरू खुलिसकेका छन् । यति वेलासम्म रेडियो नेपालबाट २० भाषामा समाचारहरू प्रसारण भइरहेका छन् जसमा नेवारी, भोजपुरी, थारु, गुरुङ, संस्कृत, अंग्रेजी, हिन्दी, उर्दु, लिम्बू, सेर्पा, तामाङ, अवधि, मगर मैथली आदि भाषा पर्दछन् । त्यसै गरी नीजि क्षेत्रबाट सञ्चालित एफएमहरूमध्ये रेडियो सगरमाथा, मेट्रो एफएम, क्लासिक एफएम, कान्तिपुर एफएम, केएटिएच एफएम यी सबैले जनजातीय भाषालाई स्थान दिएका छन् । गीत र संगीतहरू प्रसारण गर्दै आएका छन् । रेडियो नेपालबाट पनि थुप्रैथुप्रै जनजातीय गीत-संगीत बज्ने गरेका छन् । यसरी रेडियो नेपाल अब बहुजातीय बहुभाषिक संस्था भइसकेको छ । यति हुँदाहुँदै पनि जनजातिहरूका भाषामा समाचार वाचन गर्ने र

नाटक आदि कार्यक्रममा अभिनय गर्ने ठाउँमा क्षेत्रीबाहुनहरू छन् । त्यसो हुनुको कारण क्षेत्रीबाहुनले जनजातिलाई अवसर नदिएको नभई समयको सदुपयोग र अरु भाषाको दक्षता हासिल गर्ने रुचि हो ।

श्रव्यदृश्य मिडियामा : नेपालका आदिवासी जनजातिहरूले आ-आफ्ना भाषामा टेलिफिल्म र फिचर फिल्म पनि निर्माण गरेका छन् जुन अत्यन्तै सह्रानीय कार्य हो । ती फिल्महरू निम्न लिखित छन् ।

(१) लिम्बू भाषा र संस्कृतिमा आधारित टेलिफिल्म - तुम्दुन (मिलन) 'आनि साक्थिम' (फिचर फिल्म)
(२) लिम्बू भाषा र संस्कृतिमा आधारित टेलिफिल्म - तरेवा (पाहुना)
(३) गुरुङ भाषा र संस्कृतिमा आधारित टेलिफिल्म - पाते (माइली)
(४) मगर भाषा र संस्कृतिमा आधारित प्रथम फिल्म 'लिसरा' (कोपिला)
(५) मगर भाषा र संस्कृतिमा आधारित टेलिफिल्म-लङघन (प्रयास)
(६) नेवारी भाषा र संस्कृतिमा निर्माण गरिएको फिल्म- राजमति, सिलु र चण्डालिका (फिचर फिल्म) त ब्याङ्क (टेलिफिल्म)
(७) थारुभाषा र संस्कृतिमा आधारित फिचरफिल्म टेलिफिल्म- करम (कर्म) (फिचर फिल्म) टेलिफिल्म - जीत्त भूत
(८) भोटे डोल्पालीहरूको कथामा निर्मित फिचर फिल्म 'क्याराभान' ।
(९) सेर्पा भाषा र संस्कृतिमा आधारित भिडियो चलचित्र- खाङ्परी (पवर्तारोहणमा आधारित)
(१०) राई जातिको भाषा र संस्कृतिमा आधारित डकुमेन्ट्री - साकेवा र (बलि पूजा) सायावुङ (टेलिफिल्म)

जनजातीय पत्र-पत्रिकाहरू

नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषी मुलुक हो । त्यसैले नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ धारा ११, १२ र १३ ले दिएको अधिकारको प्रयोग गर्दै यहाँका आदिवासी जनजातिहरूले पनि प्रजातन्त्रको पुनर्स्थापनासँगै आ-आफ्ना भाषामा प्रकाशनहरू सुरु गरेका छन् जसलाई तल दिइएको छ ।

१. मगरभाषाका पत्रिका

कानूङलाम	मासिक	२०५२
गोरक	वार्षिक	२०५२
मगराती	वार्षिक	२०५१
लाङघाली	वार्षिक मुखपत्र	२०४०
मगर जागरण		२०५२
कानूङ ढुकढुकी		२०५४
लिसार		२०५४
पटाकसार		२०५३
साङ		२०५६
लोपाट		२०५२
बिमलिक		२०५२
मगर आवाज		२०५३
टुगा		२०५२
लार्फु		२०५३

ख्युख्युमा २०५३
सोरठी २०५४
इम २०५३
मिमिक २०५२
रीनाक २०५०
सोनी २०५२
सार २०५२
लाफा २०४९

२. गुरुङ भाषाका पत्रिका

तमु क्या
तमु सुँ ताँ
रोधी
कोसेली

३. राई लिम्बु भाषाका पत्रिका

किराँत समाचार मासिक
किराँत सन्देश "
कोङपी "
कितातेश्वर सन्देश "
किराँत "
किराँत चाम्लिङ लाछाम "
चुम्लुङ "
चोमा लुङमा साप्ताहिक
छहरा "
दोदिखाम दोसा
नामसाम मासिक
निप्सुङ वार्षिक
पारुहाङ सावानाम फोकला
भीमीक
यलम्वर
यायोख्या
याक्थुम्बा युमा
युगध्वनी
लिब्जु-भुम्जु त्रैमासिक
साम्पाङ श्रीजङ्गा
सुम्निमा पारुहाङ
माकुरी हुक्तु
सुक्तुम मासिक
मिङ्सो
मि

४. सुनुवार भाषाका पत्रिका

कोइच्वु (त्रैमासिक)
तामाङ भाषा सम्बन्धी पत्रिका

कोकोम्हेन्दो (तामाङ घेदुङबाट प्रकाशित)
छारम्हेन्दो (तामाङ घेदुङको मुखपत्र)
तामाङ टाइम्स (मासिक)
बुद्ध सन्देश
रिमठिम (तामाङ भाषा संस्कृति विकास समितिको मुखपत्र)
लाम्सो (द्वैमासिक)
लारग्युङ (मासिक)
टिप्लीङ (")
हवाई (")
दिनिम्हेम्दो
ह्युलसा
हेराङ
तिलपुङ
सैलुङ
वेलसा
घिनिला स्हयेर
दमछीग
तामाङ सैलुङ
जाम्वुलिङ्ग
तामाङ टुडे
नाम्सा आदि ।

५. थारु जातिको पत्रिका
गोचाली
(साभार नागरिक, वर्ष २ अंक २)

किराँतहरूको महत्त्वपूर्ण तीर्थस्थल

हिन्दूहरूका लागि चारधाम (बद्रिनाथ, केदारनाथ, रामेश्वरम र द्वारिकानाथ) मुसलमानहरूका लागि मक्का मदिना, क्रिस्चियनहरूका लागि जेरुसेलम, वौद्ध धर्मावलम्वीहरूका लागि लुम्विनी महत्त्वपूर्ण तीर्थस्थल भएझैं किराँतहरूका लागि 'फक्ताङलुङ' महत्त्वपूर्ण तिर्थस्थल हो ।

यो ताप्लेजुङ जिल्लाको उत्तर पूर्वमा पर्ने ललेप गाउँ विकास समिति वडा नं. ९ मा पर्दछ । त्यहाँ पुग्न ताप्लेजुङको सदरमुकामवाट चार दिन लाग्दछ । त्यहाँ एक पटक नपुगी मर्ने मानिस नरकमा जान्छ भन्ने विश्वास गरिन्छ ।

जनविश्वासअनुसार फक्लाङतुङबाट नै किराँतहरूको उत्पत्ति भएको हो । यसको फेंदीमा फारुङ फुक-मारुङफुक भन्ने ओडार छ । त्यही ओडारबाट एकजना किराँत पुरुष र किराँत महिलाको उत्पत्ति भएपछि त्यहींबाट अन्य किराँत पुरुष र किराँत महिलाको उत्पत्ति भएको भन्ने भनाइ छ । त्यहाँ पुग्दा सेतो पहिरनमा जानु पर्ने धारणा छ । पुरुषहरूले सेतो दौरा, सुरुवाल, टोपी र महिलाले पनि सेतो म्याख्लिसिन भनिने तलदेखि माथिसम्म लगाउने पोसाक लगाएर जान्छन् । उक्त क्षेत्रमा जानका लागि असारदेखि असौजसम्म मात्र उपयुक्त महिना हो । अन्य महिनामा हिउँ र जाडोका कारण जान सम्भव हुँदैन । त्यहाँ पुग्ने प्रथम तीर्थयात्री किराँत महागुरु फाल्गुनन्द हुन् । उनी वि.सं. १९८९ तिर पुगेको विश्वास गरिन्छ ।

विभिन्न जनजातिका पुरोहित

१) राई - ङोपा
२) लिम्वू - फेदाङमा
३) गुरुङ - हाव्रे
४) तामाङ - लामा, बोंपो
५) सुनुवार - नासो
६) थारु - भर्रा
७) नेवार - देउभाजु
८) जिरेल - नाक्सो
९) चेपाङ - पाँडे

जनजाति र प्रतिनिधिसभा निर्वाचन

नेपालमा प्रजातन्त्र पुनर्स्थापनापश्चात् तीनवटा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भइसकेका छन् । सम्पन्न ती निर्वाचनहरूमा नेपालका जनजातिहरूको संख्यामा पनि निरन्तर वृद्धि भइरहेको छ ।

पहिलो प्रतिनिधिसभा निर्वाचन २०४८ मा जम्मा १७ जनजातिले उम्मेदवारी दिएकोमा २०५१ सालको मध्यावधि निर्वाचनमा १९ वटा जनजातिले उम्मेदवारी दिएका थिए । त्यसै गरी तेस्रो प्रतिनिधिसभा निर्वाचन २०५६ मा २२ वटा जनजातिले उम्मेदवारी दिएका थिए । यसलाई तलको तालिकाबाट हेरौं ।

आमनिर्वाचनका वर्ष र उम्मेदवार संख्या				सबै दलबाट जनजातिका उम्मेदवार			
दल	२०४८	२०५१	२०५६	२०४८	२०५१	२०५६	
ने.का.	११०	८३	१११	४२२	४५९	६७९	१५६०
एमाले	६९	८८	७१				
राप्रपा	४	२०	११				
नेसपा	६	३	५				
राजमो	बहिष्कार	२	५				
संजमो	९	०	१				
नेमकिपा	२	४	१				
नेकपा(प्र)	२	०	०				
स्वतन्त्र	३	६	०				

आम निर्वाचन २०५६
राजनैतिक दल र जनजाति उम्मेदवार

दल	कुल उम्मेदवार	जनजाति उम्मेदवार	विजयी संख्या
नेका	२०५	५४	१८
एमाले	१९५	५३	१९
राप्रपा (थापा)	१९७	६५	३
राप्रपा (चन्द)	१८४	४९	-
नेकपा माले	१९७	६३	-
संजमो	४०	१८	१
नेमकिपा	४१	२२	१
राष्ट्रिय जनमुक्ति	१३०	१२३	-
जनमुक्ति	२६	२५	-
मार्क्सवादी	२८	१५	-
स्वतन्त्र	६१९	१४२	१♣

♣नेमकिपाले ३ प्रतिशत मत प्राप्त नगरेकाले स्वतन्त्र भनिएको हो ।

जातिगत उम्मेदवार

जाति	उम्मेदवार	जाति	उम्मेदवार
नेवार	१६६	सुनुवार	१४
मगर	१०७	माझी	५
थारु	१०२	थकाली	५
तामाङ	९१	झांगड	४
राई	६६	सेर्पा	३
लिम्बू	५७	धिमाल	३
गुरुङ	५४	देवाङ	२
राजवंशी	५४	दनुवार	२
मार्फाली	२	छन्त्याल	१
ताजपुरीया	२	थामी	१
दुरा	१	सतार	१

जम्मा : ६७९, स्रोत आदिवासी मञ्च, वर्ष १, अंक २ ।

•

अनुसूची

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

लालमोहर र प्रकाशन मिति
२०५८।१०।२५

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः नेपालको विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताको लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसद्ले यो ऐन बनाएको छ ।

परिच्छेद- १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आदिवासी/जनजाति" भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचीबमोजिमको जाति वा समुदाय सम्झनुपर्छ ।

(ख) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापित आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान सम्झनुपर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ७ बमोजिम गठित प्रतिष्ठानको सञ्चालक परिषद् सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले दफा १० बमोजिम गठित परिषद्को कार्यकारिणी समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भनाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

परिच्छेद- २
प्रतिष्ठानको स्थापना, उद्देश्य, काम, कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापनाः (१) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ र प्रतिष्ठानले आवश्यकताअनुसार अन्य स्थानमा आफ्नो शाखा कार्यालय स्थापना गर्न सक्नेछ ।

४. <u>प्रतिष्ठान स्वशासित संस्था हुनेः</u> (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठानउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. <u>प्रतिष्ठानको उद्देश्यः</u> प्रतिष्ठानको उद्देश्य देहायबमोजिम हुनेछः-

(क) आदिवासी/जनजातिको सामाजिक, शैक्षिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थानसँग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यानवयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकास गर्ने,

(ख) आदिवासी/जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्द्धन गर्ने,

(ग) आदिवासी/जनजातिको परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यवसायिक प्रयोगमा ल्याउन सहायता पुऱ्याउने,

(घ) विभिन्न आदिवासी/जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्वन्ध, सदभाव र सामन्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई सहभागी गराउने,

(ङ) आदिवासी/जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुऱ्याउने ।

६. <u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः</u> दफा ५ बमोजिमको उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, संस्कृति, परम्परागत सीप तथा प्रविधिको प्रवर्द्धन तथा संरक्षणका लागि आवश्यक कार्यक्रम तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) आदिवासी/जनजातिको भाषा, लिपि, साहित्य, इतिहास, कला, परम्परा र संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने र त्यस्तो भाषा, लिपि, इतिहास, कला, साहित्य, संस्कृति र परम्परालाई विकास गर्ने,

(ग) आदिवासी/जनजातिले परम्परागत रूपमा अभ्यास गर्दै आएका प्रविधि, सीप तथा विशिष्ट जानकारीलाई प्रचलित कानुनको अधीनमा रही तोकिएबमोजिम सम्बन्धित आदिवासी/जनजातिको बौद्धिक सम्पत्ति अधिकारको रूपमा संरक्षण गर्ने वा गराउने,

(घ) आदिवासी/जनजातिको इतिहास तथा साहित्य प्रकाशन गर्ने,

(ङ) भाषा साहित्यसँग सम्बद्ध अन्य निकायहरूको सहयोग लिई आदिवासी/जनजातिको भाषाको शब्दकोश तयार गर्ने र प्रकाशन गर्ने वा गराउने,

(च) आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, परम्परालाई परिचय गराउने अभिलेखालय तथा संग्रहालय स्थापना गर्ने,

(छ) कम्तीमा प्राथमिक तहसम्म आदिवासी जनजातिको मातृभाषा पढाउने गरी विद्यालय स्थापना गर्ने,

(ज) आदिवासी/जनजातिको भाषा, संस्कृति, इतिहास, साहित्य कला, परम्परागत प्रविधिको अध्ययन वा अनुसन्धान गर्न चाहने विदेशी विद्वान्लाई श्री ५ को सरकारको स्वीकृति लिई प्रतिष्ठानसँग सम्बद्ध भई अध्ययन वा अनुसन्धान गर्न दिने,

(झ) आदिवासी/जनजातिसम्बन्धी सूचनाको संकलन र व्यवस्थापन गर्ने,

(ञ) आदिवासी/जनजातिमध्येका विपन्न र पिछडिएका समूहको आर्थिक तथा सामाजिक स्तर वृद्धि गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने वा गराउने,

(ट) समान उद्देश्य भएका विदेशी वा अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्ध कायम गरी सहयोग आदान प्रदान गर्ने,

(ठ) आदिवासी/जनजातिसम्बन्धी परामर्श सेवा दिने,

(ड) आदिवासी/जनजातिको मातृभाषामा सूचना, समाचार एवं विविध कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउने,

(ढ) आदिवासी/जनजातिबीच रहेको सामाजिक, आर्थिक र सांस्कृतिक विभेद, भिन्नता र बेमेललाई ध्यानमा राख्दै सम्पन्न र विपन्न आदिवासी/जनजातिको अनुसूची तयार पार्ने,

(ण) प्रतिष्ठानको उद्देश्य पूरा गर्न आदिवासी/जनजातिसम्बन्धी अन्य आवश्यक कुराहरू गर्ने वा गराउने ।

परिच्छेद- ३

सञ्चालक परिषद् तथा कार्यकारिणी समितिसम्बन्धी व्यवस्था

<u>सञ्चालक परिषद्को गठन</u>: (१) प्रतिष्ठानका तर्फबाट सम्पादन गर्नुपर्ने कार्य सम्पादन गर्नका लागि प्रतिष्ठानको सर्वोच्च अंगको रूपमा देहायबमोजिमको एक सञ्चालक परिषद् रहनेछ:-

(क) प्रधानमन्त्री - अध्यक्ष

(ख) स्थानीय विकास मन्त्री/राज्यमन्त्री - सहअध्यक्ष

(ग) आदिवासी जनजातिको उत्थान तथा विकासमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट उपदफा (२) बमोजिम गठित सिफारिस समितिले सिफारिस गरेका तीनजना आदिवासी जनजातिमध्ये परिषद्का अध्यक्षबाट मनोनीत - उपाध्यक्ष

(घ) प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने आदिवासी जनजातिका सदस्यहरूमध्येबाट तोकिएबमोजिम दलगत प्रतिनिधित्वको आधारमा छजना - सदस्य

(ङ) राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने आदिवासी जनजातिका सदस्यहरूमध्येबाट राष्ट्रिय सभाको संरचनालाई विचार गरी तोकिएबमोजिम तीनजना - सदस्य

(च) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति वा निजले तोकेको सदस्य - सदस्य

(छ) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने) - सदस्य

(ज) सचिव, स्थानीय विकास मन्त्रालय - सदस्य

(झ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ञ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ट) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य

(ठ) आदिवासी/जनजाति महासंघमा आबद्ध भएका अनुसूचीमा उल्लिखित आदिवासी/जनजातिका संघ संस्थाहरूमध्ये आदिवासी/जनजाति महासंघको सिफारिसमा प्रत्येक आदिवासी/जनजातिबाट एक एक जना पर्ने गरी र आदिवासी/जनजाति महासंघमा आबद्ध नभएका आदिवासी/जनजातिहरू भएमा त्यस्ता आदिवासी/जनजातिहरूबाट एक/एकजना पर्ने गरी सहअध्यक्षबाट मनोनीत व्यक्तिहरू - सदस्य

(ड) आदिवासी/जनजातिको उत्थानमा योगदान दिएका आदिवासी/जनजातिका महिलाहरूमध्ये प्रत्येक विकासक्षेत्रबाट दुई दुईजनाको दरले श्री ५ को सरकारद्वारा मनोनीत दशजना - सदस्य

(ढ) आदिवासी/जनजाति समुदायभित्रकै व्यापारी, उद्योगपति र चन्दादातामध्येबाट श्री ५ को सरकारबाट मनोनीत दुईजना - सदस्य

(ण) कार्यकारिणी समितिका सदस्यहरू - सदस्य

(त) आदिवासी/जनजातिका उत्थानमा विशेष योगदान दिएका आदिवासी/जनजातिका व्यक्तिहरूमध्ये परिषद्को उपाध्यक्षको सिफारिसमा परिषद्को सहअध्यक्षले मनोनीत गरेको व्यक्ति - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम उपाध्यक्षको मनोनयनका लागि सिफारिस गर्न परिषद्का सहअध्यक्षको संयोजकत्वमा आदिवासी/जनजाति महासंघ र आदिवासी/जनजाति परिषद्ले तोकेका एक एकजना व्यक्ति रहेको एक सिफारिस समिति रहनेछ ।

(३) उपदफा (१) को खण्ड (ग), (ठ), (ड), (ढ) र (त) बमोजिम मनोनीत उपाध्यक्ष, सदस्य तथा सदस्य-सचिवको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः एकपटक मनोनीत हुन सक्नेछन् ।

तर उपदफा (१) को खण्ड (ड) मा उल्लिखित मनोनीत महिला सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनः मनोनीत हुन सक्ने छैनन् ।

(४) परिषद्ले आवश्यक देखेमा स्वदेशी वा विदेशी विशेषज्ञहरूलाई परिषद्को बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

८. <u>परिषद्को बैठक तथा निर्णयः</u> (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा परिषद्को सहअध्यक्षले र निज पनि अनुपस्थित रहेमा परिषद्को उपाध्यक्षले परिषद्को बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्का कुल सदस्यमध्ये कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बहुमतको निर्णया परिषद्को बैठकको निर्णय मानिनेछ। बैठकमा मत बराबर भएमा अधयक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(५) परिषद्को बैठकको निर्णय परिषद्का सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) परिषद्को बैठकसम्वन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

९. **परिषद्को काम, कर्तव्य र अधिकार**: (१) यस ऐनबमोजिम प्रतिष्ठानले सम्पादन गर्नुपर्ने काम र प्रयोग गर्ने अधिकार परिषद्ले गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतयामा प्रतिकूल असर नपर्ने गरी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रतिष्ठानबाट सञ्चालन हुने विभिन्न कार्यक्रम र आयोजनाको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक एवं आवधिक योजना स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानले सञ्चालन गरेका कार्यक्रम तथा आयोजनाहरूको मूल्यांकन गर्ने,

(ङ) प्रतिष्ठानले बनाउने विनियमहरू स्वीकृत गर्ने,

(च) तोकिएबमोजिम अन्य काम गर्ने।

१०. **कार्यकारिणी समितिको गठन**: (१) यो ऐन वा यस ऐनअन्तर्गत वनेका नियमहरू तथा परिषद्को सामान्य निर्देशनको अधीनमा रही प्रतिष्ठानको दैनिक कार्य सञ्चालनका लागि देहायवमोजिमको एक कार्यकारिणी समिति रहनेछ:-

(क) परिषद्को उपाध्यक्ष - अध्यक्ष

(ख) आदिवासी/जनजातिको विषयमा विशेष अध्ययन वा अनुसन्धान गरेका विषयविज्ञ वा आदिवासी/जनजातिको उत्थानमा उल्लेखनीय योगदान पुऱ्याएका आदिवासी/जनजातिका व्यक्तिहरूमध्ये परिषद्द्वारा गठित तीन सदस्यीय सिफारिस समितिले सिफारिस गरेको कम्तीमा एक महिलासहित पाँचजनामध्ये परिषद्को सहअध्यक्षको सिफारिसमा अध्यक्षवाट मनोनीत एक महिलासहित दुईजना - सदस्य

तर सिफारिस समितिले आफूहरूमध्येबाट कसैको नाम सिफारिस गर्न पाउने छैन।

(ग) स्थानीय विकास मन्त्रालयले तोकेको सही मन्त्रालयको कम्तीमा सहसचिव स्तरको अधिकृत - सदस्य

(घ) परिषद्को सदस्य-सचिव - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

११. **समितिको बैठक तथा निर्णय**: (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकताअनुसार बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित मनोनीत सदस्यहरूमध्ये मनोनयनका हिसावले वरिष्ठतम सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठकमा आवश्यकताअनुसार स्वदेशी वा विदेशी विशेषज्ञ तथा प्रतिष्ठानका कार्यक्रम तथा आयोजनासँग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

१२. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः यस ऐनमा अन्यत्र लेखिएका कामको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) परिषद्को निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ख) प्रतिष्ठानको आवधिक तथा वार्षिक कार्यक्रम, आयोजना र बजेट तयार गरी परिषद्मा पेश गर्ने,

(ग) प्रतिष्ठानको कोषको व्यवस्थापन तथा सञ्चालन गर्ने,

(घ) प्रतिष्ठानको लेखाको लेखापरीक्षण गराई सोको प्रतिवेदन परिषद्मा पेश गर्ने,

(ङ) प्रतिष्ठानले बनाउने विनियमहरूको मसौदा तयार गरी परिषद्मा पेश गर्ने,

(च) प्रतिष्ठानको उद्देश्य पूरा गर्न परिषद्ले समय समयमा दिएको निर्देशनको अधीनमा रही तोकिएबमोजिम अन्य कार्य गर्ने वा गराउने ।

१३. <u>परिषद्को उपाध्यक्षको सेवाका शर्तसम्बन्धी व्यवस्था</u>ः (१) परिषद्को उपाध्यक्ष प्रतिष्ठानमा पूर्णकालीन काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ ।

(२) परिषद्को उपाध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिएबमोजिम हुनेछ ।

१४. <u>परिषद्को सदस्य-सचिवको सेवाका शर्तसम्बन्धी व्यवस्था</u>ः (१) परिषद्को सदस्य-सचिव प्रतिष्ठानमा पूर्णकालीन काम गर्ने कार्यकारी पदाधिकारी हुनेछ र निजले उपाध्यक्षको सामान्य निर्देशनमा रही काम गर्नेछ ।

(२) परिषद्को सदस्य-सचिवको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिएबमोजिम हुनेछ ।

१५. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>ः (१) परिषद् वा समितिले आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा सुविधा परिषद् वा समितिले तोकिदिएबमोजिम हुनेछ ।

परिच्छेद- ४
<u>प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण</u>

१६. <u>प्रतिष्ठानको कोष</u>ः (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकमहरू रहनेछन्ः-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त ऋण रकम,

(ग) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने चन्दा, सहायता, अनुदान वा अन्य कुनै रकम,

(घ) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त चन्दा, सहायता स्वरूप प्राप्त रकम,

(ङ) प्रतिष्ठानले सेवा उपलब्ध गराएबापत प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) प्रतिष्ठानले उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुपर्दा श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ र खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्दा श्री ५ को सरकारलाई पूर्व जानकारी गराउनुपर्नेछ ।

(४) प्रतिष्ठानले गर्नुपर्ने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) प्रतिष्ठानलाई प्राप्त हुने सबै रकम प्रतिष्ठानको नाममा कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(६) प्रतिष्ठानको कोषको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ ।

१७. <u>लेखा र लेखापरीक्षण</u>: (१) प्रतिष्ठानले आफ्नो आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम राख्नुपर्नेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

परिच्छेद- ५
<u>विविध</u>

१८. <u>काम कारबाही अवैध नमानिने</u>: यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद् वा समितिका कुनै सदस्यको स्थान रिक्त भई काम कारबाही भएको रहेछ भने सोही कारणले मात्र त्यस्तो काम कारबाही अवैध भएको मानिने छैन ।

१९. <u>अधिकार प्रत्यायोजन</u>: (१) परिषद्ले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमहरू वा विनियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार परिषद्ले तोकेको शर्तमा समिति वा समितिको अध्यक्ष वा समितिको सदस्य-सचिवले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) समितिले यस ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार समितिका कुनै सदस्य वा सदस्य-सचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. <u>वार्षिक प्रतिवेदन दिनुपर्ने</u>: (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफ्नो काम कारवाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले एक वर्षभित्र सम्पादन गरेका कामको संक्षिप्त विवरण, प्रतिष्ठानको वित्तीय स्थिति, खर्चको विवरण, सम्पन्न गरेका कार्यक्रम वा आयोजना र सोको लागत तथा प्रतिष्ठानको अगाडि देखिएका समस्याहरू उल्लेख हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनका मुख्य अंशहरू प्रतिष्ठानले प्रकाशन गर्नुपर्नेछ ।

२१. <u>प्रतिष्ठानका कर्मचारीको नियुक्ति</u>: (१) प्रतिष्ठानले तोकिएबमोजिमका कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।

(२) प्रतिष्ठानका कर्मचारीको नियुक्ति र सेवाका शर्त परिषद्‌ले बनाएको विनियममा व्यवस्था भएबमोजिम हुनेछ।

२२. श्री ५ को सरकारले निर्देशन दिन सक्नेः श्री ५ को सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२३. श्री ५ को सरकारसँग सम्पर्कः प्रतिष्ठानले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्थनीय विकास मन्त्रालयमार्फत राख्नुपर्नेछ।

२४. नियम तथा विनियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्‌ले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमहरूको अधीनमा रही परिषद्‌ले देहायका विषयमा विनियमहरू बनाउन सक्नेछ र त्यस्ता विनियमहरू श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन्:-

(क) आन्तरिक कार्य सञ्चालन,

(ख) कर्मचारीको नियुक्ति र सेवाका शर्त,

(ग) आर्थिक प्रशासन।

२५. अनुसूचीमा हेरफेर गर्न सक्नेः श्री ५ को सरकारले परिषद्‌को सिफारिसमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

२६. खारेजी र बचाउः (१) राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४ खारेज गरिएको छ र सो गठन आदेशबमोजिम गठित राष्ट्रिय जनजाति विकास समितिको सम्पूर्ण चल अचल सम्पत्ति तथा हक र दायित्व प्रतिष्ठानमा सर्नेछ।

(२) उपदफा (१) बमोजिमको गठन आदेशबमोजिम गठित राष्ट्रिय जनजाति विकास समितिसँग भए गरेका ठेक्का, पट्टा तथा सम्झौता प्रतिष्ठानसँग भए गरेको मानिनेछ र सो समितिबाट भए गरेका सम्पूर्ण काम कारवाही प्रतिष्ठानबाट भए गरेको मानिनेछ।

अनुसूची

दफा (२) को खण्ड (क) सँग सम्बन्धित

१.	किसान	२.	कुमाल
३.	कुशबाडिया	४.	कुशुण्डा
५.	गनगाई	६.	गुरुङ
७.	चेपाङ	८.	छन्त्याल
९.	छैरोतन	१०.	जिरेल
११.	झाँगड	१२.	डोल्पो
१३.	ताङ्बे	१४.	ताजपुरिया
१५.	तामाङ	१६.	तीन गाउँले थकाली
१७.	तोप्केगोला	१८.	थकाली
१९.	थामी	२०.	थारु
२१.	थुदाम	२२.	दनुवार
२३.	दराई	२४.	दुरा
२५.	धानुक (राजवंशी)	२६.	धिमाल
२७.	नेवार	२८.	पहारी
२९.	फ्री	३०.	बनकारिया
३१.	बरामो	३२.	बाह्र गाउँले
३३.	बोटे	३४.	भुजेल
३५.	भोटे	३६.	मगर
३७.	माझी	३८.	मार्फाली थकाली
३९.	मुगाली	४०.	मेचे (वोडो)
४१.	याक्खा	४२.	राई
४३.	राउटे	४४.	राजवंशी (कोच)
४५.	राझी	४६.	लार्के
४७.	लिम्बू	४८.	लेप्चा
४९.	ल्होपा	५०.	ल्होमी (शिङसांवा)
५१.	वालुङ्ग	५२.	व्यासी
५३.	सेर्पा	५४.	सतार (सन्थाल)
५५.	सियार	५६.	सुनवार
५७.	सुरेल	५८.	हायु
५९.	ह्योल्मो		

•

सन्दर्भ सूची

१ विस्ट डोरबहादुर - पिपुल अफ नेपाल, काठमाण्डौ, रत्नपुस्तक भण्डार ई. १९७६

२. विस्ट डोरबहादुर - सबै जातको फूलबारी ललितपुर, साझा प्रकाशन वि.सं. २०२४

३. सिंह मोहनविक्रम - चार दशक विमल शर्मा २०४९

४. शर्मा जनकलाल - हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन २०२९

५. शर्मा जनकलाल - कौतुकमप डोल्पो, साझा प्रकाशन २०३१

६. लुईटेल युवराज - भ्रमणसिल राउटे - ने.रा.प्र.प्र. २०५५

७. नेपाल पूर्णप्रकाश यात्री - राउटे लोक जीवन श्री ५ को सरकार सूचना मन्त्रालय २०४०

८. योगी नरहरीनाथ - इतिहास प्रकाश संख्या २ इतिहास प्रकाशन संघ

९. पेटेज लुसियानो - मेडिएभल हिस्ट्री अफ नेपाल १९४८

१०. ह्यान्डर्फ एम - कास्ट एन्ड किन अफ नेपाल (इन्डिया सिलोन) १९७८

११. गौतम राजेश - राणाकालीन नेपालको एक झलक, रत्नपुस्तक भन्डार २०५०

१२. ओल्डफिल्ड - स्केचेज फ्रम नेपाल भोलुम-२, १८८०

१३. कर्क प्याट्रिक - एन एकाउन्ट्स अफ द किंगडम अफ नेपाल लन्डन डब्लु मिलर ई. १८१८

१४. शाक्य हेमराज - नेपाल लिपि प्रकाश, ने.रा.प्र.प्र. २०३०

१५. दिवस तुलसी - धिमाल लोक धर्म र संस्कृति, ने.रा.प्र.प्र.२०३९

१६. भट्टाचार्य विनयतोष - तथागत गुह्यक अर गुहंयक समाज, गायकवाड ओरियन्टल सिरिज-५३

१७. एकता बुक्स - छापामा जनजाति २०५८

१८. जोन रेनहर्ड - दवन राजाज - अभेनिसिङ हिमालयन ट्राइब्स कन्ट्रिब्युसन टु नेपलिज स्टडिज भोलुम ४

१९. मेचीदेखि महाकाली भाग-४ सूचना तथा सञ्चार मन्त्रालय २०३१

२०. सेडोन - पिजन्स एन्ड वर्कर्स इन नेपाल - न्यूदिल्ली १९७९

२१. जोन एफ.एच. - रिजनालिज्म एन्ड नेसनल युनिटी इन नेपाल यू.एस.ए. १९७५

२२. जि.सी. गणेशबहादुर- कुसवाडिया जाति एक छोटो चिनारी, ग्रामीण उत्थान समाज नेपाल २०५७

२२. रिमाल मदनकुमार - नेपालका केही पिछडिएका जातिको सांस्कृतिक अध्ययन ने.ए.अ.के. त्रि.वि. २०५६

२३. शर्मा वालचन्द्र - नेपालको ऐतिहासिक रूपरेखा - वाराणसी - कृष्णकुमारी देवी २०३३

२४. बन्धु चुडामणि - राउटेहरूको सांस्कृतिक अध्ययन - संक्षिप्त प्रतिवेदन - ने.रा.प्र.प्र. २०४४

२५. नेपालका विभिन्न जाति र लोकगीत एक परिचय - जगदम्वा प्रकाशन २०३०

२६. तामाङ सीताराम - नेपालका जनजातीय समस्या, कृष्णा प्रकाशन काठमाडौँ २०४४

२७. आदिपुरुष मनु - मनुस्मृति

शोधग्रन्थ

१. लुइटेल प्रेमप्रसाद - इलामका योल्मोवा एक अध्ययन त्रि.वि. स्नातकोत्तर शोधग्रन्थ

२. शर्मा सरस्वती - सानोमाई गाविसका धानुक जाति त्रि.वि. स्नातकोत्तर शोधग्रन्थ

३. सेर्पा पासाङ - ल्होमी जातिको सामाजिक तथा आर्थिक अवस्था, त्रि.वि. स्नातकोत्तर शोधग्रन्थ

४. बडु राजेन्द्रप्रसाद - राप्ला गाविसका व्यासीहरूको सामाजिक एवं सांस्कृतिक अवस्था त्रि.वि. स्नातकोत्तर शोधग्रन्थ

५. श्रेष्ठ रामबाबु - इलामका लेप्चाको इतिहास र सांस्कृतिक जीवन त्रि.वि. स्नातकोत्तर शोधग्रन्थ

६. वि.सि. लक्ष्मणकुमार - दाङ देउखुरी जिल्लाका थारु, कुमाल जातिको सांस्कृतिक अध्ययन त्रि.वि. शोधग्रन्थ

प्रतिवेदन

१. लांघाली अंक १ - २०४० लांघालीपरिवार संघ केन्द्रीय तदर्थ समितिको प्रतिवेदन २०५५

पत्र-पत्रिका

१. गुरुङ गोपाल - नेपाल र सिक्किमको राजनीतिमा नौलो अछुत जनजाति समुदाय - सृजना - २०५५
२. तमु डिल्लिजंग - जनजाति मञ्च वर्ष ३ अंक १, २०५६
३. ,राष्ट्रिय जनमञ्च मासिक वर्ष १ अंक ७
४. कान्तिपुर दैनिक - २०५८ भदौ १ र २०५९ जेठ ४
५. हिमालय टाइम्स - २०५७ भदौ ३०
६. हिमाल वर्ष ५, अंक २ (२०५२)
७. एभरेस्ट दैनिक वर्ष १, अंक ३३१
८. नेपाल छन्त्याल संघको स्मारिका २०५५
९. जनजाति मञ्च वर्ष १, अंक ३
१०. राष्ट्र पूर्णाङ्क ४ (२०५५)
११. पुनर्जागरण साप्ताहिक वर्ष २०, अंक १९ (२०५९ जेठ २१)
१२. प्रज्ञा अंक ८२ (क) ने.रा.प्र.प्र. (२०४४)
१३. प्रज्ञा अंक ९४ " (२०५८)
१४. जनजाति आवाज अंक ५ (२०५७)
१५. गोरखापत्र २०४० साउन ३१
१६. आदिवासी मञ्च वर्ष १, अंक २ (२०५६)
१७. हडसन.वि.एच. - जर्नल अफ दि एसियाटिक सोसाइटी बंगाल भोलुम २६ (१८५७)
१८. ग्रियर्सन जर्ज - लिंग्विस्टिक सर्भे अफ इन्डिया भोलुम ३
१९. नागरिक वर्ष २, अंक २
२०. नेपाल पाक्षिक १६-३१ भाद्र (वर्ष १)

लेखक परिचय



माता - विष्णुदेवी पाण्डेय
पिता - स्व. डण्डिराम पाण्डेय
नाम - मधुसूदन पाण्डेय
जन्म - २०११ साल आषाढ १७ (१ जुलाई, १९५४
जन्मस्थान - रामपुर गा.वि.स. अदुवारी दाङ
स्थायी ठेगाना - गढवा गा.वि.स. आटीपाकर दाङ देउखुरी
हालको ठेगाना - काठमाडौं महानगरपालिका-६, बज्रमार्ग ४९८, फोन: ४-४८०५७६
शैक्षिक योग्यता - एम.ए.वि.एल., (त्रिभुवन विश्वविद्यालय)

प्रकाशित कृतिहरू:

१. गान्धी हत्या किन ? - अनुवाद
२. नेपालको इतिहासका केही अपुष्ट पक्षहरू - अनुसन्धानात्मक कृति
३. नेपालमा सत्ता सघर्षको इतिहास - ऐतिहासिक दस्तावेज
४. वेलायती राजवंशको प्रेम प्रसंग र डायना - अनुवाद
५. सुखसँग बाँच्न चिन्ता त्यागौं - अनुवाद
६. बौद्ध दर्शनको इतिहास - संग्रह
७. सामाजिक विघटन

- २०५४ सालदेखि पुनर्जागरण साप्ताहिकमा स्तम्भकार
- विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्र-पत्रिकाहरूमा २५० भन्दा बढी लेख रचनाहरू प्रकाशित

प्रकाशोन्मुख कृतिहरू

१. काठमाडौं उपत्यकाका प्रमुख धार्मिक स्थलहरू
२. नारायणहिटी हत्याकाण्ड
३. महात्मा गान्धीको जीवनी (अनुवाद प्रेसमा)
४. दाङको प्रजातान्त्रिक आन्दोलनको इतिहास
५. पारिवारिक विघटन
६. विश्वप्रसिद्ध ४०० व्यक्तित्वहरू (प्रेसमा)
७. कुरआनमा के छ ? (प्रेसमा)

पैरवी
पैरवी प्रकाशन